# धम्मपद-अट्ठकथा

[भाग–४]

**DHAMMAPADA-ATTHAKATHA**
**[PART-4]**

**लेखिका :**

□ सूश्री नानीमैयाा मानन्धर



# धम्मपद-अट्ठकथा

[भाग–४]

**DHAMMAPADA-ATTHAKATHA**
**[PART-4]**

**Miss Nani Maiya Manandhar**

प्रकाशिक :
सुश्री नानीमैयाँ मानन्धर,
नयाँ बजार ।
[Published By ]
Miss Nani Maiya Manandhar

[सर्वाधिकार लेखिकामा सुरक्षित]
[All right reserved ]

प्रथम संस्करण – १००० प्रति
[First Edition : 1000 copies ]

| | | |
|---|---|---|
| बुद्ध सम्बत् | – २५४९ | – 2549 |
| विक्रम सम्बत् | – २०६२ | – 2062 |
| नेपाल सम्बत् | – ११२५ | – 1125 |
| ईस्वी सम्बत् | – २००५ | – 2005 |

मूल्य : रु. ।–
Price : Rs. /-

कभर चित्र : भिक्षु शोभन ।
मुद्रक :



# समर्पण !

***नेपाल बौद्ध परियत्ति शिक्षाको संस्थापक,***
***मलाई परियत्ति शिक्षा पढ्नमा प्रथम प्रेरक,***
***परियत्ति शिक्षाको स्थापना***
***कालदेखि आजीवन समर्पित***
***"अग्गमहासद्धम्मजोतिकधज"*** **उपसंघनायक,**

श्रद्धेय भिक्षु बुद्धघोष महास्थविरज्यूको

**कर``कमलमा**

**सश्रद्धा**

**समर्पण □**

# भूमिका

बुद्ध, बुद्धधर्म एवं बौद्ध दर्शन तथा बौद्ध सभ्यता, संस्कृति, जीवन-पद्दति र सामाजिक मूल्य-मान्यताको अध्ययन, अध्यापन, चिन्तन, मनन आदि क्षेत्रमा सर्वाधिक रूपमा पालि वाङ्मयलाई प्रामाणिक ग्रन्थ मानिंदै आएको छ । **सूत्र-पिटक, विनय-पिटक** र **अभिधर्म-पिटक** – जसलाई **त्रिपिटक**को रूपमा चिनिन्छ । '**पिटक**' बुद्धभाषा वा **पालि** (**मागधी**) भाषाको एक शब्द हो । प्रचलितरूपमा टोकरी वा डालोको रूपमा पिटकलाई अर्थ्याउने, परिभाषित गर्ने गरिएतापनि **मज्झिम निकाय** अन्तर्गत **सन्दक सुत्त** र **चङ्की सुत्त**मा उल्लेख्य '**पिटकसम्पदायं**' पद-शब्दले धार्मिक वाङ्मय्का रूपमा इंगित गरेको छ । **सुत्त पिटक** उपदेश-रूप वा व्यवहार, देशना (**ओहार देशना**) अन्तर्गत रहेको छ, **विनय पिटक** संयम-रूप र आज्ञा देशना (**आण-देसना**) हो भने यो बौद्ध संघको संविधान नै हो; त्यसरी नै **अभिधम्म पिटक** तत्व-रूप वा उच्चतर परमार्थ-देशना (**परमत्थ देसना**) को शास्त्र हो । भगवान् बुद्धको महापरिनिर्वाण पश्चात्‌देखि हालसम्म छैठौं पटकसम्म **धर्म** र **विनय**को रूपमा **संगायना** गरी **पिटक** र **निकाय** ग्रन्थहरूको यथोचित विभाजन गरिंदै आएको पद्धति अनुरूप **सुत्तपिटक** अन्तर्गत **दीघ निकाय, मज्झिम निकाय, संयुत्त निकाय, अङ्गुत्तर निकाय** तथा **खुद्दकनिकाय** पर्दछन् । **खुद्दकनिकाय** कै महत्वपूर्ण एउटा ग्रन्थ हो– "**धम्मपद**", जसभित्र मानव जीवनलाई सार्थकता तर्फ डोऱ्याउनका लागि उत्प्रेरणा मिल्ने गहन धर्म, दर्शन, व्यवहार, मन, अध्यात्म, चिन्तन, ध्यान, शान्ति आदि विषयमा सहज, सरल एवं मर्मस्पर्शी–हृदयस्पर्शी जीवनोपयोगी उपदेशमूलक गाथा समाहित रहेका छन् । '**धम्मपद**' भित्र जतिबेला आचार्य बुद्धघोषको विद्वतापूर्ण दक्षताले गाथा अनुरूप सम्बन्धित कथा, स्थान विशेष, व्यक्ति विशेष, उद्देश्य र कारण, वर्तमान तथा पूर्व-



जन्मको सम्बन्ध, श्रोतावर्गलाई परेको प्रभाव आदिलाई समेटेर अत्यन्त विस्तारपूर्वक लेख्ने साहसिक कार्य अर्थात् भाष्य लेख्ने जुन जमर्को भयो, त्यसपछि स्पष्टतः '**धम्मपद**' '**धम्मपदट्ठकथा**' मा परिणत भयो । विस्तार पूर्वक लेखिने **भाष्य** अर्थात् व्याख्यानलाई **अट्ठकथा** को रूपमा यसरी परिभाषित गरिन्छ ।

सम्पूर्ण '**धम्मपद**' भित्र **यमक वर्ग**बाट थालनी भई **ब्राह्मण वर्ग** सम्म जम्मा २६ वटा वर्गहरू अन्तर्गत ४२३ वटा **पालि गाथा**हरू समाहित छन् । ई. सं. १९५४-५६ मा **म्यानमार**मा भएको **छैठौं धर्म संयायना** अन्तर्गत **पालि त्रिपिटक**को संस्करणमा आधारित ४२३ वटा गाथाहरूले पूर्ण '**धम्मपद**' भित्र ३०५ वटा सम्बन्धित कथाका रूपमा हामीले अध्ययन गर्न सक्छौं । बुद्ध भूमि नेपाल अधिराज्यमा **स्थविरवाद बुद्धधर्म** वा **थेरवाद बुद्ध शासन**को पुनर्जागरण कालसँगै जनमानस समक्ष बौद्ध साहित्यिक ग्रन्थको अनुवाद विधानको कृति र प्रकाशन अन्तर्गत ई सं. १९३१ मईमा डा. इन्द्रमान वैद्यले नेपाल भाषामा '**धम्मपद**' को अनुवाद गरी प्रकाशन गर्नु भएको थियो । त्यसपछि पुनः नेपालभाषा मै '**धम्मपद**' को नयाँ भाषानुवाद इं. सं. १९४९ मा आचार्य भिक्षु अमृतानन्द महास्थविरले प्रकाशमा ल्याउनु भयो भने उहाँले नै ई. सं. १९५२ मा नेपालीमा भाषानुवाद प्रकाशमा ल्याउनु भयो । बोधगम्य '**धम्मपद**' को लोकप्रियता कै आधारमा नेपाल भाषा र नेपाली भाषामा पद्यानुवाद समेत प्रकाशन भैसकेका छन् भने '**धम्मपद**' को पालि गाथा र अनुवाद आज हामीले **थारु, तामाङ्ग,** र **गुरुङ्ग** भाषामा समेत अध्ययन गर्ने सुअवसर पाउनु सबैका लागि सुखकर विषय भएको छ ।

नेपालको सन्दर्भमा जहाँसम्म को '**धम्मपद-अटठ्कथा**' को सवाल छ, त्यसमा आचार्य बुद्धघोषकृत '**धम्मपद**' कै अनुरूप नेपाल भाषामा पहिलो भागको रूपमा हुबहु अनुवादको प्रारम्भ आचार्य भिक्षु अमृतानन्दले

ई. सं. १९४५ मा गर्नु भयो, जसभित्र धम्मपदको पहिलो वर्ग '**यमक वर्ग**' मात्रै सीमित रहेको थियो। त्यसपछि बाँकी रहेका सम्पूर्ण २५ वटा वर्ग अन्तर्गत सम्पूर्ण '**धम्मपद**' लाई भिक्षु अनिरुद्ध महास्थविरले नेपाल भाषामा भाषानुवाद गर्नु भई सातौं भागसम्म प्रकाशमा ल्याउनु भयो। त्यसो त आचार्य भिक्षु अमृतानन्द महास्थविरले नै '**यमक वर्ग, अप्रमाद वर्ग** र **चित्त वर्ग**' अन्तर्गतका कथाहरूलाई संक्षिप्तरूपमा '**संक्षिप्त कथासहित धम्मपद (भाग-१)**' शीर्षक दिई ग्रन्थ प्रकाशमा ल्याउनु भयो भने त्यसले निरन्तरता पाउन सकेन। वस्तुतः '**धम्मपदट्ठ कथा**' अन्तर्गतका कथाहरू, नेपाल भाषा एवं नेपाली भाषा प्रकाशन क्षेत्रमा स्रष्टाहरूबाट मूल वस्तुलाई समेटी लघु कथा, निबन्ध, प्रबन्ध, संक्षिप्त कथा अझ नाटक र उपन्यास विधामा समेत रचना एवं सृजना हुनु साहित्यिक दृष्टिले गर्व र प्रतिष्ठाको विषय भएको छ।

'**धम्मपदट्ठ कथा**' मूल ग्रन्थको नेपालभाषामा अनुवाद कार्य आचार्य भिक्षु अमृतानन्द महास्थविरले एउटा वर्गबाट प्रारम्भ गर्नु भएको सुखद् भाषानुवाद कार्यलाई थप २५ वटा वर्गको भाषानुवाद एक्लैले भिक्षु अनिरुद्ध महास्थविरल पूर्ण गर्नु भयो। सोही कार्यलाई धर्म रत्न शाक्य 'त्रिशुली' ले अहिले सम्म **पण्डित वर्ग** गरी तेश्रो भाग सम्म नेपाली भाषामा अनुवाद कार्य सम्पन्न गर्नु भएको छ। मूल ग्रन्थ अनुरूप '**धम्मपदट्ठकथा**' लाई नेपाली भाषामा नयाँ रूपमा सृजना गर्ने वा संक्षिप्तमा पुनर्लेखन गर्ने कार्यमा अगुवा श्रष्टा (लेखिका) का रूपमा विपश्यना ध्यानाचार्य उपासिका सुश्री नानीमैयाँ मानन्धर देखिनु नेपाली बौद्ध महिला जगतमा गर्वको विषय हुन सक्छ। विदुषी महिलाकी रूपमा नेपाली बौद्ध जगतमा परिचित सुश्री नानीमैयाँ मानन्धरले बि. सं. २०५८ मा **यमक वर्ग** र **अप्रमाद वर्ग**, २०५९ सालमा **चित्त वर्ग** र **पुष्प वर्ग**, २०६० सालमा **बाल वर्ग** र **पण्डित वर्ग** गरी प्रत्येक दुई-दुई वर्गलाई समेटी क्रमशः '**धम्मपद-अट्ठकथा**' (भाग–१, २, ३) गरी



तीनवटा पुस्तक प्रकाशन गरिसक्नु भएको छ। प्रस्तुत-पुस्तक '**धम्मपद-अट्ठकथा**' (भाग-४) मा पूर्ववत प्रकाशित पुस्तकहरूमा झैं **पालि धम्मपद**को **अरहन्त, सहस्स र पाप वर्ग** गरी तीन वर्गका क्रमशः १०, १६, १३ गरी ३९ वटा पालि गाथा र अर्थ अनुवाद गाथासँग सम्बद्ध २६ वटा **अट्ठकथा**लाई लेखिकाले समानुपातिक ढंगमा संक्षेपमा पुनर्लेखन गरी जुन प्रशंसनीय कार्य गर्नुभयो, त्यसलाई पुनर्लेखनीको रचनात्मक दृष्टि गोचर गरिंदा यसो लेख्न करै लाग्छ कि लेखिकाले स्वतन्त्र अनुवाद एवं स्वशैलीलाई मुखरित गर्ने कार्यमा नितान्त सचेतता अपनाएको देखिन्छ। लेखनीमा आधुनिकतालाई पछ्याउने काममा संशोधन, परिवर्तन, प्रगतीशील वादलाई अँगाल्नु पर्छ भन्ने हाल प्रचलित मान्यता भन्दा पृथक रही प्रस्तुत पुस्तकमा लेखिका उभिएको पक्ष धार्मिक दृष्टिले सबल पक्ष नै मान्न सकिन्छ। सम्भवतः विपश्यना विधामा बढी अग्रसर भएर नै होला लेखिकाले पुनर्लेखन गर्नु भएका कथाहरूमा बाहय प्रभावको छिट्का भेट्टिन मुस्किल हुन्छ, मौलिक ग्रन्थको मर्मलाई प्रस्तुत गर्नमा सजगता अपनाइएतापनि भाषा, शैली र लेखन प्रस्तुती शैली भने शास्त्रीय शैली अन्तर्गतको शैलीका रूपमा अधिकांश पाठकलाई अनुभूत होलान् भन्ने मेरो ठम्याइ रहेको छ। पूर्ववत पुस्तकमा भन्दा एक वर्ग बढी समेटिएको यस प्रकारको पुस्तक हाल झैं निरन्तररूपमा प्रकाशन हुँदै गएमा पनि कम्तिमा दशौं भाग प्रकाशन पछि मात्र लेखिकाले पूर्णता पाउन सक्ने संकेत देखिन्छ। लेखिका नानीमैयाँ मानन्धरको '**धम्मपद-अट्ठकथा**' (भाग-१) प्रकाशन भएकै वर्ष २०५८ सालमा उपासक दुण्ड बहादुर वज्राचार्यले सम्पूर्ण **धम्मपद**को ४२३ पालि गाथा र अर्थानुवाद तथा अति संक्षिप्तमा सम्बन्धित कथाहरूलाई समेटेर ३४६ पृष्ठको ४" x ६" साइजको पुस्तकाकारमा नेपालभाषामा '**धम्मपद**' (अर्थकथाया मूखँ व पालि गाथा सहित नेपाल भाषानुवाद) प्रकाशन गर्नु भएको थियो, जुन नोट बुकको रूपमा लोकप्रिय भएको देखिन्छ।

त्यसो त पाँच दशक भन्दा अगावै श्रीलंकाली नारद महास्थविरद्वारा अंग्रेजी भाषामा रचित **धम्मपद** र संक्षिप्त कथा पनि एउटै सानो साइजको पुस्तकमा हामीले पढ्न पाएका छौं । यसपछि के. श्री धम्मानन्द महास्थविरले The Dhammapada ई. सं. १९८८ मा ६६९ पृष्ठको ठूलो साइजमा (A4) प्रकाशन गर्नु भएपछि यसको गुणगान जताततै छाएको थियो । नभन्दै सिंगापुरबाट भिक्षु वेरागोड शारद महास्थविरद्वारा TREASURY OF TRUTH (Illustred Dhammapada) लाई एकदमै आकर्षित रूपमा सम्पूर्ण कथा सम्बन्धी रंगीन चित्र सहितको पृष्ठ ८९८ को ग्रन्थ (A6) साइजमा प्रकाशमा आएपछि सो पुस्तकको चर्चा र परिचर्चा हुने क्रम अझै सेलाएको छैन । निकै खर्चिलो आकर्षित रूपमा प्रकाशित सो ग्रन्थको स्वरूपले जो कोहीलाई पनि एकछिन सोच्न, तत्सम्बन्धी मनमा कुराहरू खेलाउन कुत्कुत् लाग्नु स्वाभाविक नै लाग्ने हुन्छ । सम्भवत : Treasury of Truth ग्रन्थको स्वरूपमा अरू पुस्तकको प्रकाशन हुन अझै धेरै समय लाग्न सक्छ । सोही ग्रन्थलाई अत्याधुनिक संचार प्रविधि प्रयोग गरी सिडि मार्फत् अत्याधुनिक रूपमै अध्ययन र अध्यापन गर्ने समेत व्यवस्था हुनुले सबैलाई सहज पारिदिएको छ । क्लिक-क्लिक गरी छनौट गर्ने सुविधा अनुरूप गाथा, गाथाको अर्थ, कथा-विषयवस्तु, कथा अनुसारको चित्र, कम्प्युटर स्वयंबाट कथा वाचन गरिने व्यवस्थाले हामीलाई आकर्षित पारेको हुन्छ। त्यसो त सम्पूर्ण त्रिपिटकलाई पालि भाषा तथा अन्य प्रचलित भाषाको लिपि एवं भाषानुवाद समेत CD-ROM मा राख्ने कार्य शुभकार्य थालनी भएर पनि कतिपयले आफ्नो उद्देश्य मुताविक कार्य समाप्त पनि गरिसकेका छन्। आधुनिक प्रविधि अनुरूप CD र चिप्स (Chips) को सहयोगले आधुनिक संसारलाई छोट्याइदिएको छ, साँगुरो पार्ने कार्य भएको छ, ठूल-ठूला पुस्तकालय नै CD र चिप्स (Chips) मा अट्ने भएको छ । बुद्ध, बुद्धधर्म र दर्शन अनि इतिहास



सम्बन्धी हर कुराहरू, अत्याधुनिक प्रविधि सँगसँगै सर्वसुलभ एवं सर्वव्यापकता पाउने तर्फ उन्मुख हुनसक्नु समस्त शान्तिप्रेमीका लागि सुखकर विषय नै भएको छ ।

जहाँसम्म प्रस्तुत पुस्तक सम्बन्धी उपरोक्त उल्लेख्य कुराहरू छन्, त्यस मध्ये यसमा समाहित तीन वर्गका विषय वस्तु वा कथावस्तुका बारे पनि केही चर्चा गरिनु पाठकका लागि सूचनामूलक एवं सन्देश प्रवाहक हुन सक्ला कि भन्ने अभिप्राय बोक्नु पाच्य हुने नै देखिन्छ । लेखिका सुश्री नानीमैयाँ मानन्धरले प्रत्येक गाथासित आवद्ध कथावस्तुको सार-संक्षेपलाई प्रस्तुत गर्ने अभिप्राय बोकी विभिन्न सुहाँउदो शीर्षकले सजाई दिनु भएको छ। परिणामत: कथावस्तुको अन्तरकथा बारे शीर्षक आफै बोलिरहेको आभाष जो कोहीलाई हुन अस्वाभाविक होइन । **अरहन्त वर्ग** अन्तर्गत रहेका १० वटा गाथा मध्ये नवौं (गा. नं. ९८) गाथामा मात्र '**यत्थ अरहन्तो विहरन्ति**' भनी '**अरहन्त**' शब्दलाई पछ्याएको देखिन्छ, अरूमा कहिं कतै '**अरहन्त**' शब्द गाभिएको देखिंदैन । र पनि सम्पूर्ण गाथाहरूको भावात्मक अर्थले '**अरहन्त**' विषयकलाई इंगित गरिराखेको देखिन्छ । "**मुक्त भइसकेकोलाई कष्ट हुँदैन, स्मतिवान् गृही जीवनमा रमाउँदैन, निर्वाण प्राप्त भइसकेकाको गति अज्ञेय हुन्छ, गति थाहा पाउन गाह्रो हुन्छ, देवताहरूको प्रीय हुने, अकम्प्य हुने, शान्त हुने, उत्तम पुरुष, बस्ने ठाउँ रमणीय हुने, जंगलमा बस्न रमाउने**" यी सबै **अरहत्व** प्राप्त कर्ता वा **अरहन्त** भइसकेकाहरूको गुणविशेषता हुन् भन्ने कुरा कथावस्तुको शीर्षकैबाटै स्पष्ट हुन्छ । रागबाट अनुरञ्जित हुने, द्वेषबाट दूषित एवं मोहबाट मूढित वा अभिभूत हुने जुन मानवीय स्वभावजन्य वृत्ति छ त्यसबाट विरत भई मुक्तितर्फ उन्मुख, आस्रव क्षयावस्थामा पुग्नु, निर्वाणावस्थाको अनुभूत हुने स्तरसम्म पुग्नु जसलाई हामी **अरहन्त** पुरुष वा **अरहत्व** प्राप्त भनी जान्ने हुन्छौं । "सांसारिक दु:खस्कन्धबाट बिलकुल मुक्तावस्था, चित्त शान्त अवस्थामा आश्रित,

जसको अरू कुनै काम गर्न बाँकी रहेको हुँदैन, जे काम गर्दछ; त्यसमा उसलाई कुनै प्रकारको पश्चाताप नै हुँदैन ।" भन्ने कुरा **अरहन्त** पुरुषलाई इंगित गरी परिभाषित गरिएको छ ।

अरहन्त अवस्थामा पुगीसकेकाहरूको पुनर्जन्म हुँदैन, उनले धारण गर्ने पञ्चस्कन्धरूपी शरीर छोड्दा वा पार्थिव शरीरको अन्त्यपश्चात् रूप, वेदना, संज्ञा, संस्कार र विज्ञानपूर्ण **स्कन्ध-धर्म** के हुन्छ ? भन्ने जस्ता प्रश्न पनि उठ्ने गरेका छन् । वस्तुतः **तृष्णा-अविद्या** आदि कलुषित वृत्तिले पुनर्जन्मलाई निरन्तरता दिइरहने र त्यसैको अन्त्य वा नाश हुने कारणले अरहन्तको पुनर्जन्म हुँदैन भन्ने व्याख्यान पाइन्छ । जसरी बिजुलीको स्वीट्च अफ गर्दा बिजुलीको धार (Current) बन्द हुन गई बत्ति निभ्ने हुन्छ, ठीक त्यसै अनुरूप तृष्णाको धार निरोध भएपछि जन्म-मरण रूपी बलिरहने बत्ति झ्याप्प निभ्ने हुन्छ । बत्ति बल्दा छाउने प्रकाशको मूल कारण वा उत्पत्तिको हेतु नै बिजुलीको धार हो भने जतिबेला मूल धार नै बन्द भएपछि प्रकाश कसरी उत्पन्न हुन्छ ? यसरी जब अविद्या-तृष्णाको धार नै जब पूर्णरूपेण बन्द हुन्छ, झ्याप्पै निभ्दछ त पुनः जन्म-मरणरूपी बत्ति कसरी बल्छ ? उनको निर्वाण अवश्यंभावी भइसकेको हुन्छ । यसरी हामी अरहन्तका विषयमा अरहन्तवर्ग भित्र गाथा सहित अर्थ एवं कथावस्तु अध्ययन गर्ने हुन्छौं ।

सहस्स वर्ग अन्तर्गत १६ वटा गाथाहरू मध्ये

**"यो च गाथा सतं भासे, अनत्थपदसंहिता ।**
**एकं धम्मपदं सेय्यो, यं सुत्वा उपसम्मति ॥"**

(गा. नं. १०२) भन्ने एउटै गाथामा मात्र '**धम्मपद**' शब्द-पद समाहित भएको अर्थपूर्ण देखिन्छ । 'अनर्थ पदयुक्त सयौं गाथा वा श्लोक पढ्नु भन्दा धर्मपदले युक्त एउटा गाथा मात्र पढ्नु पनि उत्तम हुन्छ; जुन गाथा सुनेर शान्ति प्रवाहित हुन्छ ।' भन्ने अर्थपूर्ण सन्देशयुक्त यस



वर्गमा विशेष गरी हामी मानिस केही पाउने, केही होला भन्ने आशाले जे जस्ता कृयाकलापमा धर्म प्राप्तिको नाममा लागेका हुन्छौं, त्यो सही मार्गमा छ वा छैन, धेरै गरें भनी एकसुरले लाग्दैमा सही ठाउँमा परेन भने त्यसको अर्थ रहन्न, पानीमा अक्षर कोर्ने झैं हुन्छ भन्ने उपदेश प्रवाहित गर्न यो वर्ग प्रस्तुत भएको देखिन्छ । बुद्धकालीन समयमा ख्यातिप्राप्त **पटाचारा, कुण्डलकेसा, कृषा गौतमी**को जीवन वृतान्त एवं उनीहरूको हृदय परिवर्तन सम्बन्धी मर्मस्पर्शी कथावस्तुले जो कोहीको भित्री मनको गहिराइसम्म च्वास्स छोइदिए झैं अनुभूत हुने देखिन्छ ।

**'अभिवादनसीलिस्स, निच्चं वुड्ढापचायिनो ।**
**चत्तारोधम्मा वड्ढन्ति, आयु वण्णो सुखं बलं ॥"**

यो गाथा (गा. नं. १०९) गाथा साह्रै नै लोकप्रिय एवं जनजिब्रोले समाएको बहु प्रचलित गाथा हो, भिक्षुहरूले **आयु, वर्ण, सुख** र **बल** प्राप्त होस् भनी शुभाशिष एवं आशीर्वाद दिन यस गाथा वाचन गर्नु हुन्छ । वाहियात गफमा भुल्नु, फुल नपार्ने कुरामा भौंतारिनु, अनर्थ गाथा वाचनमा दिनरात खट्नु, युद्धभूमिमा होमिएर अरूमाथि विजय प्राप्त गर्नु, धर्म प्राप्तिको नाममा अन्न-दानाको हवन (जलन) गर्नु; त्यस्तै गरी चञ्चल चित्त र दुराचारी भई, प्रज्ञा र समाधि विहीन, आलसी र उद्योग हीन, उदय-व्यय (उत्पन्न र विनाश) ज्ञान हीन, अमृतपद र लोकोत्तर धर्मप्रति बेवास्ता गरी सयौं वर्षसम्म बाँचेर पनि त्यो जीवन निरर्थक नै सावित हुन्छ भन्ने उपदेशात्मक प्रेरणा **सहस्स वर्ग**का प्रत्येक गाथाले प्रवाहित गरिराखेको पक्ष धार्मिक दृष्टिले उच्चतर देखिन्छ ।

श्रृष्टिकालदेखि नै हामी प्राणी जगतको दुःख, अधर्मीपन, पाप र पापीजन्य कुरालाई नकार्दै आएका छौं । तर प्राणी जगतको नराम्रो प्रवृत्ति भनौं वा स्वभाव भनौं आफ्नो स्वार्थसिद्ध गर्न भने ऊ जे पनि

गर्न तयार हुन्छ। पाप गर्नु नराम्रो, पापीदेखि टाढा हुनु भन्ने मनसाय हुँदाहुँदै पाप कर्ममैं हाम्रो चित्त बढी रमाउने हुन्छ, तर रमाउँदैमा त्यसलाई आफ्नो काबूमा नलिई पापमै रमाउन दिई त्यसैमा प्रतिष्ठित गराइराख्यौं भने कोही कसैलाई पनि सुख र शान्तिको अनुभूत हुनै सक्दैन। '**स्वार्थ मूलमन्त्रस्य स्वाहा**' भन्ने सोचले अभिभूत हुँदा अर्काको खुट्टा तान्नेमात्र कहाँ हो र गर्धन नै रेट्न तम्सिन्छ, रातारात करोडपति बन्ने धोको बोकेर पाप-पुण्यको ख्याल नगरी सबै स्वाहाः र भ्वाम पार्ने भूत सवार गराएर बस्छ तर पछि '**पाप कहाँबाट कराउँछ धुरीबाट**' भनेसरी पश्चाताप र विगतको कुलत एवं दुराचारले पानी विनाको माछा छट्पटिने झैं छटपटाहटको अनुभूत हुँदा भत्भती पोल्ने हुन्छ। वस्तुतः यो तीतो सत्य भएतापनि यथार्थता हो जुन जसबेला बाँच्नुको ध्येय के होला भन्ने स्वयं भित्र प्रतिप्रश्न गर्नु पर्ने असहज परिस्थिति श्रृजना नहोला भन्न सकिन्न। त्यसैले पापकर्म गरी उम्किन्छु भनी अरूको आँखामा छारो हानी भाग्ने स्थान कहिंकतै पनि छैन, त्यो पापाचार स्वयं भित्र भूतसवार झैं हावी भएर आफू जहाँ पुग्यो त्यहीं सँग-सँगै पुगी रहेको हुन्छ, त्यसले पीछा छोड्दैन। यो कुरालाई राम्ररी जानेर, बुझेर सोही मुताविक विधि व्यवहार गर्न आफू अग्रसर हुनसके वास्तविक सुख-शान्ति हाम्रो मनमा प्रवाहित हुन सक्छ। पाप जति सबै त्याज्य छन् भनी **पाप वर्ग**मा समाहित १३ वटा गाथा र सम्बन्धित कथावस्तुले मानव जीवनमा सुख-शान्ति संचारार्थ उपदेशात्मक सन्देश प्रवाहित गर्न खोजेको देखिन्छ। प्रस्तुत १७१ पृष्ठको पुस्तकमा लेखिकाले "**अष्टलोक धर्म देखि श्रीपाद**" सम्म गरी जम्मा ४८ वटा शब्दार्थ जसरी प्रस्तुत गर्नु भएको छ, त्यसले पाठकवृन्द लाभान्वित हुने निश्चित छ।

बुद्धभूमि नेपाल अधिराज्यमा **बुद्धधर्म**, **दर्शन**, **इतिहास** र **संस्कृति** अनि **सभ्यता**लाई समेटिएर, प्रकाशन जगतमा विस्तारै भएपनि जुन



सकारात्मक एवं रचनात्मक परिवर्तन प्रवाह देखिएको छ, निश्चय पनि यो शुभ लाक्षणिक सुखकर विषय हो। हाल धर्मप्रति सतत् जागरुक, श्रद्धालुहरूबाट लेखेर, अनुवाद गरेर, प्रकाशक बनेर, सौजन्यकार भएर जुन धर्म चर्याहरू निरन्तररूपमा धार्मिक सेवावृत्तिले भरिंदै गएको देखिन्छ, परिणामतः लेखक, अनुवादकहरू विना पारिश्रमिक वा रोयल्टी विना नै सद्धर्मका लागि आफ्नो लेखन श्रमलाई धर्मदानमा परिणत गरिरहेको कुरा समस्त नेपालीहरूका लागि गौरव एवं प्रतिष्ठाको विषय हो। नेपाली बौद्ध महिलाहरूकै प्रतिनिधित्व गरी विगत चारदशक देखि अनुवाद विधाबाट लेखनी क्षेत्रमा देखिएका सुश्री नानीमैयाँ मानन्धरले "**बुद्धवचन**" देखि "**धम्मपद-अट्ठकथा**" (भाग ४) सम्म नेपाल भाषा तथा नेपालीमा अनुवाद लेखन, सम्पादनका रूपमा २२ वटाकृति प्रकाशन गरिसक्नु भएको छ। तथागत शास्ताद्वारा निर्दिष्ट जीवनोपयोगी ज्ञान अर्थात् धर्मको मर्म बुझ्न लेखिकाको अनुदित दीपनी ग्रन्थहरू गम्भीररूपमा अध्ययन गर्नेहरूका लागि अत्यन्तै सहयोगीसिद्ध सावित भइसकेको छ। यसरी प्रस्तुत पुस्तक पनि पाठकहरूका लागि अत्यन्तै सहयोगी हुन्छ भन्ने विश्वास गर्न सकिन्छ। विपश्यनाचार्य सुश्री नानीमैयाँ मानन्धरबाट सबैका लागि उपयोगी पुस्तकहरू यसरी नै जनमानसलाई निरन्तररूपमा प्रदान गर्दै जानसकोस् भन्ने मैत्रीपूर्ण हार्दिक शुभेच्छा एवं साधुवाद व्यक्त गर्दछु।

**बुद्ध विहार भृकुटी मण्डप,** **– भिक्षु कोण्डन्य**
**काठमाडौं–३१,**
**दिनांक : २०६२, जेष्ठ २८ शनिवार।**

# दुइ शब्द

**धम्मपद** पालि साहित्यको एउटा अमूल्य ग्रन्थ-रत्न हो। यो **सुत्त पिटक**को अन्तर्गत पर्ने **खुद्दकनिकाय**को दोस्रो ग्रन्थ हो। भगवान बुद्धले बुद्धत्व प्राप्त गर्नु भएदेखि महापरिनिर्वाण नहुन्जेल ४५ वर्षसम्म तथागतले समय समयमा दिनु भएको धर्म-उपदेशको सार संक्षेप यसमा संग्रहित भएको छ। यसमा २६ वर्ग र ४२३ गाथाहरू छन्।

**धम्मपद** यस्तो एक ग्रन्थ हो, जसको प्रत्येक गाथामा धर्मको सारतत्वले भरिएको छ। ती गाथाहरू **शील, समाधि, प्रज्ञा** र **निर्वाण**लाई बडो रसयुक्त ढंगले उपमा, उपमेय सहित वर्णन गरिएको छ। यी गाथाहरू पढ्दा अद्भूत किसिमको **धर्म-संवेग** उत्पन्न भई शान्ति र शितलताको अनुभूति हुन्छ। **विशेष गरी** मानव जीवनमा अनायास घट्ने **हानी-नोक्सानी, वियोग-व्यथा, सोक-परिदेव** आदिबाट संतापित घडीमा यी गाथाहरूले औषधि उपचारको कार्य गर्दछ।

**त्रिपिटक ग्रन्थ**लाई अत्यन्त विस्तारपूर्वक लेखिने **भाष्य** अर्थात् **व्याख्या**लाई **अट्ठकथा** भनिन्छ। **अट्ठकथा**मा सम्बन्धित् घटना– 'कहाँ, कहिले, कोसँग, के विषयमा घटेको थियो; तथागतले कसलाई सम्बोधन गर्नु भई के उद्देश्यले गाथा प्रकाशमा ल्याउनु भयो; वर्तमानको घटनासँग पूर्व-जन्मको घटना कसरी सम्बन्धित् हुन गयो; यसबाट श्रोतावर्गलाई के कति मार्ग-फल एवम् लाभ प्राप्त भयो'– यी सबै कुरा **भाष्यकार**ले स्पष्ट वर्णन गरी दिएको हुन्छ।

प्रारम्भमा **अट्ठकथा** श्रीलंकामा सिंहल भाषामा लिपिबद्ध भएको थियो। ५०० शताब्दीमा भारतमा जन्मनु भएका **आचार्य बुद्धघोष**ले सम्पूर्ण त्रिपिटक अध्ययन गरिसक्नु भएपछि उहाँ श्रीलंकामा जानु



भयो। उहाँले त्यहाँ भएका सबै **अट्ठकथा पालि भाषा**मा अनुवाद गर्नु भयो। यो काम पूरा गर्न उहाँलाई ३० वर्ष लागेको थियो। अनुवाद कार्य पूर्ण भइसकेपछि **पालि अट्ठकथा** सहित आफ्नो गुरु **संघ महानायक रेवत महास्थविरज्यू**लाई भेट्न भारत फर्कनु भयो। त्यसबेलादेखि उहाँले अनुदित गर्नु भएको **पालि-अट्ठकथा**को महत्व बढ्दै गई आज बौद्ध जगतमा यसले ठूलो स्थान पाएको छ।

एकातिर यस "**धम्मपद-अट्ठकथा**" मा पुण्य पारमी संग्रहित भएका मानिसहरू तथागतको दया र छत्रछाँया पाएर अथवा कुनै न कुनै कारणबाट भगवान बुद्धको सम्पर्कमा आउने गर्दछन्। अनि तथागतको उपदेश अनुरूप **चार आर्य-सत्य** र **अष्टाङ्ग-मार्ग** आ-आफ्नो अनुभूतिद्वारा जीवनमा उतारी **आर्य मार्ग-फल** र **निर्वाण**लाई साक्षात्कार गरी मानव जीवन सफल पारेका कतिपय सत्य घटनाहरू यसमा दर्शाइएका छन्। अर्कोतिर पुण्य पारमिता संग्रहित भएका तर तथागत समक्ष आउने संयोग नपरेका अथवा अशक्त भएका कतिपय नर-नारीहरूकहाँ स्वयम् तथागत उपस्थित हुनु भई अथवा **छवण्ण रश्मि**को आभाष फैलाउनु भई धर्म उपदेश दिनु भएको कारणबाट तिनीहरूले **मार्ग-फल** र **निर्वाण** प्राप्त गर्न सकेको थुप्रै तथ्यहरू हाम्रो सामु छन्।

भगवान बुद्धको समयमा तथागतको नजिक अथवा टाढा रहेका भिक्षु-भिक्षुणी, श्रामणेर, परिव्राजक, देवता, मार, राजपरिवार, गृहस्थ, यक्ष-यक्षिणी आदि अमनुष्यहरूबाट विषम परिस्थिति र समस्याहरू सिर्जना भए। त्यसलाई तथागतले **मैत्री, करुणा र उपेक्षाभाव**बाट मनोवैज्ञानिक तवरले समाधान गर्नु भएको घटना प्रसंशनीय र अनुकरणीय छन्।

भगवान बुद्धलाई जतिसुकै प्रसंशा गर्ने भक्तहरू देखी प्रभावित भई तथागतले कहिल्यै कसैलाई **वरदान** दिनु भएन। त्यस्तै भए-

नभएका कुराको लाञ्छना लगाई निन्दा गर्ने असभ्य, बेइमानी, पापीहरूलाई कहिल्यै **श्राप** दिनु भएन । बरु तथागतले बडो करुणायुक्त चित्तले तिनीहरूको जीवनसँग सम्बन्धित् पूर्व-जन्मका घटनाहरूको माध्यमबाट धर्म-उपदेश गर्नु भई तिनीहरूलाई सही मार्ग दर्शाउनु भयो ।

प्राणीको सानो भन्दा सानो कर्मदेखि लिएर ठूल-ठूला कर्म-विपाक भोग गर्ने पर्ने; अझ **आर्य पुद्गल**को स्थितिमा पुगी सकेर पनि भोग गर्नु पर्ने विपाकबाट मुक्त नहुने कुरा "**धम्मपद-अट्ठकथा**" ले हामीलाई सतर्क गराई जुनसुकै कर्म गर्दा समयमा नै बडो होश पुऱ्याउनु पर्ने सन्देश दिएको छ ।

प्रस्तुत पुस्तक "**धम्मपद-अट्ठकथा**" मा भगवान बुद्धको अमृत वचन पालि गाथाबाट शुरु गरी तथागतले यस गाथा कहाँ, कहिले, कसको सन्दर्भमा प्रकाश पार्नु भएको हो; त्यो कुरो स्पष्ट उल्लेख गरी दिएको छु ।

यसमा कुनै-कुनै कथा यथावत् नै छन् भने कुनै-कुनै घटनाक्रमलाई संक्षेपीकरण गर्नु परेको छ । यस पुस्तकमा घटनाक्रम अनुसारको शिर्षक र उप-शिर्षक राखी दिएकी छु । कथाको अन्तमा गाथालाई फेरि एकचोटी दोहऱ्याई त्यसको अर्थ स्पष्ट पारी दिएकी छु । साथै त्यस धर्म-उपदेशबाट 'श्रोतावर्गले के, कति **मार्ग-फल** एवम् **लाभ** प्राप्त गरेका छन्' भन्ने कुराको परिणाम पनि दर्शाई दिएकी छु ।

मूल '**धम्मपद-अट्ठकथा**' झैं प्रस्तुत पुस्तकको रूप त्यति विस्तृत नहोला । तैपनि यस पुस्तक साह्रै संक्षिप्त पनि छैन । मध्यम कायको रूपमा आजको समय सुहाउँदो भाषा शैलीमा उतार्ने धृष्टता लिएकी छु ।

धम्मपद पुस्तक मैले सानै उमेरदेखि पढेको थिएँ । तर त्यस बेला मेरो ज्ञान गाथा र अर्थमा मात्र सीमित रह्यो । हुनत यसले पनि मेरो जीवनमा कहिले माता-पिताको वियोग-व्यथालाई मलम-पट्टिको



कार्य गरी दिन्थ्यो भने कहिले कल्याणमित्रको निर्देशन दिइरहन्थ्यो । अझ गम्भीर साधनाको अवधिमा त तथागतले साधना सम्बन्धी सारयुक्त वाणी उच्चारण गरिरहनु भएको जस्तै अनुभव हुन्थ्यो ।

संयोगको कुरा हो, गत १० वर्षदेखि प्रत्येक शुक्रवार विहान प्रसारित हुने रेडियो नेपालको धार्मिक कार्यक्रममा बुद्ध-धर्म सम्बन्धी प्रवचन प्रसारण गर्ने कार्य गर्दै आइरहेकी छु । त्यसै सिलसिलामा '**धम्मपद-अट्ठकथा**' पढ्ने र लेख्ने कार्यतिर लाग्दा यसको महत्ता र विशेषता झन छर्लङ्ग हुँदै आयो । रेडियो नेपालको धार्मिक कार्यक्रममा प्रसारित गर्ने लक्ष्य लिई लेखेकोले लेख लेख्दा समय र परिस्थितिको परिधि भित्र रहेर लेख्नु पर्ने भएकोले यस पुस्तकमा कतै कुनै लेख छोट्याउनु पर्ने, कुनै बढाउनु पर्ने बाध्यता भएको महसूस हुन्छ ।

'**धम्मपद-अट्ठकथा**' (भाग-१) मा '**यमक वग्गो**' को २० वटा र '**अप्पमाद वग्गो**' को १२ वटा समेत ३२ वटा गाथा; '**धम्मपद-अट्ठकथा**' (**भाग-२**) मा '**चित्त वग्गो**' को ११ वटा गाथा र '**पुप्फ वग्गो**' को १६ वटा गाथा समेत २७ वटा गाथाहरू '**धम्मपद-अट्ठकथा**' (भाग-३) को '**वाल वग्गो**' को १६ वटा र '**पण्डित वग्गो**' को १४ वटा गाथा गरी जम्मा ३० वटा गाथाहरूको सन्दर्भमा आएका बुद्धकालीन घटनाहरू र ती घट्नाहरूसँग सम्बन्धित अतीतका कथाहरू समावेश भएका छन् ।

प्रस्तुत पुस्तक '**धम्मपद-अट्ठकथा**' (**भाग-४**) मा '**अरहन्त वग्गो**' को १० वटा र '**सहस्स वग्गो**' को १६ वटा गाथा र '**पापवग्गो**' को १३ वटा गाथा समेत जम्मा ३९ वटा गाथाहरूको सन्दर्भमा आएका बुद्धकालीन घटनाहरू र ती घट्नाहरूसँग सम्बन्धित अतीतका कथाहरू समावेश भएका छन् ।

श्रद्धेय भिक्षु अनिरुद्ध महास्थविरज्यूले नेपाल भाषामा अनुवाद गर्नु भएको '**धम्मपद-अट्ठकथा**', विपश्यना विशोधन विन्यास,

Sri Lanka. The credit of propogating Pali Atthakatha to the Buddhist world goes to Acharya Buddhaghosha, born in India, around the 5Th century. After completing a thorough study of the Tipitaka (Buddhism) in India, the Scholor visited Sri Lanka. There he translated the whole Atthakatha into pali language. It took him 30 years to complete this task. After completing this huge project, he returned to his home country to visit his venerable teacher Sangha Mahanayaka Rewat Mahastharvir, bringing along with him the translated Pali Atthakatha.

In the Dhammapada Atthakatha, the original stories out of which the Verses stem are interpreted in two ways. In some stories, the fortunate ones who are blessed with good deeds during their past existence have the opportunity to listen to the sermons of the Enlightened One and get to purify mind with the knowledge of the Four Noble Truths and the Eight Noble Paths of purification. In other stories for those who have the potential but not having an opportunity to meet the Buddha, the Buddha himself finds a way extending six-coloured rays (छवण्ण-रश्मी) to bless them. The Lord's instructruction enable them to purify themsesves and attain Arhatship (the highest level of purification) and Nirvana.

The contemporary Bhikkhus, Bhikkhunis (Monks and nuns), Shramaneras (Young monks who are not yet ordinated as a Bhikkhu), paribrajakas (Non-Buddhist preachers) gods laymen, royal families and non-human beings (creatures) of Buddha's life time used to create difficult circumstances and problems. The Buddha's way of tackling them is significant and appreciable Metta (Loving kindness), Karuna (Compassion), Mudita (delights) and Upeksha (Equanimity) were his tools.

Blessing with a boon to a devotee or torturing with a



curse to the opposite ones - these two self-oriented deeds are not the tradition of the Buddha. Instead, the Buddha always blessed them with love and kindness and guided mankind to the right path. He would give example of events of their present life and their past existence as well.

People who commit evil deeds are unaware of the consequence at that moment. Even the Ariyas (those who have attained the levels of enlightment) must suffer the consquence of their past evil deeds. The Dhammapada-Atthakatha raises awareness about what Buddha said about 'Kamma and Kammaphala' (The law of moral causation).

The present work of Dhammapada-Atthakatha is an attempt to present noble utterances of the Buddha. I have expounded the stories related to each verse to whom, when and where the Buddha stated these sacred Verses.

Some of the stories are presented in the original form without any change, but some are summarised. I have also given some appropriate Titles and sub-titles to those stories. A translation of each Verse is repeated at the end of the story. Additionally, I have also quoted how many persons attained Marga-phala (path and fruit of purification) from these edification.

The book may not provide detailed information as the Original Dhammapada-Atthkatha. However it is long enough to learn the concept. I have attempted to present the contents ensuring that there are relevant to the present world.

I have been reading Dhammapada since my childhood. But then, the knowledge was limited to Pali Verses and its meanings. Even then sometimes it used to be a healing medicine for my suffering due to the expiry of my parents.

Sometimes it used to be like a well wishing friend (Kalyan Mitta) for me. During deep mediation, I feel as if the Buddha was uttering the noble verses in front of me.

I have been conducting religious programme in Radio Nepal every Friday morning since the last ten Years. In this programme, I broadcast Buddha's teaching in various lectures. It has been a good opportunity for me to study Dhamapada in details once again while preparing the bulletin for broadcasting. Thus, the wisdom embodied in the Verses of the Dhammapada became clear to me. The articles are to be written within the time constraint given by Radio Nepal. I am, therefore, compelled to shorten the writings of this book.

Dhammapada-Atthakatha [Part-1], consists of 32 verses in total of this total, 20 verses are from Yamak Vagga (Twin Verse) and 12 Verses are from Appamada Vagga (Mindfulness). Dhammapada-Atthakatha [Part-2] consists of 27 Verses in total, of which 11 Verses are from Citta Vagga (Mind) and 16 Verses are from Puppha Vagga (Flowers). Dhammapada-Atthakatha [Part-3] consists of 30 Verses in total, 16 Verses are from Bal Vagga (Fools) and 14 Verses are from Pandit Vagga (The Wise). Additionally, the contemporary episodes of Buddha's life time and stories of past existence related to these Verses are also presented.

The present book on Dhammapada-Atthakatha [Part-4] consists of 39 Verses in total; 10 Verses are from Arahanta Vagga (Arahat), 16 Verses are from Sahassa Vagga (The Thousand) and 13 Verses are from Papa Vagga (Evil). The contemporary events of The Buddha's life time and the stories of past existence related to these events are also included.



My references for this book are mainly Dhammapadatthakatha Translated into Nepal Bhasha by Venerable Aniruddha Mahasthavira, Dhammapada-Atthakatha in Pali published by Vipassana Research Institute, Igatpuri and Dhammapadatthakatha translated into Hindi by Swami Dwarika Das Sastri.

I must regard my heartfelt gratitude to respected Venerable Kondanya who, upon my request, wrote a few words to summarize the contents of the book in a scholastic language. I would also like to thank Ven. Sobhan for designing the cover page.

The Buddha dedicated forty-five years of his life visiting villages, towns, nations to disseminate his sermons for the welfare of mankind, The Dhammapada-Atthakatha explains the scared message of the whole Dhamma profounded by the Buddha during these forty-five years.

May the people travel the Path of righteousness and virtue towards the ultimate goal of Nirvana.

**'Chiran Titthatu Saddhammo.'**
**(May long last the Dhamma.)**

945/32 Lekhnath Sadak,
Kumari Galli, Naya Bazar,
Kathmandu, Nepal.
2005, July 17,
Tel : [977] [01] 4-358993

**— Nani Maiya Manandhar**

# लेखिका परिचय



सुश्री नानीमैयाँ मानन्धरज्यू वर्तमानकी एक ख्याती प्राप्त बौद्ध महिला हुनुहुन्छ । उहाँ गृहस्थ भएर पनि त्यागीको जस्तो जीवन व्यतीत गर्नु हुन्छ । सन् १९४६, डिसेम्बर (वि. सं. २००२) मा पिता श्री पञ्चनारायण मानन्धर र माता श्रीमती कृष्णमाया मानन्धरको कोखबाट काठमाडौंमा जन्मनु भएकी उहाँ माता पिताको जेष्ठ सुपुत्री हुनुहुन्छ ।

सानो उमेरदेखि बुद्ध धर्म प्रति अटल श्रद्धा राख्नु भई बुद्ध धर्मको विभिन्न विषयमा अध्ययन गर्नु भयो । नेपाल बौद्ध परियत्ति शिक्षामा '**परियत्ति सद्धम्म पालक**' उपाधि हासिल गर्नु भएकी उहाँले वि. सं. २०२७ सालमा '**परियत्ति सद्धम्म कोविद**' को अन्तिम वर्षसम्म अध्ययन पूरा गर्नु भएको थियो । नव नालन्दा महाविहारबाट शैक्षिक वर्ष १९७७-७९ को अवधिमा M. A. पालि कोर्सको अध्ययन पूरा गर्नु भयो । बौद्ध शिक्षाको अलावा त्रिभूवन विश्वविद्यालयबाट शैक्षिक वर्ष सन् १९७० (वि. सं. २०२६) मा B. A. को डिग्री लिनु भएको छ । ई. सं. १९७१ मा उहाँले त्रिभूवन विश्वविद्यालय कीर्तिपुरमा M. A. अध्ययन गर्नु भयो ।

उहाँ एक सफल लेखिका हुनुहुन्छ । हालसम्म उहाँको मौलिक लेखन र अनुवाद गरी जम्मा २२ वटा पुस्तकहरू प्रकाशित भईसकेको छ । यस्तै गरी अरू ६ वटा पुस्तकहरू प्रकाशन प्रतीक्षामा छन् । '**धर्मचक्र**' पत्रिको उहाँ भूतपूर्व प्रधान सम्पादिका हुनुहुन्थ्यो । बि. सं. २०२१ देखि विभिन्न पत्र-पत्रिकाहरूमा विविध विषयमा उहाँको लेख रचनाहरू नियमितरूपमा प्रकाशित हुँदै आएको छ ।

'बौद्ध परियत्ति शिक्षा' को क्षेत्रमा उहाँको उल्लेखनीय योगदान छ । बि.सं. २०२७ साल देखि वर्तमान समयसम्म स्वयं सेविका शिक्षिकाको रूपमा अध्यापन गराउँदै आउनु भएकी उहाँले सात वर्षसम्म केन्द्राध्यक्षको रूपमा परोपकार केन्द्र सम्हाल्दै आउनु भएको थियो । उहाँले विभिन्न बौद्ध संस्थामा काम गरेर बुद्ध धर्मको उत्थानमा महत्वपूर्ण योगदान दिँदै आउनु भएको छ । बि.सं. २०३८ सालमा स्थापित 'नेपाल महिला बौद्ध संघ' का उहाँ संस्थापक उपाध्यक्ष हुनुहुन्थ्यो । बि.सं. २०५२ सालमा स्थापित 'बौद्ध महिला संघ, नेपाल' को उहाँ वर्तमान अध्यक्ष हुनुहुन्छ । उहाँ 'धर्मोदय सभा' तथा 'लुम्बिनी धर्मोदय समिति' को कार्यकारिणी सदस्य हुनुहुन्छ । 'लुम्बिनी विकास कोष' को उहाँ पदेन सदस्यमा हुनुहुन्छ । रेडियो नेपाल जस्तो व्यापक संचार माध्यमबाट उहाँले प्रत्येक शुक्रबार बिहान प्रसारित हुने धार्मिक कार्यक्रममा बि. सं. २०५२ सालदेखि बुद्ध धर्म सम्बन्धी प्रवचन कार्यक्रम नियमितरूपमा सञ्चालन गर्दै आउनुभएको छ ।

नेपालमा बुद्ध धर्मको प्रचारप्रसारमा सुश्री नानीमैयाँ मानन्धरज्यूले पुऱ्याउँदै आउनु भएको योगदानलाई कदर गर्दै 'नेपाल बौद्ध परियत्ति शिक्षा' बाट बि. सं. २०४५ सालमा; 'धर्मोदय सभा' बाट बि. सं. २०५३, २०५६, २०५९ सालमा; 'बौद्ध महिला संघ' नेपालबाट बि. सं. २०५६ सालमा, 'धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी'बाट बि. सं २०६० सालमा र 'दोस्रो विश्व बौद्ध शिखर सम्मेलन' २०६१ सालमा उहाँलाई 'प्रशंसा पत्र' बाट सम्मान गरिएको छ ।

उहाँको सबैभन्दा उल्लेखनीय योगदान विपश्यना ध्यानको क्षेत्रमा छ । उहाँले बि. सं. २०३१ सालमा राजगृहमा सर्वप्रथम विपश्यना ध्यानको अभ्यास थाल्नु भएको हो । विपश्यना ध्यानको महत्व बुझी उहाँ हालसम्म पनि निरन्तररूपमा यस क्षेत्रमा संलग्न हुनुहुन्छ ।

हालसम्म उहाँले भारत, म्यान्मार, मलेशिया, सिंगापुर, थाइलैण्ड, श्रीलंका, तिब्बत (ल्हासा), चीन, हङ्कङ्ग, पाकिस्तान, अष्ट्रेलिया, फिलिपिन्स राष्ट्रहरूमा धार्मिक यात्रा गर्नु भएको छ ।

सानै उमेरदेखि बुद्ध धर्म अध्ययन तथा धार्मिक, सामाजिक सेवामा रुचि राख्नु हुने उहाँले आजसम्म पनि यस क्षेत्रमा आफ्नो पूर्ण समय समर्पित गर्दै रहनु भएको छ ।

भगवान बुद्धले "**मेरो धर्मलाई सही ढंगबाट बुझ्न अध्ययन मात्र होइन, यसलाई धारण गर, आफ्नै अनुभूतिमा अनुभव गर**" भनिकन जुन उपदेश दिनु भएको छ; त्यसको अनुकरण गर्नु भएकी सुश्री नानीमैयाँ मानन्धरज्यू वर्तमानकी एउटी आदर्शमयी बौद्ध महिला हुनुहुन्छ ।

– रीना तुलाधर



# ABOUT THE AUTHOR



Miss Nani Maiya Manandhar is a distinct personality in the Buddhist field. She lives a spiritual life despite being a laywoman. Born in December, 1946 A. D., she is the eldest daughter of Mr. Pancha Narayan Manandhar and Krishna Maya Manandhar.

She has become a true follower of Buddha-Dhamma, since her childhood. Due to her never ending dedication to Buddhism, she started studying different subjects on Buddhism at a very young age. Embellished with the title **'Pariyatti Saddhamma Palaka'**, she has completed the course of **'Pariyatti Saddhamma Kobida'** studied in 1971. She completed M.A. course in Pali from Nav Nalanda Mahavihara during the acadamic year 1977-79. Besides Buddhist studies, she has completed B.A. in 1970 from Tribhuvan University, jioned M.A. in 1971.

She is a reknowned writer in the field of Buddhism. To date, 22 books, authored and translated by her, have been published in Nepali and Nepal Bhasha. Similarly, six of her other books are waiting to be published. She was the former chief editor of the **'Dharmachakra'** annual publication. Her articles have been continuosly published in different periodicals since 1966. Her contribution to the activities of Bauddha Pariyati Shiksha is commendable. She has been teaching Bauddha Pariyati as a voluntary service since 1972 A. D. Currently she had been in managing the Paropakar Centre as a central chairperson for 7 years.

She has also been providing her services in other Buddhist organizations to promote Buddhism. She was the founder Vice-Predident of "Nepal Mahila Bauddha Sangha" (Nepal Women's Buddhist Association) established in 1982. She has been the president of "Bauddha Mahila Sangha, Nepal" (Buddhist women's Association, Nepal) since 2002 established in 1992. She is the executive member of "Dharmodaya Sabha" and 'Lumbini Dharmodaya Committe'. She is the appointed member of 'Lumbini Development Trust'.

Recognising her contribution to propogating Buddhism in Nepal she has been honoured with 'Appreciation Letter' by the 'Nepal Bauddha Pariyati Shiksha' in 1988; 'Dharmodaya Sabha' in 1996, 1999, 2002; 'Bauddha Mahila Sangha, Nepal' in 1999, 'Dharmakirti Buddhist Study Circle' in 2004 and Second World Buddhist Summit in 2004.

In due course of propogating Buddhism in Nepal, she has been conducting religious Radio Programmes in a broad media Radio Nepal since 1995. Her lectures in different subjects on Buddhism are broadcasted every Friday morning.

Her biggest contribution is in Vipassana Meditation. She had taken 10 days course of Vipassana for the first time in Rajgiri, India in December, 1974. Appreciating the importance of Vipassana, she has been actively involved in it ever since.

She has travelled widely to India, Myanmar, Malaysia, Singapore, Thailand, Sri Lanka, Tibet (Lhasha), China, Hongkong, Pakistan, Australia and the Phillipines. Since her childhood she has had a keen interest in learning Buddhism, social services and religious services. She is still actively involved in these areas with full devotion. Following the Buddha's precept that the Dhamma is to be applied, not just to be studied, Miss Nani Maiya Manandhar has proved herself to be an Ideal Buddhist woman.

— Rina Tuladhar

# विषय-सूची


**विषय**

**भूमिका** ...................................................................................

**दुइ शब्द** ...................................................................................

**TWO WORDS** ...................................................................................

## ७. अरहन्तवग्गो .......................................................

**७.१. जीवकको प्रश्न कथा** .......................................................

७.१. मुक्त भइसकेकोलाई कष्ट हुँदैन .....................

**७.२. महाकाश्यप स्थविरको कथा** ..........................................

७.२. स्मृतिमान गृही जीवनमा रमाउँदैन ..................

**७.३. बेलट्ठसीस स्थविरको कथा** ..........................................

७.३. निर्वाण प्राप्त भइसकेकाको गति अज्ञेय हुन्छ ........

**७.४. अनुरुद्ध स्थविरको कथा** ..............................................

७.४. अरहन्तको गति थाहा पाउन गाह्रो हुन्छ ..............

**७.५. महाकात्यायन स्थविरको कथा** ....................................

७.५. अरहन्त देवताको पनि प्रिय हुन्छ .......................

**७.६. सारिपुत्र स्थविरको कथा** ..........................................

७.६. अरहन्त अकम्प्य हुन्छ .................................

**७.७. कोसम्बिवासी तिस्स स्थविर र श्रामणेरको कथा** ..........

७.७. अरहन्त शान्त हुन्छ ..................................

**७.८. सारिपुत्र स्थविरसँग प्रश्नोत्तरको कथा** ........................

७.८. उत्तम पुरुष ..........................................

**विषय :**

**७.९. खदिरवनिय रेवत स्थविरको कथा** .............................

७.९. (क) रेवत कुमार ......................................





७.९. (ख) अरहन्तहरू बस्ने ठाउँ रमणीय हुन्छ ...........

७.९. (ग) सीवली स्थविर ..................................

**७.१०. कुनै एक स्त्रीको कथा** .............................................

७.१०. जङ्गलमा राग नभएका व्यक्तिहरू बस्न रमाउँछन्

## ८. सहस्सवग्गो ....................................................

**८.१. तम्बदाठिक चोर घातकको कथा** ................................

८.१. सार्थक एक पद पनि श्रेष्ठ हुन्छ ....................

**८.२. बाहिय दारुचीरिय थेरको कथा** ..................................

८.२. (क) बाहियदारुचीरिय श्रावस्ती गमन .............

८.३. (ख) बाहियदारुचीरिय अरहन्त भयो ...............

**८.३. कुण्डलकेसी थेरीको कथा** .........................................

८.३. (क) नारी पनि बुद्धिमती र पण्डित हुन्छे .............

८.३. (ख) एक धर्म-पद नै श्रेष्ठ हुन्छ ....................

**८.४. अनर्थ हुने कुरा सोध्ने ब्राह्मणको कथा** .......................

८.४. आफूलाई जित्नु श्रेष्ठ छ ............................

**८.५. सारिपुत्र स्थविरको मामा ब्राह्मणको कथा** .................

८.५. परिशुद्ध मन भएकोलाई पूजा गर्नु श्रेष्ठ छ ........

**८.६. सारिपुत्र स्थविरको भाञ्जाको कथा** ..........................

८.६. यज्ञ भन्दा ध्यानीलाई क्षणभरको पूजा गर्नु श्रेष्ठ छ ...

**८.७. सारिपुत्र स्थविरको मित्र ब्राह्मणको कथा** .................

८.७. आर्य पुद्गललाई अभिवादन गर्नु यज्ञ होम भन्दा श्रेष्ठ हुन्छ ..................................................

**विषय :** **पृष्ठ :**

**८.८. दीर्घायु कुमारको कथा** ...........................................

८.८. आयु, वर्ण, सुख, बल वृद्धि हुन्छ ....................
**८.९. संकिच्च श्रामणेरको कथा** ......................................
८.९. (क) तीस जना कर्मस्थान ध्यान गर्ने भिक्षुहरू .....
८.९. (ख) जेष्ठको आदर गर्नमा महानता ................
८.९. (ग) शीलवानको एक दिनको जीवन श्रेष्ठ छ .......
**८.१०. खाणु कोण्डञ्ञ स्थविरको कथा** .............................
८.१०. ध्यानीको एक दिनको जीवन श्रेष्ठ ...............
**८.११. सप्पदास स्थविरको कथा** ........................................
८.११. उद्योगीको एक दिनको जीवन श्रेष्ठ ...............
**८.१२. पटाचारा थेरीको कथा** .........................................
८.१२. (क) पटाचाराले छोरो जन्माइन् ....................
८.१२. (ख) पटाचारा स्वजन वियोगबाट विह्वल .........
८.९. (ग) उत्पत्ति-विनाशको चिन्तन नै श्रेष्ठ हो .......
**८.१३. किसा गौतमीको कथा** ..........................................
८.१३. निर्वाणदर्शीको एक दिनको जीवन श्रेष्ठ छ .......
**८.१४. बहुपुत्तिक थेरीको कथा** ........................................
८.१४. धर्मदर्शीको एक दिनको जीवन श्रेष्ठ छ ..........

## ९. पापवग्गो ........................................................

**९.१. चूल एकसाटक ब्राह्मणको कथा** ...............................
९.१. पुण्य कर्म गर्नुमा ढिलाई गर्नु हुँदैन ..................
**९.२. सेय्यसक स्थविरको कथा** ........................................
९.२. पापको सञ्चय दुःखदायक हुन्छ ...................
**विषय :**
**९.३. लाजदेव कन्याको कथा** ...........................................



९.३. पुण्यको सञ्चय सुखदायक हुन्छ ..................
**९.४. अनाथपिण्डिक महाजनको कथा** .............................
९.४. फल प्राप्ति पछि पुण्य-पापको परिचय हुन्छ .......
**९.५. परिष्कार संयमित नभएको भिक्षुको कथा** ................
९.५. पाप भनेको थोरै नठान ..............................
**९.६. विलालपादक सेठको कथा** .....................................
९.६. पुण्य भनेको थोरै नठान ..............................
**९.७. महाधन व्यापारीको कथा** .....................................
९.७. पाप कर्म नगर्नु .......................................
**९.८. कुक्कुट मित्त शिकारीको कथा** ...............................
९.८. अकुशल चेतना नभएकोलाई पाप लाग्दैन .........
**९.९. कोक सुनख शिकारीको कथा** .................................
९.९. जसले दोष लगाउँछ उसैले भोग्छ ................
**९.१०. मणिकार र कुलूपक तिस्स स्थविरको कथा** ............
९.१०. कर्म अनुसारको गति हुन्छ ........................
**९.११. तीन जना भिक्षुहरूको कथा** ....................................
९.११. (क) विभिन्न तीन घटना ...........................
९.११. (ख) पाप कर्मको फल भोग्नै पर्ने हुन्छ ............
**९.१२. सुप्पबुद्ध शाक्यको कथा** ..........................................
९.१२. प्राणी मृत्युबाट बच्न सक्तैन .....................
**शब्दार्थ** ................................................................
**सहायक ग्रन्थहरू** ..........................................................

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

**धम्मपदं**

## ७. अरहन्तवग्गो

### ७.१. (जीवकको प्रश्न कथा)

# ७.१. मुक्त भइसकेकोलाई कष्ट हुँदैन

७. (९०) **"गतद्धिनो विसोकस्स - विप्पमुत्तस्स सब्बधि ।**
**सब्बगन्थप्पहीनस्स - परिलाहो न विज्जति" ॥१॥**

एक समय **भगवान बुद्ध राजगृह**मा **जीवक बैद्य**को **आम्रवन**मा विहार गरिरहनु भएको थियो । त्यस बेला **जीवक बैद्य**को प्रश्नको उत्तर स्वरूप **तथागत**ले यो गाथा आज्ञा गर्नु भएको हो ।

एक समय **देवदत्त**ले **राजा अजातशत्रु**को सहयोग लिई तथागतलाई हत्या गर्ने अनेक उपाय गरेको थियो । एक पटक उनले **गृद्धकूट पर्वत** माथि चढेर एउटा ठूलो ढुङ्गा खसालेर तथागतलाई हत्या गर्न खोजेको थियो । ढुङ्गा यताउति ठक्कर खाँदै टुक्रा-टुक्रा भई सानो एक टुक्रा तथागतको खुट्टाको बुढी औंलामा परी रगत निस्क्यो ।

घाउ लागिसकेपछि भिक्षुहरूले तथागतलाई **मद्दकुच्छि** भन्ने ठाउँमा लगियो । त्यसपछि भगवान बुद्ध जीवकको आम्रवनमा जानु भयो । जीवक बैद्यले यो समाचार थाहा पाएर तुरन्तै तथागत कहाँ आइपुग्यो । तथागतको घाउ हेरी कडा औषधि लगाई पट्टि बाँधी दियो ।

त्यसपछि उसले तथागतसँग यसरी बिन्ति गऱ्यो– "भन्ते,



भगवन् ! आज म शहरमा गई एक जना मानिसलाई औषधि गर्नु छ । म त्यहाँ गई फर्केर नआएसम्म यो पट्टि बाँधी राख्नु होला ।"

जीवक बैद्य शहरमा गई त्यस मानिसलाई औषधि गरिसकेर फर्केर आउँदा नगरको ढोका बन्द भइसकेको थियो । अनि उसले मन-मनै यसरी विचार गऱ्यो– "आज मैले ठूलो भूल गरें । तथागतलाई कडा औषधि राखी पट्टि बाँधेर आएको थिएँ । अहिले त्यो पट्टि फुकाल्ने बेला भइसक्यो । समयमा पट्टि खोलेन भने रातभरी तथागतलाई ठूलो शारिरीक वेदना हुनेछ ।"

त्यस बेला भगवान बुद्धले **आनन्द स्थविर**लाई सम्बोधन गर्नु भई भन्नु भयो– "आनन्द ! जीवक साँझतिर आउँछु भनेको शायद उनी फर्केर आउँदा नगरको ढोका बन्द भइसकेकोले आउन सकेन होला । उनले भने अनुसार यो घाउको पट्टि खोल्ने बेला भइसक्यो । आनन्द ! तिमीले यो पट्टि खोलि देऊ ।"

आनन्द स्थविरले तथागतको घाउको पट्टि खोलि दिनु भयो । त्यस बेला सम्ममा घाउ निको भइसकेको थियो ।

भोलिपल्ट बिहान सबेरै **जीवक बैद्य** आई तथागतलाई सादर वन्दना गरी यसरी बिन्ति गऱ्यो– "भन्ते, भगवन् ! तथागतलाई ठूलो शारिरीक वेदना भयो होला ।"

भगवान बुद्धले भन्नु भयो– "जीवक ! तथागतको सबै वेदना **बोधिवृक्ष** मुनि **बोधित्व** प्राप्त गरको बखतमा नै शान्त भइसकेको थियो ।"

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भई धर्म-देशना गर्नु भयो–

**"गतद्धिनो विसोकस्स - विप्पमुत्तस्स सब्बधि ।**
**सब्बगन्थप्पहीनस्स - परिलाहो न विज्जति ॥"**

अर्थ– जहाँ पुग्नु पर्ने हो, त्यहाँ पुगिसकेको; शोक रहित; सबै प्रकारका ग्रन्थिले मुक्त भइसकेको; बन्धन रहित पुद्‌गललाई परिदाह अर्थात् शोक-सन्ताप हुँदैन ।

तथागतको यस धर्म-देशनाको अन्तमा धेरै मानिसहरू **स्रोतापत्ति** आदि **मार्ग-फल** प्राप्त गर्नमा सफल भए ।

'जीवकको प्रश्न कथा समाप्त' ।

### ७.२. (महाकाश्यप स्थविरको कथा)

## ७.२. स्मृतिमान गृही जीवनमा रमाउँदैन

७. (९१) **"उय्युञ्जन्ति सतीमन्तो - न निकेते रमन्ति ते ।**
**हंसाव पल्लवं हित्वा - ओकमोकं जहन्ति ते" ॥२॥**

एक समय **भगवान बुद्ध राजगृह**को **वेलुवनाराम**मा विहार गरिरहनु भएको थियो । त्यस बेला **तथागत**ले यो गाथा **महाकाश्यप स्थविर**को कारणमा आज्ञा गर्नु भएको हो ।

एक समय भगवान बुद्ध राजगृह नगरको **वेलुवनाराम**मा **वर्षावास** गर्नु भएको थियो । त्यस बखत त्यहाँ अरू थुप्रै भिक्षुहरू थिए । वर्षावास सकिएपछि एक स्थानबाट अर्को स्थानमा चारिका गर्न जाने तथागतहरूको परम्परा थियो ।

त्यसकारण वर्षावास सकिनु भन्दा पन्ध्र दिन अगाडि नै भगवान बुद्धले भिक्षुहरूलाई सम्बोधन गर्नु भई भन्नु भयो– "भिक्षुहरू ! वर्षावास सकिएपछि चारिका गर्न जानको लागि भिक्षा-पात्रहरू तयार गरी राख्नु पर्दछ । चीवर धुने, रंगाउने काम पनि बेलैमा गरी राख्नु पर्दछ ।"

त्यसपछि भिक्षुहरूले आ-आफ्नो भिक्षा-पात्र तयार गर्ने र चीवर धुने तथा रंगाउने काम शुरु गर्न थाले । अनि महाकाश्यप स्थविरले पनि आफ्नो चीवर धुनु भयो ।

राजगृह नगर त्यस बखत करोडौं जनता भएको देश थियो । तिनीहरू मध्ये महाकाश्यप स्थविरका आफन्तहरू थुप्रै थिए । उहाँको **उपस्थापक, सेवक**हरू धेरै संख्यामा थिए । उहाँलाई तिनीहरूले **चार-प्रत्यय**द्वारा राम्रोसँग सेवा-टहल तथा सत्कार गरी राखेका थिए ।

महाकाश्यप स्थविरले आफैले चीवर धुनु भएको दृश्य देखी त्यहाँका भिक्षुहरू एक-आपसमा यसरी कुरा गरे– "स्थविरज्यूले किन आफै चीवर धुनु भएको होला ? उहाँको यहाँ यत्तिका सेवक र नातेदारहरू छन् । तिनीहरूलाई छोडेर उहाँ यहाँबाट टाढा कतै जान सक्नु हुन्न । उहाँलाई आफन्त र सेवकहरूको ठूलो माया छ ।"

वर्षावास सकिएपछि भगवान बुद्ध चारिकाको लागि राजगृहबाट निस्कनु भयो । त्यहाँ भएका सबै भिक्षुहरू तथागतको पछि लागे । महाकाश्यप महास्थविर पनि तथागतसँगै जानु भयो ।

नगरद्वारबाट केही टाढा **मापमादकन्दर**मा आइपुगेपछि तथागतले विचार गर्नु भयो– "यस नगरको भित्र र बाहिर करोडौं जनता बस्दछन् । जनताहरूको मंगल वा अमंगल कार्यमा भिक्षुहरू गई सहयोग गरी दिनु पर्दछ । विहार खालि गराई राख्नु हुँदैन । महाकाश्यप स्थविरको यहाँ थुप्रै आफन्तहरू र **उपस्थापक**हरू छन् । उसैलाई पठाउनु राम्रो होला ।"

त्यसपछि तथागतले महाकाश्यप स्थविरलाई सम्बोधन गर्नु भई भन्नु भयो– "काश्यप ! विहार खालि हुने गरी सबै भिक्षुहरू चारिकामा जानु ठीक छैन । यहाँका जनताको सुख-दुःखको कार्यमा भिक्षुहरूको आवश्यकता पर्दछ । त्यसकारण तिमी आफ्नो भिक्षु-परिवारकासाथ विहारमा फर्केर जाऊ ।"

महाकाश्यप स्थविर तथागतको अनुज्ञालाई पालन गरी आफ्नो भिक्षु-परिवार सहित फर्केर जानु भयो ।

उहाँलाई निन्दा गर्ने भिक्षुहरूको बीचमा फेरि यस्तो चर्चा हुन थाल्यो– "देख्यौ, आयुष्मानहरू ! हामीले पहिले जसरी भनेका थियौं; आखिर त्यस्तै भयो ।"

तिनीहरूका ती कुरा तथागतको कानमा पऱ्यो । बाटैमा उभिएर



तथागतले भन्नु भयो– "भिक्षुहरू ! के तिमीहरूले 'मेरो पुत्र काश्यप **कुल** र **प्रत्यय**मा आसक्त भएको छ' भनी ठान्दछौ ? त्यस्तो कदापि नसम्झनु । मेरो पुत्र काश्यप कुल, वंश-परम्परा, परिवार र प्रत्ययमा आसक्त हुने स्वभावको भिक्षु होइन । उसले पूर्व-जन्ममा जस्तो आशिका गरेर आएको हो; त्यस्तै फल पाइरहेको छ' भन्नु हुँदै **थेर पालि** (**थेर गाथा**) को कथा विस्तारपूर्वक सुनाउनु भयो ।"

तथागतले फेरि भन्नु भयो– "भिक्षुहरू ! मेरो पुत्र काश्यप आदि कै कारणमा **चन्द्रोपम प्रतिपदा** र **आर्यवंश प्रतिप्रदा**को व्याख्यान गरेको थिएँ । जसरी राजहंस पोखरीमा गई घुमफिर गरी आफ्नो पेट भरेपछि पोखरी प्रति कत्ति पनि आसक्त नभई उडेर जान्छ; त्यसरी नै मेरो पुत्र काश्यपको परिवार र प्रत्यय प्रति आसक्ति छैन ।"

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भई धर्म-देशना गर्नु भयो–

**"उय्युञ्जन्ति सतीमन्तो – न निकेते रमन्ति ते ।**
**हंसाव पल्लवं हित्वा – ओकमोकं जहन्ति ते ॥"**

अर्थ– जो स्मृतिवान भई साधनामा उद्योगाभ्यास गर्दछन्; तिनीहरू गृही जीवनमा रमाउँदैनन् । ती व्यक्तिहरू हंसले क्षुद्र जलाशय छोडेर गए झैं गृह-त्याग गरेर जान्छन् ।

तथागतको यस धर्म-देशनाको अन्तमा धेरै मानिसहरू **स्रोतापत्ति** आदि **मार्ग-फल** प्राप्त गर्नमा सफल भए ।

'महाकाश्यप स्थविरको कथा समाप्त' ।

## ७.३. (बेलट्ठसीस स्थविरको कथा)

# ७.३. निर्वाण प्राप्त भइसकेकाको गति अज्ञेय हुन्छ

७. (९२) "**येसं सन्निचयो नत्थि – ये परिञ्ञात भोजना ।**
**सुञ्ञतो अनिमित्तो च – विमोक्खो यस्स गोचरो ।**
**आकासेव सकुन्तानं – गति तेसं दुरन्नया**" ॥३॥

एक समय **भगवान बुद्ध श्रावस्ती**को **जेतवनाराम**मा विहार गरिरहनु भएको थियो । त्यस बखत **तथागत**ले यो गाथा **बेलट्ठसीस स्थविर**को कारणमा आज्ञा गर्नु भएको हो ।

त्यस बेला **बेलट्ठसीस स्थविर** जेवतन विहारमा बस्दथ्यो । उनले एउटा गाउँमा भिक्षा माग्न गएर प्राप्त भएको भोजन विहारमा फर्केर नआइकन एक अनुकुल ठाउँमा बसेर खान्थ्यो । फेरि अर्को गाउँमा गई पात्र भरी सुक्खा भोजन मागेर ल्याई विहारमा फर्कन्थ्यो । त्यो भोजन सुकाएर राख्थ्यो । किनभने स्थविरलाई दिन-दिनै भिक्षा चरणमा गइरहन झन्झट जस्तो लाग्थ्यो । भिक्षाचरणमा जाँदा धेरै समय त्यत्तिकै अलमल्लिएर बित्थ्यो । ध्यान-भावना गर्नलाई समय कम हुन्थ्यो ।

**बेलट्ठसीस स्थविर** दुइ-चार दिन आरामपूर्वक ध्यान गर्थ्यो । आहारको आवश्यक भयो कि त्यही सुकेको भात भिजाएर भोजन गर्थ्यो ।

स्थविरले त्यस्तो काम गरेको अरू भिक्षुहरूले थाहा पाए र निन्दा गर्न थाले । विस्तार-विस्तारै यो कुरो भगवान बुद्धकहाँ पुग्यो ।

तथागतले यसरी विचार गर्नु भयो– "भिक्षुहरूले यस्तो काम गर्नु ठीक छैन । यसरी भोजन जम्मा गरी राख्नु भिक्षुहरूको लागि शोभा दिंदैन । हुनत **बेलट्ठसीस स्थविर**ले लोभी भएर यस्तो गरेको



होइन । उसले त ध्यान गर्न समय बचाउनको लागि यस्तो कार्य गरेको हो । ऊ अवश्य पनि अल्पेक्ष छ । फेरि त्यस बेलासम्म 'त्यस्तो गर्नु हुँदैन' भन्ने शिक्षा-पद पनि बनेको थिएन । त्यसकारण उसलाई यसमा कुनै 'आपत्ति दोष पनि लाग्दैन ।' तर अब देखि भिक्षुहरूले आहार जम्मा गर्ने काम नगर्नु भनी शिक्षा-पद बनाई दिनेछु ।"

त्यसपछि तथागतले भिक्षुहरूलाई सम्बोधन गर्नु भई भन्नु भयो– "भिक्षुहरू ! अबदेखि भिक्षुहरूले आहार जम्मा गरेर राख्ने काम नगर्नु ।"

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भई धर्म-देशना गर्नु भयो–

"**येसं सन्निचयो नत्थि – ये परिञ्ञात भोजना ।**
**सुञ्ञतो अनिमित्तो च – विमोक्खो यस्स गोचरो ।**
**आकासेव सकुन्तानं – गति तेसं दुरन्नया ॥**"

अर्थ– जसले संग्रह गर्दैन; जसको भोजनमा मात्रा ज्ञान हुन्छ; जसले **सुञ्ञतो, अनिमित्तो** र **विमोक्ष**को गोचर गर्दछ; उनको गति आकाशमा उड्ने चराहरूको गति थाहा पाउन नसके झैं थाहा पाउन सकिंदैन ।

तथागतको यस धर्म-देशनाको अन्तमा धेरै मानिसहरू **स्रोतापत्ति** आदि **मार्ग-फल** प्राप्त गर्नमा सफल भए ।

'बेलट्ठसीस स्थविरको कथा समाप्त' ।

### ७.४. (अनुरुद्ध स्थविरको कथा)

## ७.४. अरहन्तको गति थाहा पाउन गाह्रो हुन्छ

७. (९३) "**यस्सासवा परिक्खीणा – आहारे च अनिस्सितो ।**
**सुञ्ञतो अनिमित्तो च – विमोक्खो यस्स गोचरो ।**
**आकासेव सकुन्तानं – पदं तस्स दुरन्नयं**" ॥४॥

एक समय **भगवान बुद्ध राजगृह नगर**को **वेलुवनाराम**मा विहार गरिरहनु भएको थियो । त्यस बेला **तथागत**ले यो गाथा **अनुरुद्ध स्थविर**को कारणमा आज्ञा गर्नु भएको हो ।

एक दिन **अनुरुद्ध स्थविर** राजगृह नगरको धुलो-मुलो फ्याँक्ने ठाउँमा जानु भयो । त्यस बेला उहाँको चीवर लाउनै नहुने गरी झुत्रो र च्यातिएको थियो । त्यसैले त्यस खाल्टोमा फ्याँकिएका चीवर सिउन हुने कपडाका टुक्राहरू पाइन्छ कि भनी उहाँ खोज्दै हुनु हुन्थ्यो ।

त्यस बेला उहाँको तीन जन्म पहिलेको धर्म-पत्नी हुने **तावतिंस देव भुवन**मा '**जालिनी**' नामक '**देवकन्या**' भई उत्पन्न भएकी थिइन् । तिनले खाल्डामा कपडाको टुक्रा-टुक्री खोजिरहनु भएको स्थविरलाई देखिन् । तिनलाई चीवर सिउन हुने कपडा दान गर्ने इच्छा भयो । तिनले तुरन्त चीवर सिउन पुग्ने गरी कपडा तयार गरिन् । तर स्थविरले त्यस वस्त्र स्वीकार गर्नु हुन्छ कि हुँदैन भन्ने कुरामा शंका लागी त्यही खाल्डोको एक कुनामा धुलो-मुलोले छोपी कपडाको एक छेउ देखिने गरी राखिदिइन् ।

स्थविरले कपडाको टुक्रा-टुक्री खोज्दै जाँदा त्यही कपडाको छेउ भेट्टाउनु भयो । 'कसैले **पंसुकूल वस्त्र** त्याग गरेर फ्याँकिएको हुनु



पर्दछ' भन्ने विचार गर्नु भई त्यस कपडा लिई विहारमा जानु भयो ।

चीवर सिउने दिनमा **भगवान बुद्ध** सहित **महाकाश्यप**, **सारिपुत्र**, **महामौद्गल्यायन**, **आनन्द** आदि **असीति महास्थविर**हरू मद्दत गर्न तयार भएर बस्नु भएको थियो ।

यसरी तथागत सहित यत्तिका महास्थविरहरू एउटै ठाउँमा जम्मा भइरहेको कुरो थाहा पाई **जालिनी देवकन्या**ले राजगृहका नगर वासीहरूलाई यसरी आह्वान गरिन्– "हे नगर वासीहरू ! आज अनुरुद्ध स्थविरको चीवर सिउन असीति महास्थविरहरू तथा अन्य पाँच शय भिक्षुहरूका साथ तथागत विहारमा विराजमान हुनुहुन्छ । तपाईहरूले उहाँहरूको भोजनको व्यवस्था गरी दिनुहोस् ।"

भोजन सकिएपछि महामौद्गल्यायन स्थविरले जम्बु-फलको एक झुप्पा ल्याइदिनु भयो । त्यहाँ जम्मा भएको खानेकुरा पाँच शय भिक्षुहरूले खाई नसकी थुप्रै बाँकी रह्यो ।

यही विषयलाई लिएर पछि भिक्षुहरूको बीचमा यसरी कुराकानि चल्यो– "यत्ति भिक्षुहरूलाई यति खाना चाहिन्छ भनी पहिल्यै अन्दाज लगाउनु पर्ने हो । अब यत्तिका खाना बाँकी रह्यो । के गर्ने होला ? अनुरुद्ध स्थविरले 'मेरो यति नातेदार र उपस्थापकहरू छन्' भनी देखाउन खोजेको होला ।"

भिक्षुहरूको बीचमा यस्तो कुरा चलिरहेको थाहा पाउनु भई तथागतले भन्नु भयो– "भिक्षुहरू ! के तिमीहरूले अनुरुद्धले यी सबै सामान ल्याएको भनी ठानेको हो ? मेरो पुत्र अनुरुद्धले यसरी वस्तु मागेर ल्याउँदैन । **आस्रव क्षीण** भइसकेकाहरूले कहिल्यै वस्तु-प्रत्ययमा संयुक्त भई कुरा गर्दैनन् । आजको पिण्ड-पात्र भोजन देवताहरूको प्रतापबाट प्राप्त भएको हो ।"

यसै सन्दर्भमा तथागतले धर्म-देशना गर्नु भई यो गाथा प्रकाशमा ल्याउनु भयो–

**“यस्सासवा परिक्खीणा - आहारे च अनिस्सितो ।**
**सुञ्ञतो अनिमित्तो च - विमोक्खो यस्स गोचरो ।**
**आकासेव सकुन्तानं – पदं तस्स दुरन्नयं ॥”**

अर्थ– आस्रव क्षीण भइसकेको, आहारमा आसक्ति नभएको, **सुञ्ञतो, अनिमित्तो** र **विमोक्ष**को गोचर गर्ने पुद्‌गलको पद आकाशमा उड्ने पंक्षिको पद थाहा पाउँन नसके झैं थाहा पाउन सकिंदैन ।

यस धर्म-देशनाको अन्तमा धेरै मानिसहरू **स्रोतापत्ति मार्ग-फल** प्राप्त गर्नमा सफल भए ।

‘अनुरुद्ध स्थविरको कथा समाप्त’ ।

### ७.५. (महाकात्यायन स्थविरको कथा)

## ७.५. अरहन्त देवताको पनि प्रिय हुन्छ

७. (९४) **“यस्सिन्द्रियानि समथङ्गतानि,**
**अस्सो यथा सारथिना सुदन्ता ।**
**पहीनमानस्स अनासवस्स,**
**देवापि तस्स पिहयन्ति तादिनो” ॥५॥**

एक समय **भगवान बुद्ध श्रावस्ती**को **जेतवनाराम**मा विहार गरिरहनु भएको थियो । त्यस बखत यो गाथा **तथागत**ले **महाकात्यायन स्थविर**को कारणमा आज्ञा गर्नु भएको हो ।

एक समय भगवान बुद्ध **विशाखा उपासिका, मिगार माता**ले बनाई दिनु भएको **पूर्वाराम**मा वर्षावास गर्नु भएको थियो । त्यस बेला महाकात्यायन स्थविर **अवन्ती**मा वर्षावास बस्नु भएको थियो ।

त्यस बखत वर्षावास भरी तीन महिनासम्म पूर्वाराममा दिनहूँ सन्ध्या समयमा तथागतले धर्म-देशना गर्नु भयो । महाकात्यायन स्थविर दिनहूँ अवन्तीबाट आउनु भई तथागतको धर्म-देशना सुन्नु भयो ।

वर्षावासको अन्तिम दिन पूर्णिमा **महापवारणा**को दिन थियो । भगवान बुद्ध पूर्वाराम प्रासाद माथि विराजमान हुनु भएको थियो । सबै महाश्रावकहरू तल धर्म-श्रवणको लागि आ-आफ्नो आसनमा बस्नु भएका थिए । महाकात्यायन स्थविरको एउटा आसन खालि थियो ।

**शक्र देवराज इन्द्र** आफ्नो देव परिषद्‌का साथ आई तथागतलाई

सादर वन्दना गरी दिव्य सुगन्धित पुष्पले पूजा गऱ्यो । त्यस बेला महाकात्यायन स्थविरको आसन खालि भइरहेको देखी उनले यसरी चिन्तन गऱ्यो– “आज हाम्रो आर्य किन आइपुग्नु भएन । उहाँ छिटो आइपुग्नु भए वेश हुने थियो ।”

तुरन्तै महाकात्यायन स्थविर त्यहाँ आइपुग्नु भएको देखी शक्र देवराज इन्द्रले उहाँको पाउमा ढोगी दिव्य सुगन्धित पुष्पले पूजा गऱ्यो । त्यसपछि उनी एक छेऊमा गई उभिरहचो ।

यो दृश्य देखी धेरै भिक्षुहरूले एक-आपसमा कुरा गर्न थाले– “यतिका महास्थविरहरू यहाँ बसिरहनु भएका छन् । शक्र देवराज इन्द्रले केवल महाकात्यायन स्थविर एक जनालाई मात्रै ढोगेर पूजा-सत्कार गऱ्यो । हामीलाई त शक्रले मुख हेरेर पूजा-सत्कार गरे झैं लाग्यो ।”

भिक्षुहरूले आपसमा गरेका यी कुरा सुन्नु भई तथागतले ती भिक्षुहरूलाई सम्बोधन गर्नु भई भन्नु भयो– “भिक्षुहरू ! मेरो पुत्र महाकात्यायनले जस्तै आफ्नो इन्द्रियलाई दमन गर्नु पर्दछ । इन्द्रिय दमन गर्ने देवता तथा मनुष्यका प्रिय-पात्र बन्छ ।”

यसै सन्दर्भमा तथागतले कार्य-कारण दर्शाउनु भई धर्म-उपदेश गर्नु हुँदै यो गाथा प्रकाशमा ल्याउनु भयो–

**“यस्सिन्द्रियानि समथङ्गतानि,**
**अस्सो यथा सारथिना सुदन्ता ।**
**पहीनमानस्स अनासवस्स,**
**देवापि तस्स पिहयन्ति तादिनो ॥”**

अर्थ– सारथीले राम्रोसँग दमन गरिसकेको घोडा झैं जसले



आफ्नो इन्द्रियलाई दमन गरिसकेको हुन्छ; त्यस्तो अभिमान रहित; आस्रव क्षीण भइसकेको व्यक्तिलाई देवताहरूले पनि प्रेम गर्दछन् ।

यस धर्म-देशनाको अन्तमा धेरै मानिसहरू **स्रोतापत्ति मार्ग-फल** प्राप्त गर्नमा सफल भए ।

‘महाकात्यायन स्थविरको कथा समाप्त’ ।

## ७.६. (सारिपुत्र स्थविरको कथा)

# ७.६. अरहन्त अकम्प्य हुन्छ

७. (९५) **"पठवीसमो[१] नो विरुज्झति,,**
**इन्दखीलूपमो[२] तादि सुब्बतो ।**
**रहदोव अपेतकद्दमो,**
**संसारा न भवन्ति तादिनो" ॥६॥**

एक समय **भगवान बुद्ध श्रावस्ती**को **जेतवनाराम**मा विहार गरिरहनु भएको थियो । त्यस बखत यो गाथा **तथागत**ले **सारिपुत्र स्थविर**को कारणमा आज्ञा गर्नु भएको हो ।

एक पटक **आयुष्मान् सारिपुत्र वर्षावास** सकिएपछि तथागतलाई सादर वन्दना गर्नु भई चारिका गर्न जानको लागि वचन माग्नु भयो । त्यसपछि आफ्ना परिषदलाई साथमा लिई यात्राको लागि निस्कनु भयो । त्यस बेला अरू धेरै भिक्षुहरू स्थविरसँग विदा माग्न आए । स्थविरले तिनीहरूको नाम र गोत्र सोध्नु हुँदै विदा दिई पठाउनु भयो ।

नाम र गोत्र प्रकट नभएका अरू भिक्षुहरूको मनमा यस्तो लाग्यो– "हामी पनि आ-आफ्नो नाम र गोत्र स्थविरलाई थाहा दिई फर्कन पाए हुने थियो । महान भिक्षु सङ्घको बीचमा स्थविरले हामीलाई वास्तै गर्नु भएन ।" यसरी तिनीहरूले सारिपुत्र स्थविरप्रति द्वेष भाव राख्न थाले । त्यसै बेला स्थविरले सङ्घाटि चीवर लगाउँदा चीवरको एक छेऊले ती रिसाइरहेका भिक्षुहरू मध्ये एक जनालाई लाग्यो ।

---

१. पथविसको, पठविसमो,
२. इन्दखीलुपमो ।



सारिपुत्र स्थविर विहारबाट बाहिर गइसक्नु भएपछि त्यस भिक्षु तथागत कहाँ गई यसरी बिन्ति गऱ्यो– "भन्ते, भगवन् ! सारिपुत्र स्थविरले मेरो कानको जालि नै फुट्ने जस्तो गरी चीवरले हिर्काएर उहाँ चारिकाको लागि बाहिर जानु भयो ।"

तथागतले त्यस भिक्षुको त्यस्तो कुरा सुन्नु भई **सारिपुत्र स्थविर**लाई बोलाउन पठाउनु भयो । त्यस बेला **आनन्द** तथा **महामौद्गल्यायन स्थविर**ले त्यहाँ भएका सबै भिक्षुहरूलाई एकत्रित भई जम्मा हुन आह्वान गर्नु भयो ।

सारिपुत्र स्थविर फर्केर आउनु भई तथागतलाई सादर वन्दना गर्नु भई एक छेऊमा बस्नु भयो । तथागतले सारिपुत्रलाई सम्बोधन गर्नु भई त्यस भिक्षुले भनेको कुरा यथावत् दोहऱ्याउनु भई प्रश्न गर्नु भयो ।

प्रश्नको उत्तरमा सारिपुत्र स्थविरले तथागतलाई यसरी बिन्ति गर्नु भयो– "भन्ते, भगवन् ! '**कायगता सति**' मा स्मृति राखेर हिड्ने भिक्षुले कसरी आफ्ना सब्रह्मचारी भिक्षुलाई कष्ट दिई चारिका गर्न जान सक्ला ? शास्ता ! म पृथ्वी समान हुँ । पृथ्वीमा अशुचि पनि फ्याँकिन्छ, पुष्पले पनि पूजा गरिन्छ; तैपनि पृथ्वी प्रभावित हुँदैन । त्यस्तै म मानिसको खुट्टा सफा गर्ने पाउ-पोस समान छु; सिङ्ग नभएको साँढे समान छु । भगवन् ! यो अशुचिले भरिएको शरीर प्रति ममा कत्ति पनि आसक्ति छैन ।"

यसरी सारिपुत्र स्थविरले विनम्रतापूर्वक वर्णन गरिरहँदा पृथग्जन भिक्षुहरूले मन थाम्न नसकी आँखाबाट आँसु झार्न थाल्यो । सारिपुत्र स्थविरलाई झुठो लाञ्छना लगाउने त्यस भिक्षुको शरीरमा आगोले पोले जस्तै पोलेर डाह हुन थाल्यो । ऊ धुरु-धुरु रोई तुरन्त तथागतको पाउमा परी आफूले झुठ बोलेको स्वीकार गरी क्षमा माग्यो ।

तथागतले सारिपुत्र स्थविरलाई सम्बोधन गर्नु भई भन्नु भयो–

"सारिपुत्र ! तिमीले यस अज्ञानी भिक्षुलाई क्षमा गरी देऊ । तिमीले यसलाई क्षमा गरेनौ भने अहिले नै यसको शीर सात टुक्रा हुनेछ ।"

सारिपुत्र स्थविर तथागतको छेऊमा जानु भई तुचुक बसेर हात जोडेर भन्नु भयो– "भन्ते, भगवन् ! मैले उसलाई क्षमा गरी दिएँ; मेरो पनि केही भूल भए क्षमा पाउँ ।"

पछि भिक्षुहरूको बीचमा यसरी कुरा चल्न थाल्यो– "आयुष्मानहरू ! सारिपुत्र स्थविर महान गुणले सम्पन्न हुनुहुन्छ। झुठ बोलेर आफूलाई दोषारोपन गर्ने भिक्षु प्रति उहाँमा कत्ति पनि द्वेष भाव रहेनछ । धन्य रहेछ, सारिपुत्र स्थविरको विनम्रता !"

त्यसै बेला तथागत त्यहाँ आइपुग्नु भयो र त्यहाँ चलिरहेको विषयमा जानकारी लिनु भयो ।

त्यसपछि तथागतले भन्नु भयो– "भिक्षुहरू ! सारिपुत्रसँग रिस पनि छैन, द्वेष र ईर्ष्या पनि छैन । सारिपुत्रको चित्त यस पृथ्वी समान महान छ; इन्द्रकील समान अकम्प्य छ; उनको चित्त स्वच्छ, निर्मल जलाशय जस्तै छ ।"

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भई धर्म-देशना गर्नु भयो–

**"पठवीसमो नो विरुज्झति,,**
**इन्दखीलूपमो तादि सुब्बतो ।**
**रहदोव अपेतकद्दमो,**
**संसारा न भवन्ति तादिनो ॥"**

अर्थ– हल्लाएर हल्लाउन नसकिने यो महापृथ्वी र इन्द्रकील समान अष्टलोक धर्मबाट कम्पायमान नहुने व्यक्तिको चित्तमा स्वच्छ



जलाशयमा फोहर नभए झैं क्लेश हुँदैन । त्यस्तो अरहन्तहरू फेरि एक चोटि यस संसारमा जन्मनु पर्दैन ।

तथागतको यस धर्म-देशनाको अन्तमा नौ हजार भिक्षुहरू **प्रतिसम्भिदा ज्ञान**सहित **अरहन्त** भए ।

'सारिपुत्र स्थविरको कथा समाप्त' ।

## ७.७. (कोसम्बिवासी तिस्स स्थविर र श्रामणेरको कथा)

# ७.७. अरहन्त शान्त हुन्छ

७. (९६) **"सन्त तस्स मनं होति – सन्ता वाचा च कम्म च ।**
**सम्मदञ्ञा विमुत्तस्स – उपसन्तस्स तादिनो" ॥७॥**

एक समय **भगवान बुद्ध श्रावस्ती**को **जेतवनाराम**मा विहार गरिरहनु भएको थियो । त्यस बखत यो गाथा **कोसम्बि**को **तिस्स स्थविर** र **अरहन्त** भइसकेको **श्रामणेर**को कारणमा आज्ञा गर्नु भएको हो ।

कोसम्बिको एक जना कुलपुत्र तथागतको **शासन**मा **प्रव्रजित** भई **उपसम्पदा** पनि प्राप्त गर्‍यो । उनको नाम **तिस्स** थियो । उनी कोसम्बि नगरमा वर्षावास बसेको थियो ।

वर्षावास सकिएपछि एक जना उपासकले तीन चीवर, नौनी घिऊ र सक्खर ल्याई उनको अगाडि राखी दियो ।

तिस्स स्थविरले सोध्यो– "उपासक ! यी के हुन् ?"

उपासकले भन्यो– "भन्ते ! विहारमा वर्षावास बस्ने भिक्षुहरूलाई यी वस्तुहरू दान गर्ने हाम्रो चलन छ । कृपया स्वीकार गर्नु होस् ।"

तिस्स स्थविरले भन्यो– "उपासक ! भइहाल्यो, मलाई यी वस्तुहरू आवश्यकता छैन । किनभने यी वस्तुहरू बोकाएर लैजानको लागि कोही **कप्पियकार** अथवा श्रामणेर मेरो साथमा छैन ।"

उपासकले भन्यो– "भन्ते ! त्यसो भए 'मेरो छोरोलाई श्रामणेर बनाई तपाईको साथमा राख्नु होस्' भनी सात वर्षको छोरो तिस्स स्थविरलाई दान दियो ।"

स्थविरले बालकको टाउँको भिजाउन लगाई **तचपञ्चक कर्मस्थान**



दिई कपाल खौरन लगाइरहेको बेलामा नै त्यस बालक विपश्यना ध्यानद्वारा अरहन्त भयो ।

तिस्स स्थविर पन्ध्र दिन जति विहारमा बसिसकेपछि श्रामणेरलाई सामान बोकाई तथागतको दर्शन गर्न श्रावस्तीतिर लाग्यो । बीच बाटोमा वास बस्न एउटा विहारमा दुबै जना पसे । श्रामणेरले स्थविरलाई बस्ने ठाउँ मिलाई उनलाई सेवा गर्दा-गर्दै ढीलो भई आफू बस्ने ठाउँको प्रबन्ध गर्न पाएन । श्रामणेरलाई सुत्ने ठाउँ नपाएपछि स्थविरले उनलाई आफ्नै कोठामा सुत्न आदेश दियो । स्थविर पृथग्जन भएकोले ओछ्यानमा पल्टिने बित्तिकै निदायो ।

श्रामणेरले विचार गर्‍यो– "म आफ्नो उपाध्यायसँग एउटै कोठामा सुत्नु ठीक छैन । यसो गरेमा स्थविरलाई '**सहसेय्य आपत्ति**' दोष लाग्नेछ । आजको रात 'म बसेर नै काट्ने छु' भनी पलङ्गको एक छेऊमा उनले पलैंटी कसेर बसी रात काट्यो ।"

भोलिपल्ट बिहान सबेरै स्थविरले 'श्रामणेरलाई उठाएर पठाउनु पर्‍यो' भनी पलङ्ग सँगै रहेको पङ्खा लिई उनलाई उठाउनु खोज्दा पङ्खाको टुप्पाले श्रामणेरको आँखामा लागी एउटा आँखा फुट्यो । एक हातले आँखा छोपी स्थविरलाई केही नभनी श्रामणेर बाहिर निस्केर एक हातले कुचो लगाई, मुख धुन पानी तयार पारी उपाध्याय कहाँ आई उनलाई दतिवन दिंदा एउटै हातले दियो ।

स्थविरले भन्यो– "श्रामणेर ! तिमी अशिक्षित रहेछौ । आफ्नो गुरुलाई एउटा हातले दतिवन दिनु हुन्छ ?"

श्रामणेरले भन्यो– "भन्ते ! यसो गर्नु हुँदैन भनेर मलाई पनि थाहा छ । तर के गर्ने ? 'मेरो एउटा हातले आँखा छोप्नु परेकोले यस्तो भएको हो' भनी सबै कुरा सुनायो ।"

श्रामणेरको कुरा सुनी स्थविरलाई ठूलो पश्चाताप भयो र दुइ हात जोडेर क्षमा माग्यो ।

श्रामणेरले भन्यो– "भन्ते ! तपाईंलाई मैले यस्तो गराउनको लागि यी कुरा भनेको होइन । तपाईंको चित्त रक्षा गराउनको निमित्त भनेको हुँ । यसमा तपाईंको कुनै दोष छैन । न त मेरो दोष छ । यो त संसार चक्रको कर्मको दोष हो । तपाईंले चिन्ता र शोक नगर्नु होस् ।"

श्रामणेरले यसरी आश्वासन दिए पनि मन थाम्न नसकी उसले बोकेर आएको सबै सामान पोका पारी आफैले बोकेर तथागत कहाँ गयो ।

त्यस दिन भगवान बुद्धले तिनीहरू आउने बाटो हेरिरहनु भएको थियो । तिस्स स्थविर तथागत समक्ष गई सादर वन्दना गरी कुशलवार्ता गर्न सकिएपछि तथागतले उनलाई प्रश्न गर्नु भयो– "भिक्षु ! तिमीलाई कुशल छ ? कुनै रोग आदिले कष्ट त भएन ?"

स्थविरले बिन्ति गऱ्यो– "भन्ते, भगवन् ! मलाई कुशल छ । ममा कुनै रोग पनि छैन । भगवन् ! यो बालक श्रामणेर जस्तो गुण भएको मानिस मैले अहिलेसम्म देखेको छैन ।"

तथागतले प्रश्न गर्नु भयो– "भिक्षु ! तिमीलाई यो बालकले कस्तो गुण गऱ्यो ?"

स्थविरले शुरुदेखि अन्तसम्मको घटना बिन्ति गर्दै फेरि हात जोडेर यसो भन्यो– "भन्ते, भगवन् ! यसले आफ्नो आँखा फुटाई दिने म जस्तो व्यक्तिलाई केवल आश्वासन मात्रै दिई रह्यो । मलाई कुनै दोष दिएन । मसँग रिसाएन पनि । शास्ता ! मेरो जीवनमा यो जस्तो गुणसम्पन्न व्यक्ति अहिलेसम्म देखेको छैन ।"



तथागतले त्यस भिक्षुलाई सम्बोधन गर्नु भई भन्नु भयो– "भिक्षु ! आस्रव क्षीण भइसकेकाहरू कोही देखी रिसाउँदैनन्; तिनीहरूले न कसैप्रति द्वेष भाव नै राख्दछन् । तिनीहरूको इन्द्रिय शान्त हुन्छन् र चित्त पनि शान्त हुन्छन् ।"

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भई धर्म-देशना गर्नु भयो–

**"सन्त तस्स मनं होति – सन्ता वाचा च कम्म च ।**
**सम्मदञ्ञा विमुत्तस्स – उपसन्तस्स तादिनो ॥"**

अर्थ– राम्रोसँग जानी, बुझी मुक्त भई सकेको अरहन्त पुरुषको मन शान्त हुन्छ । वाणी तथा कर्म पनि शान्त हुन्छ ।

यस धर्म-देशनाको अन्तमा कोसम्बिको तिस्स स्थविर **प्रतिसम्भिदा ज्ञान** सहित **अरहन्त** भयो । त्यहाँ भएका अरू जनताहरूलाई यो धर्म-देशना सार्थक भयो ।

'कोसम्बिवासी तिस्स स्थविर र श्रामणेरको कथा समाप्त' ।

## ७.८. (सारिपुत्र स्थविरसँग प्रश्नोत्तरको कथा)

# ७.८. उत्तम पुरुष

७. (९७) **"अस्सद्धो अकतञ्ञू च – सन्धिच्छेदो च यो नरो ।**
**हतावकासो वन्तासो – स वे उत्तमपोरिसो"** ॥८॥

एक समय **भगवान बुद्ध श्रावस्ती**को **जेतवनाराम**मा विहार गरिरहनु भएको थियो । त्यस बखत यो गाथा **तथागत**ले **सारिपुत्र स्थविर**को सम्बन्धमा भन्नु भएको हो ।

एक दिन तीस जना **अरञ्ञ** (जङ्गल) मा ध्यान गर्ने भिक्षुहरू तथागतलाई दर्शन गर्न जेतवन विहारमा आइपुगे । तिनीहरू सबैले तथागतलाई सादर वन्दना गरी एक छेउमा बसे । भगवान बुद्धले ती भिक्षुहरूमा **प्रतिसम्भिदा** सहित **अरहन्त** हुन सक्ने क्षमता देख्नु भयो ।

त्यसपछि तथागतले सारिपुत्रलाई सम्बोधन गर्नु भई भन्नु भयो– "सारिपुत्र ! तिमीले **श्रद्धा-इन्द्रिय भावना** नगर्नेहरू, बारम्बार अभ्यास नगर्नेहरूलाई **अमृत-निर्वाण पद** प्राप्त हुन्छ र यसमा नै तिनीहरू अन्त हुन्छ भन्ने कुरामा के तिमी विश्वास गर्छौ ? यस्तै प्रकारले तथागतले **पञ्च इन्द्रिय** सम्बन्धी प्रश्नहरू गर्नु भयो ।"

सारिपुत्र स्थविरले बिन्ति गर्नु भयो– "भन्ते, भगवन् ! **श्रद्धा-इन्द्रिय** आदि **पञ्च इन्द्रिय**को भावना नगर्नेहरू, बारम्बार अभ्यास नगर्नेहरूलाई केवल सुनेर मात्रै निर्वाण-पद प्राप्त हुन्छ र यसमा नै तिनीहरू अन्त हुन्छ भन्ने कुरामा मलाई विश्वास लाग्दैन ।"

सारिपुत्र स्थविरले तथागतलाई यसरी उत्तर दिनु भएको कुरा सुनी ती तीस जना भिक्षुहरू यसरी आपसमा कुरा गर्न थाले–



"सारिपुत्र स्थविरले आफ्नो मिथ्या धारणा अहिलेसम्म छोडेको रहेनछ । सम्यक्सम्बुद्ध प्रति उहाँको विश्वास रहेनछ ।"

ती भिक्षुहरूको कुरा सुन्नु भई तथागतले भन्नु भयो– "भिक्षुहरू ! सारिपुत्रको उत्तर तिमीहरूले राम्रोसँग बुझेनौं । मेरो प्रश्नको उत्तरमा उनले '**पाँच इन्द्रिय**को **भावना** तथा **समथ विपश्यना**को **भावना** गरी आफ्नो अनुभूतिमा न उतारिकन **मार्ग-फल निर्वाण-पद** साक्षात्कार गरी लिन सकिन्छ भन्ने कुरामा विश्वास लाग्दैन' भनेको हो ।"

तथागतले फेरि आज्ञा गर्नु भयो– "भिक्षुहरू ! **पञ्च इन्द्रिय**द्वारा ध्यान गरी आफैले अनुभव गरेको ज्ञानले मात्र **निर्वाण**लाई साक्षात्कार गर्न सकिन्छ । केवल तथागतले भन्नु भयो भन्दैमा अथवा अरूहरूले भने भन्दैमा **निर्वाण**लाई साक्षात्कार गर्न सकिंदैन । सारिपुत्रको भनाई पनि यही हो । उनको तथागतमा विश्वास छ । साथै **कुशल-अकुशल कर्म-विपाक**मा पनि सारिपुत्रको पूर्ण विश्वास छ ।"

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भई धर्म-देशना गर्नु भयो–

**"अस्सद्धो अकतञ्ञू च – सन्धिच्छेदो च यो नरो ।**
**हतावकासो वन्तासो – स वे उत्तमपोरिसो ॥"**

अर्थ– अन्ध श्रद्धा नभएको, निर्वाणलाई साक्षात्कार गरिसकेको, जन्म-मरणको हेतुलाई छेदन गरिसकेको, तृष्णालाई पूर्णतः त्याग गरिसकेको मानिसलाई उत्तम पुरुष भनिन्छ ।

तथागतको यस धर्म-देशनाको अन्तमा **आरञ्ञक** तीस जना भिक्षुहरू **प्रतिसम्भिदा ज्ञान**सहित **अरहन्त भाव**मा पुग्न सफल भए ।

अरू श्रोतावर्गलाई तथागतको यस धर्म-देशनाबाट धेरै लाभ प्राप्त भयो ।

'सारिपुत्र स्थविरसँग प्रश्नोत्तरको कथा समाप्त' ।

## ७.९. (खदिरवनिय रेवत स्थविरको कथा)

# ७.९. (क) रेवत कुमार

७. (९८) "**गामे वा यदि वा रञ्ञे – निन्ने वा यदि वा थले ।**
**यत्थ अरहन्तो विहरन्ति – तं भूमिं रामणेय्यकं**" ॥९॥

एक समय **भगवान बुद्ध श्रावस्ती**को **जेतवनाराम**मा विहार गरिरहनु भएको थियो । त्यस बेला यो गाथा **खदिर बन**मा बस्ने **अरहन्त** भइसकेको **रेवत श्रामणेर**को कारणमा आज्ञा गर्नु भएको हो ।

**आयुष्मान सारिपुत्र सत्तासी करोड धन-सम्पत्ति** परित्याग गरी प्रव्रजित हुन भएको थियो । उहाँले **चाला, उपचाला, सीसपचाला** भन्ने तीन जना बहिनीहरू तथा **चन्द** र **उपसेन** भन्ने दुइ जना भाइहरूलाई पनि प्रव्रजित गराइ सक्नु भएको थियो । अब घरमा सबै भन्दा कान्छो भाइ **रेवत कुमार** भन्ने एक जना मात्रै बाँकी रहेको थियो । उनलाई पनि प्रव्रजित गराउन उहाँले पहिले नै अरू भिक्षुहरूलाई यसरी भनी राख्नु भएको थियो– "आयुष्मानहरू ! यदि रेवत कुमार प्रव्रजित हुने इच्छा गरी आएको खण्डमा आउने बित्तिकै उनलाई प्रव्रजित गराई हाल्नु । मेरो आमा-बाबु **सम्यक्-धर्म**लाई विश्वास नगर्ने मिथ्या-दृष्टि हुनुहुन्छ । उहाँहरूसँग अनुमति लिइरहनु पर्ने जरुरत छैन । यो मेरो आदेश हो ।"

उता घरमा बसिरहेकी आमा चाहिंले विचार गरिन्– "मेरो जेष्ठ सुपुत्र **उपतिस्स** (**सारिपुत्र**) ले यत्तिका धन-सम्पत्ति त्याग गरी प्रव्रजित भयो । आफ्नो तीन बहिनी र दुइ भाइलाई पनि उसले प्रव्रजित गराई सक्यो । अब मसँग केवल मेरो कान्छो छोरो रेवत कुमार एक जना मात्रै बाँकी रहेको छ । यो भर्खर सात वर्षको छ । यसलाई पनि प्रव्रजित गराई दियो भने हाम्रो यत्तिका सम्पत्ति व्यर्थै

हुनेछ । कुलवंश परम्परा पनि उछिन्न हुनेछ । यसलाई सानै उमेर भएपनि अहिले नै गृह-बन्धनमा बाँधी दिनु पर्‍यो ।"

रेवत कुमारको आमाले उनलाई सात वर्षमा नै विवाह गरी दिन आफ्नो समान कुलको दुलही माग्न पठाइन् । दिन निश्चित गरी रेवत कुमारलाई आभूषणले सिंगारेर दुलाहा बनाई महान परिवार र जन्तिका साथ दुलहीको घरमा पठाइन् । त्यहाँ तिनीहरूले गर्ने मंगल कार्यमा दुबै पक्षका आफन्तहरू जम्मा भइसकेपछि दुबै दुलहा-दुलहीको हातमा जल-धाराले सिंचन गर्दै मङ्गल वाचन सहित कन्या-दान दिइयो ।

कन्या पक्षका आफन्तहरूले दुलहीलाई आशीर्वाद दिदैं यसो भने– "छोरी ! तिम्रा बाजेहरू जस्तै तिमी दीर्घायु होस् ! निरोगी होस् !"

तिनीहरूका कुरा सुनी यिनका बाजेहरू 'कस्ता रहेछन्, को हुन्' भन्ने जिज्ञासाले रेवत कुमारले प्रश्न गर्‍यो ।

तिनीहरूले भने– "बाबु ! तिमीले देखेनौ ? यी आयुले १२० वर्ष भएका, दाँत झरेका, कपाल फुलेका, छाला चाउरिएका, शरीरमा थोप्ला-थोप्ला दाग भएका, कुप्रिएका यी वृद्धहरू यिनका बाजेहरू हुन् ।"

रेवत कुमारले प्रश्न गर्‍यो– "के यी दुलही पनि यस्तै हुने छिन् ?"

तिनीहरूले यस्तो जवाफ दिए– "यिनी पनि पूरा आयु बाँचिरहेमा यस्तै हुने छिन् । यस अवस्थाबाट कोही पनि बच्ने छैन ।"

तिनीहरूको यस्तो जवाफ सुनेर रेवत कुमारले मन-मनै विचार गर्‍यो– "यो शरीर जरा अवस्थाले जीर्ण भएर यसरी हेर्नै नहुने भएर जाने रहेछ ! यही कारण थाहा पाएर होला मेरो दाजु **उपतिस्स** प्रव्रजित भएर जानु भएको । म पनि आजै यिनीहरूको बन्धनबाट मुक्त भई प्रव्रजित भएर जानु पर्‍यो ।"



रेवत कुमारलाई आफ्ना आफन्तहरूले दुलहीसँगै एउटै रथमा राखी लगिरहे । अलि पर पुगेपछि उनी रथबाट ओर्लेर दिसा-पिसाप गर्ने निहूँ पारी एउटा झाङ्गमा गएर लुकी रह्यो । एक छिन पछि फर्केर आयो । अलि पर पुगेपछि फेरि उनी रथबाट ओर्लेर झाङ्गमा लुक्न गयो र एक छिन पछि फर्केर आयो । तीन चार पटक सम्म उनले यस्तै गरेको देखेर उनका आफन्तहरूले 'यसलाई पखाला लाग्यो होला' भनी ठाने । अलि पर पुगे पछि रथबाट ओर्लेर "तिमीहरू अगाडि गइरहनु । म विस्तारै आइपुग्छु" भन्दै उनी झाङ्ग भित्र पस्यो ।

त्यहाँबाट उनी भागेर गई एउटा प्रदेशमा पुग्यो । त्यहाँ तीस जना जति भिक्षुहरू बसिरहेका थिए । उनले तिनीहरूलाई नमस्कार गरी **प्रव्रज्या** माग्यो ।

भिक्षुहरूले भने– "बाबु ! तिमीले सबै प्रकारका आभूषण लगाएका छौ । तिमी राज-पुत्र हो कि, मन्त्री-पुत्र हो, हामीलाई थाहा छैन । चिन्दै नचिन्ने केटोलाई हामीले कसरी प्रव्रजित गरी दिने ?"

रेवत कुमारले बिन्ति गर्दै भन्यो– "भन्ते ! म उपतिस्स अर्थात् सारिपुत्रको सबै भन्दा कान्छो भाइ हुँ । कृपया मलाई प्रव्रजित गरी दिनु होस् ।"

उनको कुरा सुनेर सारिपुत्र स्थविरबाट पहिल्यै अनुमति पाइसकेको हुनाले ती भिक्षुहरूले रेवत कुमारलाई प्रव्रजित गरी यो समाचार सारिपुत्र स्थविरकहाँ पठाई दिए ।

श्रामणेर रेवतले ती भिक्षुहरूसँग **अरहन्त** अवस्था सम्म पुग्न सक्ने **कर्मस्थान भावना** सिक्यो । अनि त्यहाँ बसिरहेमा आफन्तहरू आएर बोलाउन आउँछन् भन्ने विचारले त्यहाँबाट **तीस योजन** टाढा रहेको **खदिर बन**मा बस्न गयो ।

# ७.९. (ख) अरहन्तहरू बस्ने ठाउँ रमणीय हुन्छ

**रेवत कुमार प्रव्रजित** भइसकेको सन्देश पाइसकेपछि **सारिपुत्र स्थविर भगवान बुद्ध**कहाँ जानु भई तथागतलाई सादर वन्दना गर्नु भई बिन्ति गर्नु भयो– “भन्ते, भगवन्! **अरञ्ञ**मा बस्ने भिक्षुहरूले **रेवत कुमार**लाई प्रव्रजित गरेको समाचार पठाएको छ। म एकचोटि त्यहाँ गएर हेरेर आउँछु। कृपया मलाई अनुमति दिनु होस्।”

तथागतले भन्नु भयो– “सारिपुत्र! केही दिन पर्ख।”

केही दिन पछि सारिपुत्र स्थविरले तथागतसँग अनुमतिको लागि फेरि प्रार्थना गर्नु भयो।

तथागतले भन्नु भयो– “सारिपुत्र! हामी पनि तिमीसँगै चारिका गर्न जाने विचार छ। त्यसैले अझै केही दिन पर्खनु।”

उता **खदिर वन** अर्थात् काँढै-काढा भएको जङ्गलमा गई बस्न गएको श्रामणेर रेवत वर्षावास तीन महिना भित्रै **विपश्यना ध्यान**द्वारा **प्रतिसम्भिदा ज्ञान** सहित **अरहन्त फल** प्राप्त गर्नमा सफल भयो।

**पवारणा**को कार्य सकिए पछि सारिपुत्र स्थविर तथागत कहाँ जानु भई अनुमतिको लागि फेरि प्रार्थना गर्नु भयो।

भगवान बुद्ध पाँच शय भिक्षुहरू साथमा राख्नु भई सारिपुत्र स्थविरसँगै निस्कनु भयो। जाँदा-जाँदै केही पर पुगिसकेपछि उहाँहरू दो-बाटोमा आइपुग्नु भयो।

दुइ वटा बाटाहरूको बीचमा उभिनु भई आनन्द स्थविरले तथागतलाई यसरी बिन्ति गर्नु भयो– “भन्ते, भगवन्! श्रामणेर रेवत कहाँ जान यी दुइ बाटाहरू मध्ये यो बाटोबाट गए साठी **योजन** टाढा पर्दछ। तर यो बाटो चालु छ। ठाउँ-ठाउँमा मानिसहरूको बस्ती



प्रशस्त छन्। अर्को बाटो सीधा छ। तीस योजनको मात्रै दूरी छ। तर यसमा मानिसहरूको बस्ती कम छ। ठाउँ-ठाउँमा अमनुष्यहरूको **भय-अन्तराय** छ। भगवन्! कुन चाहिं बाटो गए ठीक होला?”

तथागतले भन्नु भयो– “आनन्द! **सीवलि भिक्षु** हामीसँगै आएको छ भने छोटो, सीधा बाटोबाट जानु नै ठीक छ।”

सीवलि स्थविरको पूर्व पुण्यको कारणले देवताहरूले त्यस कान्तार-मरुभूमिमा एक-एक योजनमा विहारहरू बनाई दिए। सबै भिक्षुहरू सहित तथागतलाई दिव्य भोजन प्रदान गरियो। यसरी तीस योजन बाटो तीस दिन लगाई सीवलि स्थविरको पुण्य अनुभव गर्दै गइरहनु भयो।

अरहन्त रेवतले आफ्नो दिव्य-दृष्टिद्वारा पाँच शय भिक्षु सङ्घसहित तथागत खदिर वनमा आइरहनु भएको थाहा पाई आफ्नो ऋद्धिद्वारा गन्धकुटी सहित पाँच शय विहारहरू निर्माण गरी दियो। साथै अरू चाँहिदो व्यवस्था पनि मिलाई दियो।

तथागत त्यहाँ एक महिना बस्नु हुँदा सीवलि स्थविर कै पुण्य अनुभव गर्नु भयो।

तथागत खदिर वनमा जानु हुँदा दुइ जना वृद्ध भिक्षुहरूले यसरी चिन्तन गरे– “यतिका नयाँ विहार बनाएर बसेका रेवत भिक्षुले कसरी **श्रमण-धर्म** पालन गर्दो हो। सारिपुत्र स्थविरको भाइ भएकोले मुख हेरेर तथागत यहाँ पाल्नु भएको होला।”

तथागतले तिनीहरूको मनको कुरा थाहा पाउनु भयो। तिनीहरू त्यहाँबाट निस्केर जाँदा ती दुइको आवश्यक वस्तु ‘भुलेर जावोस्’ भनी विचार गर्नु भयो।

ती दुइ भिक्षु त्यहाँबाट निस्कदा तिनीहरूको पानीको भाडा,

जुत्ता आदि लिएर जान बिर्से । पछि दुबै जना फर्केर आई पहिलेको ठाउँमा हेर्न जाँदा त्यहाँ काँढा मात्रै भएको ठाउँ देखे । काँढै-काँढाले घोचिने गरी यताउती खोज्दै जाँदा तिनीहरूको वस्तु एउटा खदिरको रूखमा झुण्डचाई राखेको देखी आ-आफ्नो वस्तु लिई फर्के ।

भगवान बुद्ध भिक्षुहरूका साथ तीस योजन बाटो तीस दिन नै लगाउनु भई श्रावस्तीको पूर्वाराममा पुग्नु भयो । बाटोमा सीवलि स्थविरको पुण्य प्रभावले दिव्य भोजन आदिको राम्रो व्यवस्था भएको थियो ।

ती दुइ भिक्षुहरू पनि बिहान सबेरै विशाखा महाउपासिकाको पूर्वाराम विहारमा आइपुगेर जलपान गर्न थाले ।

विशाखा महाउपासिकाले ती दुइ वृद्ध भिक्षुहरूसँग प्रश्न गर्नु भयो– "भन्ते ! तपाईहरू तथागतसँग रेवत भन्ते कहाँ जानु भएको होइन र ? उहाँको बस्ने ठाउँ रमणीय छ ?"

तिनीहरूले जवाफ दिए– "उपासिका ! त्यो ठाउँ कहाँको रमणीय हुनु ? उहाँ बस्ने ठाउँ त सेतो काँढै-काँढाले भरिएको खदिर रूखको जङ्गल हो । त्यहाँ त भूत, प्रेत, पिसाच मात्रै बस्ने ठाउँ जस्तो छ ।"

त्यसपछि अरू युवक भिक्षुहरू त्यहाँ आइपुगे । तिनीहरूलाई पनि जल-पान दान दिंदै विशाखाले त्यही प्रश्न गरिन् । तिनीहरूले त्यस ठाउँ **सुधम्म देव सभा**को **भवन** जस्तो छ भनी वर्णन गरे ।

केही समय पछि तथागत भिक्षुसङ्घ सहित त्यहाँ आइपुग्नु भई बिच्छ्याइएको बुद्धासनमा बस्नु भयो । भोजन पश्चात् विशाखा महाउपासिकाले तथागतसँग यसरी बिन्ति गरिन्– "भन्ते, भगवन् ! यी दुइ थरीका भिक्षुहरूले रेवत भिक्षु बस्ने ठाउँको वर्णन बिल्कुलै



भिन्न किसिमले गरे । एक थरीले 'खदिर रूखको बन-जङ्गल जस्तो छ' भने । अर्को थरीले 'अत्यन्त रमणीय स्थान छ' भने । यसरी फरक हुन गएको कारण के होला ?"

तथागतले भन्नु भयो– "विशाखा ! गाउँ होस् वा वन-जङ्गल जुन स्थानमा अरहन्तहरू बस्दछन्; ती स्थान रमणीय हुन्छन् ।"

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भई धर्म-देशना गर्नु भयो–

**"गामे वा यदि वा रञ्ञे – निन्ने वा यदि वा थले ।**
**यत्थ अरहन्तो विहरन्ति – तं भूमिं रामणेय्यकं ॥"**

अर्थ– गाउँ होस् वा जङ्गल, पहाड होस् वा मैदान जहाँ अरहन्तहरू निवास गर्दछन्; त्यो ठाउँ रमणीय हुन्छ ।

तथागतको यस धर्म-देशनाको अन्तमा थुप्रै मानिसहरू **स्रोतापत्ति मार्ग-फल** आदि प्राप्त गर्नमा सफल भए ।

# ७.९. (ग) सीवलि स्थविर

केही समय पछि एक दिन भिक्षुहरूको बीचमा यसरी कुरा चलिरहेको थियो– "आयुष्मानहरू ! के कारणले **सीवलि स्थविर** सात वर्ष सात दिन आमाको गर्भमा बस्नु परेको होला ! फेरि के कारणले यस्तो विधि लाभ-सत्कार प्राप्त गर्न सफल भएको होला ?"

त्यसै बेला **भगवान बुद्ध** त्यहाँ आइपुग्नु भयो । ती भिक्षुहरूले एक-आपसमा चलिरहेको कुरा तथागतलाई बिन्ति चढाए ।

तथागतले तिनीहरूको जिज्ञासालाई समर्थन गर्नु भई सीवलि स्थविरको पूर्व कर्मको विषयमा यसरी वर्णन गर्नु भयो– "भिक्षुहरू ! आज भन्दा **एकांनब्बे कल्प** पहिले लोकमा **विपस्सी तथागत** उत्पन्न हुनु भएको थियो । एक समय उहाँ जनपदमा चारिका गर्नु हुँदै आफ्नो पिताको नगरमा जानु भयो । राजाले भगवान बुद्ध सहित भिक्षु महासङ्घलाई आगन्तुक दान तयार गर्न लगाई त्यस दान कार्यमा सहभागी हुन नगरवासीहरूलाई आह्वान गरे । त्यस दानमा तिनीहरू सहभागी भई राजाको त्यस दान भन्दा पनि महान दान गर्ने उद्देश्य लिई भिक्षुसङ्घ सहित **विपस्सी तथागत**लाई निमन्त्रणा गरे । यसरी राजा र नगरवासीहरूको बीचमा महादान गर्ने कार्यमा प्रतिस्पर्धा जस्तै भयो । सातौं पटकको दानमा नगरवासीहरूले सम्पूर्ण चीज-वस्तु राखेर महादान गर्ने निर्णय गरी सार्दाम जोडे । त्यसमा ताजा मह (मधु) एक थोक कमि भएको देखी चार हजार रूपियाँ दिई चार जना मानिसलाई चारै वटा ढोकामा ताजा मह खोज्न पठायो ।

त्यस दिन एक जना गाउँको मानिस एक ठेकी दही र ताजा मह बोकेर शहरको जमिनदारलाई कोसेली दिन आइरहेको थियो । मह



खोज्न जाने मानिसले त्यसलाई भेटेर एक रूपिया देखि मोल बढाउँदै एक हजार रूपियासम्म पुऱ्याउँदा पनि ताजा मह दिन मानेन । बरु उसले यस्तो सस्तो महको यतिका पैसा तिर्न तयार भएको कारण सोध्यो मह किन्ने मानिसले भन्यो– "भाइ ! 'यो महको यत्तिको मूल्य पर्दैन' भन्ने कुरा मलाई राम्रै थाहा छ। तर आज हामीले अठसट्ठी हजार भिक्षुसङ्घ सहित विपस्सी तथागतलाई महादान गर्न सबै सार्दाम जोड्यौं। त्यसमा ताजा मह एक थोक कमि रहचो । त्यसैले यत्तिको पैसा तिर्न तयार भएको हुँ ।"

महवालाले भन्यो– "यदि त्यस्तो हो भने म यसको पैसा लिन्न । तर 'दान गरेको पुण्यको भाग मलाई पनि चाहिन्छ' भन्दै ताजा मह र दहीको ठेकी उसलाई दिएर पठायो ।"

उसले यो समाचार नगर वासीहरूलाई सुनायो। सबैले 'साधुकार' दिंदै सुनको थालमा मह र दही मिलाएर तथागत सहित भिक्षु सङ्घलाई दान दियो । विपस्सी तथागतको आनुभावले सबैले इच्छा छउँञ्जेल खाएर पनि मह र दही बाँकी रहचो ।

ताजा मह र दही दान गर्ने व्यक्तिको आयु सकिएपछि देवलोकमा उत्पन्न भयो । धेरै समय बितेपछि देवलोकबाट च्यूत भई वाराणसी नगरको राजकुलमा उनको जन्म भयो । पिताजीको देहावसान पछि उनी राजा भयो । पछि उनले अर्को एउटा देश जितेर लिन चारै तिर घेरा हालेर नगर वासीहरूलाई यस्तो समाचार पठायो– "कि राज्य छोड, कि युद्ध गर ।"

तिनीहरूले "हामी राज्य पनि छोड्दैनौं, युद्ध पनि गर्दैनौं ।" भनी विचार गरी नगरको गुप्त ढोकाहरूबाट दाउरा, पानी आदि भित्र्याई काम तार्न थाले । अरू सिपाहीहरूले नगरको चार वटा

ठूल्ठूला ढोकामा पहरा बसी सात वर्ष, सात महिनासम्म रक्षा गरी राखे ।

एक दिन राजाको आमाले भारदारहरूसँग प्रश्न गरिन्– "अर्को देशको के समाचार छ ? राजाले त्यहाँ के व्यवस्था गर्दैछ ?"

तिनीहरूले मुमा महारानीलाई त्यहाँ भइरहेको अवस्था अवगत गराएपछि तिनले भनिन्– "जाऊ, 'त्यहाँका सान-साना गुप्त ढोकाहरू बन्द गर्न लगाउनु' भनी राजालाई भन्नु ।"

मुमा महारानीको आदेश अनुसार राजाले त्यस नगरको सम्पूर्ण भागमा नाकाबन्दी गर्न हुकुम भयो । नाकाहरू बन्द गरी दिएको कारणले सात दिनसम्म त्यहाँका नगर बासीहरूले ठूलो दुःख पाए । सातौं दिनमा तिनीहरूले आफ्नो राजालाई मारेर देश छोडी दिए ।

राजाले यस जुनिमा यस्तो दुष्कर्म गरेको कारणले मरणपछि ऊ **अवीचि महानरक**मा पतन भयो । उसले **कल्प-कल्प**सम्म **नारकीय** यातना सहनु पर्‍यो । त्यहाँबाट च्यूत भई मनुष्य-लोकमा आउँदा सात वर्षसम्म मूल ढोकाहरू बन्द गराएको **कर्म विपाक**ले गर्दा त्यही आमाको गर्भमा सात वर्ष, सात महिना बस्नु परको थियो र सात दिनसम्म योनिद्वारमा तेर्सो परेर रहनु परको थियो ।

फेरि गाउँलेको जन्ममा नयाँ ताजा मह तथागत सहित भिक्षुसङ्घलाई दान गरेको पुण्य प्रभावले सीवलि स्थविरलाई अग्र लाभ, अग्र यश प्राप्त भएको हो ।

यसरी भगवान बुद्धले सीवलि स्थविरको पूर्व जन्म र वर्तमान जन्मको वर्णन गर्नु हुँदा ती भिक्षुहरूले **'साधुकार'** दिई समर्थन गरे ।

भोलिपल्ट भिक्षुहरूको बीचमा खदिर वनमा बस्ने श्रामणेर रेवतको ऋद्धि चमत्कारको विषयमा यसरी कुराकानी भइरहेको थियो–



"आयुष्मानहरू ! श्रामणेर रेवतको लाभ आश्चर्यजनक छ । उनको कस्तो पुण्य-संस्कार होला ? उनी एक्लैले पाँच शय भिक्षुहरूलाई अग्ला-अग्ला गजूर भएको पाँच शय वटा विहार बनाई खदिर बनलाई देव-सभा जस्तै बनाई दियो ।"

त्यसै बेला तथागत त्यहाँ आइपुग्नु भई ती भिक्षुहरूलाई सम्बोधन गर्नु भई भन्नु भयो– "भिक्षुहरू ! मेरो पुत्रको पाप र पुण्य दुबै प्रहीण भइसकेको छ ।"

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भयो–

**"योध पुञ्ञच्च पापञ्च – उभो सङ्गं उपच्चगा ।**
**असोकं विरजं सुद्धं – तमहं ब्रूमि ब्राह्मणंन्ति"** ॥

— (ध. प. ४१२)

अर्थ– जसको यस लोकमा पुण्य र पाप नाश भइसकेको छ; त्यस्तो शोक रहित, निर्मल, परिशुद्ध व्यक्तिलाई म ब्राह्मण भन्दछु ।

'खदिरवनिय रेवत स्थविरको कथा समाप्त' ।

## ७.१०. (कुनै एक स्त्रीको कथा)

## ७.१०. जङ्गलमा राग नभएका व्यक्तिहरू बस्न रमाउँछन्

७. (९९) “**रमणीयानि अरञ्ञानि – यत्थ न रमती जनो ।**
**वीतरागा रमिस्सन्ति – न ते कामगवेसिनो**” ॥१०॥

एक समय **भगवान बुद्ध श्रावस्ती**को **जेतवनाराम**मा विहार गरिरहनु भएको थियो । त्यस बेला **तथागत**ले यो गाथा **एकजना स्त्री**को कारणमा आज्ञा गर्नु भएको हो ।

श्रावस्तीमा एक जना **पिण्ड-पातिक** भिक्षु थियो । उनले पात्र भिक्षा गएर जीविका चलाउँथ्यो ।

एक दिन उनी भगवान बुद्धकहाँ गई तथागतलाई सादर वन्दना गरी एक छेउमा बस्यो । त्यसपछि उनले तथागतसँग **कर्मस्थान-भावना** गर्ने तरिका राम्रोसँग सिक्यो । ध्यान गर्ने तरिका सिकिसके पछि एकान्तमा गई अभ्यास गर्नको लागि शहरबाट केही टाढा एउटा पुरानो उद्यानमा गई बस्यो । त्यहाँ उसले खूब परिश्रम गरी ध्यान-भावना गर्दै रह्यो ।

श्रावस्ती नगरमा एउटी नगर शोभिनी अर्थात् वेश्या पेशामा लागेकी स्त्री थिइन् । तिनले बाटोमा एक जना पुरुषलाई भेटेर भनिन्– “म फलानो उद्यानमा गएर बसिरहुँला । तिमी त्यहाँ आएर मलाई भेट्न आउनु ।”

तिनी त्यहाँबाट सरासर गई भिक्षु बसेको त्यही पुरानो उद्यानमा पसिन् । धेरै बेरसम्म त्यस पुरुषको बाटो हेरिरहिन् । तर त्यो मानिस आएन । त्यस स्त्रीलाई बाटो हेर्दा-हेर्दै उराठ लाग्यो । अल्छि पनि लाग्यो । तिनी यताउती घुम्न थालिन् । तिनी घुम्दै, हेर्दै जाँदा त्यहाँ एक जना भिक्षु पलैंति कसेर बसी ध्यान गरिरहेको देखिन् ।



ती स्त्रीले उताउती हेरिन् । त्यहाँ अरू कोही मानिस देखिएन । ‘यही भिक्षुलाई मोहको जालमा पार्नु पर्‍यो’ भनी विचार गरी तिनी भिक्षुको अगाडि गइन् । अनि तिनले आफ्नो लुगा फुकाल्न थालिन् । फेरि लगाइन् । यसरी बार-बार गर्न थालिन् । आफ्ना कपाल फुकालिन् । फेरि बाटिन् । दुइ हातले तालि बजाइन् । खिर्रर हाँसिन् ।

‘यो स्त्रीले के गरिरहेकी होली’ भनी विचार गरी भिक्षुले आँखा खोलेर हेर्‍यो । तिनलाई देख्ने बित्तिकै भिक्षुलाई **धर्म-संवेग** उत्पन्न भयो र उनको सारा शरीरमा फैलियो ।

त्यही बेला तथागतले ‘मसँग **कर्मस्थान भावना** सिकेर एकान्तमा ध्यान गर्न गएको भिक्षु अहिले के गर्दैछ’ भनी विचार गर्नु भई दिव्य दृष्टिले हेर्नु भयो । त्यस समय स्त्रीको अनाचार आचरण देख्नु भयो । साथै त्यसको कारणबाट भिक्षुलाई वैराग्य उत्पन्न भएको कुरा पनि चाल पाउनु भयो ।

त्यस बेला तथागतले **गन्धकुटी**बाट नै त्यस भिक्षुलाई सम्बोधन गर्नु भई भन्नु भयो– “भिक्षु ! काम-रागीहरूले नरूचाउने स्थान नै वीत-रागीलाई रमणीय हुन्छ ।”

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भई **छवण्ण रश्मी** फैलाउनु हुँदै त्यस भिक्षुलाई धर्म-देशना गर्नु भयो–

“**रमणीयानि अरञ्ञानि – यत्थ न रमती जनो ।**
**वीतरागा रमिस्सन्ति – न ते कामगवेसिनो** ॥”

अर्थ– रमणीय जङ्गलमा पञ्चकाममा आसक्त भएका मानिसहरू बस्न सक्तैनन् । काम-भोगलाई त्याग्ने वीतराग भएका व्यक्तिहरू मात्र बस्न रुचाउँछन् ।

तथागतको यस धर्म-देशनाको अन्तमा त्यस भिक्षुले त्यसै आसनमा बसी **प्रतिसम्भिदा ज्ञान**सहित **अरहन्त** अवस्था प्राप्त गर्नमा सफल भयो ।

त्यस पछि उनी तथागतलाई प्रशंसा गर्दै आकाश मार्गबाट जेतवनको गन्धकुटीमा पुग्यो । त्यहाँ भगवान बुद्धको पाउमा सादर-वन्दना गरी उनी धन्य भयो ।

'कुनै एक स्त्रीको कथा समाप्त' ।

**अरहन्त वर्गको वर्णन समाप्त ।**

# ८. सहस्सवग्गो

## ८.१. (तम्बदाठिक चोरघातकको कथा)

## ८.१. सार्थक एक पद पनि श्रेष्ठ हुन्छ

८. (१००) **"सहस्समपि चे वाचा – अनत्थपदसंहिता ।**
**एकं अत्थपदं सेय्यो – यं सुत्वा उपसम्मति"** ॥१॥

एक समय **भगवान बुद्ध राजगृह नगर**को **वेलुवनाराम**मा विहार गरिरहनु भएको थियो । त्यस बेला **तथागत**ले यो गाथा **तम्बदाठिक चोर घातक**को कारणमा आज्ञा गर्नु भएको हो ।

एक समय राजगृहमा ४९९ चोरहरूको एक जमातले बस्ती, गाउँहरू लुटेर जीविका चलाइरहेको थियो । त्यस बेला **तम्बदाठिक** नाम भएको एक जना व्यक्ति ती चोरहरू कहाँ गई तिनीहरूसँग मिलेर काम गर्न अनुरोध गऱ्यो । चोरहरूले उसलाई आफ्ना नाइके कहाँ लगी दिए ।

चोरहरूका नाइकेले उसलाई राम्रोसँग हेऱ्यो । मान्छे हेर्दैमा कर्कश स्वभावको डरलाग्दो थियो । त्यसैले चोर नाइकेले उसलाई लिने मञ्जुर गरेन । नाइकेले अस्वीकार गरे पनि उसले एक जना चोरको सेवा-टहल गरी उसलाई खुशी पाऱ्यो । अनि त्यस चोरले उसलाई आफ्नो नाइके कहाँ लगेर चोरहरूको समूहमा राख्ने सहमत गरायो ।

एक दिन सबै नगरवासी र पुलिसहरू मिलेर ती सबै चोरहरूलाई समातेर महामन्त्री कहाँ लगियो । महामन्त्रीले सबै चोरहरूलाई मृत्यु दण्ड दिने घोषणा गऱ्यो ।

तिनीहरूलाई मार्ने मानिस (जल्लाद) खोज्दा त्यस नगरमा कोही भेट्टिएन । अन्तमा तम्बदाठिकलाई अनेक प्रलोभन देखाई यो काम सुम्पियो । उसले एक-एक गरी सबै चोरहरूलाई मारी दियो । त्यस्तै मृत्यु दण्ड पाएका जतिपनि अपराधीहरू छन्, तिनीहरूलाई मार्ने काम उसैको थियो । यसरी उसले पचपन्न वर्षसम्म मान्छे मार्ने काम गऱ्यो । पछि ऊ बुढो भयो । त्यस पदबाट उसलाई हटाइयो ।

उसले मान्छे मारेर पैसा त धेरै कमायो । तर त्यस बेला मीठो खाई, राम्रो लगाई आरामसँग बस्न भने पाएको थिएन । अब कामबाट छुट्टि पाएपछि उसले मोजमज्जा गर्ने विचार गऱ्यो ।

एक दिन ऊ नदीमा गई नुवाई-धुवाई गऱ्यो । राम्रो, नयाँ लुगा लगायो । सुगन्धित फूलमालाले सिंगारेर मीठो खीर खान बस्यो ।

त्यही बेला **सारिपुत्र स्थविर निरोध समापत्ति**बाट उठ्नु भई यसरी विचार गर्नु भयो– “आज म पात्र भिक्षा गई कसलाई उपकार गरुँ ?”

त्यही क्षणमा उहाँले **तम्बदाठिक चोरघातक** खीर खानलाई तयार भएर बसेको देख्नु भयो । उसले त्यस खीर भिक्षा-दान दिएमा उसलाई ठूलो पुण्य लाभ हुने देख्नु भयो । सारिपुत्र स्थविर भिक्षा पात्र लिनु भई तुरन्तै उसले देखिने गरी उभिरहनु भयो ।

तम्बदाठिकले **स्थविर**लाई देख्ने बित्तिकै मन प्रसन्न गरी विचार गऱ्यो– “मैले धेरै समयसम्म चोरहरूलाई मार्ने काम गरी थुप्रै मानिसहरूको ज्यान लिई सकें । आज मेरो दैलोमा सारिपुत्र स्थविर भिक्षाको लागि उभिरहनु भएको छ । मेरो घरमा खीर भोजन तयार छ । आज मलाई आर्यलाई दान दिने ठूलो अवसर प्राप्त भएको छ ।”



यसरी विचार गरी आफ्नो अगाडि राखेको खीरको थाल एकातिर पन्छाई जुरुक्क उठेर स्थविरलाई वन्दना गरी घर भित्र ल्याई आसनमा बसाल्यो । भिक्षा पात्रमा खीर भोजन राखी त्यसमा सुगन्धित घिऊ थपेर दान दियो । त्यसपछि स्थविरलाई पंखाले हम्काई रह्यो ।

भोजन गर्न सकेपछि सारिपुत्र स्थविरले उसलाई **भुक्तानुमोदन धर्म-देशना** गर्नु भयो । उसले चित्त एकाग्र गरी धर्म श्रवण गरेको कारणले **अनुलोम ञाण** साक्षात्कार गर्नमा ऊ सफल भयो । त्यसपछि भिक्षा पात्र लिई स्थविरलाई विहारमा पुऱ्याई फर्केर आउँदा एउटी यक्षणीले गाईको रूप लिई उसलाई हानेर मारी दिई । त्यो मृत्यु भई **तुसित देवलोक**मा उत्पन्न भयो ।

एक दिन धर्म सभामा भिक्षुहरूको बीचमा यसरी कुरा चलिरह्यो– “त्यस तम्बदाठिक चोरघातकले पचपन्न वर्षसम्म अपराधीहरूलाई मार्ने काम गरी आजै मात्र त्यस कामबाट ऊ मुक्त भयो । फेरि आजै **निरोध समापत्ति**बाट उठेर आउनु भएको सारिपुत्र स्थविरलाई खीर भोजन दान गरी उहाँको भुक्तानुमोदन धर्म-देशना सुन्ने मौका पायो । उसको मृत्यु पनि आजै भयो । उसको जन्म कहाँ भयो होला ?”

त्यही बेला भगवान बुद्ध त्यहाँ आइपुग्नु भई भिक्षुहरूको बीचमा चलिरहेको कुराकानिको जानकारी लिनु भयो । अनि तिनीहरूको प्रश्नको उत्तर दिनु हुँदै तथागतले भन्नु भयो– “भिक्षुहरू ! तम्बदाठिक यहाँबाट मृत्यु भई **तुसित भुवन**मा उत्पन्न भयो । किनभने उसले सारिपुत्र स्थविर जस्तो कल्याण मित्रको दर्शन पायो । खीर भोजन दान गरी एकाग्र चित्तले धर्म-देशना सुनेर **अनुलोम ञाण** साक्षात्कार गऱ्यो” भन्नु हुँदै यो गाथा प्रकाशमा ल्याउनु भयो–

**"सुभासिं सुणित्वान, नगरे चोरघातको ।**
**अनुलोम खन्तिं लद्धान, मोदति तिदिवं गतो ॥"**

अर्थ– यस नगरका चोरघातकले अत्यन्त उत्तम धर्म-देशना सुनेर **अनुलोम क्षान्ति** साक्षात्कार गरी देवलोकमा गई प्रसन्न भइरहयो ।

भिक्षुहरूले फेरि बिन्ति गरे– "भन्ते, भगवन् ! त्यत्तिका वर्षसम्म चोरघातक काम गरेको व्यक्तिलाई त्यति थोरै पुण्यकर्म गरेर कसरी देवलोक प्राप्त भयो ? अनुमोदन धर्म-देशना त्यतिको बलवान छ र ?"

भगवान बुद्धले भन्नु भयो– "भिक्षुहरू ! तथागतले उपदेश गरी राख्नु भएको धर्मको प्रमाण यति-उति भन्ने हुँदैन । अर्थ युक्त भएको एउटै मात्र वचन पनि अति उत्तम हुन्छ ।"

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भई धर्म-उपदेश गर्नु भयो–

**"सहस्समपि चे वाचा – अनत्थपद संहिता ।**
**एकं अत्थपदं सेय्यो – यं सुत्वा उपसम्मति ॥"**

अर्थ– अर्थ न वर्थको हजार कुरा बोल्नु भन्दा अर्थ युक्त भएको एउटा मात्रै कुरा गर्नु श्रेष्ठ हुन्छ; जुन कुरा सुन्नाले शान्ति मिल्दछ ।

**"सहस्समपि चे वाचा – अनत्थपदसंहिता ।"**

'अर्थ न वर्थको हजार कुरा बोल्नु' भन्नुको अर्थ हो– **निर्वाण** अर्थात् मुक्तिको मार्गसँग सम्बन्ध नभएका कुराहरू । जस्तै– आकाशको वर्णन गर्नु, पहाड-पर्वतको वर्णन गर्नु, बन-जङ्गल आदिको वर्णन गर्नु–



यी विषयहरूमा हजार कुरा गरेपनि मुक्तिको मार्गमा पुग्न सकिँदैन । त्यसैले यी कुराहरूलाई दिशा विहीन, अर्थ हीन भनिएका हुन् ।

**"एकं अप्थपदं सेय्यो – यं सुत्वा उपसम्मीत ।"**

'अर्थ युक्त भएको एउटा मात्रै कुरा गर्नु श्रेष्ठ हुन्छ, जुन कुरा सुन्नाले शान्ति मिल्दछ' भन्नुको अर्थ हो– यस शरीर रूपी **काय**मा **कायगतासति भावना** गर्नु, **तीन विद्या**ले संयुक्त भएको भगवान बुद्धको यो **शासन-धर्म** हो । यसरी एउटै मात्र अर्थ भएको पद-वाक्य सुनेर **राग, द्वेष, मोह** आदि विकार वा क्लेशहरू उपशान्त भएर जान्छन् भने साँच्चै नै ती कुरा अर्थ युक्त हुन्छन् । **स्कन्ध, धातु, आयतन, इन्द्रिय, बल, बोध्यङ्ग, स्मृति-प्रस्थान** आदिले संयुक्त भएको एक मात्र पद-वाक्य पनि उत्तम हुन्छ, श्रेष्ठ हुन्छ जसले निर्वाण सम्म पुऱ्याई दिन्छ । जुन कुरा सुन्नाले परम शान्ति पद मिल्दछ ।

तथागतको यस धर्म-देशनाको अन्तमा धेरै मानिसहरू **स्रोतापत्ति मार्ग-फल** प्राप्त गर्नमा सफल भए ।

'तम्बदाठिक चोरघातकको कथा समाप्त' ।

## ८.२. (बाहियदारुचीरिय थेरको कथा)

# ८.२. (क) बाहियदारुचीरिय श्रावस्ती गमन

८. (१०१) **"सहस्समपि चे गाथा – अनत्थपदसंहिता ।**
**एकं गाथापदं सेय्यो – यं सुत्वा उपसम्मति"** ॥२॥

एक समय **भगवान बुद्ध श्रावस्ती**को **जेतवनाराम**मा विहार गरिरहनु भएको थियो । त्यस बेला **तथागत**ले यो गाथा **बाहियदारुचीरिय**को कारणमा आज्ञा गर्नु भएको हो ।

एक समय धेरै मानिसहरू जहाजमा बसी समुद्रमा यात्रा गरिरहेका थिए । समुद्रको बीचमा आइपुग्दा अचानक जहाज बिग्रेर समुद्रमा डुब्यो । त्यसमा यात्रा गरिरहेका प्रायः सबै मानिसहरू पानीमा डुबेर मरे । केवल एक जना मानिसले एउटा फल्याक भेट्टाई त्यसको सहाराले पौडी खेल्दै-खेल्दै बडो परिश्रमपूर्वक समुद्रको एक किनार **सुप्पारक** भन्ने ठाउँमा आइपुग्यो । त्यस बेला उसको शरीरमा कुनै वस्त्र बाँकी रहेन । ऊ नाङ्गै भयो । अनि उनले त्यहाँ भएका काठका टुक्राहरू बटुली डोरीमा माला झैं गाँसेर कम्मरमा लगायो । त्यसैको एउटा ओढ्ने जस्तो बनाएर ओढ्यो त्यस बेलादेखि उसको नाम **बाहियदारुचीरिय** रहन गयो । त्यसपछि उनी योगि जस्तो भई **सुप्पारक** नामक **बन्दरगाह**मा बस्न थाल्यो ।

त्यहाँ बस्ने मानिसहरूले उनलाई अरहन्त सम्झेर भोजन आदि दान गर्न थाले । कसैले उनलाई वस्त्र दान गर्न ल्याए । 'वस्त्र लगाएमा उनको लाभ-सत्कारमा हानी हुन सक्छ' भन्ने विचार गरी वस्त्र स्वीकार गरेन । उसको यस्तो त्याग भावना देखेर मानिसहरू उनी देखेर झन प्रभावित हुन थाले र उनलाई **अरहन्त ! अरहन्त !** भन्न थाले ।



एक दिन उनको मनमा यस्तो भावना जागृत भयो– "यदि 'संसारमा कोही अरहन्त अथवा अरहन्त मार्गमा लागेका छन्' भने तिनीहरू मध्ये म पनि एक हूँ ।"

बाहियदारुचीरियको पूर्वजन्मका अरू छ जना मित्रहरू थिए । **काश्यप तथागत**को **शासनकाल**मा उनी सहित सात जना भिक्षु भए र तिनीहरू सबै एउटा जङ्गलमा ध्यान गर्न गए । त्यस जङ्गलमा एउटा अग्लो पहाड थियो ।

एक दिन तिनीहरूको बीचमा यस्तो सल्लाह भयो– "त्यस अग्लो पहाडमाथि चढ्न हामीले एउटा लामो भऱ्याङ्ग बनाउने । हामी सबै पहाडको टुप्पोमा पुगेपछि भऱ्याङ्गलाई हुत्याई दिने । अनि लगातार ध्यान-भावनामा लागिरहने । ध्यान प्राप्त नभएसम्म त्यहाँबाट नओर्लने । भोजन पनि नगर्ने ।"

तिनीहरूले जस्तो निर्णय भएको हो त्यस्तै गऱ्यो । तिनीहरू मध्ये **संघरक्षित** नामक **स्थविर** त्यसै रातमा **ऋद्धि-सिद्धि**सहित अरहन्त हुनुभयो ।

उहाँ बिहान सबेरै ध्यानबाट उठ्नु भई **अनोतप्त सरोवर**मा मुख धुनु भयो । त्यहाँबाट **उत्तर कुरु**मा भिक्षाचरण गर्नु भई त्यसै पहाडमा फर्कनु भई अरू भिक्षुहरूलाई यसरी भन्नु भयो– "आयुष्मानहरू ! तिमीहरूले मुख धोएर यो पिण्डपात्रमा रहेको भोजन गर ।"

तिनीहरूले त्यस भोजन गर्न अस्वीकार गर्दै यसो भने– "हामीले पहिले आपसमा सल्लाह गरी निर्णय गर्दा 'हामी मध्ये जो पहिले अरहन्त हुन्छ उनले भिक्षाचरण गरेर ल्याएको भोजन गर्नु पर्छ' भन्ने कुरा उल्लेख गरेनौं । त्यसकारण हामीले पनि तपाईले जस्तै विशेष धर्म साक्षात्कार गरिसकेपछि मात्रै आफै भिक्षा गएर आहार ग्रहण गरौंला ।"

अर्को दिन द्वितीय स्थविर **अनागामि मार्ग-फल** प्राप्त गर्नमा सफल भयो । उनी पनि आकाश मार्गबाट गई भिक्षा भोजन प्राप्त

गरी त्यहीं फर्केर आयो । उनले त्यहाँ भएका अरू भिक्षुहरूलाई सम्बोधन गर्दै 'पहिलेको स्थविरले भन्नु भए जस्तै भनी' भोजन गर्न आग्रह गऱ्यो । तर तिनीहरूले स्वयं आ-आफूले **मार्ग-फल** प्राप्त गर्न नसकेसम्म आहार ग्रहण नगर्ने निर्णय गरे ।

ती भिक्षुहरू मध्ये अरहन्त हुने स्थविर परिनिर्वाण हुनु भयो । अनागामि मार्ग-फल प्राप्त गर्ने स्थविर ब्रह्मलोकमा उत्पन्न भयो । बाँकी भएका पाँच जना भिक्षुहरूले मार्ग-फल प्राप्त गर्न सकेनन् । आहार ग्रहण नगरेको कारणले सातौं दिनमा तिनीहरू सबै मृत्यु भई देवलोकमा उत्पन्न भए ।

यस गौतम बुद्धको समयमा तिनीहरू देवलोकबाट च्यूत भई **पुक्कुसाति, कुमार काश्यप, दारुचीरिय, दब्ब मल्लपुत्त र सभिय परिब्राजक** भई मनुष्य लोकमा जन्म लिए ।

बाहियदारुचीरियले आफूलाई अरहन्त भनी ठानेको मनको कुरो उनको पूर्व जन्मको मित्र ब्रह्माले थाहा पायो । उनले विचार गऱ्यो– "मेरो पूर्व मित्र दारुचीरियले आफूलाई अरहन्त भनी ठानिरहेछ । ऊ मिथ्यादृष्टि युक्त भई भ्रम-भान्तिमा परिरहेछ । यस्तो भएमा ऊ विनाश भई जानेछ । उसलाई **धर्म-संवेग** उत्पन्न गराउनु पऱ्यो ।

यति विचार गरी उनले बाहियदारुचीरियलाई सम्बोधन गर्दै आकाश-वाणी गऱ्यो– "हे दारुचीरिय ! तिमी अरहन्त होइनौ । अरहन्त हुने मार्गमा पनि तिमी परेका छैनौ । अरहन्त हुनु भएका त**थागत सम्यक् सम्बुद्ध** अहिले **श्रावस्ती**मा हुनुहुन्छ । जाऊ ! उहाँको शिक्षा ग्रहण गर ।"

यस आकाशवाणीबाट दारुचीरियलाई धर्म-संवेग उत्पन्न भयो । उनी तुरन्तै **सुप्पारक**बाट श्रावस्तीतिर लाग्यो । ब्रह्माको आनुभावले एक शय बीस योजन टाढा रहेको बाटो एकै रातमा हिंडेर उनी श्रावस्ती आइपुग्यो ।

# ८.२. (ख) बाहियदारुचीरिय अरहन्त भयो

**बाहियदारुचीरिय श्रावस्ती**को **जेतवनाराम**मा आइपुग्दा **भगवान बुद्ध** नगरमा भिक्षाचरणको लागि जानु भइसकेको थियो । उनी त्यहाँ एक छिन पनि विश्राम नगरिकन तथागत जानु भएको बाटो पछ्याउँदै गयो । बीच बाटोमा उनले तथागतको दर्शन पायो । त्यहीं तथागतको पाउमा परी यसरी बिन्ति गऱ्यो– "भन्ते, भगवन् ! मलाई धर्म-उपदेश गर्नु होस् ! जसबाट मेरो धेरै समय सम्म हित सुख हुनेछ ।"

तथागतले भन्नु भयो– "बाहिय ! यो धर्म-देशना गर्ने समय होइन । म अहिले नगर भित्र भिक्षा चरणको लागि जाँदैछु ।"

दारुचीरियले बिन्ति गऱ्यो– "भन्ते, भगवन् ! तपाईको जीवनको अथवा मेरो जीवनको के ठेगाना ? अहिले नै अन्त हुन्छ कि भन्न सकिन्न । शास्ता ! मलाई धर्म-उपदेश गर्नु होस् ।"

एक शय बीस योजन बाटो रात भरीमा हिँडेर आएकोले उनी साह्रै थाकेको देखिन्थ्यो । फेरि तत्काल तथागतको दर्शन पाएको कारणले उनको शरीर प्रीतिले भरपूर थियो । प्रीतिको वेग अत्यन्त बलवान हुन्छ । यस अवस्थामा धर्म-उपदेश गरे पनि उनले बुझ्न नसकिने भएको कारणले तथागतले उनको प्रार्थना दोस्रो पटक पनि अस्वीकार गर्नु भयो ।

बाहियदारुचीरियले तेस्रो पटक प्रार्थना गरेपछि बाटैमा उभिनु भई तथागतले उनलाई सम्बोधन गर्नु भई भन्नु भयो– "बाहिय ! त्यसो भए तिमीले यस्तो बुझ्नु पर्दछ कि '**दिट्ठे दिट्ठमत्तं भविस्सति**...' अर्थात् आँखाले कुनै वस्तु देखेमा मात्र देखेको जान्नु पर्दछ । त्यस्तै कानले सुने मात्र सुनेको; नाकले सुँघे मात्र सुँघेको, जिब्रोले रस लिए मात्र रस लिएको; शरीरले स्पर्श गरे मात्र स्पर्श गरेको अनुभूतिमा सीमित राख्नु पर्दछ । त्यसमा **राग, द्वेष** आदि उत्पन्न गराउनु हुँदैन ।"

यसरी तथागतको संक्षिप्त उपदेश सुन्दा-सुन्दै दारुचीरिय **आस्रव** रहित भई **प्रतिसम्भिदा**सहित **अरहन्त** भयो। तुरुन्तै उनले तथागतसँग **प्रव्रज्या** माग्यो।

तथागतले भन्नु भयो– "तिमीसँग पात्र, चीवर आदि सबै सम्पूर्ण छ ? नभए खोजेर ल्याउनु।"

भगवान बुद्धले उनलाई यसो भन्नु भएको कारण के भने उनले पूर्व जन्ममा बीस हजार वर्षसम्म श्रमण-धर्म पालन गर्दा आफूलाई प्राप्त भएको पात्र, चीवर आदि अरू भिक्षुहरूलाई दान गरी नआएको कारणले उनलाई **ऋद्धिमय पात्र, चीवर** प्राप्त नहुने देख्नु भयो। त्यसकारण तथागतले उनलाई '**एहि भिक्खु** !' भनी प्रव्रज्या दिनु नभएको हो।

बाहियदारुचीरिय पात्र, चीवर खोज्न जाँदा उनको पूर्व जन्मको शत्रु भएकी एउटी यक्षणीले गाईको रूप लिई उनको छातीमा हानी मारी दिई।

भोजन पश्चात् भिक्षुसङ्घ सहित तथागत फर्केर आउनु हुँदा बाहिय परिब्राजकको मृतक शरीर बाटोको छेउमा त्यत्तिकै लडिरहेको देख्नु भयो। तथागतको आज्ञानुसार भिक्षुहरूले बाहियदारुचीरियको मृतक शरीरलाई अग्नि संस्कार गरी त्यसमा एउटा अस्थि स्तूप बनाई दिए।

भिक्षुहरूले उनको विषयमा बिन्ति गर्दा तथागतले भन्नु भयो– "भिक्षुहरू ! मेरो **श्रावक**हरू मध्ये सबै भन्दा छिटो धर्म बुझ्नेहरूमा **अग्र बाहियदारुचीरिय** हो। उनलाई '**एतदग्ग**' पद दिनु भई **अग्रस्थान**मा राख्नु भयो।"

भिक्षुहरूले आश्चर्यचकित भई यसरी बिन्ति गरे– "भन्ते, भगवन् ! बाहियदारुचीरियले कुन बेला तथागतको धर्म-उपदेश सुन्ने मौका पायो ? कुन बेला उनी अरहन्त भयो ?"



तथागतले भन्नु भयो– "भिक्षुहरू ! भिक्षाचरण जाँदा उनको प्रार्थना अनुसार बीच बाटोमा मैले संक्षिप्त धर्म-देशना गरें। त्यही अनुरूप काम गरी विपश्यना ध्यानद्वारा उनी अरहन्त हुनमा सफल भयो।"

तिनीहरूले फेरि बिन्ति गरे– "भगवन् ! यति थोरै धर्म-उपदेश सुनेर उनले कसरी निर्वाण साक्षात्कार गर्न सकेको होला ?"

तथागतले ती भिक्षुहरूलाई सम्झाउँदै भन्नु भयो– "मेरो धर्मलाई धेरै-थोरै भनी चिन्तन गर्ने होइन। अर्थले युक्त नभएको हजार कुरा बोले पनि ठीक हुँदैन। अर्थ संयुक्त भएको एउटै मात्र गाथा भए पनि उत्तम हुन्छ "

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भई धर्म-उपदेश गर्नु भयो–

**"सहस्समपि चे गाथा – अनत्थपद संहिता ।**
**एकं गाथापदं सेय्यो – यं सुत्वा उपसम्मति ॥"**

अर्थ– अनर्थ पदले युक्त भएको हजार गाथा सुन्नु भन्दा अर्थले युक्त भएको एउटा गाथा सुन्नु नै श्रेष्ठ छ; जुन सार्थक गाथा सुन्नाले शान्ति मिल्दछ।

तथागतको यस धर्म-देशनाको अन्तमा धेरै मानिसहरू **स्रोतापत्ति मार्ग-फल** प्राप्त गर्नमा सफल भए।

'बाहियदारुचीरियको कथा समाप्त'।

## ८.३. (कुण्डलकेसी थेरीको कथा)

# ८.३. (क) नारी पनि बुद्धिमति र पण्डित हुन्छे

८. (१०२) **"यो च गाथासतं भासे – अनत्थपद संहिता ।**
**एकं धम्मपदं सेय्यो – यं सुत्वा उपसम्मति" ॥३॥**

८. (१०३) **"यो सहस्सं सहस्सेन – सङ्गामे मानुसे जिने ।**
**एकञ्च जेय्य अत्तानं – स वे सङ्गामजुत्तमो" ॥४॥**

एक समय **भगवान बुद्ध श्रावस्ती**को **जेतवनाराम**मा विहार गरिरहनु भएको थियो । त्यस बेला **तथागत**ले यो गाथा **कुण्डलकेसी थेरी**को कारणमा आज्ञा गर्नु भएको हो ।

त्यस समय **राजगृह नगर**मा एक जना अत्यन्त धनी महाजन बस्दथ्यो । उनको एउटी साह्रै राम्री **कुण्डलकेसी** नाम गरेकी छोरी थिइन् । महाजनले आफ्नी प्यारी छोरीलाई महलको सात तल्ला माथि व्यवस्थित ढङ्गले सुरक्षित गरी राखेको थियो । तिनको सेवाको लागि एक जना दासीको व्यवस्था गरिएको थियो ।

एक दिन एक जना मृत्यु-दण्ड पाएको चोरलाई सिक्रीले बाँधेर ल्याई प्रत्येक चौ-बाटोमा कोर्दाले हान्दै मार्न लगिरहेको थियो । त्यसै बेला कुण्डलकेसीले महलको सात तल्ला माथिबाट त्यस चोरलाई देखिन् । चोरलाई देख्ने बित्तिकै तिनी मोहित भइन् । त्यसपछि तिनी कोठा भित्र पसिन् । पलङ्गमा पल्टिन् । त्यस दिन देखि तिनले खान-पिउन छोडिन् । तिनकी आमा-बाबुले त्यसको कारण सोध्दा त्यस चोर पुरुष पतिको रूपमा नपाएको खण्डमा आत्म हत्या गर्ने धम्की दिइन् । आमा-बाबुले अनेक तरहले सम्झाए । तर तिनी केही गरे पनि



मानिनन् । आखिरमा बाबु चाहिंले त्यस चोरलाई समातेर लगिरहेका राजपुरुषहरूलाई एक हजार रूपियाँ दिई त्यस चोरलाई छुटाउन लगायो । त्यसको बदलामा अर्को चोरलाई मृत्यु दण्ड दिई तिनीहरू राजा कहाँ हाजिर हुन गए ।

महाजन-महाजननीले चोरलाई आफ्ना छोरी कहाँ उपस्थित गराए । छोरी चाहिं आफूले भनेको पति पाएर साह्रै खुशी भइन् । त्यस बेलादेखि पतिलाई खुशी पार्न तिनले राम्रा-राम्रा लुगाहरू तथा बहुमूल्य पर्ने गहनाहरू लाउन थालिन् । आफ्नै हातले बनाएर आफ्नो पतिलाई मिठा-मिठा खानेकुराहरू ख्वाउन थालिन् ।

दुइ चार दिन बसिसकेपछि चोरले यसरी सोच्यो– "कुन बेला मौका पारेर यी आईमाईको सबै लुगा र गर-गहना चोरेर लगुँ ? अनि सबै बेचेर भट्टीमा गई रक्सी खाउँ ?"

केही बेर पछि उसले एउटा उपाय निकाल्यो । अनि ऊ गएर पलङ्गमा पल्ट्यो । खाना पनि खाएन ।

कुण्डलकेसीले उसलाई सोधिन्– "स्वामि ! तपाईंलाई सञ्चो भएन कि ? अथवा मेरो आमा-बुबाले रिसले केही भन्नु भयो कि ? किन ? के भयो ?"

उसले भन्यो– "प्रिय ! मलाई केही भएको छैन । कसैले केही भनेको पनि छैन । तर मेरो मनमा एउटा चिन्ता छ । त्यो के भने 'अस्ति मलाई सिपाहिंहरूले लैजाँदा त्यहाँका देवतालाई एउटा भाकल गरेको थिएँ । त्यही देवताको प्रतापले मेरो ज्यान बच्यो । तिमीसँग बिहे गर्न पायो । भाकल गरेको जतिसक्दो छिटो पूरा गर्नु राम्रो हुन्छ । पानी नहालेको दूधमा पकाएको खीर, लावा र पाँच प्रकारका फूल-माला तयार गर । राम्रा-राम्रा लुगा र गहनाले सिंगारेर पूजाको सार्दाम तिमी आफै बोक । त्यहाँ हामी दुइ जना मात्रै जानु पर्दछ ।

उसले भने जस्तै गरी दुबै जना पहाडको टुप्पोमा चढे ।

त्यस पहाडमा चढ्दा पछाडिबाट चढ्नु पर्थ्यो । अगाडि तिर एकदमै डरलाग्दो **प्रपात** थियो । मृत्यु-दण्ड पाएका चोरहरूलाई त्यहाँबाट खसाली दिन्थ्यो । ठाउँ-ठाउँमा निस्केका ढुङ्गाहरूमा ठक्कर खाँदै चोरहरूको प्राण जान्थ्यो । त्यसैले त्यस पहाडलाई **चोर-प्रपात** भनिन्थ्यो ।

पहाडको टुप्पोमा पुगेपछि कुण्डलकेसीले भनिन्– "स्वामि ! अब तपाईंको पूजाको कार्य गर्नु होस् ।"

लोग्ने केही नबोली चूप लागेर बस्यो । तिनले फेरि आग्रह गरे पछि उसले भन्यो– "तिमीलाई एक्लै यहाँ ल्याएको कारण के थाहा छ ? तिमीलाई मारेर तिमीसँग भएको गर-गहना लिएर भागेर जान म यहाँ आएको हुँ ।"

उसको कुरा सुनी कुण्डलकेसी मरण भयले थरर कामीन् र भनीन्– "स्वामि ! म सहित मसँग भएको लुगा गहना तपाई कै त हो नि ! दया गरी मलाई नमार्नुस् । मलाई मारेर तपाईलाई के फाइदा हुन्छ ? मलाई जीवन दान दिनु होस् । आजदेखि म तपाईको आमा जस्तै भएर अथवा दासी जस्तै भएर आइपर्ने सम्पूर्ण काम गरी दिनेछु ।"

तिनको कुरा सुनी लोग्नेले भन्यो– "तिमीलाई मारेन भने तिम्रो आमा-बुबालाई भन्न जानेछौ । तिमीलाई मार्नु नै वेश हुनेछ । धेरै विरह-विलाप गरेर नबस । छिटो गर-गहना पोका पार ।"

उसको त्यस्तो निर्दयीतापूर्ण कुरा सुनी कुण्डलकेसीले विचार गरिन्– "यसले भयंकर पाप गर्न लाग्यो । यस्तो आपद-विपदमा विवेक-बुद्धिले काम लिनु पर्दछ ।"



यसरी विचार गरी तिनले भनिन्– "स्वामी ! तपाईंलाई मृत्यु-दण्ड दिन लगिरहेको बेलामा मेरो आमा-बुबाले एक हजार रूपियाँ दिई दण्ड मुक्त गराई मसँग विवाह गराई दिएको थियो । त्यस दिनदेखि म तपाईको उपकारक हुँ । त्यसैले आज म मर्नु भन्दा पहिले तपाईंलाई राम्रोसँग दर्शन गरी वन्दना गर्छु ।"

चोर यस कुरामा सहमत भएपछि उसलाई तीन पटक घुमेर ढोग्ने जस्तो गरी बलपूर्वक घचारेर प्रपातमा खसाली दिइन् । चोरको त्यहीं मृत्यु भयो ।

चोर-प्रपातमा एउटा विशाल वृक्ष थियो । त्यस वृक्षमा बस्ने देवताले ती दुइको त्यस दृश्य देखी कुण्डलकेसीलाई '**साधुकार**' दिंदै यो गाथा उच्चारण गर्नु भयो–

**"न हि सब्बेसु ठानेसु – पुरिसो होति पण्डितो ।**
**इत्थीपि पण्डिता होति – तत्थ तत्थ विचक्खणा ॥"**

– (अप. थेरी. २.३.३१)

अर्थ– सबै स्थानमा पुरुष मात्रै पण्डित हुँदैन । कुनै-कुनै स्थानमा **विलक्षण** बुद्धि भएको महिला पनि पण्डित-बिदूणी हुन सक्छे ।

## ८.३. (ख) एक धर्म-पद नै श्रेष्ठ हुन्छ

**कुण्डलकेसी**ले चोरलाई प्रपातमा खसाली सकेपछि यसरी विचार गरिन्– "म घरमा फर्केर गएँ भने चोर-प्रपातमा भएको सबै घटनाको विवरण दिनु पर्नेछ। यसो भन्दा आमा-बुबाले मलाई गालि गर्नु हुनेछ अथवा मदेखि रिसाउनु हुने सम्भावना छ। त्यसैले मलाई घर जानु भन्दा अन्त कतै जानु नै वेश हुनेछ।"

यसरी सोचेर लुगा-गहना सबै त्यहीं फ्याकेर कुण्डलकेसी एउटा जंगल भित्र पसिन्। जङ्गलमा घुम्दै-घुम्दै जाँदा तिनी एक **परिव्राजक**को आश्रममा पुगिन्। तिनले ती परिव्राजकहरूलाई नमस्कार गरी बिन्ति गरिन्– "आचार्यज्यू! मलाई **प्रव्रज्या** दिनुहोस्।"

परिव्राजिका भइसकेपछि तिनले सोधिन्– "तपाईहरूको सबै भन्दा उत्तम काम के-के हुन्?"

तिनीहरूले भने– "**दश कसिण** ध्यानहरू मध्ये कुनै एक ध्यान लाभ गर्नु पर्दछ अथवा हजार प्रकारका वाद-विवाद गर्नमा सक्षम हुनु पर्दछ। यी दुइ हाम्रा प्रव्रज्याका मुख्य उद्देश्य हुन्।"

कुण्डलकेसीले बिन्ति गरिन्– "आर्यहरू! मैले ध्यान लाभ गर्न सकुँला जस्तो लाग्दैन। बरु हजार प्रकारका वाद-विवाद गर्ने तरिका सिक्ने कोशिश गर्छु।"

तिनी वाद-विवाद गर्ने विद्यामा पारंगत भएपछि **जम्बुबोट**को एक हाँगा तिनको हातमा दिई तिनलाई **जम्बु परिव्राजिका** नामकरण गरे। तिनीहरूले भने– "हे परिव्राजिका! अब तिमी **जम्बुद्वीप**मा घुमेर तिमीसँग वाद-विवाद गर्न सक्ने मानिसहरू खोज्न जाऊ। कोही गृहस्थले तिमीसँग वाद-विवाद गरी जितेको खण्डमा तिमी उसैसँग विवाह गरी जानु। यदि कोही **प्रव्रजित**ले तिमीलाई जित्न सके उसै



कहाँ प्रव्रजित भएर उसको अनुयायी भई बस्नु।"

जम्बु परिव्राजिका त्यहाँबाट बिदावाजि भई निस्किन्। बाटोमा जसलाई भेटे पनि तिनले प्रश्न गर्ने गर्थिन्। वाद-विवाद गर्नमा तिनी अत्यन्त कुशल भइन्। तिनीसँग वाद-विवाद गर्न पर्ला भनी मानिसहरू डराएर भाग्थे।

तिनी **गाम** अथवा **निगम**मा भिक्षा जानु भन्दा पहिले गाउँको ढोकामा बालुवा थुपारी त्यस माथि **जम्बुबोट**को हाँगा घुसारी 'जसले मसँग वाद-विवाद गर्ने इच्छा गर्दछ; उसले यो हाँगा निकालेर फ्याक्नु' भनी जानकारी दिएर मात्र भिक्षा माग्न निस्किन्थिइन्। यसरी घुम्दै-फिर्दै एक दिन तिनी **श्रावस्ती नगर**को ढोकामा आइपुगिन्। त्यहाँ पनि तिनले बालुवा थुपारी त्यसमाथि एउटा हाँगा घुसारेर माथि उल्लेख गरे अनुसार जानकारी दिई भिक्षाको लागि नगर भित्र पसिन्।

यो दृश्य देखी थुप्रै केटा-केटीहरू त्यहाँ जम्मा हुन थाले।

त्यस दिन **सारिपुत्र स्थविर** नगरमा भिक्षाचरण जानु भई भोजन पश्चात् फर्कनु हुँदा नगर-द्वारमा केटा-केटीहरू जम्मा भइरहेको देख्नु भई त्यसको कारण सोध्नु भयो।

तिनीहरूले त्यहाँ भइरहेको सबै कुरा बिन्ति गरेपछि उहाँले भन्नु भयो– "तिमीहरूले त्यस रूखको हाँगा निकालेर फ्याँकी देऊ। परिव्राजिकाको प्रश्नको उत्तर मैले दिनेछु।"

तिनीहरूले स्थविरले भन्नु भए जस्तै जम्बुबोटको हाँगा निकाली फ्याँकी दिए। परिव्राजिका भिक्षाबाट फर्केर आउँदा त्यहाँ त्यस्तो घटना देखी त्यसको कारण सोधिन्।

सारिपुत्र स्थविरले तिनलाई सम्बोधन गर्नु भई भन्नु भयो– "बहिनी! तिमीसँग वाद-विवाद गर्न म तयार छु। तिमीलाई जे प्रश्न

गर्न मन लाग्छ, गर ।"

परिव्राजिकाले एक पछि अर्को गर्दै एक हजार वटा प्रश्नहरू सोधिन् । सारिपुत्र स्थविरले सबै प्रश्नको सही उत्तर दिनु भयो र भन्नु भयो– "बहिनी ! तिम्रो प्रश्न यति मात्रै हो कि अरू पनि बाँकी छन् ?"

तिनले बिन्ति गरिन्– "भन्ते ! मसँग भएको प्रश्न यति मात्रै हो, अरू बाँकी छैन ।"

सारिपुत्र स्थविरले भन्नु भयो– "बहिनी ! तिमीले मसँग धेरै प्रश्न गऱ्यौ । अब तिमीसँग म एउटा प्रश्न सोध्छु; जवाफ दिनु ।"

उहाँले प्रश्न गर्नु भयो– "**एक नाम किं ?** अर्थात् यस संसारमा एउटै मात्र नाम भएको के ?"

यस्तो प्रश्न सुनी तिनी जिल्ल परिन् र प्रश्न माथि प्रश्न गर्न थालिन्– "भन्ते ! यो कुन प्रकारको प्रश्न हो ?"

स्थविरले भन्नु भयो– "बहिनी ! यसलाई **बुद्ध-प्रश्न** भनिन्छ ।"

तिनले त्यस प्रश्नको उत्तर थाहा पाउन र सही अर्थमा धर्मको अध्ययन एवम् अभ्यास गर्न तिनी **बुद्ध-शासन**मा **प्रव्रजित** भइन् । **उपसम्पदा** प्राप्त गरिसकेपछि तिनलाई **कुण्डलकेसी भिक्षुणी** भनी चिनिन थाल्यो । भिक्षुणी भएको केही दिन भित्रै **विपश्यना ध्यान**द्वारा **प्रतिसम्भिदा ज्ञान** सहित **अरहन्त** भइन् ।

एक दिन भिक्षुहरूको धर्म सभामा कुण्डलकेसी भिक्षुणीले थोरै धर्मका कुरा सुनेर पनि जीवन मुक्त हुन सकेको विषयमा कुरा चलिरहेको थियो । त्यसै बेला भगवान बुद्ध त्यहाँ आइपुग्नु भयो र भिक्षुहरूको बीचमा चलिरहेको कुराको जानकारी लिनु भयो ।

तथागतले भन्नु भयो– "भिक्षुहरू ! मेरो धर्म-उपदेशलाई धेरै-थोरै भनी मूल्यांकन गर्नु ठीक छैन । अनर्थ पदले संयुक्त भएको धेरै



गाथा भए पनि उत्तम हुँदैन । अर्थ सहितको गाथा एउटै मात्र भएपनि उत्तम हुन्छ; जुन गाथा सुनेर शान्ति प्राप्त हुन्छ । त्यस्तै हजार संग्राममा जित्नु भन्दा मन भित्रको क्लेशसँग संग्राम गरी जित्नेलाई संग्राम विजयी भनिन्छ ।"

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भई धर्म-उपदेश गर्नु भयो–

**"यो च गाथासतं भासे – अनत्थपद संहिता ।**
**एकं धम्मपदं सेय्यो – यं सुत्वा उपसम्मति ॥"**

अर्थ– अनर्थ पद युक्त सयौं गाथा (श्लोक) पढ्नु भन्दा धर्मपदले युक्त भएको एउटा गाथा पढ्नु उत्तम हुन्छ; जुन गाथा सुनेर शान्ति प्राप्त हुन्छ ।

**"यो सहस्सं सहस्सेन – सङ्गामे मानुसे जिने ।**
**एकञ्च जेय्य अत्तानं – स वे सङ्गामजुत्तमो ॥"**

अर्थ– युद्ध भूमिमा संग्राम गरी हजारौं मानिसलाई जित्नु भन्दा आफूलाई दमन गरी आफ्नो मनलाई जित्न सक्नेलाई नै संग्राममा जितेको वीर योद्धा भनिन्छ ।

तथागतको यस धर्म-देशनाको अन्तमा धेरै मानिसहरू **स्रोतापत्ति मार्ग-फल** प्राप्त गर्नमा सफल भए ।

'कुण्डलकेसी थेरीको कथा समाप्त' ।

## ८.४. (अनर्थ हुने कुरा सोध्ने ब्राह्मणको कथा)

# ८.४. आफूलाई जित्नु श्रेष्ठ छ

८. (१०४) “**अत्ता हवे जितं सेय्यो – या चायं इतरा पजा ।**
**अत्तदन्तस्स पोसस्स – निच्चं सञ्ञत चारिनो**” ॥५॥

८. (१०५) “**नेव देवो न गन्धब्बो – न मारो सह ब्रह्मुना ।**
**जितं अपजितं कयिरा – एवरूपस्स जन्तुनो**” ॥६॥

एक समय **भगवान बुद्ध श्रावस्ती**को **जेतवनाराम**मा विहार गरिरहनु भएको थियो । त्यस बेला **तथागत**ले यो गाथा अनर्थ हुने कुरा सोध्ने **ब्राह्मण**को कारणमा आज्ञा गर्नु भएको हो ।

एक दिन एक जना ब्राह्मण भगवान बुद्ध कहाँ आई यसरी प्रश्न गर्‍यो– “भन्ते, भगवन् ! तपाईंले ‘अर्थ’ राम्रो हुने कुरा मात्रै जान्नु हुन्छ कि ‘अनर्थ’ नराम्रो हुने, नोक्सान हुने कुरा पनि जान्नु हुन्छ ?”

तथागतले भन्नु भयो– “ब्राह्मण ! ‘अर्थ’ राम्रो हुने कुरा र ‘अनर्थ’ नराम्रो हुने कुरा– यी दुबै कुरालाई मेलै राम्रोसँग जानी राखेको छु ।”

ब्राह्मणले बिन्ति गर्‍यो– “भन्ते, भगवन् ! त्यसो भए मलाई दया गर्नु भई ‘अनर्थ’ हुने कारण बताई दिनु होस् ।”

तथागतले उसलाई यो गाथा आज्ञा गर्नु भयो–

“**उस्सूरसेय्यं आलस्यं, चण्डिक्कं दीघसोण्डियं ।**
**एकस्सद्धानगमनं परदारूपसेवनं ।**
**एतं ब्राह्मण सेवस्सु, अनत्थं ते भविस्सती ॥**”



अर्थ– अबेलासम्म सुतिरहने, अल्छि भएर बस्ने, चण्ड स्वभाव भएको हुने, थुप्रै धन संग्रह गरेर पनि अरूलाई नदिने, बाटोमा एक्लै हिंड्ने, व्यभिचार गर्ने– यी कामहरू गरेमा हे ब्राह्मण ! तिमीलाई ‘अनर्थ’ हुन्छ, नराम्रो हुन्छ ।”

तथागतको यो उपदेश सुनी ‘**साधु**’, ‘**साधु**’ भनी ब्राह्मणले ‘**साधुकार**’ दियो ।

फेरि उसले बिन्ति गर्‍यो– “भन्ते, भगवन् ! तथागत **गणाचार्य**हरूमा **गण श्रेष्ठ** हुनुहुन्छ । तथागतले **अर्थ** पनि **अनर्थ** पनि राम्रोसँग जान्नु भएको रहेछ ।”

तथागतले भन्नु भयो– “हो, ब्राह्मण ! त्यस्तै हो । अनर्थ जान्नेहरूमा तथागत समान यो संसारमा अरू कोही छैन ।”

भगवान बुद्धले उसको बस्ने ठाउँ र काम विचार गर्नु भई त्यस ब्राह्मणसँग प्रश्न गर्नु भयो– “ब्राह्मण ! तिमी के गरी जीविका गर्दछौ ?”

ब्राह्मणले बिन्ति गर्‍यो– “भगवन् ! म **जुवा** खेलेर जीविका गर्दछु ।”

तथागतले फेरि प्रश्न गर्नु भयो– “ब्राह्मण ! जुवा खेल्दा तिमी जित्छौ कि हार्छौ ?”

उसले बिन्ति गर्दै भन्यो– “भगवन् ! कहिले जित्छु, कहिले हार्छु ।”

तथागतले उसलाई सम्बोधन गर्नु भई भन्नु भयो– “ब्राह्मण ! अरूसँग जितेर लिएको चीजलाई साँचिकै जितेको भनिंदैन । जसले आफ्नो क्लेशलाई जितेको हुन्छ, त्यसैलाई साँचिकै जितेको भनिन्छ । क्लेशलाई जितिसकेको व्यक्तिलाई अरू कसैले फेरि हराउन सक्तैन ।”

यसै सन्दर्भमा तथागतले धर्म-देशना गर्नु भई यी गाथा प्रकाशमा ल्याउनु भयो–

**“अत्ता हवे जितं सेय्यो – या चायं इतरा पजा ।**
**अत्तदन्तस्स पोसस्स – निच्चं सञ्ञत चारिनो ॥”**

**“नेव देवो न गन्धब्बो – न मारो सह ब्रह्मुना ।**
**जितं अपजितं कयिरा – एवरूपस्स जन्तुनो ॥”**

अर्थ– अरूलाई जित्नु भन्दा आफूलाई जित्नु राम्रो हो; किनभने आफूले आफूलाई दमन गरी सधैं संयमी भई जितेर बस्ने व्यक्तिलाई **देव, गन्धर्व, मार** र **ब्राह्मण**हरूले पनि हराउन सक्तैनन् ।

तथागतको यस धर्म-देशनाको अन्तमा धेरै मानिसहरूले **स्रोतापत्ति मार्ग-फल** आदि प्राप्त गर्नमा सफल भए ।

‘अनर्थ हुने कुरा सोध्ने ब्राह्मणको कथा समाप्त’ ।

## ८.५. (सारिपुत्र स्थविरको मामा ब्राह्मणको कथा)

# ८.५. परिशुद्ध मन भएकोलाई पूजा गर्नु श्रेष्ठ छ

८. (१०६) **“मासे मासे सहस्सेन – यो यजेथ सतं समं ।**
**एकं च भावितत्तानं – मुहुत्तमपि पूजये ।**
**सा येव पूजना सेय्यो – यं चे वस्ससतं हुतं” ॥७॥**

एक समय **भगवान बुद्ध राजगृह नगर**को **वेलुवनाराम**मा विहार गरिरहनु भएको थियो । त्यस बेला **तथागत**ले यो गाथा **सारिपुत्र स्थविर**को **मामा ब्राह्मण**को कारणमा आज्ञा गर्नु भएको हो ।

एक दिन सारिपुत्र स्थविर आफ्नो मामा कहाँ जानु भई उनीसँग प्रश्न गर्नु भयो– “ब्राह्मण ! तपाईले कुनै कुशल कर्म गरिरहनु भएको छ ?”

ब्राह्मणले हात जोडेर भन्यो– “भन्ते ! मैंले प्रत्येक महिना एक हजार रूपियाँ (**काहापण**) **निर्ग्रन्थ**हरूलाई दान दिइरहेको छु ।”

स्थविरले सोध्नु भयो– “ब्राह्मण ! तपाईले महिनाको एक हजार रूपियाँ दान गर्दा के प्रार्थना गर्नु भयो ?”

ब्राह्मणले बिन्ति गऱ्यो– “भन्ते ! मैले **ब्रह्मलोक** जाने प्रार्थना गरी दान दिई रहें ।”

स्थविरले प्रश्न गर्नु भयो– “ब्राह्मण ! ‘ब्रह्मलोक सबभन्दा श्रेष्ठ ठाउँ हो’ भनी तपाईलाई कसले भन्यो ?”

ब्राह्मणले फेरि हात जोडेर भन्यो– “भन्ते ! हाम्रा **आचार्य-प्राचार्य**हरूले यस्तै भन्ने गर्नु हुन्छ ।”

सारिपुत्र स्थविरले उसलाई सम्झाउँदै भन्नु भयो– “ब्राह्मण !

न तपाईलाई ब्रह्मलोक जाने बाटो थाहा छ, न तपाईंको आचार्य-प्राचार्यलाई नै । यस लोकमा **तथागत सम्यक् सम्बुद्ध**लाई मात्रै यो कुरो राम्रोसँग थाहा भएको हुन्छ। तपाई मसँग आउनु होस्। म तपाईलाई ब्रह्मलोक जाने बाटो थाहा भएको तथागत कहाँ लगी दिन्छु।"

ब्राह्मणसँगै सारिपुत्र स्थविर भगवान बुद्ध कहाँ जानु भयो । उनीसँग वार्तालाप भएको सबै कुरा तथागतलाई बिन्ति गर्दै भन्नु भयो– "भगवन् शास्ता ! यस ब्राह्मणलाई ब्रह्मलोक जाने बाटो बताई दिनु भए राम्रो हुने थियो ।"

तथागतले ब्राह्मणसँग प्रश्न गर्नु भयो– "ब्राह्मण ! के साँचै तिमी ब्रह्मलोक जान चाहन्छौ ?"

ब्राह्मणले दुइ हात जोडेर भन्यो– "भन्ते, भगवन्! म ब्रह्मलोक जान चाहेको कुरा सत्य हो ।"

भगवान बुद्धले भन्नु भयो– "ब्राह्मण ! तिमीले शय वर्षसम्म यसरी दान गरिरहनु भन्दा प्रसन्न मनले **श्रावकसंघ**लाई **हेर्नु** अथवा **एक चमच** मात्र भिक्षा दान दिनु नै महान फल प्राप्त हुन्छ ।"

यसै सन्दर्भमा तथागतले धर्म-देशना गर्नु भई यो गाथा प्रकाशमा ल्याउनु भयो–

**"मासे मासे सहस्सेन – यो यजेथ सतं समं ।**<br>
**एकं च भावितत्तानं – मुहुत्तमपि पूजये ।**<br>
**सा येव पूजना सेय्यो – यं चे वस्ससतं हुतं ॥"**

अर्थ– महिना महिनामा हजारौ रूपियाँ खर्च गरी **यज्ञ होम** गर्नु भन्दा परिशुद्ध चित्त भएको संयमी व्यक्तिलाई केही बेर पूजा सत्कार गर्नु वेश हुन्छ । शय वर्ष होम गरेको कार्य भन्दा क्षण भरको त्यस पूजा नै श्रेष्ठ हुन्छ ।



तथागतको यस धर्म-देशनाको अन्तमा ब्राह्मण **स्रोतापत्ति मार्ग-फल**मा प्रतिष्ठित भयो । अरू धेरै मानिसहरूले पनि **स्रोतापत्ति मार्ग-फल** प्राप्त गर्नमा सफल भए ।

'सारिपुत्र स्थविरको मामा ब्राह्मणको कथा समाप्त' ।

## ८.६. (सारिपुत्र स्थविरको भाञ्जाको कथा)

# ८.६. यज्ञ भन्दा ध्यानीलाई क्षणभरको पूजा गर्नु श्रेष्ठ छ

८. (१०७) **"यो च वस्ससतं जन्तु – अग्गिं परिचरे वने ।**
**एकञ्च भावितत्तानं – मुहुत्तमपि पूजये ।**
**सा येव पूजना सेय्यो – यञ्चे वस्ससतं हुतं" ॥८॥**

एक समय **भगवान बुद्ध राजगृह नगर**को **वेलुवनाराम**मा विहार गरिरहनु भएको थियो । त्यस बेला **तथागत**ले यो गाथा **सारिपुत्र स्थविर**को **भाञ्जा**को कारणमा आज्ञा गर्नु भएको हो ।

एक दिन सारिपुत्र स्थविर आफ्नो भाञ्जा कहाँ जानु भई प्रश्न गर्नु भयो– "ब्राह्मण ! तिमीले कुनै कुशल कर्म अथवा पुण्य गरिरहेका छौ ?"

ब्राह्मण भाञ्जाले बिन्ति गर्दै भन्यो– "भन्ते ! मैंले पुण्य कर्म गर्दैछु। त्यो के भने प्रत्येक महिना एक पटक एउटा **पशु बलि** दिई **यज्ञ** गर्दैछु ।"

स्थविरले सोध्नु भयो– "के कारणले तिमीले पशु बलि दिने कर्म गरेको ? तिम्रो लक्ष्य के हो ?"

भाञ्जाले हात जोडेर भन्यो– "भन्ते ! **ब्रह्मलोक** जानको लागि पशु बलि दिने कार्य गर्दै आइरहेको हुँ । मेरो **आचार्य-प्राचार्य**हरूले मलाई यस्तै निर्देशन दिनु भएको छ । उहाँहरूको कुरामा विश्वास राखी मैले यस्तो कर्म गर्दैछु ।"



सारिपुत्र स्थविरले उसलाई भन्नु भयो– "ब्राह्मण ! तिमीलाई ब्रह्मलोक जाने बाटो थाहा रहेनछ। तिम्रो आचार्य-प्राचार्य भनेकाहरूलाई पनि यस कुराको ज्ञान रहेनछ । तिमी मसँग आऊ । म तिमीलाई ब्रह्मलोक जाने बाटो थाहा भएको तथागत कहाँ पुऱ्याई दिन्छु ।"

सारिपुत्र स्थविर आफ्नो भाञ्जालाई साथमा लिई तथागत कहाँ जानु भयो । 'ब्रह्मलोक जानको लागि उसले के कस्तो कर्म गर्दैछ' भन्ने कुरा तथागतलाई बिन्ति गर्दै भन्नु भयो– "भगवन् शास्ता ! यस ब्राह्मणलाई ब्रह्मलोक जाने बाटो राम्रोसँग बताई दिनु भए यसको कल्याण हुनेछ ।"

भगवान बुद्धले त्यस ब्राह्मणलाई सम्बोधन गर्नु भई भन्नु भयो– "ब्राह्मण ! के तिमीलाई साँचै ब्रह्मलोक जान मन लाग्छ ?"

ब्राह्मणले बिन्ति गऱ्यो– "भगवन् ! मलाई ब्रह्मलोक जान मन लाग्छ ।"

तथागतले उसलाई सम्झाउँदै भन्नु भयो– "ब्राह्मण ! शय वर्षसम्म यसरी **यज्ञ-होम** गरिरहे पनि तिमीले ब्रह्मलोकको बाटो पहिल्याउन सक्तैनौ । तिम्रो यस्तो यज्ञ होम भन्दा आफूले आफूलाई दमन गरेर बसेको व्यक्तिलाई क्षणभर पूजा गरेको पुण्य नै महान फलदायी हुन्छ ।"

यसै सन्दर्भमा तथागतले धर्म-देशना गर्नु भई यो गाथा प्रकाशमा ल्याउनु भयो–

**"यो च वस्ससतं जन्तु – अग्गिं परिचरे वने ।**
**एकञ्च भावितत्तानं – मुहुत्तमपि पूजये ।**
**सा येव पूजना सेय्यो – यञ्चे वस्ससतं हुतं ॥"**

अर्थ– शय वर्ष जंगलमा बसी यज्ञ गर्नु भन्दा परिशुद्ध चित्त भएको संयमी व्यक्तिलाई क्षण भर पूजा गर्नु वेश हुन्छ । शय वर्ष गरेको यज्ञ भन्दा क्षणभर गरेको त्यस पूजा नै उत्तम फलदायी हुन्छ ।

तथागतको यस धर्म-देशनाको अन्तमा ब्राह्मण **स्रोतापत्ति मार्ग-फल**मा प्रतिष्ठित भयो । अरू धेरै मानिसहरू पनि **स्रोतापत्ति मार्ग-फल** प्राप्त गर्नमा सफल भए ।

'सारिपुत्र स्थविरको भाञ्जाको कथा समाप्त' ।

८.७. (**सारिपुत्र स्थविरको मित्र ब्राह्मणको कथा**)

## ८.७. आर्य पुद्गललाई अभिवादन गर्नु यज्ञ-होम भन्दा श्रेष्ठ हुन्छ

८. (१०८) "**यं किञ्चि यिट्ठं च हुतं लोके,**
**सवच्छरं यजेथ पुञ्ञपेक्खो ।**
**सब्बम्पि तं न चतुभागमेति,**
**अभिवादना उज्जुगतेसु सेय्यो**" ॥९॥

एक समय **भगवान बुद्ध राजगृह नगर**को **वेलुवनाराम**मा विहार गरिरहनु भएको थियो । त्यस बेला **तथागत**ले यो गाथा **सारिपुत्र स्थविर**को एक जना **ब्राह्मण मित्र**को कारणमा आज्ञा गर्नु भएको हो ।

एक दिन सारिपुत्र स्थविर आफ्नो एक मित्र ब्राह्मण कहाँ जानु भयो । कुशल वार्तापछि उहाँले आफ्नो मित्र ब्राह्मणलाई सोध्नु भयो– "मित्र ब्राह्मण ! तिमीले कुनै पुण्य कर्म गरिरहेका छौ ? गर्दैछौ भने के कस्तो कर्म गर्दैछौ ?"

ब्राह्मणले बिन्ति गऱ्यो– "भन्ते ! मैंले उत्तम प्रकारको **इष्ट यज्ञ-होम** गर्दैछु ।"

त्यस बेला यस्तो यज्ञ-होम गर्नको लागि थुप्रै धन राशि खर्च गर्नु पर्दथ्यो । त्यसकारण स्थविरले फेरि प्रश्न गर्नु भयो– "ब्राह्मण ! तिमीले यत्तिको धन राशि खर्च गरी यज्ञ-होम गरेको कारण के हो ?"

उसले बिन्ति गऱ्यो– "भन्ते ! **ब्रह्मलोक**मा जानको लागि मैले यस्तो यज्ञ-होम गर्दैछु ।"

स्थविरले सोध्नु भयो– "ब्राह्मण ! तिमी ब्रह्मलोक किन जान चाहेको ? के ब्रह्मलोक सबभन्दा श्रेष्ठ ठाउँ हो ?"

ब्राह्मणले हात जोडेर भन्यो– "भन्ते ! हाम्रा **आचार्य-प्राचार्य**हरूले यस्तै भन्नु हुन्छ । हामी उहाँहरूको कुरामा विश्वास गर्छौं ।"

सारिपुत्र स्थविरले भन्नु भयो– "ब्राह्मण ! तिमीलाई ब्रह्मलोक जाने बाटो थाहा रहेनछ । तिम्रो आचार्य-प्राचार्यहरूलाई पनि यस कुराको ज्ञान छैन रहेछ । यस लोकमा **तथागत सम्यक् सम्बुद्ध**लाई मात्रै यस कुराको राम्रो ज्ञान छ । तिमी मसँग आऊ । म तिमीलाई ब्रह्मलोक जाने बाटो राम्रोसँग थाहा भएको तथागत कहाँ पुऱ्याई दिन्छु ।"

त्यस पछि सारिपुत्र स्थविर आफ्नो मित्र ब्राह्मणलाई लिई तथागत कहाँ जानु भयो । उनीसँग भएको सबै कुरा तथागतलाई अवगत गराउनु भई सारिपुत्र स्थविरले यसरी निवेदन गर्नु भयो– "भगवन् शास्ता ! मेरो साथी यस ब्राह्मणलाई ब्रह्मलोक जाने बाटो दर्शाई दिनु होस् ।"

तथागतले त्यस ब्राह्मणसँग प्रश्न गर्नु भयो– "ब्राह्मण ! के तिमी ब्रह्मलोक जान चाहन्छौ ?"

ब्राह्मणले विनम्र भई बिन्ति गर्दै भन्यो– "भन्ते, भगवन् ! हो, म ब्रह्मलोक जान चाहन्छु ।"

भगवान बुद्धले भन्नु भयो– "ब्राह्मण ! तिमीले ब्रह्मलोक जानको लागि वर्ष भरीसम्म दिन-दिनै धेरै धन राशि परित्याग गऱ्यौ । **इष्ट** र **उत्तम यज्ञ-होम** गरी धेरै जनतालाई दान-पुण्य गऱ्यौ । तर त्यस दान-पुण्यको फल तथागतको श्रावक सङ्घलाई प्रसन्न मनले एक पल्ट वन्दना गरेको कुशल चेतना भन्दा चार भागको एक भाग बराबर पनि हुन आउँदैन ।"



यसै सन्दर्भमा तथागतले धर्म-उपदेश गर्नु भई यो गाथा प्रकाशमा ल्याउनु भयो–

**"यं किञ्चि यिट्ठं च हुतं लोके,**
**सवच्छरं यजेथ पुञ्ञपेक्खो ।**
**सब्बम्पि तं न चतुभागमेति,**
**अभिवादना उज्जुगतेसु सेय्यो ॥"**

अर्थ– पुण्यको इच्छा गरी वर्ष भरीसम्म जुनसुकै यज्ञ-होम गरी प्राप्त गरेको पुण्य भन्दा सीधा चित्त भएको आर्य पुद्गललाई अभिवादन गरेको पुण्यको दाँजोमा चार भागको एक भाग बराबर पनि हुँदैन अर्थात् अभिवादन नै श्रेष्ठ हुन्छ ।

तथागतको यस धर्म-देशनाको अन्तमा त्यस ब्राह्मण **स्रोतापत्ति मार्ग-फल**मा प्रतिष्ठित भयो । अरू पनि धेरै मानिसहरू **स्रोतापत्ति मार्ग-फल** प्राप्त गर्नमा सफल भए ।

'सारिपुत्र स्थविरको मित्र ब्राह्मणको कथा समाप्त' ।

## ८.८. (दीर्घायु कुमारको कथा)

# ८.८. आयु, वर्ण, सुख, बल वृद्धि हुन्छ

८. (१०९) **"अभिवादनसीलिस्स[1] – निच्चं वद्धापचायिनो[2] ।**
**चत्तारो धम्मा वड्ढन्ति – आयुवण्णो सुखं बलं"** ॥१०॥

एक समय **भगवान बुद्ध दीघलङ्घिक अरञ्ञ कुटी**मा विहार गरिरहनु भएको थियो । त्यस बेला **तथागत**ले यो गाथा **दीर्घायु कुमार**को कारणमा आज्ञा गर्नु भएको हो ।

**दीघलङ्घिक नगर**मा दुइ जना ब्राह्मण साथीहरू थिए । एक दिन ती दुबै ब्राह्मणहरू **निर्ग्रन्थ साधु**हरू कहाँ गई **प्रव्रजित** भए । त्यहाँ तिनीहरू ४५ वर्ष सम्म तपश्चर्या गरी बसे ।

एक दिन ती दुइ तपस्वी मध्ये एक जनाको मनमा यस्तो कुरा खेल्यो– "म यसरी तपस्वी भएर बस्दा मेरो वंश परम्परा नाश भएर जानेछ । म त गृहस्थ भएरै जानु पर्‍यो ।"

यसरी विचार गरी उसले आफूले बनाई राखेको आश्रम र अन्य सामान अरूलाई बेच्यो । त्यसबाट पाएको पैसाले शय वटा गाई किन्यो । अझै शय रूपियाँ उसँग बाँकी रहयो । उसले एउटी स्वास्नी पनि ल्यायो । यसरी उसले गृही जीवन बिताई रहयो । केही समयपछि उसले एउटा छोरो पायो ।

त्यस बेला उसको पुरानो साथी **तपस्वी** पनि शहरमा आएको थियो । यो कुरो थाहा पाई ऊ पत्नी र छोरो सहित तपस्वीको दर्शन गर्न गयो । उसले सबभन्दा पहिले तपस्वीलाई वन्दना गर्‍यो । त्यसपछि

१. सि. अभिवादनसीलस्स, २. वुद्धापचायिनो ।



उसको पत्नीले गरिन् । अनि छोरोलाई वन्दना गरायो । तपस्वीले ती दुबै पति-पत्नीलाई **'दीर्घायु होस्'** भनी **आशिर्वाद** दियो तर छोरोचाहिंलाई वन्दना गराउँदा आशिर्वाद नदिई चूप लागेर बसिरहयो । त्यसकारण उसले तपस्वीसँग यसको कारण सोध्यो ।

तपस्वीले भन्यो– "ब्राह्मण ! यो बालकको आयुमा केही **भय-अन्तराय** छ । यो बालक सात दिन भन्दा बढी बाँच्दैन ।"

उसले सोध्यो– "यसलाई बचाउने कुनै उपाय होला ?"

तपस्वीले भन्यो– "मलाई त थाहा छैन । **श्रमण गौतम**कहाँ गए कुनै उपाय होला कि ।"

ब्राह्मण भगवान बुद्ध कहाँ गई पहिले आफूले वन्दना गर्‍यो । तथागतले **'दीर्घायु होस्'** भनी आशिर्वाद दिनु भयो । पत्नीले वन्दना गरिन् । त्यस्तै आशिर्वाद दिनु भयो । छोरो चाहिंलाई वन्दना गराउँदा केही पनि भन्नु भएन ।

ब्राह्मणले यसको कारण सोधिसकेपछि 'बालकलाई बचाउने कुनै उपाय होला कि' भनी सादर बिन्ति गर्‍यो ।

तथागतले भन्नु भयो– "ब्राह्मण ! यदि तिमीले आफ्नो घर अगाडि मण्डप बनाई बालकलाई बीचमा राखी भिक्षु महासंघबाट सात दिनसम्म **अखण्ड परित्राण** पाठ गराउन सके यसको **मरण-भय-अन्तराय**को अन्त हुन सक्ने सम्भावना छ ।"

ब्राह्मणले तथागतले भन्नु भए अनुसार मण्डप बनाई आफ्नो छोरोलाई मण्डपको बीचमा राखी सात दिनसम्म भिक्षुमहासंघबाट अखण्ड परित्राण पाठ गराई रहयो । सातौं दिनमा भगवान बुद्ध त्यस मण्डपमा आउनु भई विछ्याइएको आसनमा बस्नु भयो । तथागतको उपस्थितिले **समस्त चक्रवाल**का देवताहरू त्यहाँ भेला भए ।

एक जना **अवरुद्ध** भन्ने **यक्ष**ले १२ वर्ष सम्म **वैश्रवण देवराज**को सेवा गरेको हुनाले सातौं दिनमा त्यस यक्षले त्यस बालकलाई खाने अनुमति पाएको रहेछ । त्यसकारण अवरुद्ध यक्ष त्यस मण्डप नजिक सात दिन देखि बालकलाई लिएर जान पर्खिरहेको थियो । सातौं दिनमा भगवान बुद्धको उपस्थितिले गर्दा त्यहाँ आनुभावशाली देवताहरू चारै तिरबाट भेला हुन आएकोले तिनीहरूलाई ठाउँ छोडि दिंदा-दिंदै यक्ष त्यस स्थानबाट धेरै टाढा पुग्नु परेको थियो । सातौं दिनको रात भरी नै भगवान बुद्धसहित भिक्षु महासंघले **महापरित्राण** पाठ गरिरहनु भयो । अवरुद्ध यक्ष सात दिन सात रात पर्खेर पनि बालकलाई खान नपाएपछि निराश भई ऊ फर्क्यो ।

आठौं दिनको बिहान सबेरै बालकलाई ल्याई तथागतको **श्रीपाद**मा ढोग्न लगायो । तथागले '**दीर्घायु होस्**' भनी आशिर्वाद दिनु भयो ।

ब्राह्मणले बिन्ति गऱ्यो– "भन्ते, भगवन् ! अब यो बालकको आयु कति होला ?"

तथागतले भन्नु भयो– "ब्राह्मण ! यो बालकको आयु १२० वर्ष हुनेछ ।"

त्यस दिन देखि बालकको नाम '**दीर्घायु कुमार**' राखियो । दीर्घायु कुमार क्रमशः बढ्दै ठूलो भयो । ५०० उपासक-उपासिका साथीहरूसँग ऊ घुम्न थाल्यो ।

एक दिन भिक्षुहरूको धर्म-सभामा दीर्घायु कुमारको विषयमा कुरा चलिरहेको थियो । त्यसै बेला तथागत त्यहाँ आइपुग्नु भई 'भिक्षुहरूको बीचमा के कुरा चलिरहेको हो' त्यसको जानकारी लिनु भयो । त्यसपछि तथागतले भिक्षुहरूलाई सम्बोधन गर्नु भई भन्नु भयो– "भिक्षुहरू ! आफूभन्दा **जेष्ठ, सुयोग्य, गुणवान**हरूलाई **अभिवादन,**



**वन्दन, पूजन** गर्ने मानिसहरूलाई चार प्रकारका चीजहरू अभिवृद्धि हुन्छन्, साथै भय-अन्तरायबाट पनि तिनीहरू मुक्त हुनसक्छन् । आ-आफ्नो आयु रहुँञ्जेल बाँच्न सक्ने हुन्छन् ।"

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भई धर्म-देशना गर्नु भयो–

**"अभिवादनसीलिस्स – निच्चं वद्धापचायिनो ।**
**चत्तारो धम्मा वड्ढन्ति – आयुवण्णो सुखं बलं ॥"**

अर्थ– अभिवादन अर्थात् अरूलाई वन्दना, नमस्कार गर्ने शील-स्वभाव भएको र सधैं आफूभन्दा जेष्ठलाई आदर-सम्मान गर्ने व्यक्तिको **आयु, वर्ण, सुख** र **बल**– यी चार सम्पत्ति अभिवृद्धि हुन्छ ।

तथागतको यस धर्म-देशनाको अन्तमा '**दीर्घायु कुमार**' सहित ५०० उपासक-उपासिकाहरू **स्रोतापत्ति मार्ग-फल**मा प्रतिष्ठित भए । अरू धेरै मानिसहरू **मार्ग-फल** प्राप्त गर्नमा सफल भए ।

'दीर्घायु कुमारको कथा समाप्त' ।

## ८.९. (**संकिच्च श्रामणेरको कथा**)

# ८.९. (क) तीसजना कर्मस्थान ध्यान गर्ने भिक्षुहरू

८. (११०) “**यो च वस्ससतं जीवे – दुस्सीलो असमाहितो ।**
**एकाहं जीवितं सेय्यो – सीलवन्तस्स झायिनो**” ॥११॥

एक समय **भगवान बुद्ध श्रावस्ती**को **जेतवनाराम**मा विहार गरिरहनु भएको थियो । त्यस बेला **तथागत**ले यो गाथा **संकिच्च श्रामणेर**को कारणमा आज्ञा गर्नु भएको हो ।

**श्रावस्ती नगर**मा भगवान बुद्धको धर्म-देशना सुनेर प्रभावित भई ३० जना कुलपुत्रहरू **बुद्धशासन**मा प्रव्रजित भए ।

उपसम्पदा भएको पाँच वर्ष पछि **ग्रन्थधुर** र **विपश्यनाधुर**को विषयमा तिनीहरूले राम्रोसँग कुरा बुझे । वृद्ध भइसकेपछि प्रव्रजित भएको कारणले तिनीहरूले ग्रन्थधुर पूरा गर्ने आँट गर्न सकेनन् । त्यसकारण **विपश्यना ध्यान**मा लाग्ने विचार गरी तथागतसँग **अरहन्त** सम्म पुग्न सक्ने कर्मस्थान ध्यान सिकेर कुनै एक जङ्गलमा गई ध्यान-भावना गर्ने निर्णय गरी आज्ञा मागे ।

तथागतले सोध्नु भयो– “भिक्षुहरू ! तिमीहरू कहाँ गएर ध्यान गर्न जाने ?”

ती भिक्षुहरूले बिन्ति गरे– “भन्ते, भगवन् ! यहाँबाट १२० योजन टाढा रहेको फलानो ठाउँमा गई हामी ध्यान गर्न जानेछौं ।”

तिनीहरूको कुरा सुनेर तथागतले ध्यान-दृष्टिले हेर्नु भयो । त्यहाँ एक जना जुठो खाने मानिसको कारणबाट ती भिक्षुहरूलाई भय उत्पन्न हुने देख्नु भयो । सारिपुत्र स्थविरको शिष्य संकिच्च श्रामणेरलाई



साथमा लिएर गएको खण्डमा त्यस भयबाट तिनीहरू मुक्त हुन सक्ने र तिनीहरूको कार्य पनि सफल हुने कुरा देख्नु भयो ।

**संकिच्च श्रामणेरको परिचय —**

**संकिच्च श्रामणेर** हुनेको आमा श्रावस्ती नगरको धनी कुलकी छोरी थिइन् । तिनी गर्भवती छँदै कुनै एक रोग लागी तुरन्तै तिनको मृत्यु भयो । तिनलाई मसानमा लगी दाह संस्कार गरियो । तर तिनको पेटमा रहेको एक डल्लो मासुलाई आगोले छोएन । दाह-संस्कार गर्नेहरूले त्यस मासुको डल्लो चित्ताबाट निकालेर दुइ, तीन ठाउँमा चिम्ताले घोचेर फेरि चितामा राखी दियो । चिम्ताले घोच्दा बालकको आँखिभौमा चोट लाग्यो । तिनीहरूले त्यस मासुको डल्लोमा आगो लगाई राती त्यत्तिकै छोडेर गए ।

भोलिपल्ट ती गर्भिनी स्त्रीको आफन्तहरू चिताको आगो निभाउन आउँदा त्यस चितामा **पद्म-पुष्प** माथि सुवर्ण वर्णको एक बालकलाई देखे । त्यस दृश्य देखी तिनीहरू आश्चर्य चकित भए ।

**पच्छिमभविक** अर्थात् **अन्तिम जन्म लिने** प्राणीलाई **सुमेरु पर्वत**ले थिचे पनि **अरहन्त** प्राप्त नभइकन मृत्यु हुँदैन । चितामा रहेका सम्पूर्ण चीज खरानि भएर पनि सुरक्षित रहेको बालकलाई लिई त्यसको भविष्य थाहा पाउन तिनीहरू ज्योतिष कहाँ सोध्न गए ।

ज्योतिषले भन्यो– “यदि यो बालक गृहस्थ भई बसेमा यसको कुल वंशको सात पुस्तासम्मको आफन्तहरू दरिद्र भएर जानेछन्; प्रव्रजित भएर गएमा ५०० जना श्रमण भिक्षुहरूको साथ लिई यसले लोकमा भ्रमण गर्नेछ ।”

आँखिभौमा घाउ भएको कारणले त्यस बालकलाई **संकिच्च** भनी नामाकरण गरियो । उसको आफन्तहरूले उसलाई ठूलो नभएसम्म

पालन-पोषण गरी राखे। संकिच्च सात वर्षको हुँदा साथीहरूबाट उसले आफ्नो जन्म-कहानि सुन्यो । अनि उसले आफ्नो विषयमा यसरी विचार गऱ्यो– "म यत्रो भयबाट मुक्त भएको रहेछु। म गृहस्थमा बस्नु ठीक छैन । मेरो लागि प्रव्रजित हुनु नै राम्रो हुनेछ ।"

उसले यो निर्णय आफन्तहरूलाई भन्यो । तिनीहरू सारिपुत्र स्थविर कहाँ गई उहाँको हातमा उसलाई समर्पण गर्दै यसरी बिन्ति गरे– "भन्ते ! कृपा गरी यस बालकलाई प्रव्रजित गरी दिनु होस् ।"

संकिच्च श्रामणेर प्रव्रजित हुँदा सात वर्ष मात्र भएको थियो । उसको पूर्व पारमी अनौठो थियो । सारिपुत्र स्थविरले **तचपञ्चक** नामक **कर्मस्थान ध्यान** सिकाउँदै त्यस बालकको कपाल खौरिरहँदा-रहँदै संकिच्च **प्रतिसम्भिदा** सहित **अरहन्त** भएको थियो ।

भगवान बुद्धले यी सबै कुरा विचार गर्नु भई ती भिक्षुहरूलाई भन्नु भयो– "भिक्षुहरू ! तिमीहरू त्यस ठाउँमा ध्यान गर्न जानु भन्दा पहिले सारिपुत्र स्थविरलाई भेटेर मात्रै जानु ।"

तथागतको आज्ञानुसार ती भिक्षुहरू सारिपुत्र स्थविर कहाँ गए । उहाँले तिनीहरूलाई तथागतले आफू कहाँ पठाउनु भएको कारण थाहा पाउनु भई संकिच्च श्रामणेरलाई तिनीहरूको साथमा पठाउनु भयो ।

संकिच्च श्रामणेर सहित ती तीस जना भिक्षुहरू चारिका गर्दै श्रावस्ती नगरबाट १२० योजन टाढा रहेको एउटा गाउँमा आइपुगे । त्यस गाउँमा एक हजार घर परिवार बस्तथे । त्यहाँका मानिसहरूले ती भिक्षुहरूलाई देखेर साह्रै खुशी भई सत्कारपूर्वका खान-पानको व्यवस्था गरी दिए ।

त्यसपछि तिनीहरूले सोधे– "भन्तेहरू ! कहाँ जानलाई आउनु भएको ?"



भिक्षुहरूले भने– "उपासकहरू ! ध्यान गर्नलाई जहाँ अनुकूल पर्दछ; हामी त्यहाँ गएर बस्नेछौं ।"

उपासकहरूले यसरी प्रार्थना गरे– "भन्ते ! तपाईहरू यहीं वर्षावास बस्नु भए राम्रो हुनेछ । तपाईंहरू यहाँ बस्नु भए हामीले प्रतिदिन **पञ्चशील** र **उपोसथ**को दिनमा **अष्टशील** पालन गर्ने मौका पाउने छौं ।"

भिक्षुहरूले तिनीहरूको प्रार्थनालाई स्वीकार गरे पछि त्यहाँका जनताहरू सबै मिलेर ती भिक्षुहरूलाई दिउँसो बस्ने, राति बस्ने, **चंक्रमण** गर्ने स्थानहरूको राम्रोसँग प्रबन्ध मिलाई दिए । पालो-पालो गरी भोजन आदिको व्यवस्था गरी राम्रो सेवा पुऱ्याई रहे ।

वर्षावासको दिनमा ती भिक्षुहरूले आपसमा छलफल गरी यस्तो नियम बनाए– "हामी तथागतसँग **कर्मस्थान भावना** सिकेर आएका हौं । हामी **प्रतिपटि नियम**मा बस्नु पर्दछ । त्यसकारण बिहान भिक्षामा जाने र साँझमा जेष्ठ भिक्षुलाई उपस्थान-सेवा गर्ने दुइ काम बाहेक अरू समयमा हामीहरू दुइ जना एकै ठाउँमा नबस्ने । कोही बिरामी परेमा घण्टा बजाएर ल्याएपछि मात्रै एकै ठाउँमा भेला हुने । आज देखि **अप्रमादी** भई **अरण्य**मा गई रात-दिन **विपश्यना ध्यान**मा लागिरहने ।"

ती भिक्षुहरू यही नियम अनुसार आ-आफ्नो दिन चर्यामा लागिरहेका थिए । सँधै झैं एक दिन भिक्षुहरू गाउँमा गई भिक्षाचरण गरी एउटा नदीको तीरमा बसी भोजन गरिरहेका थिए । त्यस बेला एक जना गरीब मानिस आफ्नो गाउँमा **दुर्भिक्ष** भएकोले छोरीको घरमा गई बस्न त्यही बाटो गरी आइरहेको थियो । त्यहाँ भिक्षुहरूले भोजन गरिरहेको देखेर ऊ एक छेऊमा उभिरहृयो ।

भिक्षुहरूले ऊ त्यहाँ आएको कारण सोधेपछि उसले सबै कुरा बिन्ति गऱ्यो। भिक्षुहरूले दया करुणा राखी उसलाई सबैले एक-एक गाँस भोजन दिए। खाना खाइसकेपछि उसले भिक्षुहरूसँग यसरी प्रश्न गऱ्यो– "भन्तेहरूलाई यो भोजन कसैको निमन्त्रणाबाट प्राप्त भएको हो की ?"

भिक्षुहरूले भने– "होइन, हामीलाई दिनहूँ यहाँ यस्तै भिक्षा प्राप्त हुन्छ।"

त्यस मानिसले मन-मनै सोच्यो– "हामीले जति मेहनत गरी काम गरे पनि यस्तो आहार प्राप्त हुँदैन। अन्त गएर बस्नु भन्दा यहीं बसेर जीविका गर्न पाए वेश हुन्छ।"

यसरी विचार गरी उसले भिक्षुहरूलाई बिन्ति गऱ्यो– "भन्ते ! मलाई तपाईहरूको सेवा गरेर बस्ने इच्छा भयो।"

भिक्षुहरूको अनुमति पाएपछि उसले तिनीहरूको राम्रो सेवा गरी त्यहीं बस्न थाल्यो।

# ८.९. (ख) जेष्ठको आदर गर्नमा महानता

त्यस **जुठो खाने मानिस**ले भिक्षुहरूको सेवा-सुश्रुषा गरी दुइ महिना जति त्यहाँ बितायो। एक दिन उसलाई आफ्नो छोरीलाई भेट्न जाने इच्छा भयो।

'आर्यहरूलाई सोध्न गए पठाउँदैन होला' भनी विचार गरी भिक्षुहरूसँग नसोधिकनै ऊ त्यहाँबाट बाहिर निस्क्यो। उसलाई छोरी कहाँ पुग्न एउटा ठूलो जङ्गलको बाटो पार गर्नु पर्थ्यो। त्यस जङ्गलमा **५०० शय डाँकु**हरूको एक समूह बस्तथ्यो। त्यस बेला तिनीहरूले **कालिमाई**लाई मानिसको बलि दिने भाकल गरी राखेको थियो। अचानक यस जुठो खाने मानिस त्यहाँ आइपुग्दा, सबै डाँकाहरूले उसलाई घेरेर समाती नाइके कहाँ लगे।

नाइकेले उसलाई कालिमाई कहाँ बलि चढाउन लाग्दा ऊ मरण-भयले भयभीत भयो। भिक्षुहरूले उसलाई गरेको सबै उपकार बिर्सेर आफ्नो जीवन रक्षाको लागि उसले यसो भन्यो– "मालिक ! म अर्काको जुठो खाई जीवन निर्वाह गरिरहेको मानिस हुँ। जुठो खाने मानिस अशुद्ध हुन्छ। मेरो आर्य ३१ जना भिक्षुहरू **ब्राह्मण, क्षत्री** आदि उच्च कुलबाट प्रव्रजित भई यस जङ्गलबाट अलि पर बसिरहेका छन्। ती शुद्ध भिक्षुहरूलाई बलि दिएमा कालिमाई खुशी भई तपाईहरूको सम्पूर्ण इच्छापूर्ण गरी दिनेछ।"

डाँकुहरूले उसको कुरामा विश्वास गरी भने– "हुन्छ त; ती ३१ जना भिक्षुहरू कहाँ छन् ? हामीलाई देखाई देऊ।"

त्यस जुठो खाने मानिसले ती डाँकुहरूलाई भिक्षुहरू बस्ने ठाउँ देखाई दियो र भन्यो– "ती भिक्षुहरू बस्ने ठाउँको बीच भागमा

एउटा ठूलो घण्टा झुण्डयाई राखेको छ। घण्टा बजाई दियो कि सबै भिक्षुहरू त्यहाँ भेला हुनेछन् ।"

डाँकाहरूले उसले भनेको जस्तै गरे । आ-आफ्नो स्थानमा बसी **श्रमण-धर्म** पालन गरिरहेका भिक्षुहरूले घण्टाको आवाज सुनी 'आज असमयमा घण्टा बजेछ । कसलाई के भयो होला ? कोही बिरामी पो भयो कि !' भनी सबै त्यस ठाउँमा जम्मा भए ।

डाँकुहरूको नाइकेले भन्यो– "हामीले जङ्गलको कालिमाईलाई एकजना मानिसको बलि चढाउने भाकल गरी राखेका थियौं । त्यसैले एक जना भिक्षु हामीसँग आउनु पर्‍यो ।"

डाँकाहरूको कुरा सुनी जेष्ठ भिक्षुले अरू भिक्षुहरूलाई सम्बोधन गरी भन्यो– "**आयुष्मानहरू** ! यस्तो विपत्ति आइपर्दा जेष्ठ व्यक्तिले आएको समस्यालाई आफ्नो काँधमा लिनु पर्दछ । आफ्नो जीवन परित्याग गर्न म यिनीहरूसँग जाँदैछु । तिमीहरू सबैले **अप्रमादी** भई **श्रमण-धर्म** राम्रोसँग पालन गर्दै गरिरहनु ।"

जेष्ठ भिक्षुको यस्तो कुरा सुनी दोस्रो भिक्षुले आफू जाने निर्णय गर्‍यो । यसरी क्रमशः एक पछि अर्को ३० जना भिक्षुले आफू भन्दा जेष्ठलाई जान नदिई आ-आफ्नो जीवन परित्याग गर्ने कर्तव्य सम्झे ।

अन्तमा सबै भन्दा सानो **सात वर्ष**को **संकिच्च श्रामणेर**ले ती भिक्षुहरूलाई बिन्ति गर्‍यो– "भन्तेहरू ! कृपया तपाईहरू आ-आफ्नो श्रमण-धर्म पालन गर्नु भई यहीं बस्नुहोस् । तपाईहरूको लागि मैले आफ्नो जीवन परित्याग गर्न जानेछु ।"

भिक्षुहरूले भने– "श्रामणेर ! हामीहरू सबै गएर जीवन त्याग गर्नु परेतापनि तिमीलाई डाँकाहरूको हातमा पठाउनु सक्तैनौं । किनभने



तिम्रो उमेर साह्रै सानो छ । फेरि तिमी **धर्म सेनापति सारिपुत्र स्थविर**को शिष्य हौ । यदि तिमीलाई डाँकाहरूको हातमा दिएर पठायौं भने हामीलाई उहाँले निन्दा र उपहास गर्नु हुनेछ ।"

श्रामणेरले फेरि बिन्ति गर्दै भन्यो– "भन्ते ! तपाईंहरूलाई यहाँ यस्तो विपत्ति आउने कुरा तथागतलाई र मेरो आचार्य सारिपुत्र स्थविरलाई पहिल्यै थाहा थियो । त्यसैले भगवान बुद्धले तपाईहरूलाई सारिपुत्र स्थविर कहाँ पठाउनु भएको थियो । फेरि आचार्य सारिपुत्र स्थविरले मलाई तपाईहरूसँग यहाँ पठाउनु भएको कारण पनि यही थियो । त्यसकारण तपाईहरू आ-आफ्नो श्रमण-धर्म पालन गरी बस्नु होस् । मलाई यिनीहरूसँग जान दिनु होस् । यदि तपाईहरू प्रति मेरो कुनै दोष भएमा मलाई क्षमा गर्नु होस्" भन्दै सबै ३० जना भिक्षुहरूलाई सादर वन्दना गर्‍यो ।

त्यसपछि संकिच्च श्रामणेर डाँकाहरूसँग जान विहारबाट बाहिर निस्क्यो । त्यस बेला ती भिक्षुहरूको मनमा ठूलो **दुःख** र **संवेग** उत्पन्न भयो । आँखा भरी आँसु राखी श्रामणेरलाई विदा दिए ।

हुनत तिनीहरू एउटै आमा-बाबुका छोराहरू थिएनन् । न त तिनीहरू राग-द्वेषबाट मुक्त भइसकेका थिए । आफूभन्दा जेष्ठको कत्रो आदर सत्कारको भाव ! बरु आफ्नो जीवन **उत्सर्ग** गर्न तयार भयो तर आफू भन्दा जेष्ठलाई पठाउन तयार भएन । धन्य रहेछ ! यी भिक्षुहरूको परित्यागको भावना !

# ८.९. (ग) शीलवानको एक दिनको जीवन श्रेष्ठ छ

**संकिच्च श्रामणेर** डाँकाहरूसँग जंगलमा गयो । उनीहरूले जहाँ बस्नु भनेको थियो त्यहाँ बसेर श्रामणेर ध्यानमा लीन भयो । डाँकाहरूले कालिमाईलाई बलि दिन जे-जे सार्दाम जोड्नु पर्ने हो तयार गरेर आए । डाँकाहरूको नाइके तरवार लिई ध्यानमा बसिरहेका श्रामणेर कहाँ गयो । तरवारले उसको गर्दनमा प्रहार गऱ्यो । तर तरवारको धारले उनलाई छुन सकेन । नाइकेले बलपूर्वक फेरि हान्यो । धार दोब्रिएर गयो तर श्रामणेरलाई केही भएन । यस्तो आश्चर्यजनक घटना देखी डाँकाहरूको नाइकेले सोच्न थाल्यो– "यो भन्दा पहिले मेरो यो तरवारले पत्थरको खम्बालाई काट्थ्यो, अगराठको खम्बालाई टाडी बोटको नरम भागलाई काटे झैं काट्थ्यो । यो बालकको गर्दनमा पहिलो चोटी हान्दा तरवारको धार दोब्रिएर गयो । दोस्रो चोटी हान्दा टाडी बोटको पात जस्तै चाउरी परेर गयो । चेतना नभएको यस तरवारलाई त यस बालकको गुणको महिमा थाहा रहेछ भने म त चेतना भएको मानिस । मैले कसरी त्यस बालकको गुणलाई सम्झन नसकेको होला !"

यसरी विचार गरी तरवार भूईमा फ्याँकेर उसले श्रामणेरको पाउ ढोगी बिन्ति गऱ्यो– "भन्ते ! हामी धनको लागि यस जङ्गलमा बस्दछौं । हामीलाई देखेर एक हजार मानिसको समूह भएपनि तिनीहरू थर-थर काँप्छन् । दुइ-चार जनाको त कुरै छैन । तपाई एक्लै भएर पनि हामी देखी रत्तिभर पनि डराउनु भएन । आगोमा पोलेको सुवर्ण झैं राम्रोसँग फुलेको कर्णिकार फूल झैं तपाईको अनुहार तेजिलो देखिन्छ । यसको के हेतु हो, के कारण हो ?"

डाँकाहरूको सर्दारको यस्तो याचना युक्त शब्द सुनी संकिच्च



श्रामणेर ध्यानबाट उठी उसलाई सम्बोधन गरी भन्यो– "हे **गामणी उपासक** ! भविष्यका लागि केही आशा नभएकाहरूका लागि **चेतसिक दुःख** हुँदैन । **संयोजन क्षीण** भइसकेका **ऋषि-मुनि**हरू **भय-त्रास**बाट मुक्त भइसकेका हुन्छन् । **आस्रव क्षीण** भइसकेका, **भव-तृष्णा** निर्मूल भइसकेका, **यथार्थ धर्म**लाई साक्षात्कार गरिसकेका **अरहन्त**हरूको लागि मृत्यु टाउँकोको बोझ निकालेर फ्याके जस्तै हलुका हुन्छन् ।"

डाँकाहरूको नाइके गामणीले संकिच्च श्रामणेरको यस्तो उपदेश सुनी अरू ५०० डाँकाहरू तर्फ हेरेर यसो भन्यो– "मलाई अब घर-गृहस्थमा बस्ने इच्छा भएन । म आर्यहरू कहाँ गई **प्रव्रजित** हुन जानेछु ।"

उसको कुरा सुनी सबै डाँकाहरूले प्रव्रजित हुने इच्छा व्यक्त गरी श्रामणेरलाई सादर वन्दना गरी प्रव्रज्या मागे ।

संकिच्च श्रामणेरले तिनीहरू कै तरवारबाट आ-आफ्ना कपाल काट्न लगायो । उनीहरूले लगाई राखेको लुगा टुक्रा-टुक्रा गरी काट्न लगाई पहेँलो रङ्गले रङ्गाउन दिई चीवर बनाई लगाउन दियो । अनि तिनीहरूलाई **दश शील**मा प्रतिष्ठित गरायो । त्यसपछि संकिच्च श्रामणेर ती ५०० शय प्रव्रजितहरू साथमा लिई ३० जना भिक्षुहरू भएको ठाउँमा गयो ।

श्रामणेर यसरी अद्भूत रूपले जीउँदै फर्केको देखी सबै भिक्षुहरू साह्रै प्रसन्न भई त्यहाँ घटेका घटनाहरूको विषयमा प्रश्न गरे ।

श्रामणेरले बिन्ति गर्दै भन्यो– "भन्ते ! यिनीहरूले मलाई बलि दिन अनेक प्रयत्न गरे । तर मेरो **ऋद्धि-शक्ति**का अगाडि यिनीहरूको केही शिप चलेन । अनि मेरो उपदेश सुनी प्रभावित भई प्रव्रजित भए ।

अब म तथागतको दर्शन गर्न जानको लागि तपाईहरूसँग विदा माग्दछु । तपाईहरू निर्भय भई अप्रमादी बनी श्रमण-धर्म पालन गर्नु होस् ।"

संकिच्च श्रामणेर तिनीहरूलाई साथमा लिई त्यहाँबाट आफ्नो उपाध्याय सारिपुत्र स्थविर कहाँ गयो। उहाँलाई सादर वन्दना गरी जङ्गलमा घटेका घटनाहरूको विवरण बिन्ति गऱ्यो। त्यसपछि उनी उपाध्यायको आज्ञा अनुसार आफ्ना चेलाहरूका साथ भगवान बुद्ध कहाँ गयो।

संकिच्च श्रामणेर तथागतलाई सादर-वन्दना गरी एक छेउमा बस्यो। उनको साथमा आएका ५०० प्रव्रजितहरूले पनि तथागतलाई सादर-वन्दना गरी आ-आफ्नो ठाउँमा बसे।

एक छेउमा बसेको संकिच्च श्रामणेरलाई तथागतले भन्नु भयो– "श्रामणेर ! तिमीले त धेरै चेलाहरू बटुलेर ल्यायौ। होइन र ?"

श्रामणेरले जङ्गलमा घटेका सम्पूर्ण विवरण तथागतलाई सादर बिन्ति गऱ्यो।

तथागतले ती प्रव्रजितहरूलाई सोध्नु भयो– "के यी घटनाहरू भएको साँचो हो ?"

तिनीहरूबाट सकारात्मक उत्तर पाएपछि तथागतले तिनीहरूलाई सम्बोधन गर्नु भई भन्नु भयो– "भिक्षुहरू ! तिमीहरूले अरूलाई दुःख दिई डकैति काम गरी दुश्शील भई शय वर्ष बाँचिरहनु भन्दा अहिले तिमीहरू शीलमा प्रतिष्ठित भई एक दिन मात्रै बाँच्नु पनि अति उत्तम हुन्छ।"

यसै सन्दर्भमा तथागतले धर्म-देशना गर्नु भई यो गाथा प्रकाशमा ल्याउनु भयो–

**"यो च वस्ससतं जीवे – दुस्सीलो असमाहितो।**
**एकाहं जीवितं सेय्यो – सीलवन्तस्स झायिनो ॥"**

अर्थ– चञ्चल चित्त भई, दुराचारी बनी शय वर्ष बाँच्नु भन्दा शीलवान भई, ध्यानी भई एक दिन मात्र बाँच्नु नै वेश हुन्छ।



तथागतको यस धर्म-देशनाको अन्तमा ती सबै पाँच शय भिक्षुहरू **प्रतिसम्भिदा** सहित **अरहन्त** भए। त्यहाँ जम्मा हुन आइरहेका अरू जनसमूहलाई यस धर्म-देशना सार्थक भयो।

## अधिमुत्त श्रामणेर

**संकिच्च श्रामणेर** बीस वर्ष पुगेपछि उनलाई **उपसम्पदा** गरियो। उपसम्पदा भएको दश वर्ष पछि उनले आफ्नो भाञ्जा **अधिमुत्त**लाई **श्रामणेर** गरी दियो।

अधिमुत्त श्रामणेर बीस वर्ष जति भएपछि संकिच्च स्थविरले उनलाई बोलाएर भन्यो– "तिमी तिम्रो आमा-बाबु कहाँ गई 'यति वर्ष भयो' भनी पक्कासँग थाहा पाएर आउनु। 'बीस वर्ष पुगिसकेको रहेछ' भने म तिमीलाई उपसम्पदा गरी दिन्छु।"

संकिच्च स्थविरको सल्लाह अनुसार अधिमुत्त श्रामणेर आफ्नो आमा-बाबु कहाँ जाँदै गर्दा बीच बाटोमा एउटा ठूलो जङ्गल पर्‍यो। त्यस जङ्गलमा पाँच शय डाँकाहरू बस्थे। तिनीहरूले उनलाई समातेर कालिमाई कहाँ भोग दिन लगे। त्यस बेला उनले ती डाँकाहरूलाई अनेक किसिमले धर्म-उपदेश दियो। उनको धर्मको कुरा सुनी ती डाँकाहरू प्रभावित भई 'तिनीहरू त्यस जङ्गलमा भएको कुरा कसैलाई नभन्ने शर्तमा' अधिमुत्त श्रामणेरलाई छोडी दिए।

त्यही बेला उनको आमा-बाबु त्यसै जङ्गलको बाटो गरी आफूतिर आइरहेको देख्यो। तैपनि उनले तिनीहरूलाई 'यहाँ डाँकाहरू छन्' भनी नभनीकन सरासर गयो। ती दुबैलाई डाँकाहरूले समातेर मार्न लाग्दा ती दुबैले 'हाम्रा छोरा पनि यी डाँकाहरूको पक्षमा रहेछ' भन्दै रोई, कराई विलाप गर्न थाले।

तिनीहरूको विलाप सुनी डाँकाहरूले विचार गरे– "श्रामणेर

साँचिकै सत्यवादी रहेछ । आफ्ना आमा-बाबुलाई समेत हामी यहाँ भएको कुरा उनले जानकारी नदिएको रहेछ ।"

त्यस कारण श्रामणेरप्रति तिनीहरूको ठूलो श्रद्धा उत्पन्न भयो । तिनीहरू सबै श्रामणेर कहाँ गई प्रव्रज्या माग्न गए । अधिमुत्त श्रामणेरले ती सबै डाँकाहरूलाई संकिच्च श्रामणेरले गरे जस्तै प्रव्रजित गरेर आफ्नो **उपाध्याय संकिच्च स्थविर** कहाँ लिएर गयो । संकिच्च स्थविरले श्रामणेर सहित तिनीहरू सबैलाई भगवान बुद्ध कहाँ पठाई दिए ।

अधिमुत्त श्रामणेरले तथागत कहाँ गई सम्पूर्ण विवरण सादर बिन्ति गऱ्यो ।

भगवान बुद्धले तिनीहरूसँग प्रश्न गर्नु भयो– "के अधिमुत्त श्रामणेरले भनेको कुरो सबै साँचो हो ?"

तिनीहरू सबैले हात जोडेर बिन्ति गरे– "भन्ते, भगवन् ! उहाँले भन्नु भएको कुरो सबै सत्य हो ।"

त्यसपछि तथागतले पहिले संकिच्च श्रामणेरका भिक्षु परिवारलाई जुन गाथा प्रकाशमा ल्याउनु भई धर्म-देशना गर्नु भएको थियो; त्यही गाथा दोहऱ्याउनु भई अधिमुत्त श्रामणेरका भिक्षु परिवारलाई पनि धर्म-उपदेश दिनु भयो ।

यसरी **अधिमुत्त श्रामणेर**को कथाको विषयमा वर्णन गरिएको छ ।

'संकिच्च श्रामणेरको कथा समाप्त' ।

## ८.१०. (खाणु कोण्डञ्ञ स्थविरको कथा)

# ८.१०. ध्यानीको एक दिनको जीवन श्रेष्ठ

८. (१११) **"यो च वस्ससतं जीवे – दुप्पञ्ञो असमाहितो ।**
**एकाहं जीवितं सेय्यो – पञ्ञवन्तस्स झायिनो"** ॥१२॥

एक समय **भगवान बुद्ध श्रावस्ती नगर**को **जेतवनाराम**मा विहार गरिरहनु भएको थियो । त्यस बेला **तथागत**ले यो गाथा **खाणु कोण्डञ्ञ स्थविर**को कारणमा आज्ञा गर्नु भएको हो ।

एक दिन **खाणु कोण्डञ्ञ स्थविर**ले भगवान बुद्ध समक्ष कर्मस्थान ध्यान सिकेर जङ्गलमा गयो । जङ्गलमा बसी **विपश्यना ध्यान**को अभ्यास गर्दा-गर्दै उनी **अरहन्त** अवस्थामा पुग्न सफल भयो ।

अरहन्त भइसकेपछि एक दिन उनी तथागतको दर्शन गर्न जङ्गलबाट श्रावस्ती तिर आइरहेको थियो । आउँदा-आउँदै बीच बाटोमा पुग्दा उनलाई साह्रै थकाई लाग्यो । बाटोबाट अलि पर एउटा ठूलो ढुङ्गा देखेर त्यहाँ गई त्यस माथि बसेर ध्यानमा लिन भयो ।

त्यस दिनको रातमा ५०० डाँकाहरूले गाउँमा लुटेर ल्याएका सामानहरू बोकेर ल्याइरहेका थिए । त्यस ठाउँमा आइपुग्दा त्यहाँ एउटा ठूलो ढुङ्गा देखी त्यहीं रात बिताउने विचार गरी आ-आफ्ना सामान ढुङ्गा माथि राख्न थाले । अँध्यारो भएकोले ढुङ्गा माथि **समापत्ति ध्यान**मा बसिरहेको स्थविरलाई पनि ढुङ्गा नै सम्झेर उनी माथि पनि सामान राख्न थाले । त्यसैमा कोही अडेस लाएर, कोही घोप्टो परेर निदाए ।

भोलिपल्ट उज्यालो भइसकेपछि डाँकाहरूले आ-आफ्ना भारी निकाल्दा त्यहाँ एक जना स्थविर ध्यानमा बसिरहेको देखेर 'यो कुनै

**अमनुष्य** अथवा **भूत-प्रेत** हो की' भनी तिनीहरू यताउति भाग्न थाले ।

स्थविर ध्यानबाट उठेर भन्यो– "भाइहरू ! डराउनु पर्दैन । म अमनुष्य होइन, एक जना भिक्षु हुँ ।"

डाँकाहरूले खाणु कोण्डञ्ञ भिक्षुको पाउ ढोगी क्षमा माग्दै भने– "भन्ते ! अँध्यारो भएकोले हामीले तपाईलाई मानिस भनी चिनेनौं । पुरानो वृक्षको ठुट्टा सम्झी यस्तो काम गर्न पुग्यौं ।"

डाँकाको नाइकेले भिक्षुको यस्तो सहनशीलता देखी अति प्रसन्न भई उनै कहाँ प्रव्रजित हुने इच्छा प्रकट गर्‍यो । नाइकेको यस्तो कुरा सुनी अरू सबै डाँकाहरू पनि प्रव्रजित हुन तयार भए ।

स्थविरले ती सबै डाँकाहरूलाई **संकिच्च श्रामणेर**ले जस्तै प्रव्रजित गरायो । त्यस दिनदेखि स्थविरको नाम '**खाणु कोण्डञ्ञ**' रहन गयो । किनभने पालि भाषामा '**खाणु**' को अर्थ **पुरानो वृक्ष**को **ठुट्ठा** हो ।

खाणु कोण्डञ्ञ ती सबै प्रव्रजितहरू साथमा लिई भगवान बुद्धको दर्शन गर्न श्रावस्तीमा गयो ।

तथागतले स्थविरलाई सम्बोधन गर्नु भई भन्नु भयो– "कोण्डञ्ञ ! तिमीले थुप्रै शिष्यहरू साथमा लिएर आयौ त ?"

तथागतको यो कुरा सुनेर उनको शिष्यहरूले सादर बिन्ति गरे– "भन्ते, भगवन् ! यस्तो शक्ति र सहनशीलता भएको मानिस हामीले अहिले सम्म देखेका थिएनौं । त्यसकारण हामी उहाँ देखी साह्रै प्रभावित भई प्रव्रजित भएका हौं ।"

तथागतले ती ५०० शय प्रव्रजितहरूलाई सम्बोधन गर्नु भई भन्नु भयो– "भिक्षुहरू ! अर्काको धन लुटी, डकैति काम गरी शय वर्ष बाँच्नु भन्दा अहिले तिमीहरू प्रव्रजित भई प्रज्ञावान बनी एक दिन



मात्र बाँच्नु पनि श्रेष्ठ र उत्तम हुन्छ ।"

यसै सन्दर्भमा तथागतले धर्म-उपदेश गर्नु भई यो गाथा आज्ञा गर्नु भयो–

**"यो च वस्ससतं जीवे – दुप्पञ्ञो असमाहितो ।**
**एकाहं जीवितं सेय्यो – पञ्ञवन्तस्स झायिनो ॥"**

अर्थ– प्रज्ञाहीन भई, चित्त चञ्चल गरी, असंयमित भई शय वर्ष बाँच्नु भन्दा प्रज्ञावान भई, ध्यान गरी एक दिन मात्रै बाँच्नु नै राम्रो हुन्छ; उत्तम हुन्छ ।

तथागतको यस धर्म-देशनाको अन्तमा ती ५०० शय भिक्षुहरू सबै **प्रतिसम्भिदा** सहित **अरहन्त** भए ।

त्यहाँ जम्मा हुन आइरहेका अरू जनताहरूलाई पनि यस धर्म-देशना सार्थक भयो ।

'खाणु कोण्डञ्ञ स्थविरको कथा समाप्त' ।

## ८.११. (**सप्पदास स्थविरको कथा**)

# ८.११. उद्योगीको एक दिनको जीवन श्रेष्ठ

८. (११२) **“यो च वस्ससतं जीवे – कुसीतो हीनवीरियो ।**
**एकाहं जीवितं सेय्यो – वीरियमारभतो दल्हं” ॥१३॥**

एक समय **भगवान बुद्ध श्रावस्ती नगर**को **जेतवनाराम**मा विहार गरिरहनु भएको थियो । त्यस समय **तथागत**ले यो गाथा **सप्पदास स्थविर**को कारणमा आज्ञा गर्नु भएको हो ।

श्रावस्ती नगरमा एक जना कुलपुत्र भगवान बुद्धको धर्म-उपदेश सुनेर प्रभावित भई प्रव्रजित भयो । पछि उनले **उपसम्पदा** पनि प्राप्त गऱ्यो ।

केही समय पछि उनलाई बुद्ध शासनमा प्रव्रजित भएर बस्न मन लागेन । फेरि चीवर छोड्ने साहश पनि उनले गर्न सकेन । भिक्षु भएर नै आत्महत्या गर्ने उपाय ऊ खोज्दै थियो ।

एक दिन बिहान अरू भिक्षुहरूले अग्निशालाबाट एउटा **गोमन साँप** समातेर बाहिर फ्ँयाक्न लगिरहेका थिए । यो दृश्य देखी त्यस भिक्षुले ‘त्यही साँपले डस्न लगाई मर्ने विचार गरी ती भिक्षुहरूलाई भन्यो– “आयुष्मानहरू ! साँप राखेको टोकरी मलाई देऊ । मैले यसलाई छोडेर आउँछु ।”

उनले साँप राखेको टोकरी लिई एकान्त स्थानमा गई आफूलाई सर्पले टोकाएर मर्ने कोशिश गऱ्यो । त्यस भिक्षुले टोकरी भित्र आफ्नो हात पसाल्यो । तैपनि साँपले उसलाई टोकेन । सर्पको मुख खोली मुख भित्र औंला पसाली दियो । तैपनि उसलाई सर्पले टोकेन । आखिर केही



शिप नलागी सर्प त्यहीं छोडेर उनी विहारमा फर्क्यो । अनि अरू भिक्षुहरूलाई त्यहाँ भएको घटना सबै सुनायो ।

एक दिन एक जना हजम दुइ-तीनवटा कपाल काट्ने छुरा लिई विहारमा गयो । एक वटा छुरा भूइँमा राखी अर्को छुराले भिक्षुहरूको कपाल काट्दै थियो । त्यस बेला त्यस भिक्षुले भूइँको छुरा लिई आत्म-हत्या गर्ने विचार गरी एउटा रूख मन्तिर गयो । रूखको हाँगामा आफ्नो गर्दन राखी छुराको धारले गलामा काट्नु भन्दा पहिले उनले ‘प्रव्रजित भए देखिन् त्यस बेलासम्म आफ्नो शील परिशुद्ध भएको छ कि छैन’ भनी विचार गरी हेऱ्यो । आफ्नो शील एकदम निर्मल परिशुद्ध भएको देख्यो । आफ्नो शीलको परिशुद्धतालाई विचार गर्दै रहँदा उनको सारा शरीर **प्रीति-प्रमोद**ले भरियो । त्यसै बेला उनले **विपश्यना ध्यान**लाई अभिवृद्धि गर्दै लगी **प्रतिसम्भिदा** सहित अ**रहन्त** हुनमा उनी सफल भयो ।

त्यसपछि उनी छुरा लिई विहारमा फर्क्यो । विहारका भिक्षुहरूले उनलाई सोध्यो– “आयुष्मान ! तिमी कहाँ गइरहेको ?”

उनले भन्यो– “म यही छुराले घाँटी काटी आत्महत्या गर्न गएको थिएँ । तर मलाई मेरो परिशुद्ध शीलले आरक्षा गऱ्यो । ज्ञानरूपी छुराले सम्पूर्ण क्लेश छेदन-भेदन गर्नमा म सफल भएँ ।”

उनको कुरामा अरू भिक्षुहरूलाई विश्वास लागेन । तिनीहरू सबै भगवान बुद्ध कहाँ गई त्यस विषयमा बिन्ति गरे । तिनीहरूको कुरा सुनी तथागतले भन्नु भयो– “भिक्षुहरू ! **आस्रव क्षीण** भइसकेकाहरूले कहिल्यै आत्महत्या गर्दैनन् ।”

तिनीहरूले फेरि बिन्ति गरे– “भन्ते, भगवन् ! तथागतले ‘यस भिक्षुको **आस्रव क्षीण** भइसक्यो’ भन्नु भयो । यस्तो अरहन्त हुन सक्ने क्षमता भएको भिक्षु शासनमा बस्न किन **उत्कण्ठित** अर्थात् अल्छि

मानेको ? उनको अरहन्त हुने भाग्य कहाँबाट प्राप्त भयो ? के कारणले उनलाई सर्पले नटोकेको ?"

तथागतले भन्नु भयो– "भिक्षुहरू ! त्यस भिक्षुको तीन जन्म पहिले त्यस सर्प उनको दास भएको थियो । त्यसकारण त्यसले आफ्नो मालिकलाई टोक्ने साहश गर्न सकेन ।"

तिनीहरूको पूर्वजन्मको कुरा सुनेर सबैले उनलाई '**सप्पदास स्थविर**' भन्न थाले ।

तथागतले **सप्पदास स्थविर**को विषयमा अर्को प्रसङ्ग जोड्नु भई भन्नु भयो– "भिक्षुहरू ! **सप्पदास स्थविर** हुने काश्यप तथागतको पालामा पनि भिक्षु भएको थियो । त्यस बेला पनि उसलाई बुद्ध शासनमा बस्न अल्छि मानेर यो कुरा आफ्ना साथीहरूलाई भन्यो । साथीहरूले गृहस्थभावको दोष देखाई सम्झाई-बुझाई दिएपछि ऊ भिक्षु भएर बस्यो । यसरी धेरै समयसम्म **श्रमण-धर्म** पालन गरेको कारणले अहिले उसलाई अरहन्त हुने सौभाग्य प्राप्त भएको हो ।

त्यसै समयमा यसले एक जना भिक्षुलाई गृहस्थ हुन प्रेरणा दिएको कारणले यस जन्ममा उसलाई यसरी उत्कण्ठित भएर बस्नु परेको हो ।"

ती भिक्षुहरूले फेरि बिन्ति गरे– "भन्ते, भगवन् ! यस भिक्षुले छुराको धार आफ्नो गलामा राखुञ्जेल अरहन्त भयो रे । के यति कम समयमा **अरहन्त मार्ग-फल**लाई साक्षात्कार गर्न सकिन्छ ?"

भगवान बुद्धले भन्नु भयो– "भिक्षुहरू ! उद्योग-वीर्य भएको व्यक्तिले खुट्टा उचालेर फेरि भूइँमा राख्न नभ्याउँदै अर्थात् क्षणभरमा नै **अरहन्त मार्ग-फल**लाई साक्षात्कार गर्न सक्छ । अल्छि भई शय वर्ष बाँच्नु भन्दा मेहनत-परिश्रम गरी एक दिन बाँच्नु नै उत्तम हुन्छ ।"



यसै प्रसङ्गमा तथागतले धर्म-उपदेश दिनु भई यो गाथा प्रकाशमा ल्याउनु भयो–

**"यो च वस्ससतं जीवे – कुसीतो हीनवीरियो ।**
**एकाहं जीवितं सेय्यो – वीरियमारभतो दळ्हं ॥"**

अर्थ– अल्छि, उत्साह हीन भई शय वर्ष जिउनु भन्दा उत्साह-वीरिय र मेहनत गर्नमा दृढ रही एक दिन मात्रै बाँच्नु नै उत्तम हुन्छ ।

तथागतको यस धर्म-देशना सुनेर धेरै मानिसहरू **स्रोतापत्ति मार्ग-फल** प्राप्त गर्नमा सफल भए ।

'सप्पदास स्थविरको कथा समाप्त' ।

## ८.१२. (**पटाचारा थेरीको कथा**)

# ८.१२. (क) पटाचाराले छोरो जन्माइन्

८. (११३) "**यो च वस्ससतं जीवे – अपस्सं उदयब्बयं**[१] ।
**एकाहं जीवितं सेय्यो – पस्सतो उदयब्बयं**" ॥१४॥

एक समय **भगवान बुद्ध श्रावस्ती नगर**को **जेतवनाराम**मा विहार गरिरहनु भएको थियो । त्यस समय **तथागत**ले यो गाथा **पटाचारा थेरी**को कारणमा आज्ञा गर्नु भएको हो ।

बुद्धकालीन समयमा **कोशल राज्य**को **राजधानी श्रावस्ती** साह्रै **समृद्धशाली नगर** थियो । त्यहाँ अनेकौं धनाढ्य साहू-महाजनहरू बस्तथे । ती महाजनहरू मध्ये **४० करोड** धन-सम्पत्ति भएको एक जना महाजनको एउटा छोरो र एउटी अति राम्री छोरी थिइन् । दुबैको वाल्य-जीवन लाड-प्याडमा बित्यो ।

छोरी क्रमशः ठूली हुँदै १६ वर्षमा टेकिन् । तिनलाई महलको सात तल्ला माथि राखी सुरक्षाको प्रबन्ध मिलाइयो । जतिसुकै सुरक्षा गरी राखे पनि त्यही घरमा काम गर्ने एक जना नवयुवकसँग तिनले भेटघाट गर्ने गर्थिन् ।

तिनकी आमा-बुबाले आफ्ना प्यारी छोरीलाई समान कुलको कुलपुत्रसँग विवाह गरिदिने कुरा मिलाई दिन पनि निश्चित गरे ।

यो कुरा थाहा पाई तिनले आफ्ना प्रेमी नोकरसँग भनिन्– "हे पुरुष ! हाम्रो समान कुलको कुलपुत्रसँग मेरो विवाह हुने पक्का भइसक्यो । म पतिकुलमा गई सकेपछि तिमीले मलाई केही गरे पनि

१. वर्मी – उदयब्बये ।



भेट्न सक्ने छैनौ । यदि म प्रति तिम्रो माया-प्रीति छ भने मलाई यहाँबाट अन्त कतै भगाएर लैजाऊ ।"

नोकरले भन्यो– "प्रिय ! त्यसो भए म भोलि बिहान सबेरै नगर-द्वारको फलानो ठाउँमा तिमीलाई पर्खिरहन्छु । तिमी जसरी भएपनि उपाय निकाली घरबाट निस्की मलाई त्यहाँ भेट्न आउनु ।"

भोलि बिहान सबेरै नोकर त्यस ठाउँमा गएर पर्खिरह्यो । कुमारी पनि सबेरै उठी दासीहरूले लगाउने झुत्रो लुगा लगाई, शरीर भरी धूलो घसी, चुल्ठो फुकाली, हातमा गाग्रो लिई दासीहरूसँगै पानी लिन जाने वहाना गरी घरबाट निस्की तिनी आफ्नी प्रेमी कहाँ पुगिन् ।

तिनीहरू दुबै जना त्यहाँबाट सरासर हिंडेर गई श्रावस्ती नगरबाट धेरै टाढा एउटा गाउँमा पुगे । त्यसै गाउँमा तिनीहरू बस्न थाले । लोग्नेले जङ्गलमा गई दाउरा काटी बेच्ने काम गऱ्यो । स्वास्नीले धान कुट्ने, निफन्ने, पानी बोक्ने, भात पकाउने आदि काम गरी आफ्नो कर्मको फल भोग्दै रहिन् ।

केही समय पछि तिनी दुइ जीउकी भइन् । महिना बित्दै गयो । तिनको गर्भ क्रमशः छिपिंदै आयो । तिनलाई सुत्केरी हुने बेलाको पीर पऱ्यो । माइति सम्झिन थालिन् । आफ्नो लोग्नेलाई भनिन्– "स्वामी ! मेरो **प्रसव** हुने बेला नजिक आउँदै छ । यहाँ मलाई हेरचाह गर्ने कोही छैनन् । आफ्नो छोरीप्रति आमा-बुबाको हृदय जहिले पनि कमलो रहन्छ । मलाई मेरो माइति पुऱ्याई दिनुस् ।"

तिनको कुरा सुनी लोग्नेले भन्यो– "प्रिय ! तिमीले यस्तो के कुरा गरेको ? तिम्रो आमा-बुबाले मलाई देख्नासाथ अनेक दण्ड-सजाँय दिने छन् । म त्यहाँ कसरी जान सकुँला र ?"

स्वास्नीले बार-बार अनुरोध गर्दा पनि लोग्ने जान तयार नभए पछि तिनले एक्लै जाने निर्णय गरिन् ।

एक दिन लोग्ने जङ्गलमा दाउरा काट्न गएको मौका पारी छर-छिमेकीहरूलाई सबै कुरा भनी तिनी एक्लै सरासर **श्रावस्ती** तिर लागिन् ।

लोग्ने चाहिं घर आउँदा आफ्नो स्वास्नीलाई नदेखी यताउति खोज्न गयो । कहीं पाएन । छिमेकीहरूसँग सोधेपछि तिनी एक्लै माइति गएको कुरा थाहा पाई तिनलाई फर्काएर ल्याउन ऊ पनि हतार-हतार गरी त्यही बाटो लाग्यो । बीच बाटोमा तिनलाई भेट्टाएर फर्काएर ल्याउन अनेक कोशिश गऱ्यो । तर तिनको पाइला रोकेन । लोग्ने पनि तिनको पछि-पछि लाग्दै रह्यो ।

बाटोमा जाँदा-जाँदै तिनलाई पेट दुख्न थाल्यो । प्रसव-व्यथाले चाप्यो । बाटो छेउको एउटा रूख मुन्तिर तिनी थुच्चुक बसिन् । आफूलाई व्यथा लागेको कुरो लोग्नेलाई भनिन् । व्यथाले झन चाप्दै ल्यायो । तिनी त्यहीं पल्टेर छट्पटाउन थालिन्, रोइन्, कराइन् । केही समय पछि अत्यन्त कष्ट-पूर्वक तिनले छोरो जन्माइन् ।

पुत्र जन्मेको केही समय पछि तिनले आफ्नो लोग्नेलाई यसो भनिन्– "स्वामी ! म जुन कामको लागि माइतिको शरण लिन गइरहेको थिएँ । त्यो काम आज यहीं पूर्ण भयो । मेरो डर-त्राश यहीं तरेर गयो । अब मलाई माइति घर जानु पर्ने आवश्यक परेन ।

स्वास्नीको कुरा सुनी लोग्ने खुशी भई दुबै जना घर फर्के । पहिले जस्तै काम गरी जीवन यापन गरिरहे ।

# ८.१२. (ख) पटाचारा स्वजन वियोगबाट विह्वल

समय बित्दै गयो । लोग्ने-स्वास्नी दुबै जनाले आ-आफ्नो काम-धन्दा गरी दुःख-सुख गरी गुजारा चलाइरहेका थिए । केही वर्षपछि तिनी फेरि गर्भवती भइन् । जति-जति गर्भ छिप्पिंदै आयो त्यति-त्यति तिनी सुत्केरी हुने कष्टमय अवस्था सम्झी आत्तिन थालिन् । पहिले जस्तै लोग्नेलाई माइति घरमा पुऱ्याई दिन अनुरोध गरिन् । लोग्नेले तिनलाई 'माइत जाने ढिपी नगर्न' अनेक तरहले सम्झाई रहयो ।

लोग्नेले माइति घर पुऱ्याई देला जस्तो नलागेपछि ऊ बाहिर गएको मौका छोपी पहिले जस्तै छिमेकीहरूलाई जानकारी दिई छोरोलाई बोकेर तिनी माइति तिर लागिन् ।

लोग्ने घर आउँदा स्वास्नीलाई नदेखी ऊ पनि हटारिएर त्यही बाटो लाग्यो । बीच बाटोमा स्वास्नीलाई भेट्टायो । तिनलाई घर फर्काएर लैजान उसले गर्न सम्मको कोशिश गऱ्यो । तर तिनको पाइला रोकेन ।

यत्तिकैमा आकाश कालो बादलले छायो । चारैतिर बिजुली चम्किन थाल्यो । ठूल्ठूला पानीका थोपाहरू वर्षन लाग्यो । त्यसै बेला तिनलाई व्यथा लाग्यो । प्रसव-वेदनाले चाप्यो ।

तिनले आफ्नो लोग्नेलाई सम्बोधन गरी भनिन्– "स्वामी ! मलाई सुत्केरी हुने व्यथा लाग्यो । असह्य वेदना भइरहेछ । पानीले नभिज्ने गरी कतै एउटा छाप्रोमा बस्न पाए हुन्थ्यो ।"

स्वास्नीको कुरा सुन्ने बित्तिकै लोग्ने हातमा खुर्पा लिई काठ-स्याउलाहरू खोज्न गयो । अलिक टाढा पुगेपछि एक ठाउँमा **धमिरा**को **गोलो**निर झ्याम्म परेको झाङ्गहरू काट्न थाल्यो । त्यसै बेला एउटा **विषधारी सर्प** निस्की उसको खुट्टामा डस्यो । काल सर्पले डस्ने बित्तिकै

उसको शरीर नीलो भएर गयो । त्यहीं लड्यो । विचराको प्राण गयो ।

उता स्वास्नी चाहिं प्रसव-वेदनाले छट्पटिदै लोग्नेको बाटो हेरिरहिन् । रातको अन्धकारमा मुसलधारे पानी परिरहेको थियो । सुत्केरी व्यथाले झन-झन चाप्यो । आखिर बडो मुस्किलले तिनले अर्को बालक जन्माइन् ।

धेरै बेरसम्म बस्दा पनि लोग्ने फर्केर आएको नदेखी 'मलाई छोडेर गयो होला' भनी सोची साह्रै विलाप गरिन् । रूँदै-कराउँदै दुइ हात, दुइ घुँडाले टेकी दुइ बालकलाई आफ्नो छाति र पेट मुन्तिर राखी वर्षादको पानीले बचाउन प्रयत्न गर्दै रात काटिन् ।

बिहान भयो । पानी रोकियो । उज्यालो भयो । सुत्केरी जिउ, रातभरीको पीडा-कष्टले गर्दा तिनको शरीर रगत नभएको जस्तो फुस्रो देखियो । नवजात शिशुलाई बोकी ठूलो छोरोलाई औंला समाउन लगाई ढुनमुनिंदै आफ्नो लोग्नेलाई खोज्न हिंडिन् । केही पर पुगेपछि **धमिरा**को **गोलो** भएको ठाउँमा नीलो भइसकेको आफ्नो पतिको मृतक शरीरलाई देखी तिनको हृदय छिया-छिया भयो । 'मेरो कारणले गर्दा मेरो पतिदेवले बाटैमा यसरी प्राण त्याग गऱ्यो' भन्दै विलाप गर्न सम्म गरिन् । अनि रूँदै-कराउँदै दुइ बालकलाई लिई **श्रावस्ती** जाने बाटोतिर लागिन् ।

श्रावस्ती नगर भित्र पस्नलाई **अचिरवती नदी** टर्नु पर्थ्यो । रातभरी ठूलो पानी परेकोले त्यस नदीको पानी निकै बढेको थियो । तिनले दुइ वटै बालकलाई बोकेर नदी टर्न आँट गर्न सकिनन् । त्यसैले ठूलो छोरोलाई नदी वारी नै राखेर नवजात शिशुलाई नदी पारी लगी एउटा रूख मन्तिर सुताई अर्को छोरो लिन तिनी नदी वारितिर आइरहिन् । नदीको बीचमा आइपुग्दा नवजात शिशुलाई मासुको डल्लो सम्झी आकाशबाट एउटा बाज एक्कासी तल ओर्ली बालकलाई च्यापेर लग्यो । बाजलाई धपाउन तिनले दुबै हात माथि लगी थपडी बजाउँदै



'हा ! हा ! भन्दै चिच्याउन थाली । उता नदी वारिपट्टि पर्खिरहेको बालकले 'आमाले मलाई बोलाएको होला' भनी ठानेर दगुरेर नदी छेऊ आइपुग्दा बाढीको पानीले उसलाई पनि बगाएर लग्यो ।

ती विचरा अभागी दुःखी नारी 'मेरो एउटा छोरो बाजले लग्यो, अर्को छोरो बाढीले बयागो, पतिदेव बीच बाटैमा मृत्यु भयो' भन्दै छाति पिटी-पिटी रूँदै-कराउँदै, विलाप गर्दै श्रावस्तीको नगर-द्वारमा पुगिन् ।

त्यसै बेला श्रावस्ती नगरबाट आइरहेको एक जना सज्जनलाई तिनले आफ्नो माइति घरको विषयमा प्रश्न गरिन् ।

त्यस सज्जनले साह्रै दुःखी भई यसो भन्यो– "बहिनी ! आज रातभरी ठूलो पानी परेको त यहाँलाई थाहा होला । त्यही पानीले गर्दा आज राती महाजन, महाजननी तिनीहरूको एक्लो छोरो सुतिरहेको घर भत्की तीनै जनाको मृत्यु भयो । ती तीनै जनाको लाश एउटै चितामा राखी जलाइरहेको धुँवा अहिले पनि देख्न सकिन्छ ।"

उसको कुरा सुन्ने बित्तिकै तिनी वेहोश भएर पछारिन पुगिन् । अब संसारमा तिनको कोही रहेन । तिनको दुःखको सीमाना नाघ्यो । तिनले यति विलाप गरिन् कि आफ्नो शरीरबाट वस्त्र खसेको पनि तिनले चाल पाइनन् । तिनी बिल्कुल नग्न भइन् । आफ्नो दुःखलाई थाम्न नसकी, बहुलाही जस्तो भई रूँदै यसरी कराउँदै हिंड्न थालिन्–

**"उभो पुत्ता कालकता, पन्थे मय्हं पति मतो ।**
**माता पिता च भाताच, एक चितम्हि डय्हरे'ति ॥"**

— (अप. थेरी. २.२.४९८)

अर्थात्– दुइ बालकहरू मरे, बाटोमा मेरो पतिको मृत्यु भयो, मेरो आमा-बुबा र भाइ एकै चितामा जल्दैछन् ।

## ८.१२. (ग) उत्पत्ति-विनाशको चिन्तन नै श्रेष्ठ हो

यस प्रकार ती दुःखी अनाथ महिला रूँदै विलाप गर्दै नाङ्गै **श्रावस्ती नगर**को गल्ली-गल्लीमा घुम्न थालिन् ।

मानिसहरूले तिनलाई **'बहुलाहि आई'** भन्दै कसैले धुलोले छ्यापी दिन्थे, कसैले ढुङ्गाले हिर्काउथे, कसै-कसैले त लट्ठीले पिटेर पठाउँथे । तिनले यसरी जीवनमा दुःख भोग्नसम्म भोगिरहेकी थिइन् ।

त्यस बेला **भगवान बुद्ध जेतवनाराम**मा **आठ परिषद्**हरूको बीचमा धर्म-देशना गरिरहनु भएको थियो । त्यसै समय तथागतले तिनलाई टाढैबाट देख्नु भयो । तिनको विषयमा तथागतले ध्यान-दृष्टिले हेर्नु हुँदा यसरी देख्नु भयो– "**एक लाख कल्प** पहिले **पदुमुत्तर बुद्ध**को समयमा एक जना **विनयधर थेरी**लाई **'एतदग्ग पद'** दिनु भएको देखी तिनले पनि भविष्यमा विनयमा एतदग्ग पदको अग्रस्थान प्राप्त गर्ने प्रार्थना गरेकी थिइन् । **पदुमुत्तर तथागत**ले आफ्नो दिव्य-दृष्टिद्वारा भविष्यमा **गौतम बुद्ध**को समयमा तिनले **पटाचारा** भन्ने नामले **विनयधर थेरी**हरू मध्ये **अग्रस्थान** प्राप्त गर्न सक्ने देख्नु भई तिनको आशिका प्रार्थना पूर्ण हुने भविष्यवाणी गर्नु भएको थियो । त्यस बेलादेखि **एक लाख कल्प**सम्म **पारमिता** पूर्ण गर्दै आइरहेकी थिइन् ।"

आज तिनको त्यो दशा देख्नु भई तथागतले विचार गर्नु भयो– "अब यिनलाई उपकार गर्ने, आश्रय दिने म बाहेक अरू कोही रहेन ।"

अनि तथागतले तिनलाई जेतवनाराम तिर आउने **मैत्री चित्त स्फरण** गर्नु भयो । तिनी तथागतले धर्म-उपदेश गरिरहनु भएकै ठाउँ निर आइपुगिन् । धर्म-श्रवण गरिरहेका मानिसहरूले 'यी लाज नभएकी नग्न पगलीलाई यहाँ आउन नदिनु' भन्दै लखेट्न लागे ।



तथागतले आज्ञा गर्नु भयो– "उपासकहरू ! तिनलाई नरोक्नु, यहाँ आउन बाटो छोडी देऊ ।"

तिनी भगवान बुद्धको समक्ष आई पुगे पछि तथागतले मैत्रीपूर्वक मधुर स्वरले भन्नु भयो– "**सतिं पटिलभ भगिनी ।**" अर्थात् "बहिनी ! होशमा आऊ ।"

भगवान बुद्धको यस्तो मैत्री युक्त मधुर वचन कानमा पर्ने बित्तिकै तिनी होशमा आइन् । शरीरमा वस्त्र नभएको चाल पाइन् । लाजले भुतुक्क भई भूइँमा थुच्चुक बसिन् । त्यही बेला एक जना सज्जनले एक पछ्यौरा ओढाई दियो । त्यस बेला देखि तिनको नाम **'पटाचारा'** रहचो । त्यही पछ्यौरी ओढी तथागतको सुवर्णमय पाऊ निर **पञ्चाङ्ग वन्दना** गरी विरहको आँसु झार्दै यसरी बिन्ति गरिन्– "भन्ते, भगवन् ! मलाई आश्रय दिनु होस्, मलाई शरणमा लिनु भई मेरो आरक्षा गर्नु होस् । भन्ते, भगवन् ! मेरो एउटा छोरो बाजले टिपेर लग्यो; अर्को छोरोलाई बाढीले बगायो; बाटोमा मेरो पतिको मृत्यु भयो; मेरी आमा-बुबा र भाइ घरले किचेर मृत्यु भई तीनै जनालाई एउटै चितामा जलायो ।"

तिनको कुरा सुन्नु भई तथागतले भन्नु भयो– "पटाचारे ! धैर्य गर । तिमीलाई शरण लिन सक्ने कहाँ तिमी आइपुग्यौ । जसरी अहिले तिम्रो जीवनमा एक छोरो बाजले टिपेर लग्यो, अर्कोलाई बाढीले बगायो, पति बाटैमा मऱ्यो, आमा-बाबु र भाइको घरले किचेर मृत्यु भयो । यस्तै प्रकारले यस संसारमा घुमिरहँदा छोरा-छोरी, आमा-बुबा, पति आदिको मृत्यु हुँदा रोएको, विलाप गरेको, आँसु समुद्रको पानी भन्दा बढी भइसक्यो होला । दुःखले छट्पटिएको मानिसहरूको शोक-सन्ताप अनन्त छन् । त्यसकारण अप्रमादी बनी कुशल कर्म गर्नमा अगाडि बढ्नु नै राम्रो हुनेछ ।"

यसरी तथागतले यस संसारको अन्त नभएको देशना गर्नु

हुँदा पटाचाराको **शोक-संताप** क्रमशः कम हुँदै गयो । त्यस बेला तथागतले तिनको मनस्थितिलाई विचार गर्नु भई तिनलाई फेरि सम्बोधन गर्नु भई भन्नु भयो– "पटाचारे ! परलोक जाने व्यक्तिलाई न छोरा-छोरी, न आमा-बुबा, न आफन्तहरूले टार्न सक्छन्; न त तिनीहरूले कुनै शरण नै दिन सक्छन् । आफ्नो त्राण वा टार्ने काम आफैले गर्न सक्नु पर्दछ। त्यसकारण पण्डितजनहरूले आ-आफ्नो शील परिशुद्ध गरी निर्वाण जाने मार्ग जतिसक्दो छिटो पहिल्याउन सक्नु पर्दछ।

यसै सन्दर्भमा तथागतले यी दुइ गाथा प्रकाशमा ल्याउनु भयो–

**"न सन्ति पुत्ता ताणाय – न पिता ना पि बन्धवा ।**
**अन्तकेनाधिपन्नस्स – नत्थि ञातीसु ताणता[1] ॥"**

— (ध. पृ. २८८; अप. थेरी. २२. ५०१)

अर्थ– मृत्यु हुने बेलामा न छोराले, न पिताले, न आफन्तहरू र बन्धुजनहरूले रक्षा गर्न सक्तछन्। तिनीहरू कसैले पनि त्राण दिन सक्तैनन्।

**"एतमत्थवसं[2] ञत्वा – पण्डितो सीलसंवुतो ।**
**निब्बानगमनं मग्गं – खिप्पमेव विसोधये ॥"**

— (ध. प. २८९)

अर्थ– यसकारण यस कुरालाई बुझेर पण्डितजनहरूले शील संयम गरी चाँडै नै निर्वाण जाने मार्गलाई परिशुद्ध गर्दै लैजान सक्नु पर्दछ।

तथागतको यस धर्म-देशना पटाचाराले एकाग्र चित्त गरी सुनिन् । आफू भित्र रहेको अधिकांश क्लेशलाई दमन गर्दै **स्रोतापत्ति मार्ग-फल** साक्षात्कार गर्नमा तिनी सफल भईन् । तिनीसँगै अरू धेरै श्रोतावर्गहरू पनि **निर्वाण**को **स्रोत**मा पर्न सफल भए ।

१. तारणा, २. एतमत्थवस्सं



**स्रोतापत्ति मार्ग-फल**मा प्रतिष्ठित भइसकेपछि पटाचाराले तथागतलाई सादर वन्दना गरी बिन्ति गरिन्– "भन्ते, भगवन् ! मलाई प्रव्रज्या दिनु होस् ।"

भगवान बुद्धले तिनलाई भिक्षुणी सङ्घ भएको ठाउँमा पठाई दिनु भयो। तिनले त्यहाँ प्रव्रज्या पाइन् र भिक्षुणी संघमा संम्मिलित हुने अवसर पनि प्राप्त गरिन् ।

भिक्षुणी भएदेखिन् पटाचाराले विशेष गरी ध्यान-भावना गर्नमा कोशिश गरिन् । अरू उच्च मार्ग-फल प्राप्त गर्ने उद्देश्य लिई तिनी **विपश्यना ध्यान**मा लागिरहिन् ।

एक दिन आफ्नो कोठामा ध्यान गर्न जानु भन्दा पहिले हात-खुट्टा धुन लागिन् । पहिलो पल्ट खुट्टा पखालेको पानी अलि पर पुगेर भूइँमा सुकेर गयो । दोस्रो पल्ट पखालेको पानी पहिलेको भन्दा अलि पर पुगेर सुकेर गयो । तेस्रो पल्ट खुट्टा पखालेको पानी अझ त्यो भन्दा पनि पर पुगी सुकेर गयो ।

पटक-पटक खुट्टा पखालेको पानी यसरी पहिलो भन्दा दोस्रो, दोस्रो भन्दा तेस्रो स्थानको दूरीमा सुकेर गएको **निमित्त**लाई ग्रहण गरी पटाचारा भिक्षुणीले तुलनात्मक रूपमा मन-मनै यसरी चिन्तन-मनन गरिन्– "मनुष्य जीवनको बैशलाई तीन भागमा विभक्त गरिएमाः मैले पहिले पखालेको पानी नजिकै सुकेर गए झैं संसारमा जन्मिने प्राणीहरू यसरी नै प्रथम बैशमा मृत्यु हुने होलान् । दोस्रो पटक पखालेको पानी अलि पर सुकेर गए झैं प्राणीहरू मध्यम बैशमा मृत्यु हुने होलान् । तेस्रो पटक पखालेको पानी अझै पर सुकेर गए झैं प्राणीहरू बृद्ध-बृद्धा अवस्थामा मृत्यु हुने होलान् ।"

ठीक त्यसै बेला **जेतवनाराम**को **गन्धकुटी**मा विहार गरिरहनु भएका **भगवान बुद्धले पटाचारा**को मनमा **'क्षय-व्ययका कुराहरू'**

चिन्तन-मनन गरिरहेको चाल पाउनु भयो। तथागतले रस्मि फैलाउँनु भई पटाचाराको समक्ष बसेर भन्नु भए झैं तिनलाई सम्बोधन गर्नु भई भन्नु भयो–

"पटाचारा ! तिमीले चिन्तन-मनन गरेको ठीक छ। तिम्रो विचार ठीक ठाउँमा परेको छ। यी पाँच **स्कन्ध**को **उत्पत्ति** र **विनाश**लाई चाल नपाइकन, नदेखिकन, अनुभव नगरिकन, शय वर्ष बाँचिरहनु भन्दा यसको **उत्पत्ति** र **विनाश**लाई अनुभूतिको आधारमा साक्षात्कार गरी एक दिन मात्र बाँच्नु नै उत्तम हुन्छ। **पञ्चस्कन्ध देह** अर्थात् प्राणीहरूको उत्पत्ति-विनाश हुने स्वभावलाई जान्नु, बुझ्नु, त्यस्तै क्षण-प्रतिक्षण **उदय-व्यय** भइरहने स्वभाव धर्मलाई जानी, बुझी अल्प समय मात्र बाँच्नु नै श्रेष्ठ हुन्छ।"

यसै सन्दर्भमा धर्म-देशना गर्नु भई तथागतले यो गाथा प्रकाशमा ल्याउनु भयो–

**"यो च वस्ससतं जीवे – अपस्सं उदयब्बयं।**
**एकाहं जीवितं सेय्यो – पस्सतो उदयब्बयं ॥"**

अर्थ– उत्पत्ति हुने, विनाश हुने स्वभाव धर्मलाई नजानिकन, नदेखिकन शय वर्ष बाँच्नु भन्दा उत्पत्ति-विनाश हुने धर्मलाई जानी, बुझी साक्षात्कार गरी एक दिन मात्रै बाँच्नु नै श्रेष्ठ हुन्छ।

तथागतको यस धर्म-देशनाको अन्तमा पटाचारा थेरी **प्रतिसम्भिदा ज्ञान**सहित **अरहन्त** भइन्।

'पटाचारा थेरीको कथा समाप्त'।

## ८.१३. (**किसा गौतमीको कथा**)

# ८.१३. निर्वाणदर्शीको एक दिनको जीवन श्रेष्ठ छ

८. (११४) **"यो च वस्ससतं जीवे – अपस्सं अमतं पदं।**
**एकाहं जीवितं सेय्यो – पस्सतो अमतं पदं" ॥१५॥**

एक समय **भगवान बुद्ध श्रावस्ती नगर**को **जेतवनाराम**मा विहार गरिरहनु भएको थियो। त्यस समय **तथागत**ले यो गाथा **किसा गौतमी**को कारणमा आज्ञा गर्नु भएको हो।

**श्रावस्ती नगर**मा एक जना महाजनको घरमा **चालिस कोटी धन-सम्पत्ति अङ्गार** अथवा गोलमा परिणत भयो। आफ्नो यत्तिका सम्पत्ति गोलमा परिणत भएको देखेर महाजनलाई साह्रै दुःख लाग्यो। यसरी धन नाश भएर गएको देखेर महाजन शोक-सन्तापले छट्पटिदैं पलङ्गमा लेटिरहचो। उनले खान-पिउन पनि छोड्यो।

उसको त्यस्तो अवस्था देखी एक जना साथीले उसलाई यसो भन्यो– "साथी ! तिमी ठूलो शोकमा डुबी रहचौ। यसरी शोक गर्नु ठीक छैन। म तिमीलाई एउटा उपाय बताई दिन्छु। बजारमा अरूहरूले कपडा, तेल, मह, सक्खर आदि बेचिरहे झैं तिमीले पनि बाटोको छेऊमा ती सबै गोल थुपारी गोल बेचिरहेको जस्तै गरी बसी राख्नु। बजारमा किनमेल गर्न आउने मानिसले तिमीलाई यसरी सोध्ने छ– 'अरू पसलेहरूले कपडा, तेल, मह, सक्खर बेचे जस्तै तिमीले पनि गोल बेचिरहेको हो कि क्या हो' ?"

उसलाई तिमी यसरी जवाफ दिनु– "आफूसँग भएको वस्तु नबेचिकन के गर्ने त ?"

फेरि अरूहरूले यसरी प्रश्न गर्ने छन्– "अरू व्यापारीले वस्त्र, तेल आदि बेच्न राखे जस्तै तिमीले सुन-चाँदी बेच्न राखेको हो कि ?"

उसले यस्तो प्रश्न गर्ने बित्तिकै तिमीले यसो भन्नु– "खोइ, सुन-चाँदी कहाँ छ ? एक चोटि लिएर मेरो हातमा राखि देऊ त।"

उसले ती गोल लिई तिम्रो हातमा राख्ने बित्तिकै सुन-चाँदी भएर आउँछ।

त्यसो गर्ने मानिस **अविवाहित** केटी भए तिम्रो छोरोसँग विहे गरी दिई ती सबै सम्पत्ति उसैलाई सुम्पि दिनु। **अविवाहित** केटो भए तिम्रो छोरी दिई उसैलाई सम्पत्ति जिम्मा लगाई दिनु।

साथीको सल्लाह अनुसार त्यस महाजनले मानिसले किनमेल गर्न आउने बजारमा एउटा सुकुलमा गोल थुपारी बसिरहचो। त्यस बेला किसा गौतमी नामकी एक दुब्ली पाटली कुमारी केटी त्यहाँ आई त्यस महाजनसँग प्रश्न गरिन्– "साहुजी ! यस बजारमा अरूहरूले कपडा, तेल, मह, सक्खर बेचिरहे झैं तपाईले के यी सुन-चाँदी बेची राख्नु भएको ?"

महाजनले भन्यो– "बहिनी ! तिमीले देखेको सुन-चाँदी लिई मेरो हातमा राखी देऊ त।"

किसा गौतमीले हात भरी गोल लिई महाजनको हातमा राखी दिइन्। तिनले छोएको सबै गोल सुन-चाँदीमा परिणत भयो। यो दृश्य देखी महाजन साह्रै खुशी भई आफ्नो छोरोलाई तिनीसँग विवाह गरी दिई सबै धन-सम्पत्ति तिनीहरूलाई सुम्पी दियो।

केही वर्ष बितेपछि किसा गौतमी गर्भवती भईन्। दश महिना पुगेपछि एउटा छोरो जन्माइन्। छोरो साह्रै राम्रो र हिसी परेको थियो। यस्तो पुत्र-रत्न पाएकोमा किसा गौतमी आनन्दले विभोर भइन्। मातृ-स्नेहको धारा बहाउँदै प्यारो छोरोलाई सुसार-कुसार गरिन्। चाहिंदो माया-



ममता दिई आफ्नो प्राण-प्रिय पुत्रलाई हुर्काइन्, बढाइन्। पूर्ण चन्द्र समानको छोरो दुइ वर्षमा टेक्यो। टुकु-टुकु हिंड्न सक्ने भयो। तोते बोली बोल्न थाल्यो। बालकको मन-मोहकता दुगुना बढ्यो। किसा गौतमीको खुशीको ठेगाना रहेन। पुत्र-रत्नको टुकु-टुकु हिडाईमा भाव-विभोर भई जानी-नजानी बोलेको कर्ण-प्रिय शब्दमा आनन्द अनुभव गरिन्।

त्यस्तो हिसी परेको अवस्थामा कहाँ-कहाँबाट एक विषधारी सर्प आई त्यस सुन्दर बालकलाई डस्यो। तुरन्तै सर्प-विष फैलिएर बालकको तत्काल मृत्यु भयो।

किसा गौतमी पुत्र-वियोगले विह्वल भईन्। तिनी छाति पिटी-पिटी रूनसम्म रोइन्, कराइन्। तिनी पागल जस्तै भइन्।

मरेको बालकलाई छातिमा राखेर औषधि गरी बचाई दिने बैद्यको खोजीमा तिनी घरबाट निस्किन्।

"मेरो प्राण भन्दा प्यारो छोरो अहिले मरेको छैन। यो निदाई रहेछ, यसलाई ब्युउँझाई दिने औषधि बताई दिनुस्" भन्दै कहिले यता कहिले उता दगुर्न थालिन्।

तिनको यस्तो अवस्था देखी एक जना सज्जनको मनमा दया उठ्यो। उसले तिनलाई बोलाएर भन्यो– "बहिनी ! मलाई त तिम्रो छोरोलाई जिलाई दिने औषधि गर्न आउँदैन। तर औषधि गर्न जान्ने एक **महापुरुष**लाई चिन्दछु। उहाँ **भगवान शाक्यमुनि सम्यक् सम्बुद्ध** हुनु हुन्छ। तिमी तथागत कहाँ जाऊ। अवश्य तिमीलाई करुणावान तथागतले मद्दत गर्नु हुनेछ।

किसा गौतमी आफ्नो छोरोलाई जिलाउने दरिलो आशा लिई त्यस सज्जनले दर्शाएको बाटो पहिल्याउँदै जेवतन विहारमा पुगिन्। त्यहाँ भगवान बुद्धको दर्शन पाई तथागतलाई सादर वन्दना गरी

**मृतक** बालकलाई तथागत समक्ष राखी यसरी बिन्ति गरिन्– "भन्ते, भगवन् ! 'तथागतले मेरो छोरोलाई जिलाई दिने औषधि जान्नु भएको छ' भन्ने कुरो सुनी म यहाँ आएकी हूँ ।"

तथागतले भन्नु भयो– "गौतमी ! हो, मलाई त्यस्तो औषधि गर्ने तरिका आउँछ ।"

किसा गौतमीले बिन्ति गरिन्– "भन्ते, भगवन् ! त्यो कस्तो औषधि हो ? कृपया आज्ञा गर्नु होस् । म जहाँ जानु परे पनि गएर त्यस औषधि लिएर आउने छु ।"

तथागतले भन्नु भयो– "गौतमी ! तिमी नगरमा गई कोही पनि नमरेको घर-परिवारबाट एक मुठी सरस्यूँ लिएर आउन सके औषधि लाग्न सक्छ ।"

"हुन्छ; हवस् भन्ते, भगवन् !" भनी तथागतलाई सादर वन्दना गरी मृतक बालकलाई बोकेर किसा गौतमी नगरमा गईन् । नगरको घरको पहिलो ढोकामा गई एक मुठी सरस्यूँ मागिन् । सरस्यूँ पाए पछि तिनले प्रश्न गरिन्– "यस घर-परिवारमा अहिलेसम्म कोही मरेको त छैन ?"

घरको मालिकनीले भनिन्– "बहिनी ! यो तिमीले कस्तो प्रश्न गरेकी ? कुनै पनि परिवारमा नमरेको घर तिमीले भेट्टाउन सक्तैनौं । यस संसारमा बाँच्नेहरू भन्दा मर्नेहरूको संख्या धेरै छन् ।"

किसा गौतमीले भनिन्– "त्यसो भए यो सरस्यूँ फिर्ता लिनु होस् । यसले मेरो छोरोलाई औषधिको काम गर्दैन ।"

तिनी सरस्यूँ माग्न अर्को घरमा गइन् । त्यहाँ पनि त्यस्तै जवाफ पाइन् । फेरि अर्को घरमा पुगिन्; त्यही जवाफ पाइन् । यसरी तिनी दिनभरी घर-घर चहारिन्; नमरेको घर-परिवार भेट्टाउन सकिनन् । अन्तमा तिनी थकित भई यसरी विचार गरिन्– "आज म यत्तिका



घरहरूमा घुमेर हेरें । नमरेको घर-परिवार भेट्टाउन सकिन । मैले त मेरो छोरो मात्रै मरेको भनी ठानेको, होइन रहेछ । **जन्मेपछि मृत्यु हुने संसारको स्वभाव धर्म रहेछ ।**"

किसा गौतमीलाई अनुभवको आधारमा यस्तो ज्ञान उत्पन्न भएपछि छोरो प्रतिको माया-ममता त्याग गर्नमा तिनी सफल भईन् । मृतक बालकलाई जङ्गलमा छोडेर तिनी **जेतवनाराम**मा पुगिन् । भगवान बुद्धलाई सादर वन्दना गरी एक छेउमा बसिन् ।

तथागतले भन्नु भयो– "गौतमी ! तिमीले एक मुठी सरस्यूँ ल्यायौ ?"

तिनले दुइ हात जोडेर भनिन्– "भन्ते, भगवन् ! तथागतले भन्नु भएको जस्तो सरस्यूँ ल्याउनमा म असमर्थ भएँ । तर त्यस्तो सरस्यूँ खोज्दा-खोज्दै 'संसारमा बाँचिरहेका मानिसहरू भन्दा मर्नेहरूको संख्या अधिक होला' भन्ने कुराको ज्ञात भयो ।"

तथागतले तिनलाई सम्झाउँदै भन्नु भयो– "गौतमी ! तिमीलाई तिम्रो छोरो एक जना मात्रै मृत्यु भएको जस्तो लाग्छ । वास्तवमा प्राणी जन्मेपछि मृत्यु हुनु पर्ने ध्रुव धर्म हो । जन्मेका प्राणीहरूको आ-आफ्नो इच्छा पूर्ण नहुँदै मृत्युको वशमा पर्ने हुन्छ । जसरी नदीको किनारमा बस्ने ग्रामवासीहरूलाई निदाई रहँदा बाढीले बगाएर लैजान्छ, त्यस्तै पुत्र-पुत्री आदि प्राणीप्रति आसक्त भइरहने व्यक्तिलाई मृत्युले लैजान्छ ।"

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भयो–

**"तं पुत्तपसुसम्मत्ते – व्यासत्तमनसं नरं ।**
**सुत्तं गाम महोघोव – मच्चु आदय गच्छति ॥"**

— (ध. प. २८७)

अर्थ– जो पुत्र आदि प्राणीमा आसक्त भइरहन्छ त्यसलाई सुतिरहेको ग्रामवासीहरूलाई बाढीले बगाएर लगे झैं मृत्युले लैजान्छ।

तथागतको यस धर्म-देशनाको अन्तमा किसा गौतमीले **स्रोतापत्ति मार्ग-फल** प्राप्त गर्नमा सफल भइन्। अन्य धेरै श्रोतागणहरूले **मार्ग-फल** प्राप्त गरे।

त्यसपछि किसा गौतमीले तथागत समक्ष **प्रव्रज्या** मागिन्।

भगवान बुद्धले तिनलाई भिक्षुणीहरू कहाँ पठाउनु भयो। तिनले त्यहाँ **प्रव्रज्या** र **उपसम्पदा** पाइन्।

एक दिन किसा गौतमी भिक्षुणीलाई **उपोसथागार**मा काम गर्न जाने पालो पर्‍यो। तिनले त्यहाँ बत्ती बाल्दा बलिरहेको त्यस बत्तीमा **उत्पत्ति-विनाश**को घटनाक्रम देखिन्। त्यसैमा चित्त एकाग्र गरी सत्त्व प्राणीहरूको उत्पत्ति-विनाशसँग तुलना गरी ध्यान गर्न थालिन्।

ठीक त्यसै बेला **भगवान बुद्धले गन्धकुटी**बाट रस्मि फैलाउनु भई तिनकै अगाडि बसिरहनु भएको जस्तै गरी भन्नु भयो– "गौतमी! अहिले तिमीले विचार गरिरहेको कुरो ठीक छ। संसारमा रहेका प्राणी बत्तीको ज्वाला झैं उत्पन्न हुन्छ, विनाश हुन्छ। निर्वाणमा पुगिसकेकाहरू मात्रै यस उत्पत्ति-विनाश हुनु पर्ने स्थितिबाट अलग्ग रहने हुन्छ। त्यसकारण निर्वाणलाई नदेखिकन साक्षात्कार नगरिकन शय वर्ष बाँच्नु भन्दा निर्वाणलाई साक्षात्कार गरी एक दिन मात्र बाँच्नु नै श्रेष्ठ हुन्छ।"

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भई धर्म-देशना गर्नु भयो–

**"यो च वस्ससतं जीवे – अपस्सं अमतं पदं।**
**एकाहं जीवितं सेय्यो – पस्सतो अमतं पदं॥"**



अर्थ– अमृत पद अर्थात् निर्वाणलाई नजानिकन, नबुझिकन शय वर्ष बाँच्नु भन्दा अमृत पद निर्वाणलाई जानी, बुझी, साक्षात्कार गरी एक दिन मात्रै जिउन नै वेश हुन्छ।

तथागतको यो धर्म-देशना सुनी किसा गौतमी जुन आसनमा बसिरहेको हो त्यही आसनमा बसी **प्रतिसम्भिदा** सहित **अरहन्त** भइन्।

'किसा गौतमीको कथा समाप्त'।

## ८.१४. (बहुपुत्तिक थेरीको कथा)

# ८.१४. धर्मदर्शीको एक दिनको जीवन श्रेष्ठ छ

८. (११५) "**यो च वस्ससतं जीवे – अपस्सं धम्म मुत्तमं ।**
**एकाहं जीवितं सेय्यो – पस्सतो धम्ममुत्तमं**" ॥१६॥

एक समय **भगवान बुद्ध श्रावस्ती**को **जेतवनाराम**मा विहार गरिरहनु भएको थियो । त्यस बेला **तथागत**ले यो गाथा **बहुपुत्तिक थेरी**को कारणमा आज्ञा गर्नु भएको हो ।

**श्रावस्ती नगर**मा एक जना गृहणी थिइन् । तिनको सात जना छोराहरू र सात जना छोरीहरू थिए । तिनीहरू ठूलो भएपछि क्रमशः सबैको विवाह भयो । तिनीहरू आ-आफ्नो घर-वार गरी बस्न थाले । केही समयपछि तिनीहरूको बुढो बाबुको मृत्यु भयो ।

गृहिणीले आफ्नो पतिको मृत्यु भइसकेपछि पनि छोरा-छोरीहरूलाई अंश-वन्दा नगरिकन बसिरहिन् ।

एक दिन छोराहरू सबै मिलेर तिनलाई यसो भने– "आमा ! हाम्रा बाबुको मृत्यु भइसक्यो । अब हाम्रो अंश-वन्दा गरी दिनु होस् ।"

छोरा-छोरीहरूको कुरा सुनेर तिनी चूप लागेर बसिन् । छोरा-छोरीहरूले फेरि-फेरि पनि त्यही कुरा दोहऱ्याएर भन्न थाले ।

"अब अंश बाँडेर नदिइकन सुख नपाउने भयो । अंश पाएपछि मलाई यिनीहरूले हेरचाह गरी हाल्छ ।"– यसरी सोचेर तिनले आफूसँग भएको सम्पूर्ण धन-सम्पत्ति सबै छोराहरू तथा छोरीहरूलाई बराबर गरी भाग लगाई दिइन् ।



केही समय बितेपछि तिनी जेठो छोरोको घरमा बस्न गईन् । जेठी बुहारीले तिनलाई हप्काउँदै भनिन्– "के तिमीले मेरो लोग्नेलाई जेठो छोरो भनी दुइ भाग अंश दिई राखेको छ कि क्या हो ? तिमी मेरो घरमा किन बस्न आएकी ?"

जेठी बुहारीको यस्तो कर्कश मिजास सुनी बुढीया चित्त दुखाएर अर्को छोरोको घरमा बस्न गईन् । त्यहाँ पनि बुहारीले त्यस्तै गालि गरी घरबाट निकालि दिईन् । यसरी सबै बुहारीहरूबाट हेंला गरी निकाले पछि ठूली छोरीको घरमा बस्न गईन् । त्यहाँ पनि बस्न नसकी अरू छोरीहरू कहाँ पुगिन् । कसैले पनि तिनलाई '**आमा**' भनेर पाल्न तयार भएन । तिनी साह्रै दुःखी भई विहारमा भिक्षुणीहरूको शरणमा गईन् । त्यहाँ तिनले **प्रव्रज्या** मागिन् । भिक्षुणीहरूले तिनलाई प्रव्रजित गरी दिए । पछि तिनलाई **उपसम्पदा** गरी दिई 'धेरै छोरा-छोरी भएको थेरी' अर्थात् '**बहुपुत्तिका थेरी**' भनी नामकरण गरी दिए ।

त्यसपछि आफू भन्दा जेष्ठ भिक्षुणीहरूको सेवा-उपस्थान गरी बाँकी रहेको समयमा ध्यान-भावना गरी समयको सदुपयोग गरिन् । धेरै जसो तिनी **विपश्यना ध्यान**मा लागिरहिन् ।

एक दिन भगवान बुद्धले **गन्धकुटी**बाट आफ्नो रस्मि फैलाउनु भई तिनकै अगाडि बसी भन्नु भए जस्तै तिनलाई सम्बोधन गर्नु भई भन्नु भयो– "हे, **बहुपुत्तिक थेरी** ! तथागतले देशना गर्नु भएको, धर्मलाई नदेखिकन, थाहा नपाइकन शय वर्ष बाँच्नु भन्दा तथागतको धर्म-देशनालाई जानेर, बुझेर एक दिन मात्रै बाँच्नु नै श्रेष्ठ हुन्छ ।"

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भई धर्म-देशना गर्नु भयो–

### ८.१४. धर्मदर्शीको एक दिनको जीवन श्रेष्ठ छ (११५)

**"यो च वस्ससतं जीवे – अपस्सं धम्म मुत्तमं ।**
**एकाहं जीवितं सेय्यो – पस्सतो धम्म मुत्तमं ॥"**

अर्थ– उत्तम, सही धर्मलाई नजानिकन, नदेखिकन शय वर्ष जिउनु भन्दा उत्तम धर्मलाई जानेर, बुझेर एक दिन मात्रै जिउनु नै श्रेष्ठ हुन्छ ।

तथागतको यस धर्म-उपदेशको अवसानमा **बहुपुत्तिक थेरी प्रतिसम्भिदा** सहित **अरहन्त भाव**मा प्रतिष्ठित हुन सफल भइन् ।

'बहुपुत्तिक थेरीको कथा समाप्त' ।

**सहस्स वर्गको वर्णन समाप्त ।**

# ९. पापवग्गो

## ९.१. (चूल एकसाटक ब्राह्मणको कथा)

## ९.१. पुण्य कर्म गर्नुमा ढिलाई गर्नु हुँदैन

९. (११६) **"अभित्थरेथ कल्याणे – पापा चित्तं निवारये ।**
**दन्धं हि करोतो पुञ्ञं – पापस्मिं रमती मनो" ॥१॥**

एक समय **भगवान बुद्ध श्रावस्ती**को **जेतवनाराम**मा विहार गरिरहनु भएको थियो । त्यस बेला **तथागत**ले यो गाथा **एकसाटक ब्राह्मण**को कारणमा आज्ञा गर्नु भएको हो ।

श्रावस्ती नगरमा **चूल एकसाटक** नामक एक जना ब्राह्मण बस्दथ्यो । ऊ साह्रै गरीब थियो । उसकी एउटी धर्म-पत्नी थिई । उसको बाहिर जाँदा ओढ्ने एउटै मात्र पछ्यौरा थियो । घर बाहिर जाँदा त्यहीं एउटै पछ्यौराबाट ब्राह्मण र ब्राह्मणी दुबैले आलो-पालो गरी ओढेर काम चलाइरहेको थिए ।

एक दिन नगरमा भगवान बुद्धको धर्म-देशना हुने घोषणा गरियो ।

ब्राह्मणले ब्राह्मणीलाई भन्यो– "प्रिय, ! तिमी दिउँसोको धर्म-देशना सुन्न जाने कि साँझको धर्म-देशना सुन्न जाने ? हामीसँग एउटै मात्र ओढ्ने छ । दुइ जनासँगै जान सक्तैनौं । के गर्ने ?"

ब्राह्मणीले दिउँसो जाने सहमति जनाउँदै ओढ्ने ओढेर धर्म-देशना सुन्न गईन् । तिनी फर्केपछि ब्राह्मणले त्यही ओढ्ने ओढेर तथागत समक्ष बसी एकाग्र चित्तले धर्म-देशना सुनिरहृयो । धर्म-उपदेश सुन्दा-सुन्दै उसले **पाँच प्रकार**को **प्रीति** अनुभव गऱ्यो । उसलाई

आफूले ओढिरहेको ओढ्ने तथागतलाई दान गर्ने इच्छा उत्पन्न भयो ।

फेरि उसको मनमा यसरी कुरा खेल्यो– "यही एउटा ओढ्ने बाहेक हामीसँग अरू लुगा छैन । यो ओढ्ने दान दियो भने ब्राह्मणीलाई पनि ओढ्ने हुँदैन, मलाई पनि हुँदैन । के गर्ने होला !"

यसरी उसको मनमा कंजुसीपन सहितको लोभ चित्त आइरहयो । फेरि दान गर्ने श्रद्धा-चित्त उत्पन्न भयो । तुरुन्तै त्यस चित्तलाई डबाउने हजारौं कुरा मनमा खेलिरह्यो । यसरी सोच्दा-सोच्दै रातको **प्रथम याम** (**प्रहर**) बित्यो ।

रातको मध्यम याममा पनि उसको मनमा यस्तै-यस्तै कुरा खेलेर ओढ्ने दान दिन सकेन । अन्तिम याममा उसले आफ्नो लोभ चित्तलाई जितेर 'दान गर्छु, गर्छु' भनी श्रद्धा चित्त उत्पन्न गरी जुरुक्क उठेर भगवान बुद्ध कहाँ गयो । तथागतलाई सादर वन्दना गरी ओढ्ने दान गऱ्यो । अनि '**म जितें, म जितें**' भनी तीन पटक ठूलो स्वरले करायो ।

उनी कराएको आवाज **कोसल राजा पसेनदि**को कानमा पऱ्यो । उसले 'के जितेको रहेछ, बुझेर आउनु' भनी राजाले राजपुरुषहरूलाई सोध्न पठायो । उसले भनेको सबै कुरा तिनीहरूले राजालाई बिन्ति चढाए ।

'निश्चय नै यसले कठिन काम गरेको रहेछ' भनी ब्राह्मणलाई एक जोर पछ्यौरा दिन लगायो । ब्राह्मणले आफूलाई प्राप्त भएको पछ्यौरा फेरि तथागतलाई नै दान दियो । राजाले फेरि दुइ जोर, चार जोर, आठ जोर, सोह्र जोर गरी पटक-पटक त्यस ब्राह्मणलाई पछ्यौरा दिन लगायो । ब्राह्मणले पनि पटकै पीछे आफूलाई प्राप्त भएको वस्त्र तथागतलाई दान दियो । पछि राजाले ३२ जोर पछ्यौरा दिन लगायो ।

ब्राह्मणले विचार गऱ्यो– "राजाले मलाई जति-जति दिन लगाएको छ, ती सबै दान दिंदा अरूले मलाई निन्दा गर्नेछ ।"



त्यसकारण एक जोर आफूलाई राखी बाँकी सबै दान दियो । त्यस एकसाटक ब्राह्मणले पूर्व जन्ममा **विपस्सी तथागत**को समयमा पनि यस्तै दान गरेर आएको थियो ।

'यसले साह्रै कठिन काम गऱ्यो' भनी राजाले उसलाई एक लाख मोल पर्ने दुइ वटा कम्बल दिन लगायो । 'यत्तिको मोल पर्ने कम्बल प्रयोग गर्न मलाई सुहाउँदैन' भनी विचार गरी ब्राह्मणले एउटा कम्बल भगवान बुद्धको **गन्ध कुटी**मा चँदुवा बनाई राखी दियो । अर्को कम्बल आफू कहाँ दिनहूँ भोजन गर्न आउने भिक्षु बस्ने ठाउँमा चँदुवा बनाई दियो ।

एकसाटक ब्राह्मणको यी सबै कार्य देखी राजा प्रसन्न भई उसलाई चार हात्ती, चार घोडा, चार हजार रूपियाँ, चार वटा गाउँ, चार जना स्त्री, चार पुरुष आदि सबै वस्तु चार-चार '**सर्व चतुष्क**' नामक दान दिन लगायो ।

एक दिन भिक्षुहरूको धर्म-सभामा चूल एकसाटक ब्राह्मणले तथागतलाई दान गरेकै दिनमा त्यसको फल स्वरूप उसलाई **सर्व चतुष्क दान** प्राप्त भएको कुरामा आश्चर्य प्रकट गर्दै थियो । त्यसै बेला भगवान बुद्ध त्यहाँ आइपुग्नु भई भिक्षुहरूको बीचमा 'के कुरा चलिरहेको हो' त्यसको जानकारी लिनु भयो ।

त्यसपछि तथागतले भिक्षुहरूलाई सम्बोधन गर्नु भई भन्नु भयो– "भिक्षुहरू ! त्यस ब्राह्मणले उसको ओढ्ने रात्रीको प्रथम प्रहरमा तथागतलाई दान गर्न सकेको भए '**सर्व सोलसक**' नामक प्रत्येक वस्तु १६-१६ वटा भएको दान प्राप्त हुने थियो । रात्रीको मध्यम याममा दान दिनु सकेको भए '**सर्व अष्टक**' नामक दान लाभ हुने थियो । रात्रीको अन्तिम याममा दान दिएको कारणले उसलाई यो '**सर्व चतुष्क**' दान लाभ भएको हो ।

कल्याणकारी काम गर्नेहरूले उत्पन्न भएको **कुशल चेतना** सेलाउन नपाउँदै गरी हाल्नु पर्दछ । ढीलो गरी कुशल कार्य गरेमा अलिकति मात्र फल प्राप्त हुनेछ ।"

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भई धर्म-देशना गर्नु भयो–

**"अभित्थरेथ कल्याणे - पापा चित्तं निवारये ।**
**दन्धं हि करोतो पुञ्ञं - पापस्मिं रमती मनो ॥"**

अर्थ– पुण्य कर्म तुरुन्तै गरी हाल्नु पर्दछ । मनमा पाप चिताउनु हुँदैन । पुण्य कर्म गर्नमा ढीलो गऱ्यो भने पापमा मन जाने सम्भावना हुन्छ ।

तथागतको यस धर्म-देशनाको अन्तमा धेरै भिक्षुहरू **स्रोतापत्ति मार्ग-फल**मा प्रतिष्ठित भए ।

'चूल एकसाटक ब्राह्मणको कथा समाप्त' ।

## ९.२. (**सेय्यसक स्थविरको कथा**)

# ९.२. पापको सञ्चय दु:ख दायक हुन्छ

९. (११७) **"पापं चे पुरिसो कयिरा - न तं कयिरा पुनप्पुनं ।**
**न तम्हि छन्दं कयिराथ - दुक्खो पापस्स उच्चयो"** ॥२॥

एक समय **भगवान बुद्ध श्रावस्ती**को **जेतवनाराम**मा विहार गरिरहनु भएको थियो । त्यस बेला **तथागत**ले यो गाथा **सेय्यसक स्थविर**को कारणमा आज्ञा गर्नु भएको हो ।

जेतवनाराममा **सेय्यसक** भन्ने एक जना भिक्षु थियो । उनी **लालुदायि स्थविर**को शिष्य थियो । उसलाई बुद्ध-शासनमा भिक्षु भएर बस्न मन लागेन । उसले आफ्नो गुरुलाई मनको कुरा भन्न गयो ।

गुरुले उसलाई भन्यो– "तिमीलाई **सङ्घादिसेस आपत्ति** लाग्यो ।"

अरू पनि मनमा लागेको कुराहरू भन्दा गुरुले **सङ्घादिसेस आपत्ति** लागेको कुरा नै दोहऱ्याई दियो ।

आपत्तिको अर्थ हो, दोष, अपराध, त्रुटी । जुन भिक्षुले दोषयुक्त काम गर्दछ, त्यस्तो दोषी भिक्षु त्यस दोषबाट शुद्ध हुन शुरूमा पनि अन्तमा पनि भिक्षुसङ्घ चाहिने भएकोले '**सङ्घादिसेस**' भनिएको हो ।

दोषी भिक्षु दोषबाट मुक्त हुन '**परिवास**' मा बस्नु पर्दछ; '**मानत्त**' मा बस्नु पर्दछ । अनि '**अब्भान**' भन्ने कर्मद्वारा भिक्षुसङ्घले सङ्घ-सभामा भित्र्याउँछ ।

लालुदायि स्थविरले आफ्नो शिष्य सेय्यसक भिक्षुलाई बार-बार **सङ्घादिसेस आपत्ति** लगाइएको कुरा अरू भिक्षुहरूले भगवान बुद्धलाई बिन्ति गर्न गए ।

तथागतले लालुदायि स्थविरलाई बोलाउन पठाउनु भई सोध्नु भयो– "लालुदायि ! के तिमीले सेय्यसक भिक्षुलाई **संघादिसेस आपत्ति** लगाएको हो ?"

उसले हात जोडेर भन्यो– "भन्ते, भगवन् ! हो, मैले यस्तो आपत्ति लगाएँ ।"

भगवान बुद्धले भन्नु भयो– "मोघ पुरुष ! तिमीले राम्रो कर्म गरेनौं । यस्तो गर्नु ठीक छैन ।"

यसै सन्दर्भमा **शिक्षापद** बनाउनु भई तथागतले यो गाथा प्रकाशमा ल्याउनु भई धर्म-देशना गर्नु भयो–

**"पापं चे पुरिसो कयिरा - न तं कयिरा पुनप्पुनं ।**
**न तम्हि छन्दं कयिराथ - दुक्खो पापस्स उच्चयो ॥"**

अर्थ– मानिसले पाप कर्म गरिहाल्यो भने पनि फेरि-फेरि गर्नु हुँदैन । पाप कर्ममा इच्छा बढाउनु हुँदैन । किनभने पापको संचय दुःखदायक हुन्छ ।

अर्थात् मानिसले सकेसम्म पाप कर्म गर्दै नगर्नु । कारणवश गरी हालेको खण्डमा तुरन्तै त्यसलाई चाल पाई त्यसबाट बच्नु पर्दछ । "यो अवश्य नीच कर्म हो, निन्दनीय कर्म हो, यस्तो कर्म गर्नु योग्य छैन' भनी प्रत्यवेक्षण गर्नु पर्दछ ।

फेरि पनि त्यस्तो कर्म गर्ने मनमा आएमा आफूले आफूलाई यसरी सम्झाउनु पर्दछ– "पाप कर्म गर्नु ठीक छैन । पाप कर्म गर्नाले दुःख हुन्छ । त्यो दुःख यस लोकमा मात्रै भोगेर नपुग्ने हुन्छ । त्यसले परलोकमा दुर्गतिमा समेत पुऱ्याई दिने हुन्छ ।"



तथागतको यस धर्म-देशनाको अन्तमा धेरै मानिसहरू **स्रोतापत्ति मार्ग-फल** प्राप्त गर्नमा सफल भए ।

'सेय्यसक स्थविरको कथा समाप्त' ।

## ९.३. (लाजदेव कन्याको कथा)

# ९.३. पुण्यको सञ्चय सुखदायक हो

९. (११८) **"पुञ्ञं चे पुरिसो कयिरा - कयिराथेतं पुनप्पुनं ।**
**तम्हि छन्दं कयिराथ - सुक्खो पुञ्ञस्स उच्चयो" ॥३॥**

एक समय **भगवान बुद्ध श्रावस्ती**को **जेतवनाराम**मा विहार गरिरहनु भएको थियो । त्यस बेला **तथागत**ले यो गाथा **लाजदेव कन्या**को कारणमा आज्ञा गर्नु भएको हो ।

घटना **राजगृह**मा घटेको थियो । त्यस बेला राजगृह नगरको **पिम्पलि गुफा**मा **महाकाश्यप महास्थविर** विहार गरिरहनु भएको थियो ।

एक समय उहाँ सात दिनसम्मको **निरोध समापत्ति**मा बस्नु भई सात दिन पछि समाधिबाट उठ्नु भयो । त्यस दिन उहाँले आफ्नो दिव्य चक्षुद्वारा 'आजको भिक्षाबाट कसको उपकार हुन्छ' भनी हेर्नु भयो । उहाँले खेतमा धान-बालि कुर्न बसिरहेकी लाजदेव कन्यालाई देख्नु भयो । तिनी धानको बाला झिक्दै लावा भुट्दै थिई । तिनी दान दिनमा श्रद्धा भएकी बुद्धिमती कन्या थिइन् । आजको भिक्षा-पात्रमा तिनले दान दिई फलस्वरूप महान सम्पत्ति लाभ गर्ने कारण पनि उहाँले देख्नु भयो ।

त्यस दिन **पुर्वाण्ह समय** महाकाश्यप महास्थविर पात्र-चीवर धारण गर्नु भई लाजदेव कन्याको निवास-स्थाननिर उभिनु भयो । कन्याले भिक्षाको लागि उभिरहनु भएको महास्थविरलाई देखेर अति प्रसन्न भई **पाँच प्रकार**को **प्रीति** अनुभव गरिन् । आफूले भुटिराखेको लावा श्रद्धापूर्वक भिक्षा-पात्रमा खन्याई दिईन् । महास्थविरलाई **पञ्चाङ्ग वन्दना** गरी यसरी प्रार्थना गरिन्– "भन्ते ! यो दान गरेको पुण्यको प्रभावले तपाईले जस्तै **दृष्ट-धर्म** प्राप्त गर्न सकुँ ।"



काश्यप महास्थविरले आशीर्वाद दिँदै भन्नु भयो– "तिम्रो आशिका पूर्ण होस् ।"

लाजदेव कन्याले आफूले गरेको दान-कार्यमा खुशी भई बार-बार सम्झदै निवासतिर फर्किरहँदा बाटोमा एक विषधारी सर्पले तिनलाई टोक्यो । तिनको त्यहीं मृत्यु भयो ।

दान चेतनाले तिनी त्यहाँबाट च्यूत भई **तावतिंस देवलोक**मा उत्पन्न भईन् । त्यहाँ तिनले 'महान भोग सम्पति प्राप्त भएको कारण महास्थविरलाई दान दिएको पुण्यको प्रभाव हो' भनी थाहा पाईन् । तिनले मनुष्य रूप लिई बिहान सबेरै महास्थविर बस्ने ठाउँमा कुचो लगाउने, पानी भर्ने आदि काम गरी दिइन् । भोलिपल्ट पनि यसरी नै काम भ्याएर गईन् ।

तेस्रो दिनमा महास्थविरले कुचो लाइरहेको देखी तिनलाई भन्नु भयो– "**देवकन्या** ! यहाँ मलाई तिम्रो सेवाको आवश्यकता छैन । तिम्रो यो सेवा पछि आलोचनाको विषय बन्ने छ । त्यसकारण तिमी यहाँबाट गइ हाल ।"

तिनी आकाश मार्गबाट जाँदै विलाप गर्दै हात जोडेर यसो भनिन्– "भन्ते ! मलाई सेवा गर्ने मौका दिनु होस् । तपाईलाई लावा भिक्षा दान दिएको पुण्यले मलाई देव-सम्पत्ति लाभ भयो । मलाई लाभ भएको देव-सम्पत्ति स्थिर गर्न तपाईंको **परिवेण**मा सेवा गर्न चाहन्छु ।"

त्यसरी विलाप गर्दै आकाश मार्गबाट गइरहेकी लाजदेव कन्याको आवाज जेतवनको गन्ध कुटीमा विहार गरिरहनु भएको भगवान बुद्धले सुन्नुभयो । तथागतले आफ्नो रश्मी फैलाउनु भई तिनकै अगाडि बस्नु भएको जस्तो गर्नु भई यसरी आज्ञा गर्नु भयो– "हे देवपुत्री ! मेरो पुत्र महाकाश्यप **संवर-सील**लाई परिशुद्ध गरी बस्न रूचाउँछ । पुण्य संचय गर्नेले कुशल-कर्मलाई बढाउँदै लैजानु पर्दछ ।

पुण्य कर्म गर्नु यस लोक र परलोक दुबै लोकमा सुखदायी हुन्छ ।"

यसै सन्दर्भमा तथागतले धर्म-देशना गर्नु भई यो गाथा प्रकाशमा ल्याउनु भयो–

**"पुञ्ञं चे पुरिसो कयिरा – कयिराथेतं पुनप्पुनं ।**
**तम्हि छन्दं कयिराथ – सुक्खो पुञ्ञस्स उच्चयो ॥"**

अर्थ– पुण्य कर्म गर्ने मानिसले फेरि-फेरि पुण्य-कर्म गर्नु पर्दछ। पुण्य कर्म गर्नमा उत्साह बढाउनु पर्दछ। किनभने पुण्य कर्मको संचय सुखदायक हुन्छ ।

तथागतको यस धर्म-देशनाको अन्तमा लाजदेव कन्या ४५ योजन टाढा रहेर पनि **स्रोतापत्ति मार्ग-फल** प्राप्त गर्नमा सफल भईन् ।

'लाजदेव कन्याको कथा समाप्त' ।

९.४. (**अनाथपिण्डिक महाजनको कथा**)

# ९.४. फल प्राप्ति पछि पुण्य-पापको परिचय हुन्छ

९. (११९) **"पापोपि पस्सति भद्रं – याव पापं न पच्चति ।**
**यदा च पच्चति पापं – अथ पापो पापानि पस्सति" ॥४॥**

९. (१२०) **"भद्रोपि पस्सति पापं – याव भद्रं न पच्चति ।**
**यदा च पच्चति भद्रं – अथ भद्रो भद्रानि पस्सति" ॥५॥**

एक समय **भगवान बुद्ध श्रावस्ती**को **अनाथ पिण्डिक महाजन**ले बनाएको **जेतवनाराम**मा विहार गरिरहनु भएको थियो । त्यस बेला **तथागत**ले यो गाथा **अनाथपिण्डिक महाजन**को कारणमा आज्ञा गर्नु भएको हो ।

श्रावस्ती नगरको अनाथपिण्डिक महाजनले जेतवन विहार बनाउन **चवन्न करोड धन** खर्च गरेको थियो। भगवान बुद्ध जेतवनाराममा विहार गरिरहनु हुँदा अनाथपिण्डिक महाजन प्रत्येक दिन तथागतको **सेवा उपस्थान**को लागि जाने गर्थ्यो। उनी विहारमा जाँदा कहिल्यै खालि हात जाँदैन्थ्यो। बिहान जाँदा **यागु** आदि जलपान बोकाएर जान्थ्यो। दिउँसो जाँदा **घिउ, नौनी, औषधि** आदि बोकाएर जान्थ्यो । साँझमा जाँदा **फूलमाला, सुगन्धित लेप, सुगन्धित वस्त्र** आदि बोकाएर जाने गर्थ्यो ।

व्यापार गरी जीविका गर्ने व्यापारीहरूले अनाथपिण्डिक महाजनको हातबाट **अठार करोड धन** ऋणस्वरूप सापति लगिराखेका थिए। सापति लगिराखेको धन फिर्ता दिन ल्याएन। पुस्तौली सम्पत्ति र **अठार करोड मूल्य** पर्ने सुन-चाँदी आदि बहुमूल्य वस्तु नदीको किनारमा गाडेर

राखेको थियो । त्यो पनि बाढीले बगाएर महासमुद्रमा पुऱ्याई दियो ।

यस प्रकार महाजनको धन क्रमशः घट्दै गयो । तैपनि उनले भिक्षु महासङ्घलाई दान दिई नै रह्यो । तर पहिले जस्तो **मिठो, मसिनो प्रणीत दान** भने दिन सकेन ।

एक दिन भगवान बुद्धले अनाथपिण्डिक महाजनसँग यसरी प्रश्न गर्नु भयो– "**गृहपति** ! तिम्रो कुलमा दान दिने काम भइरहेको छ ?"

महाजनले हात जोडेर भन्यो– "भन्ते, भगवन् ! दान गर्दैछु । तर म अहिले साह्रै गरीब भएर गएँ । अहिले केवल कनिका पकाएको पातलो झोल मात्रै दान गर्न सकेको छु ।"

भगवान बुद्धले भन्नु भयो– "**गृहपति** ! तिमीले 'रुखो दान दिंदैछु' भनी चिन्ता गर्नु पर्दैन । तिम्रो चित्त मात्र शुद्ध गरी राख्न सकेको खण्डमा रुखो, नमिठो दान दिए पनि केही फरक पर्दैन । तिमीले आर्य पुद्गलहरूलाई दान दिइरहेका छौ ।"

तथागतले फेरि भन्नु भयो– "गृहपति ! म **वेलाम ब्राह्मण** भई जन्म लिंदा मैले **जम्बुद्वीप**मा हलचल मच्चिने गरी महादान गरें । तर त्यस बेला दान लिने त्रि-शरणमा गएका व्यक्तिहरू सम्म पनि पाइएन । यस प्रकार दान दिन योग्य व्यक्तिहरू दुर्लभ हुन्छन् । त्यसकारण तिमीले 'रूखो, नमिठो आहार दान दिनु पऱ्यो' भनी चिन्ता नगर ।"

अनाथपिण्डिक महाजनंको मूल ढोका माथि बस्ने एउटा **देवता** थियो । भगवान बुद्ध र तथागतको श्रावक-सङ्घहरू त्यस ढोकाबाट भित्र बाहिर आउँदा-जाँदा उहाँहरूको शील-गुणको प्रभावले त्यस देवता ढोका माथि बस्न नसकी ओर्लिरहनु पर्थ्यो ।

त्यस देवताले यसरी विचार गऱ्यो– "महाजन पहिले धनी



थियो । 'भिक्षु-सङ्घलाई दान नदेऊ' भनी जति भने पनि मेरो कुरा सुन्दैनथ्यो । अब त यो महाजन गरीब हुँदै गयो । सायद अब मैले भनेको कुरा मान्छ कि; एकचोटि उनको कोठामा गएर सम्झाउनु पऱ्यो ।"

एक रात त्यस देवता अनाथपिण्डिक महाजनको कोठामा गई यसरी **आकाशवाणी** गऱ्यो– "महाजन ! म तिम्रो मूल ढोका माथि बस्ने **देवता** हुँ । म तिमीलाई केही सल्लाह दिन चाहन्छु । हे महाजन ! मेरो कुरा सुन । तिमीले भविष्यको चिन्ता नगरी श्रमण गौतमको शासनमा धेरै धन खर्च गरी सक्यौ । अहिले तिमी यस्तो गरीब भएर गई सक्यौ । तैपनि तिमीले ती भिक्षुहरूलाई दान गर्न छोडेको छैनौ । यस्तै काम गरिरहचौ भने दुइ-चार दिन पछि तिमीले घाँस पनि खान पाउने छैनौ । अब दान गर्ने काम छोड । आफ्नो व्यापारको काममा लाग । आफ्नो कुल परम्परा थाम्ने कोशिश गर ।"

अनाथपिण्डिक महाजनले त्यस देवतालाई यसरी जवाफ दियो– "हे देवता ! तिमीले मलाई अर्ति-बुद्धि दिएको यही हो ? तिमी जस्तो हजारौं देवताहरू आए पनि मेरो दान कार्य रोक्न सक्तैनौ । तिमीले साह्रै अयोग्य कुरा गऱ्यौ । तिमी जस्तो देवता मलाई चाहिएको छैन । तिमी अहिल्यै मेरो घरबाट निस्कि हाल ।"

**स्रोतापन्न** भइसकेको **अनाथपिण्डिक महाजन**को कुरालाई त्यस देवताले उल्लंघन गर्न सकेन । देवता बाध्य भएर महाजनको घरबाट बाहिर निस्क्यो । तर अन्त बस्ने अनुकूल स्थान उनले पाउन सकेन । उनी फेरि महाजन कै घरमा बस्न आउनको लागि अरू देवताहरूसँग सहयोग माग्दै हिंड्यो ।

अन्तमा **देवराज ईन्द्र**को सुझाव अनुसार त्यस देवताले महाजनको सापटि लगिराखेको **अट्ठार करोड धन** फिर्ता दिन लगायो । बाढीले बगाएको अट्ठार करोड धन पनि यथास्थानमा राख्न लगाई

दियो। त्यस्तै अरू कतिपय धन आफ्नो ऋद्धिद्वारा जम्मा गरी महाजनको खालि भएको ढुकुति भरी दियो। अनि त्यस देवता महाजन कहाँ गई आफूले सबै धनको सुरक्षा गरी दिएको कुरा जानकारी दिई क्षमा माग्यो।

अनाथपिण्डिक महाजन त्यस देवतालाई साथमा लिई भगवान बुद्ध कहाँ गयो र तथागतसँग क्षमा माग्न लगायो।

तथागतले ती दुबैलाई उपदेश गर्नु हुँदै भन्नुभयो– "गृहपति ! यस लोकमा पापीले जबसम्म आफूले गरेको पाप परिपक्व हुँदैन तबसम्म राम्रै गरेको ठान्दछ। जब पापको फल फल्छ; दुःख-कष्ट भोग गर्छ। अनि मात्र पाप गरेको चाल पाउँछ। राम्रो काम गर्नेले पनि त्यसको फल परिपक्व नभएसम्म नराम्रो गरेको ठान्दछ। तर जब राम्रो फल आउँछ तब राम्रो काम गरको भनी चाल पाउँछ।"

यसै सन्दर्भमा तथागतले यी दुइ गाथा प्रकाशमा ल्याउनु भई धर्म-उपदेश गर्नु भयो–

**"पापोपि पस्सति[1] भद्रं - याव पापं न पच्चति।**
**यदा च पच्चति[2] पापं - अथ पापो पापानि पस्सति॥"**

अर्थ– पापको फल नपाएसम्म पापीले पाप गर्नु राम्रो सम्झन्छ। पापको फल पाएपछि मात्रै उसलाई पापको पूरा परिचय हुन्छ।

**"भद्रोपि पस्सति पापं - याव भद्रं न पच्चति।**
**यदा च पच्चति भद्रं - अथ भद्रो भद्रानि पस्सति॥"**

१. बर्मी – पस्सती,
२. बर्मी – पच्चती



अर्थ– पुण्य कर्म गर्नेले पनि पुण्यको फल नआए सम्म पुण्य कर्म गर्नु नराम्रो सम्झन्छ। पुण्यको फल आएपछि मात्रै उसलाई पुण्यको पूरा परिचय हुन्छ।

तथागतको यस धर्म-देशनाको अन्तमा देवता **स्रोतापत्ति मार्ग-फल**मा प्रतिष्ठित भयो। त्यस बेला त्यहाँ जम्मा भइरहेका मानिसहरूलाई यस धर्म-उपदेश सार्थक भयो।

'अनाथपिण्डिक महाजनको कथा समाप्त'।

## ९.५. (परिस्कार संयमित नभएको भिक्षुको कथा)

# ९.५. पाप भनेको थोरै नठान

९. (१२१) **"मावमञ्ञेथ[1] पापस्स – न मन्तं[2] आगमिस्सति ।**
**उदबिन्दु निपातेन – उदकुम्भोपि पूरति ।**
**पूरति बालो पापस्स – थोक थोकम्पि आचिनं"** ॥६॥

एक समय **भगवान बुद्ध श्रावस्ती**को **जेतवनाराम**मा विहार गरिरहनु भएको थियो । त्यस बेला **तथागत**ले यो गाथा एक जना **चीवर परिस्कार** आदि **संयम नभएको भिक्षु**को कारणमा आज्ञा गर्नु भएको हो ।

श्रावस्तीमा एक जना भिक्षु थियो । उनले आफ्नो कामको लागि विहारबाट कहिले पलङ्ग, कहिले कुर्सी आदि बाहिर ल्याउँथ्यो । कामसाम सकिएपछि ती सामानहरू बाहिर त्यत्तिकै छोडेर जान्थ्यो । आफूले काममा लिएका सामानहरू जहाँ जस्तो छ, त्यहाँ त्यस्तै राखी दिने उसको बानि थिएन । त्यसरी सामानहरू बाहिर त्यत्तिकै राख्दा पानी परेर बिग्रन सक्छ, घामले बिगार्न सक्छ अथवा किरा, फट्याग्रा आदिले नोक्सान पार्न सक्छ ।

त्यसकारण अरू भिक्षुहरूले उसलाई यसरी सम्झाए– "आयुष्मान ! परिस्कार अर्थात् सामानहरू जहाँबाट लिएको हो, त्यहीं सम्भालेर राखिदिनु पर्दछ । जे मन लाग्यो त्यसो गर्नु हुँदैन ।"

उनले भन्यो– "आयुष्मानहरू ! मैले अलिकति गर्न नहुने

१. माप्पमञ्ञेथ – सींहली,
२. मन्दं – बर्मी



काम गरें होला । तर मैले यस्तो कामको पर्वाह गर्दिन । मलाई यसबाट केही फरक पर्दैन ।"

उनले फेरि-फेरि पनि यस्तै काम गरिरह्यो ।

उनको काम देखेर दिक्क भई भिक्षुहरू भगवान बुद्धकहाँ गई यस विषयमा बिन्ति चढाए ।

तथागतले त्यस भिक्षुलाई बोलाउन पठाउनु भई उनलाई प्रश्न गर्नु भयो– "भिक्षु ! के तिमीले यस्तो-यस्तो काम गरेको साँचो हो ?"

भिक्षुले बिन्ति गर्दै भन्यो– "भन्ते, भगवन् ! मैले अलिकति दोषको काम गरे होला । तर त्यसबाट मलाई केही फरक पर्दैन ।"

तथागतले उनलाई सम्झाउँनु हुँदै भन्नु भयो– "भिक्षुहरूले त्यस्तो गरेर हिड्नु हुँदैन । पाप कर्म भनेको थोरै भनी हेला गर्नु हुँदैन । जसरी खुल्ला आकाश मुनि राखेको घैंटोमा पानी पर्छ, परेको पानीले थोपा-थोपा गरी घैंटो भर्ने हो; त्यस्तै गरी पाप कर्म गर्ने पापीले अलि अलि गर्दै गरेको पाप जम्मा हुँदै जाँदा ठूलो रासमा परिणत हुन्छ ।"

यसै सन्दर्भमा तथागतले धर्म-उपदेश दिनु भई यो गाथा प्रकाशमा ल्याउनु भयो–

**"मावमञ्ञेथ पापस्स – न मन्तं आगमिस्सति ।**
**उदबिन्दु निपातेन – उदकुम्भोपि पूरति ।**
**पूरति बालो पापस्स – थोक थोकम्पि आचिनं ॥"**

अर्थ– 'अलिकति पाप कर्म गरेर के होला' भनी नसम्झनु । एक-एक थोपा गरी परेको पानीले गाग्री भरे झैं मुर्खले पनि अलि-अलि गर्दै पाप थुपार्छ ।

तथागतको यस धर्म-उपदेशको अन्तमा त्यहाँ जम्मा भइरहेका नर-नारीहरू मध्ये धेरै जसो **स्रोतापत्ति मार्ग-फल** आदि प्राप्त गर्नमा सफल भए ।

त्यसपछि तथागतले भिक्षुहरूलाई सम्बोधन गर्नु भई भन्नु भयो– "भिक्षुहरू ! जसले विहारबाट खुल्ला आकाश मुनि पलङ्ग, कुर्सी आदि निकालेर भित्र यथास्थानमा राख्दैन । उसलाई '**आपत्ति दोष** लाग्नेछ' भनी **शिक्षापद-नियम** बनाउनु भयो ।

'परिष्कार संयमित नभएको भिक्षुको कथा समाप्त' ।

## ९.६. (**बिलालपादक सेंठको कथा**)

# ९.६. पुण्य भनेको थोरै नठान

९. (१२२) "**मावमञ्ञेथ पुञ्ञस्स – न मन्तं आगमिस्सति ।**
**उदबिन्दु निपातेन – उदकुम्भोपि पूरति ।**
**पूरति धीरो पुञ्ञस्स – थोक थोकम्पि आचिनं**" ॥७॥

एक समय **भगवान बुद्ध श्रावस्ती**को **जेतवनाराम**मा विहार गरिरहनु भएको थियो । त्यस बेला **तथागत**ले यो गाथा **बिलालपादक श्रेष्ठी**को कारणमा आज्ञा गर्नु भएको हो ।

एक समय श्रावस्ती नगरका दाताहरू समूह-समूह मिलेर भिक्षुसङ्घ सहित भगवान बुद्धलाई दान दिइरहेका थिए । त्यस बेला तथागतले दानानुमोदन गर्नु भई यसरी धर्म-उपदेश दिनु भयो– "उपासकहरू ! यस लोकमा जो व्यक्तिले आफ्नो सम्पत्ति मात्रै दान गर्ने गर्दछ; अरू कसैसँग दान दिनको लागि चन्दा लिने कार्य गर्दैन; त्यस्तो व्यक्ति जहाँ-जहाँ जन्म हुन्छ, त्यहाँ-त्यहाँ उसलाई **भोग-सम्पत्ति** प्राप्त हुन्छ । तर **परिवार-सम्पत्ति** प्राप्त हुँदैन ।

जो व्यक्तिले आफ्नो धन-सम्पत्ति दान दिंदैन तर अरूहरूसँग चन्दा उठाएर दान कार्य गर्दछ; त्यस्तो व्यक्ति जहाँ-जहाँ जन्म हुन्छ, त्यहाँ-त्यहाँ उसलाई **परिवार-सम्पत्ति** प्राप्त हुन्छ । तर **भोग-सम्पत्ति** भने प्राप्त हुँदैन । जो व्यक्तिले आफ्नो धन सम्पत्ति पनि खर्च गरेर दान दिंदैन; अरूसँग चन्दा लिएर पनि दान कार्य गर्दैन भने त्यस्तो व्यक्ति जहाँ-जहाँ जन्म लिन्छ, त्यहाँ-त्यहाँ उसलाई **भोग-सम्पत्ति** र **परिवार-सम्पत्ति** दुबै प्राप्त हुँदैन । जो व्यक्तिले आफ्नो धन सम्पत्ति खर्च गरी दान कार्य गर्दछ तथा अरूहरूले यथा-श्रद्धानुसार दिएको चन्दा संकलन गरी

दान कार्य गर्दछ; त्यस्तो व्यक्ति जहाँ-जहाँ जन्म हुन्छ, त्यहाँ-त्यहाँ उसलाई **भोग-सम्पत्ति** पनि **परिवार-सम्पत्ति** पनि प्राप्त हुन्छ ।"

तथागतको यस्तो धर्म-देशना सुनी एक जना विद्वान व्यक्ति साह्रै प्रभावित भई दुबै सम्पत्ति प्राप्त गर्ने विचारले तथागतसँग यसरी बिन्ति गऱ्यो– "भन्ते, भगवन् ! भोलिको लागि सम्पूर्ण भिक्षुसङ्घ सहित निमन्त्रणा स्वीकार गर्नु होस् ।"

भगवान बुद्धले भोजन स्वीकार गरी सक्नु भएपछि त्यस विद्वान व्यक्ति घर-घरमा गई यसरी सहयोग माग्यो– "आदरनीय धर्म-मित्रहरू ! मैले तथागत सहित सबै भिक्षुसङ्घलाई भोलिको निमित्त निमन्त्रणा गरेर आइसकें । अब तपाईंहरू मध्ये क-कसले कति-कति जना भिक्षुहरूलाई भोजन गराउने इच्छा छ, त्यसको लागि चामल, दाल, तरकारी आदि दिनु होस् । सबै सामान एक ठाउँमा जम्मा गरी सबै मिलेर **दान कार्य** सम्पादन गरौं ।"

उसको कुरा सुनेर एक जना पसल भएको व्यापारीले विचार गऱ्यो– "यसले आफूले दान दिन सक्ने भिक्षुहरूलाई मात्रै निमन्त्रणा नगरी किन चन्दा बटुल्दै हिंडेको होला । यसलाई त अलिकत्ति मात्रै दान दिएर पठाउनु पर्दछ ।"

साँचै नै उसले तीन औंलाले लिंदा जति चामल, दाल आउने हो, त्यति मात्रै दान पात्रमा राखी दियो । घिउ, सक्खर आदि पनि हुन सम्म थोरै राखेर पठायो । दान लिन आउने व्यक्तिले उसले दिएको जति दान एउटा भिन्नै थालमा थापेर लियो । त्यस बेलादेखि त्यस व्यापारीको नाम '**बिलालपादक**' अर्थात् '**बिरालोको हात**' भएको भन्ने नाम रहन गयो ।

उसको दान जति भिन्नै थालमा राखेको कारणले त्यस व्यापारी सेठलाई शङ्का लागेर 'यसले मेरो दान के गर्दो रहेछ, हेरेर आउनु' भनी



एक जना सेवक उसको पछि-पछि पठाई दियो ।

त्यस विद्वान व्यक्तिले 'यस दातालाई महान फल मिलोस्' भन्दै त्यस व्यापारी सेठले पठाएको दान एक-एक गरी दान सामाग्रीको रासमा खन्याई दियो ।

उसको सेवक फर्केर आई त्यहाँ भएको सबै कुराको जानकारी दिए पछि व्यापारी सेठले विचार गऱ्यो– "यदि त्यस व्यक्तिले 'मलाई तीन औंलामा अटाउने जति मात्रै अनाज दान गर्ने' भनी बैईजत गरेको भए उसलाई त्यहीं मार्न लगाउने थियो । तर उसले एक पाथि दान दिने र तीन औंलाले दान दिने सबैलाई 'महान फल मिलोस्' भनी आशिका गरेको रहेछ । अहिले तुरन्तै योसँग मैले क्षमा माग्न सकेन भने मेरो टाउकोमा **देव-दण्ड** लाग्ने सम्भावना छ ।"

यसरी सोचेर **बिलालपादक सेठ** दान कार्य गरिरहेको ठाउँमा गई त्यस विद्वान व्यक्तिको पाउमा परी क्षमा माग्यो ।

विद्वान व्यक्तिले प्रश्न गऱ्यो– "तपाईं मसँग किन क्षमा माग्न आउनु भएको ?"

**बिलालपादक सेठ**ले सबै कुराको जानकारी दियो । भगवान बुद्धले त्यस उपासकसँग क्षमा माग्न आएको कारण सोध्नु भएपछि उनले हिजोदेखि घटेको सम्पूर्ण घटना तथागतलाई सादर बिन्ति गऱ्यो ।

तथागतले यही कुरा **बिलालपादक सेठ**सँग प्रश्न गर्नु भयो । उसले घटना साँचो भएको स्वीकारे पछि भगवान बुद्धले उपासकहरूलाई सम्बोधन गर्नु भई भन्नु भयो– "उपासकहरू ! तथागत सहित भिक्षुसङ्घलाई दिएको दानमा 'मैले अलिकत्ति मात्रै दिएको दान त हो नि' भनी हेय दृष्टिले हेर्नु हुँदैन । थोपा-थोपा गरी परेको पानीले घडा

भरे झैं पुण्य पनि अलि-अलि गर्दै परिपूर्ण हुन्छ।"

यसै सन्दर्भमा तथागतले धर्म-उपदेश गर्नु भई यो गाथा प्रकाशमा ल्याउनु भयो–

**"मावमञ्ञेथ पुञ्ञस्स – न मन्तं आगमिस्सति।**
**उदबिन्दु निपातेन – उदकुम्भोपि पूरति।**
**पूरति धीरो पुञ्ञस्स – थोक थोकम्पि आचिनं॥"**

अर्थ– 'अलिकति पुण्य कर्म गरेर हे होला' भनी नठान्नु। एक-एक थोपा गरी परेको पानीले गाग्री भरे झैं धीर पुरुषले अलि-अलि गर्दै पुण्य थुपार्छ।

तथागतको यस धर्म-देशनाको अन्तमा बिलालपादक सेठ **स्रोतापत्ति मार्ग-फल** प्राप्त गर्नमा सफल भयो। त्यहाँ जम्मा भइरहेका अरू जनताहरूलाई यस धर्म-देशना सार्थक सिद्ध भयो।

'बिलालपादक सेठको कथा समाप्त'।

## ९.७. (महाधन व्यापारीको कथा)

# ९.७. पाप कर्म नगर्नु

९. (१२३) **"वाणिजोव भयं मग्गं – अप्पसत्थो महद्धनो।**
**विसं जीवितुकामोव – पापानि परिवज्जये" ॥८॥**

एक समय **भगवान बुद्ध श्रावस्ती**को **जेतवनाराम**मा विहार गरिरहनु भएको थियो। त्यस बेला **तथागत**ले यो गाथा **महाधन व्यापारी**को कारणमा आज्ञा गर्नु भएको हो।

श्रावस्तीमा एक जना महाधनी व्यापारी थियो। उसको घरमा डाँकाहरूले लुट्न निकै कोशिश गरिरहेका थिए तर मौका पार्न सकेका थिएन।

एक दिन व्यापारीले बाहिर व्यापार गर्न जान ५०० गाडामा मालसामान भर्न लगायो। त्यसपछि भिक्षुहरूलाई यसरी अनुरोध गर्न पठायो– "भन्तेहरू ! महाधनी व्यापारी फलानो देशमा व्यापार गर्न जाँदै हुनुहुन्छ। यदि भन्तेहरू साथै जान चाहनु हुन्छ भने आउन सक्नु हुन्छ। भिक्षाको व्यवस्था हुनेछ। बाटोमा कुनै तकलिफ हुने छैन। चाहिंदो सेवा-सत्कारको व्यवस्था हुनेछ।"

यस्तो कुरा सुनी ५०० भिक्षुहरू महाधनी व्यापारीसँगै जान तयार भई निस्के। व्यापारी घरबाट निस्केको कुरा थाहा पाई ती डाँकाहरू बीच बाटोको एक जङ्गलमा लुकिरहे। व्यापारी घरबाट निस्केर एउटा गाउँमा आइपुगेपछि त्यहीं बास बसी तीन दिनसम्म गाडा आदिको व्यवस्था मिलाई रहे। साथै तिनीहरूसँग आउने भिक्षुहरूलाई दिनहूँ भिक्षा दान पनि गरी रहे।

व्यापारीहरू आउन त्यसरी ढिलो गरिरहेकोले डाँकाहरूले एक जना साथीलाई 'त्यहाँ के भइरहेछ, हेरेर आउनु' भनी पठाए। त्यस

डाँकाको त्यस गाउँमा एक जना साथी रहेछ । त्यस डाँकाले आफ्नो साथीलाई 'यी व्यापारीहरू यहाँबाट कहिले निस्कन्छन्' भनी सोध्यो । 'यस्तो प्रश्न किन गरेको' भनी सोध्दा डाँकाले भन्यो– "हामी ५०० डाँकाहरू यिनीहरूको सामान लुट्न बाटोको छेऊको एक जङ्गलमा कुरिरहेका छौं ।"

साथीले भन्यो– "त्यसो भए यिनीहरू छिटै नै यहाँबाट निस्कने छन् । जाऊ तिमी गएर तिम्रा साथीहरूलाई यस्तै भनी देऊ ।"

साथी चाहिं गइसकेपछि उसले मनमनै विचार गऱ्यो– "अब मैले डाँकाहरूको पक्ष लिउँ कि व्यापारीहरूको भलाई गरुँ ? जे भए पनि व्यापारीहरूको कारणबाट ५०० भिक्षुहरूको जीविका चलिरहेको छ । यिनीहरूलाई नै बचाउनु पऱ्यो ।"

अनि ऊ व्यापारीहरू कहाँ गएर भन्यो– "तपाईंहरू यहाँबाट कहिले जाने ? तपाईहरूको सामान लुट्न ५०० डाँकाहरू बीच बाटोको एक जङ्गलमा लुकिरहेको सुराक मैले पाई सकें । त्यसैले तपाईहरू उतातिर नजानुस् ।"

उसको कुरा सुनेर व्यापारीहरूले आ-आफ्नो घर फर्केर जाने निर्णय गरे । डाँकाहरूले यो कुरा पनि थाहा पाई तिनीहरूको घर जाने बाटोमा गई लुकेर बसे ।

व्यापारीहरूले डाँकाहरूको चाल थाहा पाई तिनीहरू दुबैतिर नगई त्यही गाउँमा बस्ने विचार गरी भिक्षुहरूलाई यसरी बिन्ति गरे– "भन्तेहरू ! डाँकाहरूले हाम्रो दुबैतिरको बाटो छेकी दिए । त्यसकारण केही दिन हामी यहीं गाउँमा बस्ने निर्णय गऱ्यौं । भन्तेहरू यहीं बस्नु भए पनि हुन्छ अथवा विहारमा फर्केर जान चाहनेहरू जानु भए पनि हुन्छ ।"

भिक्षुहरू सबैले फर्केर जाने निर्णय गरी भोलिपल्ट श्रावस्तीतिर लागे । तिनीहरू जेतवन विहारमा पुगी तथागतलाई सादर वन्दना गरी



एक छेऊमा बसे ।

भगवान बुद्धले तिनीहरूलाई सम्बोधन गर्नु भई प्रश्न गर्नु भयो– "भिक्षुहरू ! तिमीहरू महाधन व्यापारीसँगै गएका होइनौं र ?"

भिक्षुहरूले बिन्ति गरे– "भन्ते, भगवन् ! महाधनी व्यापारीको धन-माल लुट्न डाँकाहरू बाटोको दुबैतिर लुकिरहेको थाहा पाई व्यापारीहरू केही दिन गाउँमा नै बस्ने भए । त्यसकारण हामीहरू फर्केर आएका हौं ।"

भगवान बुद्धले भन्नु भयो– "भिक्षुहरू ! डाँकाहरूको आतङ्कबाट बच्न महाधन व्यापारीले व्यापार गर्न जाने कार्य परित्याग गऱ्यो । बाँच्न चाहने व्यक्तिले **हलाहल विष**लाई परित्याग गर्दछ । त्यस्तै प्रकारले 'तीन प्रकारका भव रूपी संसारलाई डाँकाहरूले बाटो छेकेको समान हुन्' भनी सम्भेर भिक्षुहरू पापबाट अलग्ग रहन सक्नु पर्दछ ।"

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भई धर्म-देशना गर्नु भयो–

**"वाणिजोव भयं मग्गं – अप्पसत्थो महद्धनो ।**
**विसं जीवितुकामोव – पापानि परिवज्जये ॥"**

अर्थ– आफ्नो साथमा थोरै मानिस भएका, धन धेरै भएका महाधनी व्यापारीले भययुक्त बाटो छोडे भैंं अथवा जिउने इच्छा हुनेले विषलाई छोडे भैंं मानिसले पाप गर्न छोड्नु पर्दछ ।

तथागतको यस धर्म-देशनाको अन्तमा ती सबै भिक्षुहरू **प्रतिसम्भिदा** सहित **अरहन्त** भए । त्यहाँ जम्मा हुन आएका धेरै जन-समूहलाई यस धर्म-देशना सार्थक भयो ।

'महाधन व्यापारीको कथा समाप्त' ।

### ९.८. (कुक्कुट मित्त शिकारीको कथा)

## ९.८. अकुशल चेतना नभएकोलाई पाप लाग्दैन

९. (१२४) "**पाणिम्हि चे वणो नास्स – हरेय्य पाणिना विसं ।**
**नाब्बणं विसमन्वेति – नत्थि पापं अकुब्बतो**" ॥९॥

एक समय **भगवान बुद्ध राजगृह नगर**को **वेलुवनाराम**मा विहार गरिरहनु भएको थियो । त्यस बेला **तथागत**ले यो गाथा **कुक्कुट मित्त** नामक **शिकारी**को कारणमा आज्ञा गर्नु भएको हो ।

राजगृह नगरमा एक धनी महाजनको एउटी छोरी थिई । छोरी तरुणी भइसकेपछि महाजनले आफ्नी छोरीलाई सात तल्ले भवन माथि सुरक्षित गरी राख्यो । तिनलाई हेरचाह गर्न एउटी दासीको पनि व्यवस्था गरी दियो ।

एक दिन साँझपख महाजन पुत्री झ्यालमा बसिरहेकी थिइन् । त्यस बेला तिनले कुक्कुट मित्र भन्ने एक जना शिकारीलाई ५०० मृगहरू मारेर गाडा भरी मासु राखी मृगको मासु बेच्न नगर भित्र पसिरहेको देखिन् । त्यस शिकारीलाई देख्ने बित्तिकै तिनी ऊप्रति आशक्त भईन् ।

तिनले दासीको हातमा उसको लागि केही उपहार दिंदै यसो भनिन्– "जाऊ, यो उपहार त्यस शिकारीलाई दिई ऊ कहिले कुन चाहिं ढोकाबाट फर्किने हो, खबर लिई आउनु ।"

दासीले तिनले भने जस्तै गरी भोलिपल्ट बिहान फलानो ढोकाबाट फर्किने कुरा आफ्नो मालिकनीलाई भनिन् । महाजन पुत्रीले गर्नु पर्ने काम कुरो सबै भ्याइसकेपछि आफ्नो लुगा-गहना सुरक्षित ठाउँमा राखिन् । भोलिपल्ट बिहान सबेरै कालो-मैलो, झुत्रो लुगा लगाई गाग्री एउटा बोकी अरू दासीहरूसँगै पानी लिन जाने जस्तो गरी



शिकारी फर्केर आउने ठाउँमा पर्खिरहिन् ।

शिकारी बिहान सबेरै गाडा हाँकेर ढोका बाहिर निस्क्यो । महाजन पुत्री त्यस शिकारीको गाडा पछि-पछि लागिन् ।

शिकारीले आफ्नो गाडा पछि-पछि आइरहेकी एक युवतिलाई देखी यसो भन्यो– "तिमी कसको छोरी हो, मलाई थाहा छैन । तर तिमी यसरी मेरो गाडाको पछि-पछि किन लागिरहेकी ? फर्केर जाऊ ।"

तिनले भनिन्– "मैले तिमीलाई केही भनेकी छैन । म आफ्नो शुरमा आउँदै छु । तिमी चुप लागेर आफ्नो गाडा हाँक्दै रहनु ।"

महाजन पुत्री धेरै बेरसम्म गाडाको पछि-पछि लाग्दै रहिन् । शिकारीले तिनलाई फर्केर जान बार-बार अनुरोध गऱ्यो तैपनि तिनी मानिनन् । पछि तिनको मनोभावलाई बुझी गाडामा राखेर लग्यो ।

महाजन-महाजननीले छोरी हराएको खबर थाहा पाउने बित्तिकै चारै तरफ खोज्न लगाए । तर कहीं कतै भेट्टाउन सकेन । अन्तमा 'मरी सक्यो होली' भनी ठानी '**मृतक दान दिई**' काज किरिया गरे ।

उता महाजन पुत्रीले कुक्कुट मित्र शिकारीसँग विवाह गरी क्रमशः सात वटा छोरो जन्माइन् । ती छोराहरू सबै ठूला भइसकेपछि सबैको विवाह भयो ।

एक दिन बिहान भगवान बुद्धले आफ्नो **करुणा समापत्ति ध्यान**ले लोकमा हेर्नु हुँदा कुक्कुट मित्र शिकारी सहित उसको सात छोराहरू र सात बुहारीहरू सबै **स्रोतापत्ति मार्ग-फल** प्राप्त गर्न सक्ने संस्कार भएको कुरा देख्नु भयो ।

तथागत त्यस दिन बिहान पात्र-चीवर धारण गर्नु भई शिकारीले जहाँ जाल थापि राखेको हो, त्यहाँ पुग्नु भयो । त्यहाँबाट तथागतले **पाद-चिन्ह** छोड्नु भई केही पर रहेको एउटा रूख मुनि बस्नु भयो ।

कुक्कुट मित्र शिकारी बिहान सबेरै धनुषवाण लिई जाल बिछ्याइएको ठाउँमा आइपुग्यो । त्यस दिन एउटा पनि मृग जालमा नपरेको देखी यताउति हेर्न थाल्यो । त्यहाँ नजिकै तथागतको पाद-चिन्ह देखी उसले मन-मनै सोच्यो– “कोही मानिस यहाँ आएर जालमा परेका मृगहरूलाई छोडि दिएको हुनुपर्छ ।” यसरी सोच्दा-सोच्दै अलि पर रूख मुनि बसिरहनु भएको तथागतलाई उसले देख्यो। देख्ने बित्तिकै रिसले चूर भई ‘मेरो मृगहरूलाई भगाउने यही मानिस होला । अब म यसलाई वाणले हानेर मार्छु’ भनी धनुषमा वाण हाली हान्न लाग्यो । यत्तिकैमा तथागतले आफ्नो **ऋद्धिबल** छोड्नु भयो। उसले वाण तानेको तानेकै भयो, छोड्न सकेन । उसको मुखबाट र्‍याल चुहिन थाल्यो, शरीर क्लान्त भयो, ऊ त्यत्तिकै वाण तानेको तानेकै गरी उभिरह्यो ।

केही बेर पछि आमाको आज्ञानुसार हातमा धनुषवाण लिई सातै जना छोराहरू बाबुलाई खोज्दै त्यही आइपुगे । बाबुको त्यस्तो दशा देखी ‘**श्रमण गौतम** हाम्रो बाबुको शत्रु हुनु पर्छ’ भनी ठानी तथागतलाई लक्ष्य गरी वाण छोड्न थाले। तथागतको ऋद्धिको प्रभावले तिनीहरू सबै बाबु जस्तै वाण तानेको तानेकै गरी उभिरहे ।

धेरै बेर भइसकेर पनि बाबु-छोराहरू फर्केर नआएकोले आमा चाहिं आत्तिएर सात जना बुहारीहरू साथमा लिई तिनीहरूलाई खोज्दै त्यसै ठाउँमा आइ पुगिन्। त्यहाँ एउटा रूख मुनि शान्त भावले बसिरहनु भएको भगवान बुद्धलाई लक्ष्य गरी बाबु-छोराहरू सबैले वाण हान्न लागिरहेको दृश्य देखी तिनले चिच्याउँदै भनिन्– “तिमीहरूले मेरो बुबालाई नाश नगर्नु ।”

कुक्कुट मित्र शिकारीले आफ्नी पत्नीको यस्तो स्वर सुनी मन-मनै विचार गर्‍यो– “श्रमण गौतम त मेरो ससुरा पो रहेछ ! मैले ठूलो अपराध गरें । हाम्रो विनाश हुने भयो ।”



त्यस्तै सबै छोराहरूले पनि आ-आफ्नो भूल स्वीकार गरी पश्चाताप गर्न थाले। अनि सबैले आपसमा **मैत्री चित्त** फैलाउन थाले।

आमा चाहिंले सबैलाई तथागतसँग क्षमा माग्न आग्रह गरिन्। तिनीहरू सबैले धनुषवाण एकातिर राखी तथागतलाई सादर वन्दना गरी यसरी बिन्ति गरे– “भन्ते, भगवन्! दया गरी हामीलाई क्षमा गरी दिनु होस्।”

तथागतले तिनीहरूलाई **आनुपूर्वी कथा** भन्नु भई धर्म-उपदेश गर्नु भयो। तथागतको यस धर्म-देशनाको अन्तमा कुक्कुट मित्र शिकारी, सात छोरा, सात बुहारीहरू सहित **स्रोतापत्ति मार्ग-फल** प्राप्त गर्नमा सफल भए।

कुक्कुट मित्र शिकारी र उसको सात जना छोराहरू र सातै जना बुहारीहरू धर्मको स्रोतमा परिसकेपछि भगवान बुद्ध त्यहाँबाट उठ्नु भई भिक्षा चरणको लागि निस्कनु भयो । भोजन पश्चात् तथागत विहारमा फर्कनु भयो ।

आनन्द स्थविरले तथागतलाई सादर वन्दना गरी बिन्ति गर्‍यो– “भन्ते, भगवन् ! आज तथागत कहाँ जानु भएको ?”

भगवान बुद्धले भन्नु भयो– “आनन्द ! म आज कुक्कुट मित्र शिकारी कहाँ गएको थिएँ ।”

आनन्द स्थविरले बिन्ति गर्‍यो– “शास्ता ! त्यसो भए तथागतले त्यस शिकारीलाई प्राणी हिंसा गर्ने कार्यबाट मुक्त गरी दिनु भयो ?”

तथागतले भन्नु भयो– “हो, आनन्द ! कुक्कुट मित्र शिकारी सहित उसको सबै छोरा-बुहारीहरू अब कहिल्यै प्राणी हिंसा नगर्ने स्थितिमा पुगी सके ।”

अनि अरू भिक्षुहरूले बिन्ति गरे– “भन्ते, भगवन् ! शिकारीको पत्नीको विषयमा हामीलाई केही थाहा भएन ।”

तथागतले भन्नु भयो– “भिक्षुहरू ! तिनी आफ्नी माइति घरमा

कुमारी अवस्थामा नै **स्रोतापत्ति मार्ग-फल**मा प्रतिस्थित भइसकेकी थिइन् ।"

पछि भिक्षुहरूको धर्म-सभामा यसरी कुराकानि चल्यो– "कुक्कुट मित्रको पत्नी कुमारी छँदैं **स्रोतापन्न** भइसकेको रहेछ । पछि बिहे गरेर तिनले सात वटा छोराहरू पाइन् । यतिका वर्षमा तिनले धनुषवाण, जाल आदि आफ्नै हातले दिई रहिन् । पत्नीको हातबाट दिएको हात-हतियारबाट कुक्कुट मित्र शिकारीले प्राणी हिंसा गरी रह्यो । के **स्रोतापन्न** भइसकेकी व्यक्तिले प्राणी हिंसा गर्ने औजारहरू दिन मिल्छ ?"

यस्तै प्रश्नोत्तरहरू चलिरहेको बखतमा भगवान बुद्ध त्यहाँ आइपुग्नु भई त्यहाँ भइरहेको कुराको जानकारी लिनु भयो ।

तथागतले भन्नु भयो– "भिक्षुहरू ! **स्रोतापन्न** भइसकको व्यक्तिले प्राणी हिंसा गर्ने सम्भव हुँदैन । ती पत्नीले आफ्नो पतिको वचन अनुसार मात्र हतियारहरू लिई दिएकी हुन् । तिनमा प्राणी हिंसा गर्ने चेतना थिएन । जसरी घाउ नभएको हातले विष छोए पनि विष लाग्दैन; त्यस्तै अकुशल चेतना नभएको व्यक्तिले धनुष आदि निकालि दिंदैमा पाप लाग्दैन ।"

यसै सन्दर्भमा तथागतले धर्म-देशना गर्नु भई यो गाथा प्रकाशमा ल्याउनु भयो–

**"पाणिम्हि चे वणो नास्स – हरेय्य पाणिना विसं ॥**
**नाब्बणं विसमन्वेति – नत्थि पापं अकुब्बतो ॥"**

अर्थ– हातमा घाउ लागेको छैन भने विष छुन सकिन्छ । घाउ नभएको शरीरमा विष लाग्दैन । यस्तै किसिमले पाप नगर्नेलाई पापले छुँदैन ।

तथागतको यस धर्म-देशनाको अन्तमा धेरै मानिसहरू **स्रोतापत्ति** आदि **मार्ग-फल** प्राप्त गर्न सफल भए ।



## यसै सन्दर्भमा अर्को एउटा प्रसङ्ग :

एक दिन भिक्षुहरूको धर्म सभामा '**कुक्कुट मित्र शिकारी** सहित सात छोरा र बुहारीहरूले कस्तो पुण्य-कार्य गरेको कारणले **स्रोतापत्ति मार्ग-फल** प्राप्त गर्न सकेको होला' भन्ने प्रश्नको उत्तरमा तथागतले भन्नु भयो– "भिक्षुहरू ! अतीत समयमा काश्यप तथागतको धातु-चैत्य बनाउनको लागि करोडौं सम्पत्ति दान दिएर पनि सन्तुष्ट नभई कुक्कुट मित्र सहित सपरिवारले आजीवन त्यस चैत्यको सेवा गरेको कारणले मरण पश्चात् सबै देवलोकमा उत्पन्न भएका थिए ।

त्यहाँबाट च्यूत भई कुक्कुट मित्रको पत्नी हुने राजगृह नगरको महाजनको छोरी भई जन्मी । तिनले कुमारी अवस्थामा नै **स्रोतापत्ति मार्ग-फल** प्राप्त गर्न सफल भईन् । कुक्कुट मित्र शिकारी कुलमा जन्म्यो । पूर्व जन्मको स्नेहको कारणले तिनीहरूको प्रेम विवाह भयो । पहिलेको जन्ममा छोरा-बुहारी हुनेहरू पनि देवलोकबाट च्यूत भई तिनीहरू कै सदस्य बन्न पुगे ।

यसरी पहिलेको जन्ममा दान कार्य गरी आजीवन चैत्यको सेवा गरेको पुण्य कर्मको प्रभावले अहिले तिनीहरू **स्रोतापत्ति मार्ग-फल** प्राप्त गर्न सफल भएका हुन् ।"

'कुक्कुट मित्तको कथा समाप्त' ।

## ९.९. (कोक सुनख शिकारीको कथा)

# ९.९. जसले दोष लगाउँछ उसैले भोग्छ

९. (१२५) "**यो अप्पदुट्ठस्स नरस्स दुस्सति,**
**सुद्धस्स पोसस्स अनङ्गणस्स ।**
**तमेव बालं पच्चेति पापं,**
**सुखुमो रजो पटिवातंव खित्तो**" ॥१०॥

एक समय **भगवान बुद्ध श्रावस्ती**को **जेतवनाराम**मा विहार गरिरहनु भएको थियो । त्यस बेला **तथागत**ले यो गाथा **कोक** नामक **कुकुर** पछि-पछि लगाएर हिंड्ने एक जना **शिकारी व्याधा**को कारणमा आज्ञा गर्नु भएको हो ।

एक दिन बिहान एक शिकारी धनुषवाण लिई थुप्रै कुकुरहरू साथमा लिई शिकार गर्न जङ्गलमा गइरहेको थियो । त्यस बेला उसले भिक्षा चरणको लागि नगर तिर आइरहेको एक जना भिक्षुलाई बाटोमा भेट्यो । भिक्षुलाई देख्ने बित्तिकै रिसले 'आज मलाई अलक्षिण लाग्यो । शायद आज कुनै पशु नभेट्ने हो कि' भनी मनमनै सोची जङ्गल भित्र पस्यो ।

भिक्षु पनि नगर भित्र भिक्षाटन गरी भोजन सकिएपछि आफ्नो विहारमा फर्किरहेको थियो । शिकारी पनि जङ्गलमा घुमी कुनै पनि प्राणी भेटाउन नसकी त्यति कै फर्किरहेको थियो । बाटोमा फेरि त्यही भिक्षुसँग भेट भयो । शिकारीले रिसाएर भन्यो– "यो अलक्षिण भिक्षुलाई हेरेर गएकोले आज मैले जङ्गलमा केही पाउन सकिन । फेरि यही अलक्षिणको मुख हेर्नु पर्‍यो । यसलाई यी कुकुरहरूले टोक्न लगाउनु पर्‍यो" भन्दै कुकुरहरू छोडी दियो ।



भिक्षुले "उपासक ! त्यसो नगर्नु भन्दा भन्दै कुकुरहरू दगुरेर आउन थाले । कुकुरले टोक्ने डरले भिक्षु वेगले दगुरेर गई एउटा रूखमा चढ्यो । कुकुरहरूले उसलाई चारै तरफ घेर्न थाले ।

केही वेरपछि **कोक-शिकारी** पनि त्यहाँ आइपुग्यो । भिक्षुको झुण्डिरहेको पाइतलामा वाणको टुप्पोले घोच्न थाल्यो । तीरको घोचाइले भिक्षुलाई साह्रै कष्ट भयो । ऊ छट्पटिन थाल्यो । यत्तिकैमा भिक्षुको चीवर खसेर **कोक** शिकारीको टाउकोमा परी उसको पूरा शरीर चीवरले ढाक्यो ।

भिक्षु रूखबाट खसेको भनी ठानेर कुकुरहरूले शिकारीको मासु जति खाएर हाड मात्रै बाँकी राखी चीवर बाहिर निस्केर माथि हेर्दा भिक्षुलाई देखी 'हामीले आफ्नै मालिकलाई मारेर मासु खाएको रहेछ' भनी चाल पाई ती कुकुरहरू जङ्गलतिर लागे ।

रूखबाट ओर्लेर भिक्षुले सोच्यो– "मेरो चीवरले ढाकेकोले शिकारीको मृत्यु भयो । यसले गर्दा मेरो शील भङ्ग भयो कि ?"

भिक्षु त्यहाँबाट सरासर जेतवन विहारमा गयो । तथागतलाई सादर वन्दना गरी सबै घटेका घटना बिन्ति गर्दै भन्यो– "भन्ते, भगवन् ! मेरो चीवरको कारणले त्यस शिकारीको मृत्यु भयो । त्यसबाट मेरो शील भङ्ग भयो कि ? मेरो **श्रमण भाव**मा कुनै आँच आयो कि ?"

तथागतले भन्नु भयो– "भिक्षु ! तिम्रो शील भङ्ग भएको छैन । तिम्रो श्रमण भाव पनि यथावत नै रहेको छ । त्यस शिकारीले दोष नभएको व्यक्तिलाई दोष दिएको कारणले आफै विनाश भएर गयो । त्यस शिकारी अहिले मात्रै विनाश भएको होइन, पहिले पनि दोष नभएकोलाई दोष दिई विनाश भएको थियो ।"

यसै प्रसङ्गमा तथागतले उसको अतीतको कहानी यसरी आज्ञा गर्नु भयो–

"अतीत समयमा एक जना बैद्य थियो । उसले गाउँ-घरमा औषधि गरी आफ्नो जीवन यापन गर्दथ्यो । एक दिन उनी गाउँमा बेर सम्म घुमफिर गर्दा पनि औषधि गर्नु पर्ने मानिस भेटाउन सकेन । उसलाई भोक पनि लाग्यो ।

गाउँको छेउमा थुप्रै बच्चाहरू खेलिरहका थिए । तिनीहरूलाई देखेर विचार गऱ्यो– "यिनीहरूलाई सर्पले टोकाएर भएपनि औषधि गरी पैसा कमाई मेरो आहार जुटाउनु पऱ्यो ।"

रूखको प्वालबाट टाउको निकाली सुतिरहेको सर्पलाई देखी उसले भन्यो– "हे बच्चाहरू ! उ त्यो रूखको प्वालमा एउटा सुगाको बच्चा छ । जाऊ, त्यसलाई समातेर ल्याऊ ।"

उसको कुरा सुनी खेलिरहेको एउटा बहादुर बच्चाले रूख चढेर त्यस सर्पको घाँटीमा बेस्सरी समातेर त्यहाँबाट निकाल्यो । सर्प भनी थाहा पाएपछि उसले त्यही बैद्यको टाउकोमा पर्ने गरी फ्याकी दियो । सर्पले बैद्यलाई टोकेर त्यहीं मारी दियो ।

यसरी कोक शिकारी पहिले पनि दोष नभएकोलाई दुःख दिने नियतले आफै विनाश भएर गयो ।"

यसै प्रसङ्गमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भई धर्म-देशना गर्नु भयो–

**"यो अप्पदुट्ठस्स नरस्स दुस्सति,**
**सुद्धस्स पोसस्स अनङ्गणस्स ।**
**तमेव बालं पच्चेति पापं,**
**सुखुमो रजो पटिवातंव खित्तो ॥"**



अर्थ– जताबाट हावा बहेको छ उतातिर धुलो फ्याक्दा फ्याक्नेलाई नै धुलो लागे झैं जसले दोष रहित, शुद्ध, निर्मल पुरुषलाई दोष लगाउँछ, त्यसको पाप फर्केर आई उसैलाई लाग्दछ ।

तथागतको यस धर्म-देशनाको अन्तमा त्यस भिक्षु **अरहन्त भाव**मा प्रतिष्ठित भयो ।

त्यहाँ जम्मा भइरहेका परिषदहरूलाई धर्म-देशना सार्थक भयो ।

'कोक सुनख शिकारीको कथा समाप्त' ।

## ९.१०. (मणिकार र कुलूपक तिस्स स्थविरको कथा)

# ९.१०. कर्म अनुसारको गति हुन्छ

९. (१२६) **"गब्भमेके उप्पज्जन्ति – निरयं पापकम्मिनो ।**
**सग्गं सुगतिनो यन्ति – परिनिब्बन्ति अनासवा" ॥११॥**

एक समय **भगवान बुद्ध श्रावस्ती**को **जेतवनाराम**मा विहार गरिरहनु भएको थियो । त्यस बेला **तथागत**ले यो गाथा **मणिकार** र **कुलूपक तिस्स स्थविर**को कारणमा आज्ञा गर्नु भएको हो ।

तिस्स स्थविर एक जना मणिकार अर्थात् ज्वेलरको घरमा १२ वर्षदेखि भोजनको लागि जाने गर्थ्यो । त्यस घरको साहु-साहुनी दुबै स्थविरको आमा-बाबु जस्तै भइसकेको थियो ।

एक दिन मणिकार, स्थविरको अगाडि बसी मासु काटिरहेको थियो । त्यसै बेला **कोसल राजा (पसेनदि) प्रशेनजित**ले एउटा मणिरत्न पठाई दियो । त्यस रत्नलाई 'धोई, पखाली प्वाल पारी फिर्ता पठाउनु' भन्ने आदेश थियो । त्यस मणिकारले रगत भएको हातले रत्न लिई त्यहीं बाकस माथि राखी हात धुन भित्र गयो ।

मणिकार कहाँ एउटा **क्रौंच पंक्षि** (हाँस) पनि पालिराखेको थियो । त्यस हाँसले रगतले भिजेको रत्नलाई मासुको टुक्रा सम्झेर क्वाप्प खाई दियो । त्यो दृश्य त्यहीं बसिरहेको स्थविर भिक्षुले हेरिरहेको थियो ।

मणिकार हात धोएर फर्केर आई बाकस माथि राखेको मणिरत्न नदेखी आफ्नी पत्नीलाई सोध्यो । फेरि छोरोलाई सोध्यो । दुबैले नलिएको कुरा थाहा पाई स्थविर माथि शङ्का गर्‍यो ।



पत्नीले भनिन्– "स्वामी ! स्थविर हामी कहाँ आइरहनु भएको यत्तिका वर्ष भइसक्यो । अहिलेसम्म उहाँको कुनै दोष देखिएको छैन । उहाँले रत्न लिनु भएको होइन होला ।"

तैपनि मणिकारले स्थविरलाई सोध्यो– "भन्ते ! यहाँ राखेको रत्न तपाईले लिनु भएको हो ?"

भिक्षुले भन्यो– "होइन, उपासक ! मैले रत्न लिएको छैन ।"

उसले फेरि दोहर्‍याएर भन्यो– "भन्ते ! यहाँ अरू कोही पनि आएको छैन । यो रत्न अवश्य तपाईंले नै लिनु भएको हो । त्यो राजाको रत्न हो । मलाई दिनु होस् ।"

भिक्षुले भन्यो– "उपासक ! रत्न मैले लिएको छैन ।"

पत्नीले भनिन्– "स्वामी ! रत्नको लागि बरु सपरिवार राजाको दास-दासी भएर जानु परे पनि स्थविरलाई दोष नदिनुस् ।"

मणिकारले पत्नीको कुरालाई वास्तै नगरी भिक्षुलाई डोरीले बाँधेर लट्ठीले पिट्न थाल्यो । उसको पिटाइले स्थविरको टाउँको र अन्य भागबाट रगत निस्कन थाल्यो । असह्य वेदना भई भूइँमा पछारिन पुग्यो ।

रगतको गन्ध पाई हाँस फेरि त्यहाँ रगत पिउन भनी आयो । रिसले चूर भइरहेको मणिकारले त्यसलाई एक लाट हान्दा हाँस ठहरै मर्‍यो । हाँसको अवस्था देखी स्थविरले सोध्यो– "उपासक ! त्यो हाँस मरेको हो ?"

उसले भन्यो– "हाँसलाई मारे जस्तै तिमीलाई पनि मार्नु पर्छ । थाहा छ ?"

स्थविरले भन्यो– "उपासक ! तिम्रो रत्न खाएर निल्ने त्यही हाँस हो । नपत्याए त्यसको पेट चिरेर हेर्नु । रत्न निस्किन्छ । यदि त्यो

हाँस नमरेको भए मेरो ज्यान गए पनि मैले यो कुरा भन्ने थिएन ।"

मणिकारले हाँसको पेट चिरेर हेर्‍यो । रत्न निस्क्यो । त्यसपछि उसको शरीर काँप्न थाल्यो । संवेग उत्पन्न भयो । स्थविरको दुइ वटै पाऊ ढोगेर क्षमा माग्यो– "भन्ते ! मलाई क्षमा गरी दिनु होस् । राज दण्डको भयले तपाईंलाई मैले यस्तो कष्ट दिएँ । मेरो ठूलो भूल भयो ।"

स्थविरले भन्यो– "उपासक ! यसमा तिम्रो दोष छैन । यो सबै मेरो पूर्वजन्मको कर्म-विपाकको दोष हो । मैले तिमीलाई क्षमा दिएँ ।"

मणिकारले भन्यो– "भन्ते ! तपाईंले मलाई क्षमा गर्नु भएको हो भने पहिले जस्तै दिनहूँ तपाई मेरो घरमा भिक्षाको लागि आउनु होस् ।"

भिक्षुले भन्यो– "उपासक ! अब देखि म कसैको घरको पाखा मुनिसम्म पनि पस्ने छैन । दिनहुँ अरूको घरमा जाने गरेकोले आज मेरो यस्तो दशा भयो । अबदेखि मेरो खुट्टा बलियो भएसम्म ढोका अगाडि उभिएर भिक्षा ग्रहण गर्ने **धुताङ्ग नियम** पालन गर्छु ।"

स्थविरले त्यसो भने पनि मणिकारले अति कष्ट दिई पिटेको कारणले केही समय पछि नै उनको परिनिर्वाण भयो । रत्न निल्ने हाँस मरेर मणिकारको पत्नीको कोखमा प्रवेश गर्‍यो । मणिकारको मृत्यु पश्चात् **अवीचि नरक**मा उत्पन्न भयो । मणिकारको पत्नीले स्थविर भिक्षुप्रति द्वेष-भाव नगरेको कारणले तिनको मरण पछि देवलोकमा उत्पन्न भईन् ।

यसरी तथागतले भिक्षुहरूको प्रश्नको उत्तरमा तिनीहरूको परलोकको कुरा सुनाउनु हुँदै भिक्षुहरूलाई सम्बोधन गर्नु भई भन्नु भयो– "भिक्षुहरू ! कोही-कोही प्राणीहरू आमाको गर्भमा प्रवेश



गर्छन् । पाप गर्नेहरू नरकमा जान्छन् । पुण्य कार्य गर्नेहरू देवलोकमा जान्छन् । **आस्रव क्षय** भइसकेकाहरू **परिनिर्वाण** हुन्छन् ।"

यसै सन्दर्भमा भगवान बुद्धले यो गाथा प्रकाशमा ल्याउनु भई धर्म-देशना गर्नु भयो–

**"गब्भमेके उप्पज्जन्ति – निरयं पापकम्मिनो ।**
**सग्गं सुगतिनो यन्ति – परिनिब्बन्ति अनासवा ॥"**

अर्थ– कोही प्राणी गर्भमा उत्पन्न हुन्छन् । पाप कर्म गर्नेहरू नरकमा जान्छन् । पुण्यवानहरू स्वर्गमा जान्छन् । **आस्रव क्षय** भइसकेकाहरू **परिनिर्वाण** प्राप्त गर्छन् ।

तथागतको यस धर्म-देशनाको अन्तमा धेरै मानिसहरू **स्रोतापति** आदि **मार्ग-फल** प्राप्त गर्न सफल भए ।

'मणिकार र कुलूपक तिस्स स्थविरको कथा समाप्त' ।

# ९.११. (तीन जना भिक्षुहरूको कथा)

# ९.११. (क) विभिन्न तीन घटना

९. (१२७) "**न अन्तलिक्खे न समुद्दमज्झे,**
**न पब्बतानं विवरं पविस्स ।**
**न विज्जति सो जगतिप्पदेसो,**
**यत्थट्ठितो मुञ्चेय्य पापकम्मा**" ॥१२॥

एक समय **भगवान बुद्ध श्रावस्ती**को **जेतवनाराम**मा विहार गरिरहनु भएको थियो । त्यस बेला **तथागत**ले यो गाथा **तीन जना भिक्षुहरू**को कारणमा आज्ञा गर्नु भएको हो ।

एक समय जेतवनाराममा विहार गरिरहनु भएका तथागतको दर्शन गर्न टाढा-टाढाबाट भिक्षुहरू आइरहेका थिए । ती भिक्षुहरू मध्ये एक समूह भिक्षुहरू एउटा गाउँमा आइपुगेर भिक्षाटनमा गए । गाउँलेहरूले ती भिक्षुहरूको भिक्षा पात्र लिई जलपानको व्यवस्था गरी सकेपछि भोजनको समय नभएसम्म तिनीहरूबाट **धर्म-श्रमण** गरिरहे ।

त्यस बेला भोजन पकाइरहेकी एउटी महिलाले कराहीको तेलमा तरकारी भ्mवाई गर्न लाग्दा अचानक तताई राखेको तेल हुरुक्क बलेर आगोको ज्वालाले छानामा छुन पुग्यो । छाना ह्वार-ह्वारति बलेर एक मुठा जति दन्किरहेको पराल हावाले आकाशमा उडायो । त्यसै क्षणमा कहाँ-कहाँबाट एउटा काग आई त्यही आगोमा परी पोलेर ती भिक्षुहरू भएकै ठाउँमा प्याट् खस्यो ।

भिक्षुहरूले कागको त्यस्तो दुर्दशा देखी यसरी विचार गरे– "यो कागले पूर्व जन्ममा ठूलो पाप गरेर आएको हुनु पर्छ । यो कुरो तथागतलाई बाहेक अरूलाई थाहा हुँदैन । हामी तथागतको दर्शन गर्न



जाँदा यस विषयमा पनि बिन्ति गर्नेछौं ।"

अर्को एक समूह भिक्षुहरू धेरै टाढाबाट भगवान बुद्धको दर्शन गर्न जहाजमा यात्रा गरिरहेका थिए । समुद्रको बीचमा आइपुग्दा जहाज अचानक रोकियो । जहाजमा यात्रा गर्ने मानिसहरूले विचार गरे– "यस जहाजमा अवश्य एक जना अलक्षिण मानिस बसेको हुनु पर्छ । गोला राखेर त्यसलाई पत्ता लगाउन वेश होला ।"

जहाज नाइकेको भर्खरकी तरुणी अति राम्री श्रीमती त्यसै जहाजमा यात्रा गरिरहेकी थिइन् । पहिलो चोटि गोला राख्दा उनैलाई पर्न गएछ । जहाज नाइकेले फेरि पनि दोहऱ्याई गोला राख्न दिंदा तीन पटकसम्म तिनलाई परेछ ।

जहाज नाइकेले मन-मनै सोच्यो– "यो एक जना आइमाईको लागि यत्तिका मानिसको विनाश गर्नु ठीक छैन । बरु यिनैलाई जहाजबाट समुद्रमा खसाली दिनु पर्ला । तर जहाजबाट खसाल्दा यिनी छट्पटिएर मरेको मैले हेर्न सक्दिन । त्यसैले यिनलाई खसाल्ने बित्तिकै डुबेर मर्ने उपाय गर्नु पर्छ ।"

उसले आफ्नो कामदारहरूलाई भन्यो– "यिनीसँग भएको सबै गर-गहना उतार्न लगाई, घाँटीमा एक बोरा बालुवा भ्mुण्डयाई यिनलाई जहाजबाट समुद्रमा खसाली देऊ ।"

कामदारहरूले त्यस्तै गरे । ती आइमाईको एक छिन मै मृत्यु भयो । त्यसपछि जहाज आफै चल्न थाल्यो ।

जहाजमा बसेका भिक्षुहरूले त्यो दृश्य देखी यसरी सोचे– "ती आइमाईले पहिलेको जन्ममा केही पाप कर्म गरेर आएको हुनु पर्छ । यो कुरा तथागतलाई अवश्य थाहा होला । हामी तथागतको दर्शन पाए पछि यो जिज्ञासा पनि राख्ने छौं ।"

त्यस्तै अर्को सात जना भिक्षुहरूको समूहमा एउटा यस्तो घटना घट्यो–

वर्षावास सकिए पछि सात जना भिक्षुहरूको एक समूह भगवान बुद्धको दर्शन गर्न बाटोमा आइरहेका थिए। आउँदा-आउँदै साँझ पऱ्यो। पहाडसँगैको एउटा विहारमा पसी बास मागे। विहारमा बस्ने भिक्षुले 'पर्वतको काप्चामा एउटा गुफा छ, त्यहीं बस्न जानु' भनेर पठायो।

ती भिक्षुहरू त्यहीं बास बस्न गए। राती घनघोर पानी परी एउटा ठूलो ढुङ्गा गुडाएर ल्याई त्यस गुफा भित्र पस्ने बाटो डयाम्मै बन्द गरिदियो।

विहारमा बस्ने भिक्षुले यो कुरा चाल पाई गाउँलेहरूसँग गुहार मागी त्यो ढुङ्गा हटाउन गर्नसम्मको कोशिश गरे। तर केही शिप चलेन। गुफा भित्र परेका सात जना भिक्षुहरू मिलेर सात दिनसम्म कोशिश गर्दा पनि त्यस ढुङ्गालाई देग चलाउन सकेन। सात दिनसम्म भोक र प्यासमा तड्पिएर दिन बिताउनु पऱ्यो।

सातौं दिनको रातमा फेरि त्यस्तै ठूलो पानी पऱ्यो र त्यस ढुङ्गालाई पानीले बगाएर लग्यो। गुफाको बाटो स्वतः खुल्न गयो।

गुफाबाट बाहिर निस्केर ती भिक्षुहरूले विचार गरे– "यो हाम्रो पूर्व जन्मको पापको परिणाम हुनु पर्छ। भगवान बुद्धको दर्शन गर्न जाँदा यो घटनाको विषयमा हामीले अवश्य बिन्ति गर्नेछौं।"

पहिले आइरहेका दुइ समूह भिक्षुहरूसँग तिनीहरूको बाटोमा भेट भयो।

ती तीन समूह भिक्षुहरू एकै साथ जेतवनाराममा पुगे। तथागतलाई सादर वन्दना गरी एक छेऊमा बसेका ती भिक्षुहरूले बाटोमा घटेका घटनाहरू एक-एक गरी बिन्ति गर्दै उत्तरको प्रतीक्षामा बसिरहे।

# ९.११. (ख) पाप कर्मको फल भोग्नै पर्ने हुन्छ

**भगवान बुद्धले तीन समूह भिक्षुहरू**को प्रश्न सुन्नु भई तिनीहरूको पूर्व जन्मको घटना क्रमशः उल्लेख गर्नु भई यसरी उत्तर दिनु भयो– "भिक्षुहरू! अतीत समयमा **वाराणसी नगर**मा एक **कृषक** बस्दथ्यो। उसको एउटा हलो जोत्ने **गोरु** थियो। हलो जोताउँदा त्यस गोरु दुइ-चार पाइला अघि सरी भुइँमा बसी दिन्थ्यो। कृषकले बार-बार त्यसलाई उठाएर जोत्ने प्रयास गर्थ्यो तर गोरु भने दुइ-चार पाइला भन्दा बढी अघि नसरी थुच्चुक बसी दिन्थ्यो। कृषकले त्यसलाई जोताउन हर-सम्भव प्रयत्न गऱ्यो तर सफल हुन सकेन्। कृषकलाई साह्रै रिस उठ्यो। बसिरहेको गोरुको शरीरमा परालले ढाकेर त्यसमा आगो लगाई दियो। गोरु आगोले पोली छट्पटिएर त्यत्तिकै मऱ्यो।"

"भिक्षुहरू! त्यस पाप कर्मले गर्दा कृषक चीर कालसम्म **नरक**मा पऱ्यो। नरकबाट च्यूत भई ऊ सात जन्मसम्म **काग** भई जन्म्यो। कागको प्रत्येक जन्ममा त्यसरी नै आगोले पोलेर मृत्यु हुनु पर्ने भयो।"

**भगवान बुद्धले दोस्रो प्रश्न**को उत्तरमा भिक्षुहरूलाई सम्बोधन गर्नु भई भन्नु भयो– "भिक्षुहरू! अहिले **जहाज नाइके**की **श्रीमती** मृत्यु भएकी महिला अतीत समयमा **वाराणसी नगर**को एक गरीब (व्यक्ति) किसानकी **पत्नी** थिईन्। तिनले पानी लिन जाने, चिउरा कुट्ने, खाना पकाउने आदि सबै घर-धन्दा आफै गर्थिन्। एउटा कुकुरले तिनले गरिरहेको काम सबै हेरिरहन्थ्यो। आफ्नो पतिलाई खेतमा खाना पुऱ्याउँन जाँदा, जङ्गलमा गई दाउरा-पात खोज्न जाँदा त्यो कुकुर जहिले पनि तिनको पछि-पछि लाग्थ्यो। यो दृश्य देखी अरू युवकहरूले तिनलाई गिज्याउँथे। तिनीहरूको कुरा सुनी लाज मानी तिनले कुकुरलाई कहिले

ढुङ्गाले हानेर कहिले लट्ठिले पिटेर धपाउँथिन् । कुकुर फेरि-फेरि पनि फर्केर आई तिनको पछि-पछि लागिरहन्थ्यो ।

त्यो **कुकुर** ती महिलाकी तीन जन्म पहिलेको **लोग्ने** थियो । त्यस कारण त्यस कुकुरले ती आइमाई प्रतिको स्नेह चुडाँल्न नसकेको हो ।

यस अनन्त संसार-चक्रमा घुमिरहँदा लोग्ने-स्वास्नी नहुने, आफन्त नपर्ने प्राणी बिरलै होला ।

ती स्त्रीलाई कुकुरको त्यस्तो चाला देखेर साह्रै रिस उठ्यो ।

एक दिन खेतमा आफ्नो लोग्नेलाई खाना लिएर जाँदा एउटा डोरी पनि साथमा लिएर गईन् । कुकुर तिनको पछि-पछि लाग्यो । लोग्नेलाई खाना ख्वाइसकेपछि एउटा सानो डालो भरी बालुवा राखी एउटा पोखरी नजिक गइन् । अलि परबाट हेरिरहेको कुकुरलाई नरम स्वरले बोलाइन् । कुकुर साह्रै खुशी भई तिनको नजिक बस्न गयो । त्यही बेला त्यस स्त्रीले डोरीको एक छेऊ कुकुरको घाँटीमा बाँधी अर्को छेउ बालुवाले भरिएको सानो डालोमा बाँधेर पोखरीमा खसाली दिइन् । कुकुर त्यहीं मर्‍यो ।

त्यस पापले गर्दा ती स्त्री चीर कालसम्म **नरक**मा परिन् । नरकबाट मुक्त भएर पनि पाप कर्मको **विपाक** बाँकी रहेको कारणले घाँटिमा बालुवाको बोरा झुण्डयाइ समुद्रमा डुबेर मर्नु परेको हो ।"

**तेस्रो प्रश्न**को उत्तरमा भगवान बुद्धले ती सात जना भिक्षुहरूलाई सम्बोधन गर्नु भई भन्नु भयो– "भिक्षुहरू ! अतीत समयमा तिमीहरू सात जना **वाराणसी नगर**मा रहने गोठालाका छोराहरू थिए । जङ्गलको एक-एक ठाउँमा सात दिनको एक-एक पटक गाईहरू चराउने गर्थे ।

एक दिन गाई चराएर फर्किरहँदा एउटा ठूलो '**गोध**' नामक माउसुली जस्तो प्राणीलाई देखेर तिमीहरूले लखेट्न गयौ । त्यस '**गोध**'



भन्ने प्राणी डरले भागेर गई **धमिरा**को **गोला** भित्र लुक्न गयो । त्यस धमिराको गोलामा चारैतिर सातवटा प्वालहरू रहेछन् । 'आज यसलाई समात्न नसकिने भयो, भोलि आएर समात्नु पर्ला' भनी तिमीहरू सात जनाले काठको टुक्राले सातै वटा प्वालहरू थुनेर गयौ ।

सात दिनसम्म त्यस प्राणीलाई थुनेको काम बिर्सेर जङ्गलको अर्कै भागमा गई गाई चराउने काम गर्‍यौ । सात दिनपछि त्यही बाटो गरी फर्किरहँदा धमिराको त्यस ढिस्को देखी सातै वटा प्वालहरू खोलेर हेर्‍यौ ।

विचरा '**गोध**' प्राणी सात दिनसम्म खान नपाई डुब्लो-पातलो भई थर-थर काम्दै बाहिर निस्क्यो । तिमीहरूले त्यसको त्यस्तो अवस्था देखी त्यसलाई हिंसा गरेनौं बरु दया-करुणा राखी छोडी दियौ । त्यसकारण तिमीहरू नरकमा जान परेनौं । तर सात जन्मसम्म सात-सात दिन भोकै बस्नु पर्‍यो ।"

तथागतले फेरि भन्नु भयो– "भिक्षुहरू ! तिमीहरूले त्यस बेला गरेर आएको कर्मको विपाक भोग गर्नु परेको हो ।"

त्यसपछि एक जना भिक्षुले हात जोडेर भन्यो– "भन्ते, भगवन् ! प्राणी आकाशमा उडिरहे पनि, समुद्रको बीचमा यात्रा गरिरहे पनि, पहाडको गुफा भित्र बसिरहे पनि पाप कर्मबाट मुक्ति नमिल्ने रहेछ ।"

तथागतले भन्नु भयो– "भिक्षु ! हो, तिमीले भनेको ठीक छ । आकाश आदि जुनसुकै ठाउँमा लुकेर बसे पनि आफूले गरेको पाप कर्मबाट मुक्त हुन सक्तैन ।"

यसै सन्दर्भमा भगवान बुद्धले यो गाथा प्रकाशमा ल्याउनु भई धर्म-देशना गर्नु भयो–

**"न अन्तलिक्खे न समुद्दमज्झे,**
**न पब्बतानं विवरं पविस्स ।**
**न विज्जति सो जगतिप्पदेसो,**
**यत्थट्ठितो मुञ्चेय्य पापकम्मा ॥"**

अर्थ– न आकाशमा, न समुद्रको माझमा, न पर्वतको गुफामा, यो संसारमा त्यस्तो कुनै ठाउँ छैन; जहाँ बस्दा प्राणी आफूले गरेको पाप कर्मको फलबाट मुक्त हुन सक्तछ ।

तथागतको यस धर्म-देशनाको अन्तमा ती सबै भिक्षुहरू **स्रोतापत्ति** आदि **मार्ग-फल** प्राप्त गर्नमा सफल भए ।

त्यहाँ जम्मा भइरहेका धेरै जनताहरूलाई तथागतको यस धर्म-देशना सार्थक भयो ।

'तीन जना भिक्षुहरूको कथा समाप्त' ।

## ९.१२. (सुप्पबुद्ध शाक्यको कथा)

# ९.१२. प्राणी मृत्युबाट बच्न सक्तैन

९. (१२८) **"न अन्तलिक्खे न समुद्दमज्झे,**
**न पब्बतानं विवरं पविस्स ।**
**न विज्जति सो जगतिप्पदेसो,**
**यत्थट्ठितं नप्पसहेथ मच्चू" ॥१३॥**

एक समय **भगवान बुद्ध कपिलवस्तु**को **निग्रोधाराम**मा विहार गरिरहनु भएको थियो । त्यस बेला **तथागत**ले यो गाथा **सुप्पबुद्ध शाक्य**को कारणमा आज्ञा गर्नु भएको हो ।

**सुप्पबुद्ध शाक्य यशोधरा**को **बुबा** थियो । **देवदत्त** तिनको भाइ । सुप्पबुद्ध शाक्य, सिद्धार्थले यशोधरालाई छोडेर गृहत्याग गर्नु भए देखिन् उहाँ प्रति द्वेष-भाव गरी रिसाई रहेको थियो । त्यस माथि पनि पछि देवदत्तलाई प्रव्रजित गराई दिंदा उसको रिस दुगुणा बढेको थियो । यी दुइ कारणले गर्दा तथागत प्रति सुप्पबुद्ध शाक्यको द्वेष-भाव रही रह्यो ।

एक दिन सुप्पबुद्ध शाक्यले भगवान बुद्ध भोजन भिक्षा गर्न जाने बाटोमा रक्सी खाएर तथागतको बाटो छेकि दियो । उसको सेवकहरूले तथागत आउनु भएको सूचना दिई कति सम्झाउँदा पनि उसलाई सम्झाउन सकेन । तथागत विहारमा त्यत्तिकै फर्कनु भयो । विहारमा पुगिसके पछि तथागत मुसुक्क हाँस्नु भयो । आनन्द स्थविरले तथागतसँग यसको कारण बिन्ति गर्‍यो ।

तथागतले भन्नु भयो– "आनन्द ! सुप्पबुद्ध शाक्यले तथागतको बाटो छेकी ठूलो अपराध गर्‍यो । उसको आयु थोरै मात्र बाँकी छ । आज भन्दा सातौं दिनमा उसको दरवारको भर्‍याङ्ग मुनि पृथ्वी चर्केर गई

त्यसैमा परी उसको जीवनको अन्त हुनेछ ।"

तथागतका यी कुरा सुप्पबुद्धका जासूसहरूले थाहा पाई उसलाई भन्न गए । यो कुरा सुनी उसले यसरी निर्णय गऱ्यो– "आज देखि त्यस स्थानमा पाइला राख्दिन । अनि गौतमको भविष्य वाणीलाई झुठा सावित गरी निन्दा गर्नेछु ।"

यसरी सोचेर सुप्पबुद्ध शाक्यले चाहिने सबै सर-सामान दरवारको सातौं तल्लामा राख्न लगायो । सबै तल्लाका भऱ्याङ्गहरू निकाल्न लगाई सबै ढोकाहरू बलियोसँग बन्द गर्न लगायो । एक-एक ढोकामा दुइ-दुइ जना पहलवानहरू पालो राखी यसो भन्यो– "यदि कुनै कारणवश मैले तल ओर्लने इच्छा गरेमा तिमीहरूले मलाई रोक्नु ।"

यसरी सबै बन्दोवस्त मिलाई सुप्पबुद्ध शाक्य दरवारको सातौं तल्लाको कोठामा बस्न गयो ।

यो समाचार थाहा पाई तथागतले भन्नु भयो– "भिक्षुहरू ! सुप्पबुद्ध शाक्य दरवार माथि त के, त्यहाँबाट उफ्रेर गई आकाशमा बसिरहे पनि, जहाजमा बसी समुद्रको बीचमा बसिरहे पनि अथवा पर्वतको गुफामा गई लुकिरहे पनि त्यही ठाउँमा पृथ्वी फाटेर गई उसको जीवनको अन्त हुन्छ ।"

यसै सन्दर्भमा तथागतले यो धर्म-देशना गर्नु भई यो गाथा प्रकाशमा ल्याउनु भयो–

**"न अन्तलिक्खे न समुद्दमज्झे,**
**न पब्बतानं विवरं पविस्स ।**
**न विज्जति सो जगतिप्पदेसो,**
**यत्थट्ठितं नप्पसहेथ मच्चू ॥"**



अर्थ– न आकाशमा, न समुद्रको माझमा, न पर्वतको गुफामा, यो संसारमा त्यस्तो कुनै ठाउँ छैन; जहाँ बस्दा प्राणी मृत्युबाट बच्न सक्तछ ।

सातौं दिनमा भोजनको समयमा सुप्पबुद्ध शाक्यले चढ्ने घोडा बहुलाएर दरवारको भित्तामा ठूल-ठूलो आवाज आउने गरी लातले हान्यो । सुप्पबुद्ध शाक्यले माथिबाटै मङ्गल घोडाको यो आवाज सुन्यो । यस्तो अवस्थामा उसले बाहेक अरूले त्यस घोडालाई शान्त पार्न सक्तैनथ्यो । सुप्पबुद्ध शाक्य जुरुक्क उठेर मंगल घोडालाई शान्त पार्न बन्द ढोकामा आइपुग्दा ढोकाहरू त्यत्तिकै खुले । भऱ्याङ्गहरू यथास्थानमा तयार भए । पहलमानहरूले घचार्दै उसलाई छिडीमा पुऱ्याए । यत्तिकैमा पृथ्वी फाटेर गई ऊ **अवीचि महानरक**मा **पतन** भयो ।

आफ्नो कर्मको विपाक भनेको यसरी भोग्नु पर्ने हुन्छ ।

तथागतको यस धर्म-देशनाको अन्तमा धेरै मानिसहरूले **स्रोतापति मार्ग-फल** प्राप्त गरे ।

'सुप्पबुद्ध शाक्यको कथा समाप्त' ।

**पाप वर्गको वर्णन समाप्त ।**

# शब्दार्थ

**अष्टलोक धर्म –** आठ लोक-धर्म– लाभ-अलाभ, यश-अपयश, निन्दा-प्रशंसा, सुख-दुःख ।

**अनिमित्त चित्त विमुक्ति –** **अनिमित्त चित्त** विमुक्ति स्थितिको तीन प्रत्ययहरू छन्–
१) सबै **मनस्कार**हरूको मनस्कार गर्नु,
२) **अनिमित्त धातु**को मात्र मनस्कार गर्नु र
३) पहिले नै समयको निश्चय गर्नु (पुब्बेच अभिसँखारो)

**अनुलोम ञाण –** **उदयब्यय ज्ञान** देखि लिएर **संस्कारोपक्षा ज्ञान** प्राप्तिको अनुकूल **चित्त-सन्तति** बनाइ दिने ज्ञानलाई '**अनुलोम ज्ञान**' भनिन्छ ।

**अन्तराय –** भय, डर, विघ्नबाधा ।

**असीति –** अस्सी जना ।

**आचार्य-प्राचार्य –** शिक्षा-दीक्षा दिने गुरु ।

**आठ परिषद –** भिक्षु-भिक्षुणी, श्रामणेर-श्रामणेरी, शिक्षमान-शिक्षमानविका, उपासक-उपासिका ।

**आस्रव क्षीण –** **कामासव, भवासव, दिट्ठासव र अविज्जासव**– यी चार प्रकारका क्लेश नाश भएको अवस्था ।

**इन्द्रकील –** नगरद्वार बाहिर गाडिएको बलियो स्तम्भ ।

**उपोसथ –** १५ दिनको एक पटक भिक्षुहरू **विनय-कर्म** गर्ने नियम ।

**उपोसथागार –** भिक्षुहरूको **उपोसथ** गर्ने ठाउँ, सीमा ।

**कप्पियकार –** भिक्षुहरूको सेवा-टहल गर्ने ।

**कायगता सति –** शरीर प्रति स्मृति राख्ने ध्यान ।



**कुलपुत्र –** भिक्षुभावमा बस्ने, उच्च कुलको गृहस्थ ।

**गन्धमादन पर्वत –** हिमालयको एक पर्वतको नाम ।

**गन्धर्व –** संगीतकार, जन्म ग्रहण गर्ने प्राणी ।

**गणाचार्य –** गण वा समूहको आचार्य ।

**गाम –** गाउँ ।

**गोचर –** आउने-जाने क्षेत्र ।

**चक्रवाल –** संसार, ब्रह्माण्ड ।

**चतु प्रत्यय –** चार प्रत्यय–
१) चीवर (तीन चीवर),
२) पिण्डपात्र (खाने-पिउने वस्तु राख्ने पात्र)
३) सयनासन (सुत्ने-बस्ने आसन, विहार, कुटी आदि,
४) गिलान प्रत्यय (रोगी हुँदा उपकार हुने औषधि) ।

**चार प्रकारका योनि –** (१) **संसेदज,** (२) **ओपपातिक** र (३) **गब्भसेय्यक** । यी तीन प्रतिसन्धि लिने प्राणीहरू हुन् । **गब्भसेय्यक**को अण्डज र जलाबुज– यी दुइ भेद छन् । अतः चार प्रकारका सत्व छन् । यसैलाई चार प्रकारका योनि भनिन्छ ।
(१) **संसेदज (संस्वेदज)** – "**संसीदतीति संसेदो संसेद जाता संसेदजा**" '**संस्वेद**' एक स्नेह विशेष हो । त्यसबाट उत्पन्न हुने प्राणीलाई **संसेदज** भनिन्छ । जस्तै– रानी **पद्मावती** (उनी **पद्ममा** उत्पन्न भएकी थिइन्) । **पुस्करसाति** ब्राह्मण (ऊ तलाऊमा उत्पन्न भएको थियो) । **वेणुवती** (तिनी बाँसमा उत्पन्न भएकी थिईन्) । यस्तै

प्रकार सूक्ष्म वा क्षुद्र कित-पतङ्ग, लामखुट्टे, भिंगा, जुका, लिखा आदि ।

(२) **ओपपातिक – "उपपतनं उपपातो येसं अत्थीति ओपपातिका"** पूर्व भवबाट वर्तमान भवमा जसको उपपतन हुन्छ; त्यसलाई **ओपपातिक सत्व** भनिन्छ । यस प्रकारका सत्वहरूको **प्रतिसन्धि** सम्पूर्ण **स्कन्ध** सहित हुन्छ। नायकीय सत्व, प्रेत, ब्रह्मा एवं सृष्टिका सर्व प्रथम मनुष्य– यी ओपपातिक सत्व हुन् ... ।

३) **गब्भसेय्यक– "गब्भे सेन्तीति गब्भसेय्यका"** जो गर्भमा शयन गर्दछ; त्यस सत्वलाई '**गब्भसेय्यक**' भनिन्छ। यी दुइ प्रकारका छन्– (क) अण्डज र (ख) जलाबुज (जरायुज) ।

(**क**) "**अण्डे जाता अण्डजा**" अण्डा वा फुलमा उत्पन्न हुने प्राणीलाई '**अण्डज**' भनिन्छ। जस्तै– पंछि, साँप, कछुवा, माछा आदि ।

(ख) "**जलाबुम्हि जाता जलाबुजा**" अर्थात् **जरं एतीति जरायु** । जो जीर्णताको प्राप्त हुन्छ, त्यसलाई '**जरायु**' भनिन्छ। किनभने प्रसूतिको अवस्थामा यो जीर्ण भएर फाट्छ । मनुष्य, हात्ति, घोडा, कुकुर आदि '**जलाबुज**' सत्वका उदाहरण हुन् ।

— [अभिधम्मत्थ संग्रह–संप्पवत्तिक्कमो– भाग-२]

**जम्बु द्वीप** – चारद्वीप मध्ये एक द्वीप, जस्तै– १) जम्बु द्वीप, २) अपरगोयान, ३) उत्तर कुरु र ४) पूर्व विदेह ।

**जम्बु बोट** – जम्बुद्वीपमा पाइने जामुनको बोट ।



**तावतिंस देव भुवन** – छ वटा देव भुवन मध्ये दोस्रो भुवन ।

**तीन प्रकारका भव** – कामभव, रूपभव र अरूप भव ।

**तीन विद्या** – १) **पुब्बेनिवासविज्जा** (पूर्वजन्मको ज्ञानको विद्या)
२) **दिब्बचक्खुविज्जा** (दिव्य चक्षु आदि ज्ञानको विद्या) र
३) **आसवक्खयविज्जा** (आस्रव क्षय ज्ञानको विद्या) ।

**थेर गाथा** – स्थविर वा अरहन्तहरूको उद्गार, कहानी ।

**धुतङ्ग नियम** – भिक्षुहरूको शील सम्बन्धी विशेष नियम ।

**धुतङ्ग** – क्लेशलाई नष्ट-ध्वष्ट गर्ने, **धुतङ्ग** शील १३ प्रकारका छन् ।

**निगम** – बजार, सानो शहर ।

**निर्ग्रन्थ** – ग्रंन्थी नभएको ।

**नौ प्रकारको सत्तावास** – सत्वहरू बस्ने भूमि नौ प्रकारका छन्–
१) **नानत्तकाय नानत्तसञ्ञी** = मनुष्य र देव भूमि ।
२) **नानत्तकाय एकत्तसञ्ञी** = चार **अपाय भूमि** र तीन प्रथम ध्यान भूमि ।
३) **एकत्तकाय नानत्तसञ्ञी = पञ्चक नयमा** द्वितीय ध्यान र तृतीय ध्यान दुइ वटै जोडेर ।
४) **एकत्तकाय एकत्तसञ्ञी = पञ्चक नयमा** चतुर्थ ध्यान भूमि । तीन वटा, **वेहप्फल भूमि, सुद्धावास भूमि** पाँच ।
५) **आकासनञ्चायतन भूमि,**
६) **विञ्ञानञ्चायतन भूमि,**

७) **आकिञ्चञ्ञायतन भूमि,**
८) **नेवसञ्ञानासञ्ञायतन भूमि,**
९) **असंञ्ञसत्व भूमि ।**
— [अंगुत्तर निकाय–अट्ठकथा]

**पवारणा –** (गरहा) निन्दा, वर्षावास बस्दा अधिष्ठान गर्ने भिक्षुहरूले कार्तिक प्रतिपदाको दिनमा अधिष्ठान गरेको फुकाउने प्रक्रियालाई **पवारणा** भनिन्छ । यी चार प्रकारका छन्– १) **संघ पवारणा**, २) **गण पवारणा**, ३) **पुग्गल पवारणा** र ४) **अधिष्ठान पवारणा** ।

**परिव्राजिका –** हिन्दू संन्यासिनी, जोगिनी, साधुनी ।

**परिवेण –** भिक्षुहरूको विद्यालय, भिक्षुहरूको निवास-स्थान ।

**पञ्चइन्द्रिय –** **सद्धिंद्रिय, वीरियोन्द्रिय, सतिइन्द्रिय, समाधिन्द्रिय** र **पञ्ञिंन्द्रिय ।**

**प्रपात –** भीर ।

**पंसुकुल वस्त्र –** मसानमा फ्याँकी राखेको कपडा ।

**पाँच प्रकारका गति –** निरय, प्रेत, तिर्यक, मनुष्य र देव ।

**भव तृष्णा –** **"रूपधातु अरूपधातुपटिसंयुत्तो रागो सारागो चित्तस्स सारागो– अयं वुच्चति भवतण्हा** अर्थात् **रूप, अरूप** सम्बन्धी भएको **राग**लाई **'भव तृष्णा'** भनिन्छ ।

**विमोक्ख धम्म –** तीन संयोजन आदिबाट मुक्त हुन सक्ने प्रज्ञाधर्म छन् । ती हुन् :
१) **सुञ्ञतोविमोक्ख** = आत्माबाट सून्य भएको **संयोजन** आदिबाट मुक्त हुन सक्ने प्रज्ञा ।



२) **अनिमित्त विमोक्ख** = नित्य नामक आदि कारणबाट अलग्ग रही संयोजन आदिबाट मुक्त हुन सक्ने प्रज्ञा र
३) **अप्पणिहित विमोक्ख** = तृष्णा नामक टाँसिने, आधार लिने नभएको **संयोजन** आदिबाट मुक्त हुन सक्ने प्रज्ञा ।

**सत्त विञ्ञाणट्ठीतियो –** सात विज्ञान स्थितिहरू :
१) **नानत्तकाया नानत्तसञ्ञी** = काय नाना नाना संज्ञी भएको मानिस र कुनै देवताहरू, कुनै **विनिपातिक** असूरहरू ।
२) **नानत्तकाया एकत्तसञ्ञी** = काय नाना संज्ञी एउटा मात्रै भएको प्रथम ध्यान भूमिमा रहने ब्रह्माहरू ।
३) **एकत्तकाया नानत्तसञ्ञी** = समान भएको काय भई संज्ञा अनुसार विभेद भएका **परित्ताभा, अप्पमाणाभा, आभस्सरा** ब्रह्माहरू ।
४) **एकत्तकाया एकत्तसञ्ञी** = समान काय समान संज्ञी भएका **परित्तसुभा, अप्पमाणसुभा, सुभकिण्हा** ब्रह्माहरू ।
५) **आकासनञ्चायतन** ब्रह्माहरू ।
६) **विञ्ञानञ्चायतन** ब्रह्माहरू । र
७) **आकिञ्चञ्ञायतन** भुमिष्ठ ब्रह्माहरू ।
— [अंगुत्तर सत्तक, महानिदान सुत्तट्ठकथा]

**सहसेय्य आपत्ति –** उपसम्पन्न भिक्षुसँग श्रामणेर एउटै कोठामा तीन रात भन्दा बढी सुत्नु हुँदैन । सुतेको खण्डमा **सहसेय्य** आपत्ति लाग्छ ।

**संस्कार –** पूर्व जन्मको वास्ना, हेतु, बीज, कर्म-बीज ।

**संयोजन –** बन्धन । दस प्रकारका बन्धन : १) सक्कायदिट्ठि, २) विचिकिच्छा, ३) सीलब्बतपरामास, ४) कामराग, ५) पटिध, ६) इस्सा, ७) मच्छारिय, ८) मान, ९) भवराग र १०) अविज्जा ।

**शिक्षापद –** शील सम्बन्धी नियम ।

**श्रीपाद –** भगवान बुद्धको पाउ ।

# सहायक ग्रन्थहरू


१) धम्मपदट्ठ कथा– (भाग-४) – अनुवादक भिक्षु अनिरुद्ध महास्थविर ।

२) धम्मपद-अट्ठकथा – अनुवाद स्वामी द्वारिकादास शास्त्री ।

३) धम्मपद-अट्ठकथा – विपश्यना विशोधन विन्यास धम्मगिरि, इगतपुरी ।

४) धम्मपद – नेपाली अनुवाद (छैठौं संस्करण) भिक्षु अमृतानन्द ।

५) धम्मपद – अनुवादक एवं सम्पादक– डा. त्रिपिटकाचार्य भिक्षु धर्मरक्षित एम. ए. डी. लिट्.

६) पालि-हिन्दी कोश – डा. भदन्त आनन्द कौसल्यायन ।

७) अभिधम्मत्थसंगहो – (दुतियो भागो) – भदन्त रेवतधम्म, रामशंकर त्रिपाठी ।

८) बुद्धकालीन ग्रन्थहरू – लेखक भिक्षु अमृतानन्द महास्थविर ।

९) पालि–नेपाली–नेपाल भाषा शब्द कोष – आचार्य भिक्षु अमृतानन्द महानायक महास्थविर ।

१०) New standard Dictionary (English-Nepali) — Paras Mani Pradhan and Nagendra Mani Pradhan.